CC-0. Nepal Sanskrit Academy, Kathmandu

शैव तथा शाक्त दर्शन

डा. माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शैव तथा शाक्त दर्शन

डा. माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शैव तथा शाक्त दर्शन

लेखक : डा. माधवप्रसाद लामिछाने

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान

संस्करण : पहिलो, वि.सं. २०७९ (१,२०० प्रति)

कम्प्युटर सज्जा : रञ्जन घिमिरे

आवरण सज्जा : वसन्तराज अज्ञात

मुद्रण : प्रज्ञा छापाखाना,
कमलादी, काठमाडौँ

मूल्य : रु. १७०/-

ISBN : 978-9937-781-03-9

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य-कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललितकला एवम् नाट्य-सङ्गीत विधालाई छुट्ट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ अन्तर्गत नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने उद्देश्यले वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरिएको हो। यस अर्थमा आफ्नो गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल कानुनबमोजिमका विषयक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अगि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक अध्ययन, अनुसन्धानको अभिभारा प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो । अतः नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्नु नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो । नेपाल प्रज्ञा-प्रतिष्ठानले स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आ-आफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन् ।

यसै गरी युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालका अध्ययन/अनुसन्धानमा पनि नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ ।

प्रज्ञा-प्रतिष्ठानले विभिन्न विभागीय र केन्द्रीय अनुसन्धान परियोजनाअन्तर्गत तयार गरिएका प्रतिवेदनहरूलाई विज्ञहरूबाट मूल्याङ्कन गराउने र उनीहरूको सिफारिसका आधारमा प्रकाशन गर्ने नीति एकातिर लिएको छ भने अर्कातिर विगतमा विभिन्न कालखण्डमा प्रकाशितमध्ये हाल अप्राप्य अवस्थामा रहेका महत्त्वपूर्ण कृतिहरूलाई आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीतिसमेत लिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ। यसै सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठानको दर्शनशास्त्र विभागको परियोजनामा डा. माधवप्रसाद लामिछानेबाट विगत कार्यकालमा तयार गरिएको 'शैव तथा शाक्त दर्शन' शीर्षकको प्रतिवेदनलाई हाल प्रकाशन गरिएको छ। यस्तो महत्त्वपूर्ण ग्रन्थ तयार गर्ने विद्वान् डा. माधवप्रसाद लामिछानेलाई हार्दिक धन्यवाद दिन्छु। यस कृतिलाई प्रकाशनयोग्य बनाउन सुसाङ्ख्य सज्जा गर्ने ना.सु. रञ्जन घिमिरे र आवरण सज्जा गर्ने वसन्तराज श्रेष्ठका साथै योजना तथा कार्यक्रम महाशाखा र प्रकाशन शाखासँग सम्बद्ध सबै कर्मचारीलाई धन्यवाद दिन्छु।

(डा. जगमान गुरुङ)
उपकुलपति

कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभागीय मन्तव्य

नेपाल प्रज्ञा–प्रतिष्ठान हाल भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र गरी पाँचओटा विषयक्षेत्रमा केन्द्रित छ। पाँचओटा विषय क्षेत्रअन्तर्गत भाषासँग सम्बद्ध दुईओटा र साहित्यसँग सम्बद्ध छओटा विभागका साथै संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्रसँग सम्बद्ध एक–एकओटा विभाग क्रियाशील छन्। यीमध्ये दर्शनशास्त्र विभागले अन्य विभागले जस्तै वार्षिक रूपमा दर्शनशास्त्रसम्बन्धी विचारगोष्ठी, कार्यशाला र सम्मेलन आयोजना गर्नुका साथै अध्ययन/अनुसन्धान र प्रकाशनका कार्यहरू गर्दै आएको छ। यस विभागले तात्कालिक, मध्यकालिक र दीर्घकालिक रूपमा सम्पन्न गर्ने गरी गोष्ठी, अनुसन्धान र प्रकाशनका विषयसमेत चयन गरिसकेको छ र तदनुरूप कार्यक्रमहरू अगाडि बढाइरहेको पनि छ। पौरस्त्य परम्पराअन्तर्गत रहेका धेरैजसो दर्शनहरूको उद्गमभूमि हालको नेपालको भूखण्ड रहेको यथार्थलाई हृदयङ्गम गरी नेपाली दर्शनको उत्खननमा समेत यो विभाग लागिपरेको छ। पौरस्त्य र यसअन्तर्गतको नेपाली दर्शनका साथै चिनियाँ दर्शन, पाश्चात्त्य दर्शन र समकालीन विश्व दर्शनको अध्ययन/अनुसन्धान तथा प्रकाशनलाई पनि दर्शनशास्त्र विभागले प्राथमिकतासहित अगाडि बढाएको छ। अध्ययन/अनुसन्धानअन्तर्गत तयार पारिएका प्रतिवेदनहरूलाई सम्बद्ध विज्ञहरूद्वारा मूल्याङ्कन गराई गुणस्तरीय र प्रकाशनयोग्य भनी सिफारिस भई आएका अवस्थामा मात्र प्रकाशन गर्ने नीति सिङ्गो प्रज्ञा–प्रतिष्ठान र दर्शनशास्त्र विभागको समेत रहेको छ। यही परम्पराअनुरूप दर्शनशास्त्र विभागको अनुसन्धान परियोजनाअन्तर्गत उपप्राध्यापक डा. माधवप्रसाद लामिछानेले तयार पार्नुभएको **शैव–शाक्त दर्शन** नामक ग्रन्थलाई प्रकाशन गर्न लागिएको हो।

पौरस्त्य दर्शनपरम्परामा वैदिक, अवैदिक र आगमिक (तान्त्रिक) गरी तीनओटा प्रमुख धारा रहेका छन्। तीमध्ये शैव तथा शाक्त दर्शन आगमिक धाराका दर्शन हुन्। तिनमा जगत्को समस्यामाथि मुख्यरूपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विचार गरिएको हुन्छ । शैव तथा शाक्त दर्शनमा जगत्को सृष्टि, स्थिति र संहार प्रक्रियामा परम तत्त्व शिवलाई कारण मानिएको छ र यो जगत् परम शिवको स्वातन्त्र्यशक्तिको उल्लास भएकाले यो जगत् मिथ्या नभई सत्य हो र यसलाई तिरस्कार नगरी सांसारिक क्रियाकलापलाई नै आध्यात्मिक अभ्यासको साधन बनाएर मोक्षस्वरूप परम आनन्द प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राखिएको छ । यस ग्रन्थमा आगमिक धाराअन्तर्गत शैव तथा शाक्त दर्शनका विभिन्न अवान्तर धाराहरूको परिचयका साथै ती दर्शनहरूले प्रतिपादन गरेको मुख्य विषयमाथि प्रकाश पारिएको छ । त्यस क्रममा शैव दर्शनका सिद्धान्त शैव, वीरशैव, पाशुपत र प्रत्यभिज्ञा दर्शनका साथै शाक्त दर्शनअन्तर्गत क्रमदर्शन, कुलदर्शन र त्रिपुरादर्शनमा रहेका तत्त्वमीमांसा, आचारमीमांसा, सृष्टिप्रक्रिया, संसार र मोक्षसम्बन्धी अवधारणा, मोक्षप्राप्तिका उपायभूत साधन आदि विषयहरूलाई ग्रन्थकारले सरल र सुबोध तरिकाले प्रस्तुत गर्नुभएको छ ।

शैव दर्शनअन्तर्गत द्वैत, द्वैताद्वैत र अद्वैत तीन प्रकारका दर्शनधाराहरूको विकास भएको छ; जसअन्तर्गत सिद्धान्त शैवले द्वैतवादी चिन्तनपरम्परालाई अँगालेको छ भने वीरशैव र पाशुपत दर्शनले द्वैताद्वैतवादी चिन्तनपरम्परालाई अँगालेका छन् । प्रत्यभिज्ञादर्शन भने विशुद्ध अद्वैतवादी दर्शन रहेको छ; जसलाई शिवाद्वयवाद वा ईश्वराद्वयवाद पनि भनिन्छ । शाक्त दर्शन मूलतः द्वैताद्वैतवादी दर्शन हो तर यसको पर्यवसान अद्वैतवादमा नै हुन्छ । आगमिक दर्शनमा धार्मिक भावको प्रमुखता रहने भएकाले यसमा अभ्यास वा साधनाकेन्द्रित विषयहरू बढी पाइन्छन् । त्यसैले यस ग्रन्थमा पनि ग्रन्थकारले सम्बद्ध दर्शनहरूमा रहेका तत्त्वमीमांसासँग सम्बद्ध विषयका अतिरिक्त साधनापक्षमाथि पनि प्रकाश पार्नुभएको छ । यसका लागि म दर्शनशास्त्र विभागका तर्फबाट यस ग्रन्थका रचयिता डा. माधवप्रसाद लामिछानेलाई धन्यवाद प्रदान गर्दछु ।

ग्रन्थको कलेवर सानो भए तापनि यस विषयमा नेपालीमा ज्यादै थोरै मात्रामा काम भएको सन्दर्भमा यो ग्रन्थ महत्त्वपूर्ण पठनीय सामग्री हुने विश्वास गरिएको छ । समाज, राजनीति, शिक्षा, साहित्य, संस्कृति, कला, जीवन आदि मानवीय मूल्यसँग सम्बद्ध पक्षहरू व्यवस्थित ढङ्गले सञ्चालन हुनका लागि दर्शन अनिवार्य र आधारभूत सर्त हो त्यसैले यसको मार्गदर्शनविना उद्दिष्ट गन्तव्य पहिचान गर्न र त्यहाँ पुग्न कठिन हुन्छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यथार्थको बोध तत् तत् क्षेत्रलाई गराइनु पनि आवश्यक छ। नवीन मौलिक वैशिष्ट्यसहितको चिन्तन र दर्शनको प्रवर्तन र प्रवर्द्धन गर्दै ज्ञानपरम्परालाई अगाडि बढाउनु पनि अपेक्षित छ। यसप्रति सिङ्गो प्रज्ञा–प्रतिष्ठान र दर्शनशास्त्र विभाग अवगत छ र सचेत छ। साथै त्यसका लागि क्रियाशील पनि छ। यसमा दर्शनशास्त्रका अध्येता र अनुसन्धाताहरूको साधनापूर्ण बौद्धिक श्रमको खाँचो छ।

अन्त्यमा प्रस्तुत **शैव–शाक्त दर्शन** नामक ग्रन्थलाई प्रकाशनयोग्य बनाउन आन्तरिक साजसज्जा गर्ने नायब सुब्बा रञ्जन घिमिरे, आवरण सज्जा गर्ने कलाकार वसन्तराज अज्ञातलगायत प्रकाशन शाखासँग सम्बद्ध समस्त कर्मचारीहरूलाई धन्यवाद प्रदान गर्दछु।

प्रा. जगत्प्रसाद उपाध्याय
प्रमुख
दर्शनशास्त्र विभाग

२०७९ आषाढ १५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखकीय

शिवशक्ति उपासनाको परम्परा वैदिक कालभन्दा पनि प्राचीन हो। पुरातात्त्विक अन्वेषणबाट युरोप र अफ्रिकाका केही भूभागमा समेत शिवलिङ्ग र शक्तिउपासनाका चिह्नहरू फेला परेकाले शिवशक्तिको उपासनाको परम्परा ज्यादै प्राचीन र व्यापक भएको स्पष्ट हुन्छ। शिवशक्ति उपासनाका सैद्धान्तिक र आभ्यासिक पक्षका मुख्य आधार भनेका आगम तथा तन्त्रग्रन्थहरू नै हुन्। आगमिक वा तान्त्रिक दर्शनका रूपमा ख्यातिप्राप्त शैवशाक्त दर्शनका विषयमा नेपाली भाषामा खासै काम नभएको परिप्रेक्ष्यमा यस विषयमा मैले कलम चलाएको हुँ। शैवदर्शनका सिद्धान्तशैव, वीरशैव, पाशुपत र प्रत्यभिज्ञा दर्शनलाई यस सानो कृतिमा समेटिएको छ भने शाक्त दर्शनका क्रम, कुल र त्रिपुरा दर्शनलाई समेटिएको छ।

तान्त्रिक विचारधारामा जगत्का प्रति जुन सकारात्मक दृष्टिकोण छ त्यसको प्रभाव शैव तथा शाक्त दर्शनको अन्तस्तलसम्म हामी देख्न सक्छौं। संसारलाई हेय र तिरस्कारपूर्ण दृष्टिले नहेरी भोगद्वारा नै कर्मको क्षय हुने भएकाले र कर्मसाम्यबाट नै मोक्षको अभिव्यक्ति हुने भएकाले सांसारिक भोगलाई अनिवार्य मान्दै भोगलाई नै सकारात्मक भावका साथ योगमा रूपान्तरण गर्ने उपाय शैव–शाक्त दर्शनमा हामी पाउँछौं त्यसैले आधुनिक विद्वान्हरू पौरस्त्य चिन्तनपरम्परालाई निषेधवादी, पलायनवादी र अकर्मण्यतावादी भनेर जुन आक्षेप लगाउँछन् त्यसको परिहार शैव–शाक्त दर्शनमा भएको छ।

यो सानो कृतिले जुन आकार प्राप्त गरेको छ त्यसको बीज मेरा आदरणीय गुरु प्रा. विद्यानाथ उपाध्याय भट्टको सदिच्छा र उपदेश हो भन्ने मैले ठानेको छु। आदरणीय प्राज्ञ प्रा. दिनेशराज पन्त दर्शनविभागका प्रमुख हुँदा सोही विभागको परियोजनाअन्तर्गत रही मैले उहाँकै निर्देशनमा यो कार्य गरेको हुँ। उहाँबाट मैले अध्ययन अनुसन्धानमा निरन्तर लागिरहने प्रेरणा र हार्दिक स्नेह पाएको छु त्यसैले उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। शोधप्रतिवेदनलाई प्रकाशमा ल्याउन हाल दर्शनविभागका प्रमुख एवम् सदस्यसचिव प्राज्ञ प्रा.जगत्प्रसाद उपाध्यायले देखाउनुभएको तत्परता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र अमूल्य सुझावका लागि उहाँप्रति विशेष धन्यवाद प्रकट गर्दछु । त्यसैगरी यस प्रतिष्ठानका वर्तमान कुलपति प्राज्ञ गङ्गा प्रसाद उप्रेती, उपकुपति प्राज्ञ डा.जगमान गुरुङ र प्रज्ञा–प्रतिष्ठानका सम्बद्ध सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस सन्दर्भमा म मेरा आदरणीय गुरुहरू प्रा.डा. स्थानेश्वर तिमल्सिना र प्रा.डा. दिवाकर आचार्यलाई पनि स्मरण गर्न चाहन्छु जसबाट मैले सदैव अध्ययन अनुसन्धानमा लाग्ने प्रेरणा पाएको छु ।

अन्त्यमा दृष्टिदोष एवम् प्रमादवश कुनै त्रुटि रहन गएका भए त्यसप्रति म सबैसँग क्षमायाचना गर्दछु ।

–डा. माधवप्रसाद लामिछाने
नेपाल संस्कृत विश्वविद्यालय,
वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयक्रम

अध्याय एक : शैव दर्शन **१**
विषयप्रवेश १
शैवशास्त्रको प्रादुर्भाव १
सिद्धान्तशैव दर्शन ४
वीरशैव दर्शन ९
पाशुपत दर्शन २२
प्रत्यभिज्ञादर्शन २७
उपसंहार ५५

अध्याय दुई : शाक्त दर्शन **५६**
विषयप्रवेश ५६
शाक्त दर्शनको मूल स्रोत ५६
क्रमदर्शन ६१
कुलदर्शन ८१
त्रिपुरादर्शन ८८

अध्याय तीन : उपसंहार **९७**

सन्दर्भग्रन्थसूची ९९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अध्याय एक

शैव दर्शन

विषयप्रवेश

शैवधर्म संसारका प्राचीनतम धर्महरूमध्ये एक हो। शैवधर्म र उपासनाका सम्बन्धमा विद्वान्हरूका विभिन्न मतहरू पाइन्छन्। वेदसंहितामा रुद्रको दोहोरो अस्तित्व देखिन्छ। एकातिर उनलाई पशुहरूका रक्षक एवम् आफ्नो प्रतापले रोगहरू निको पार्न सक्ने हजारौँ प्रकारका औषधि र जडिबुटीहरू जान्ने कविराज मानिएको छ भने अर्कातिर उनलाई चोर, डाँका, यक्ष, गन्धर्व, किन्नर आदिका देवता र बलिया हातपाखुरा भएका खैरा रङ्गका स्वर्गका असुरका रूपमा चित्रण गरिएको छ। उपनिषद्मा रुद्र शिवरूप धारण गरी सर्वोच्च देवका रूपमा प्रतिष्ठित भएका छन्। तिनै शिव वा पशुपतिलाई आगम अथवा तन्त्रहरूले सुदृढ दार्शनिक आधार प्रदान गरी नवीन र भव्य उपासनापद्धतिको आविष्कार गरेको पाइन्छ। शिवका अनेकौँ नाममध्ये पशुपति प्रमुख नाम हो। वेदसंहिता र ब्राह्मणमा रुद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौँ औषधीका ज्ञाता, लता एवम् वनस्पतिका देवता आदि भनेर स्तुति गरिएकाले यिनी आफ्ना क्रियाकलापद्वारा पशुप वा पशुपतिका रूपमा सम्मानित रहेको देखिन्छ। पशुपतिलाई पार्थिव जगत्का अधीश्वर, उग्ररूप र कल्याणमय रूपका साथै समस्त भुवनका मालिक तथा विश्वव्यापी सत्ताका रूपमा महिमागान गरिएको छ। यसका साथै पृथ्वी, जल, तेज, वायु र आकाशरूप पञ्चतत्त्वको अधिष्ठानका रूपमा पनि मान्यता मिलेको देखिन्छ। वेदसंहितामा विश्वव्यापी सत्ताका रूपमा मान्यता पाएका शिव भव, शर्व, रुद्र, उग्र, पशुपति, महादेव, ईशान र अशनिका रूपमा अष्टमूर्ति नामले प्रसिद्ध छन्। शिवसम्बन्धी यिनै सन्दर्भहरूलाई लिएर यस अध्यायमा शैवशास्त्रको प्रादुर्भाव एवम् शैव दर्शनका विभिन्न सम्प्रदाय एवम् उपसम्प्रदायको चर्चा गरिने छ।

शैवशास्त्रको प्रादुर्भाव

परमेश्वर सदैव सृष्टि, स्थिति, संहार, पिधान (निग्रह), र अनुग्रह गरिरहन्छन्। उनका यी पञ्चकृत्यहरू तत्त्वदृष्टिले अनुग्रहरूप नै हुन् किनभने जगत्को सृष्टि, पालन, संहार र निग्रह गर्नु जगत्को अनुग्रहका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागि नै हो अर्थात् परमेश्वर जगत्को अनुग्रहका लागि नै जगत्को सृजन, पालन, संहार र निग्रह गर्दछन्। परमेश्वरको चिच्छक्ति र आनन्दशक्तिमा परावाक्शक्ति रहेको हुन्छ भने इच्छाशक्तिमा पश्यन्ती, ज्ञानशक्तिमा मध्यमा र क्रियाशक्तिमा वैखरीवाक् रहेको हुन्छ। परमेश्वरको वाक्शक्तिमा समस्त शास्त्रहरू रहेका छन्। जगत्को अनुग्रहका लागि ती समस्त शास्त्रहरू पश्यन्ती र मध्यमा वाक्शक्तिमा अवतीर्ण भई पुनः वैखरी वाक्शक्तिमा अवतीर्ण हुन्छ जुन शास्त्र तन्त्ररूपले प्रकट हुन्छ। त्यसैले सर्वप्रथम सम्पूर्ण शास्त्रहरू परमेश्वरको पराशक्तिमा नै रहेको हुन्छ जहाँ ती शास्त्रहरूको वाच्यवाचक प्रपञ्च परिपूर्ण अभेदरूपले रहेको हुन्छ। वाच्य अर्थात् शास्त्रद्वारा प्रतिपाद्य परमेश्वरको स्वरूप र परमेश्वरको स्वरूपको निर्णय गर्ने शब्दरूप वाचकको प्रपञ्च त्यो परावाक् दशामा भिन्नरूपले विद्यमान छैन किन्तु परमेश्वरको स्वरूपमा अभिन्नरूपले रहिरहेको हुन्छ। त्यसपछि ती सबै शास्त्र परमेश्वरको पश्यन्तीरूप वाक्शक्तिमा अवतीर्ण हुन्छन्। यद्यपि उक्त पश्यन्तीरूप वाक्शक्तिमा सम्पूर्ण शास्त्रहरूको वाच्यवाचक प्रपञ्च परमेश्वरको स्वरूपदेखि अभिन्नरूपले रहेको हुन्छ तथापि ती शास्त्रहरू केही बाहिर प्रकट भएझैं हुन्छन् त्यसैले यस अवस्थामा पनि सम्पूर्ण शास्त्रहरू परमेश्वरको मध्यमा वाक्शक्तिमा अवतीर्ण हुन्छन्। यद्यपि उक्त वाक्शक्तिमा सम्पूर्ण शास्त्रहरूको वाच्यवाचक प्रपञ्च भिन्नभिन्नरूपले रहेको छ तथापि उक्त भिन्नभिन्न रूपमा पनि परमेश्वरको अन्तर्दशामा नै आभासित हुन्छन्। त्यसपछि यी सम्पूर्ण शास्त्रहरू परमेश्वरको वैखरी वाक्शक्तिमा प्रसारित हुन्छन्। नयाँ सम्पूर्ण शास्त्रहरूको वाच्यवाचक प्रपञ्च भिन्नभिन्न रूपले अर्थात् स्फुटरूपले प्रतीत हुन्छ। वैखरी वाक्शक्तिमा शास्त्रहरूलाई प्रकट गर्दा परमेश्वरले सर्वप्रथम स्वच्छन्दनाथको स्वरूप धारण गरे र उनका चित्, आनन्द, इच्छा, ज्ञान र क्रियारूप पाँच शक्तिहरूबाट ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर पञ्चवक्त्रको प्रादुर्भाव भयो। तिनै पञ्चवक्त्रबाट परमेश्वरको परावाक्शक्तिमा रहेका सम्पूर्ण शास्त्रहरू तन्त्र वा आगमको स्वरूप धारण गरेर प्रकट भए। परमेश्वरका यिनै पाँच मुखहरूबाट यसप्रकार वैखरी वाक्शक्तिमा प्रसारित भएर सम्पूर्ण तन्त्र वा आगमहरू द्वैत, द्वैताद्वैत तथा अद्वैत तीन विभागमा प्रकट भएका छन्। द्वैतप्रधान तन्त्रलाई प्रकट गर्दा स्वच्छन्दनाथका पाँच मुखहरूले शिवरूपता धारण गरेकाले भेदप्रधान तन्त्रलाई शिवागम वा शिवतन्त्रको नाम दिइएको छ। द्वैताद्वैतप्रधान तन्त्रलाई प्रकट गर्दा रुद्ररूपता धारण गरेकाले तिनलाई रुद्रतन्त्र वा रुद्रागमको नाम दिइएको छ। अद्वैतप्रधान तन्त्रलाई प्रकट गर्दा स्वच्छन्दनाथका ईशान आदि पाँच मुखले भैरवरूपता धारण गरेकाले तिनलाई भैरवागम वा भैरवतन्त्र नाम दिइएको छ (तन्त्रालोक, १।१८ विवेकव्याख्या, ३७ पृष्ठ)। भेदप्रधान दश शिवागम,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भेदाभेदप्रधान अठार रुद्रागम र अभेदप्रधान चौसठ्ठी भैरवागमलाई मिलाउँदा जम्मा आगमहरूको सङ्ख्या बयान्नब्बे हुन जान्छ। यी सबै तन्त्रहरू परमेश्वरको चिदानन्दरूप परावाक्शक्तिमा अभिन्नरूपले रहेका छन् र तिनै पुन: स्वतन्त्रमयी अनुग्रहशक्तिबाट उनको वैखरीवाक्शक्तिमा प्रकट भएर यस संसारमा अवतीर्ण भएका हुन्। यी बयान्नब्वे तन्त्रहरूमा जुनजुन तन्त्रहरूमा क्रियाको प्राधान्य छ तिनलाई सिद्धान्त भनिन्छ भने ज्ञानको प्राधान्य भएका तन्त्रहरूलाई नामकतन्त्र र ज्ञान तथा क्रिया दुवैको समप्राधान्य भएका तन्त्रहरूलाई मालिनीतन्त्र भनिन्छ। द्वैतशास्त्र, द्वैताद्वैतशास्त्र र अद्वैतशास्त्रको सम्मिलित स्वरूपलाई त्रिकशास्त्र भनिन्छ (तन्त्रालोक, १।१८)। पूर्वकालमा शिवागम, रुद्रागम र भैरवागमहरू ऋषि तथा आचार्यहरूको मुखमा नै रहेका थिए र मुखपरम्पराबाट नै ज्ञानको विस्तार हुन्थ्यो तर कलियुगको आगमन भएपछि ऋषिमुनिहरू दुर्गम पार्वत्य स्थानहरूमा गए। त्यसको फलस्वरूप ती आगम तथा तन्त्रहरू गुरुशिष्यपरम्पराको अभावमा लुप्त भए (शिवदृष्टि, ७।१–२)। त्यसपछि भगवान् शङ्कर कैलासपर्वतमा श्रीकण्ठनाथको स्वरूप धारण गरेर अवतीर्ण हुनुभयो र त्यहीँ ऊर्ध्वरेता भगवान् दुर्वासा ऋषिलाई आह्वान गरेर उनलाई शिवशास्त्रको पुनरुद्धार गर्न आदेश दिनुभयो। जब ऋषि दुर्वासाले श्रीकण्ठनाथको आज्ञा पाए तब उनले आफ्नो योगबलले त्र्यम्बकनाथ, आमर्दकनाथ र श्रीनाथ नामक तीन जना मानसपुत्रलाई उत्पन्न गरे। दुर्वासाबाट त्र्यम्बकनाथले अद्वैतप्रधान भैरवशास्त्रहरूको ज्ञान प्राप्त गरे, आमर्दकनाथले द्वैतप्रधान समस्त शिवशास्त्रहरूको ज्ञान प्राप्त गरे भने श्रीनाथले द्वैताद्वैतप्रधान समस्त रुद्रशास्त्रहरूको रहस्य प्राप्त गरे। कालान्तरमा त्र्यम्बकनाथले यी भैरवशास्त्रहरूको सम्प्रदायलाई जीवित राख्नका लागि एउटी मानसपुत्रीलाई उत्पन्न गरेर उनलाई भैरवशास्त्रहरूको ज्ञान प्रदान गरे (तन्त्रालोक, १।७ विवेकव्याख्या, २२ पृष्ठ)। आमर्दकनाथको द्वैतशाखामा केवल द्वैतप्रधान शिवागमहरूको मात्र समावेश भएको छ जसअन्तर्गत दश शिवागम पर्दछन्। श्रीनाथको शाखा माथि भनेबमोजिम द्वैताद्वैतप्रधान रुद्रशास्त्रहरूको शाखा हो जसमा केवल अठार रुद्रशास्त्रहरूको मात्र समावेश भएको छैन अपितु द्वैतप्रधान दश शिवागमहरूको पनि समावेश भएको छ। त्यसैगरी अद्वैतप्रधान भैरवशास्त्रहरूको शाखामा केवल अद्वैतप्रधान भैरवागमहरूको मात्र समावेश भएको छैन अपितु द्वैताद्वैतप्रधान अठार रुद्रागम र द्वैतप्रधान दश शिवागमहरूको पनि समावेश भएको छ। यसप्रकार के कुरा स्पष्ट हुन्छ भने भैरवशास्त्रहरूको सम्प्रदाय चौसठ्ठी, अठाह्र र दश गरी बयानब्बे तन्त्रअन्तर्गत पर्दछ, रुद्रशास्त्रहरूको सम्प्रदाय अठार र दश गरी अट्ठाइस तन्त्रमा विभाजित छ भने द्वैतप्रधान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवशास्त्रहरूको सम्प्रदाय केवल दशतन्त्रहरूमा मात्रै विद्यमान छ। यिनै मूल बयान्नब्बे आगम तथा अन्य उपागमहरू नै समस्त शैव दर्शनका मूल आधारग्रन्थहरू हुन्। अब यहाँ शैव दर्शनका शाखाहरूको चर्चा गरिन्छ।

सिद्धान्तशैव दर्शन

कामिक, योगज, चिन्त्य, कारण, अजित, दीप्त, सूक्ष्म, सहस्र, अंशुमत् र सुप्रभेद यी द्वैतप्रधान दश शिवागम शिवको ऊर्ध्ववक्त्रबाट उद्भव भएका हुन् भनी अजितागममा उल्लेख गरिएको छ (अजितागम, १ पटल, १०६–१०७ श्लोक)। शिवले कामिक, योगज, चिन्त्य आदि दश शिवागमको उपदेश प्रणव, सुधा, सुदीप्त आदि शिष्यहरूलाई दिनुभयो (अजितागम, १ पटल, ३५–३७ श्लोक)। द्वैतवादी यिनै दश शिवागम नै सिद्धान्तशैव दर्शनका मुख्य आधार ग्रन्थ हुन्। यिनै आगमलाई मुख्य प्रमाण मानी आचार्यहरूले सिद्धान्तशैव दर्शनका ग्रन्थहरूको रचना गरेका छन्। सिद्धान्तशैव दर्शनका मुख्य आचार्यहरूमा सद्योज्योति शिवाचार्य, श्रीकण्ठ, रामकण्ठ, भोजदेव, कुमारदेव, अघोरशिव, नारायणकण्ठ, उमापति शिवाचार्य, अप्पय्य दीक्षित आदि रहेका छन्। सद्योज्योति शिवाचार्यका स्वायम्भुवागमवृत्ति, रौरवागमसुवृत्ति, तत्त्वत्रयनिर्णय, तत्त्वसङ्ग्रह र परमोक्षनिरासकारिका, श्रीकण्ठको रत्नत्रयपरीक्षा, रामकण्ठको नादकारिका, नरेश्वरपरीक्षाप्रकाश, मतङ्गवृत्ति, परमोक्षनिरासकारिकाव्याख्या, मोक्षकारिकाव्याख्या, भोजदेवको तत्त्वप्रकाश, कुमारदेवको तत्त्वप्रकाशमाथि तात्पर्यदीपिका, अघोरशिवका मृगेन्द्रवृत्तिदीपिका, तत्त्वसङ्ग्रहटीका, तत्त्वत्रयनिर्णयवृत्ति, रत्नत्रयोल्लेखिनी, भोगकारिकावृत्ति, नादकारिकाव्याख्या, नारायणकण्ठको मृगेन्द्रवृत्ति, उमापति शिवाचार्यको पौष्करभाष्य आदि सिद्धान्तशैव दर्शनका मुख्य ग्रन्थ हुन्।

सिद्धान्तशैव दर्शनसम्मत तत्त्वमीमांसा

सिद्धान्तशैव दर्शनमा पति, पशु र पाश यी तिनओटा तत्त्वलाई मुख्य तत्त्वका रूपमा गणना गरिएको छ। यी तीन तत्त्वमा नै शैव तथा शाक्त दर्शनसम्मत छत्तीस तत्त्वको अन्तर्भाव हुन्छ। शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्या नामक पाँचओटा तत्त्वको अन्तर्भाव पतितत्त्वमा हुन्छ। यी पाँच तत्त्व शिवस्वरूप भएकाले यिनलाई शुद्धतत्त्व भनिन्छ। माया, मायाका कार्यभूत पाँच तत्त्व काल, नियति, कला, विद्या र राग तथा मायाका ती पाँच कञ्चुकले घेरिएको पुरुषतत्त्व गरी सातओटा तत्त्वको अन्तर्भाव पशुतत्त्वमा हुन्छ। यी सात तत्त्व पशुस्वरूप भएकाले यिनलाई शुद्धाशुद्धतत्त्व भनिन्छ। पुरुषको भोगका लागि अव्यक्त प्रकृतिद्वारा सिर्जित तीन अन्तःकरण (बुद्धि, अहङ्कार र मन), पाँच ज्ञानेन्द्रिय (कान, छाला,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आँखा, जिभ्रो र नाक), पाँच कर्मेन्द्रिय (मुख, हात, खुट्टा, गुद र लिङ्ग), पाँच तन्मात्रा (शब्द, स्पर्श, रूप, रस र गन्ध) र पाँच महाभूत (पृथिवी, जल, तेज, वायु र आकाश) गरी तेइसओटा तत्त्व र स्वयं अव्यक्त प्रकृतिसमेत चौबीस तत्त्वको अन्तर्भाव पाशतत्त्वमा हुन्छ। यी चौबीसओटा तत्त्व पाशस्वरूप भएकाले यिनलाई अशुद्ध तत्त्व भनिन्छ। अब यहाँ यिनै मूल तिन तत्त्वको चर्चा गरिन्छ।

पति

अनादि, सर्वकर्ता, सर्वज्ञ, परम शिवलाई यस दर्शनमा पति संज्ञा दिइएको छ। सोही पतितत्त्वले अनादिकालिक मल, कर्म, माया र निरोधशक्तिका कारण शिवरूप आनन्दको अभिव्यक्तिमा अवरोध बनिरहेको पाशजाललाई काटेर पशु (जीव)को रक्षा गर्दछन् (मृगेन्द्रागम, १।२।१)। वास्तवमा शिव स्वयं नै आफ्नो स्वातन्त्र्यद्वारा मल, कर्म र मायाको सृजना गरी आफ्नो निरोधशक्तिद्वारा आफ्नो सर्वज्ञत्व र सर्वकर्तृत्वलाई ढाकेर जीव बन्दछन्। त्यसैले पाशको अपसारण हुँदा जीवमा शिवत्वको अभिव्यक्ति हुन्छ। सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चकृत्यका सम्पादक परमेश्वर परम शिवले पशुको योग्यताको सापेक्षमा अनुग्रह कृत्यमा प्रवृत्त भई पाशजालको अपसारण गर्दछन्। सोही पतितत्त्वलाई सर्वव्यापक, अनादि, अनन्त, नित्यमुक्त, निर्मल, चिद्घन, प्रभु, शान्त र सर्वकर्ता मानिएको छ (मालिनीविजयोतरतन्त्र, १।१८)। चित्, आनन्द, इच्छा, ज्ञान र क्रियारूप मुख्य शक्तिका माध्यमबाट परम शिव वा पतितत्त्वले पञ्चकृत्य वा सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह गर्दछन्। वास्तवमा शिव र शक्तिमा कुनै भेद छैन। जसरी आगो र आगोको पोल्ने शक्तिलाई पृथक् गर्न सकिँदैन त्यसरी नै शिव र शक्ति पनि अलग हुँदैनन् त्यसैले परम शिवको शक्तिको विस्तार हुँदा नै जगत्को सृष्टि, स्थिति आदि कार्यव्यापार हुन्छ। वस्तुतः यो सम्पूर्ण विश्वब्रह्माण्ड शक्तिको नै उल्लास हो त्यसैले चेतन, अचेतन सम्पूर्ण जगत्को अनुग्रहकर्ता परम शिवको सिसृक्षा (सृष्टि गर्ने इच्छा)रूप प्रथम उन्मेष नै शक्तितत्त्व हो (तत्त्वप्रकाश, २७)। परम शिवका माथि वर्णित मुख्य पाँच शक्तिमध्ये जब इच्छा, ज्ञान र क्रियाशक्तिको विस्तार हुने क्रममा ज्ञानशक्ति र क्रियाशक्ति साम्य अवस्थामा रही इच्छाशक्तिको किञ्चित् उत्कर्ष हुन्छ त्यस अवस्थामा शिवतत्त्वलाई नै सदाशिवतत्त्व भनेर जानिन्छ (तत्त्वप्रकाश, २८)। जब ज्ञानशक्ति र क्रियाशक्ति साम्य अवस्थामा रही क्रियाशक्तिको उत्कर्ष हुन्छ त्यस अवस्थामा शिवतत्त्वलाई नै ईश्वरतत्त्व भनिन्छ (तत्त्वप्रकाश,२९)। त्यसैगरी इच्छाशक्ति र क्रियाशक्ति साम्य अवस्थामा रही ज्ञानशक्तिको उत्कर्ष हुन्छ तब शिवतत्त्व नै शुद्धविद्यातत्त्वको नामले जानिन्छ (तत्त्वप्रकाश, ३०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसप्रकार परमशिव, शक्ति, सदाशिव ईश्वरतत्त्वको आविर्भावपछि शुद्धविद्यातत्त्वको आविर्भाव हुन्छ । यद्यपि यी पाँचओटा तत्त्वमा न कुनै भेद छ न त कुनै क्रम नै छ तर शक्तिको अवस्थाभेदले गर्दा भेद र क्रमको कल्पना गरिएको छ । शुद्ध विद्यासम्मको सृष्टिलाई शुद्ध सृष्टि भनिन्छ र यी पाँच तत्त्वलाई पतितत्त्वमा गणना गरिन्छ ।

ख) पशु

माया र मायापछिको सृष्टि अशुद्ध सृष्टि भनिन्छ । शुद्ध सृष्टिका कर्ता साक्षात् परमशिव हुन् भने अशुद्ध सृष्टिका कर्ता अनन्त हुन् । ईश्वरको इच्छाले जब जीवलाई भोगको इच्छा हुन्छ तब अनन्तले मायामा आविष्ट भएर जगत्को उत्पत्ति गर्दछन् (मालिनीविजयोत्तरतन्त्र, १।२५) । त्यसपछि मायाका पाँचओटा कञ्चुक कला, विद्या, राग, नियति र कालतत्त्वको सृष्टि हुन्छ । शैवशास्त्रमा माया व्यापक, कलारहित, अनादि, अनन्त मानिएको छ (मालिनीविजयोत्तरतन्त्र, १।२६) । मायाबाट सर्वप्रथम कलातत्त्वको उत्पत्ति हुन्छ । कलारूप कञ्चुकले आवृत हुँदा नै शिवरूप जीवले आफूलाई किञ्चित्कर्ता सम्झन्छ । त्यसपछि विद्या र रागको सृष्टि हुन्छ । यो विद्या अशुद्ध विद्या हो जसले गर्दा सर्वज्ञ शिव जीवभावमा प्राप्त भई किञ्चिज्ज्ञ बन्न पुग्छन् भने रागले गर्दा विषयभोगमा अनुरक्त बनेर नित्य तृप्त शिव अतृप्त भएर भोगमा तृप्ति मान्न थाल्दछन् । त्यसपछि नियति नामक तत्त्वले सर्वतन्त्रस्वतन्त्र शिव नियतिको अधीनमा परतन्त्र हुन जान्छन् र जीवभावमा प्राप्त शिव कर्मबन्धमा बाँधिन पुग्छन् । त्यसपछि कालरूप कञ्चुकको सृष्टिले शिव सदैव विद्यमान भए पनि जीवभावमा प्राप्त हुँदा "म यस कालमा छु, मेरो आयु घट्दो छ" यस्तो भावना गर्न थाल्दछन् । यस अवस्थामा परमशिव पुरुषका रूपमा परिणत भइसक्छन् । माया र त्यसबाट सृजित कला आदि पाँचओटा आवरणबाट घेरिएको पुरुष नै पशु हो । त्यही पशुलाई सिद्धान्तशैव दर्शनमा अवस्थाभेदले तिन प्रकारले वर्गीकरण गरिएको छ । ती हुन्– विज्ञानकल, प्रलयाकल र सकल ।

विज्ञानकल

जसको कर्म क्षय भइसकेको छ र कर्मको क्षय भइसकेकाले कर्मभोगका लागि कला आदि बन्धनको पनि अभाव भएको छ र जसमा मलमात्र शेष रहेको छ त्यसलाई विज्ञानकल भनिन्छ । विज्ञानकल पशु समाप्तकलुष र असमाप्तकलुष गरी दुई प्रकारका हुन्छन् । जसको मलशक्ति समाप्त भइसकेको छ त्यस्ता समाप्तकलुष विज्ञानकललाई शिवले अनुग्रहपूर्वक विद्येश्वर पदमा नियुक्त गर्दछन् भने कलुष समाप्त नभएका असमाप्त विज्ञानकल पशु (जीव)हरूले शिवको अनुग्रहबाट मन्त्रपद प्राप्त गर्दछन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(भोजदेव, तत्त्वप्रकाश, १०) । अनन्त, सूक्ष्म, शिवोत्तम, एकनेत्र, एकरुद्र, त्रिमूर्ति, श्रीकण्ठ र शिखण्डी नामका विद्येश्वरहरू शुद्धाध्वाका अधिष्ठाता हुन्छन् यिनीहरू ईश्वरतत्त्वमा निवास गर्दछन् । अनुग्रहको कारणभूत मन्त्र पदमा नियुक्त असमाप्तकलुष विज्ञानकलहरू विद्यातत्त्वमा निवास गर्दछन् र ती पनि कलुष समाप्त भएपछि विद्येश्वर पदमा नियुक्त हुन्छन् ।

प्रलयाकल

जसको कलादेखि लिएर पृथ्वीतत्त्वसम्मको तत्त्वात्मक शरीर लय भइसकेको छ र जो प्रलयकालमा मल र कर्मपाशले मात्र युक्त हुन्छ त्यस्ता पशुहरू प्रलयाकल हुन् । प्रलयाकल पनि पक्वमल र अपक्वमल गरी दुई किसिमका हुन्छन् । जसको मल र कर्म परिपाक भएको छ ती पक्वमल प्रलयाकलमध्ये केहीलाई महेश्वरले भुवनपतित्व प्रदान गर्दछन् भने केहीलाई गणनायक र केहीलाई मन्त्रेश्वर पदमा नियुक्त गर्दछन् (भोजदेव, तत्त्वप्रकाश, ११–१३ कारिका तात्पर्यदीपिकाव्याख्या) । जो अपक्वमल प्रलयाकल हुन् ती प्रलयकालमा पुर्यष्टकदेहले युक्त भएर रहन्छन् कर्मको वशले सो कर्म भोग्नका लागि सृष्टिकालमा पुनः देव, मनुष्य, तिर्यक् आदि योनिमा जन्म लिन्छन् । पुर्यष्टकदेह भन्नाले पञ्चतन्मात्रा र अन्तःकरणले युक्त सूक्ष्मदेह बुझिन्छ ।

सकल

जो मल, माया एवम् कर्म तीनै पाशले सम्बद्ध छन् तिनलाई सकल पशु भनिन्छ । सकल पशु पनि सांसिद्धिक, वैनयिक र प्राकृत भेदले तीन किसिमका हुन्छन् । सांसिद्धिक सकल पशु भन्नाले पूर्वजन्ममा श्रवण, मनन र निदिध्यासन गरेको तर शिवसाक्षात्कार नभएको र शिवसाक्षात्कारका लागि शुकदेव, वामदेव, जडभरत आदिले झैं देह धारण गरेको अनि अविच्छिन्न निदिध्यासनका कारण शिवको अनुग्रहले शिवसाक्षात्कार गरेका साधकहरू बुझिन्छन् । वैनयिक भन्नाले गुरुप्रति विनयशील भएर दीक्षा प्राप्त गरेका र कायिक, वाचिक र मानसिक शिवधर्मले शुद्ध बनेका तथा लौकिक एवम् शिवशास्त्रको ज्ञान हासिल गरेका साधकहरू बुझिन्छन् । त्यसैगरी प्राकृत भन्नाले प्रकृतिजन्य देह तथा इन्द्रिय आदिमा आत्माभिमान गर्ने सकल पशु बुझिन्छन् (ऐयर र रामशास्त्री, १९५०, ६९ पृष्ठ) ।

पाश

पशुरूप पुरुषको भोगका लागि अव्यक्त प्रकृतिद्वारा सिर्जित तिन अन्तःकरण (बुद्धि, अहङ्कार र मन), पाँच ज्ञानेन्द्रिय (कान, छाला, आँखा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जिब्रो र नाक), पाँच कर्मेन्द्रिय (मुख, हात, खुट्टा, गुद र लिङ्ग), पाँच तन्मात्रा (शब्द, स्पर्श, रूप, रस र गन्ध) र पाँच महाभूत (पृथिवी, जल, तेज, वायु र आकाश) गरी तेइसओटा तत्त्व र स्वयं अव्यक्त प्रकृतिसमेत चौबीसओटा तत्त्वको अन्तर्भाव पाशतत्त्वमा हुन्छ। त्यसैले ईश्वरगीतामा भनिएको छ–

चतुर्विंशतितत्त्वानि मायाकर्मगुणा इति ।
एते पाशाः पशुपतेः क्लेशाश्च पशुबन्धनाः ॥
(ईश्वरगीता, ७।२१ (भोजदेवविरचित तत्त्वप्रकाशको ३७ औँ कारिकाको तात्पर्यदीपिकाव्याख्या ५८ पृष्ठमा उद्धृत) ।

पाशलाई शिवानन्दको अभिव्यक्तिमा अवरोध उत्पन्न गर्ने तत्त्वका रूपमा लिइएको छ (ऐयर र रामशास्त्री, १९५०, ७३ पृष्ठ) । पाशलाई कतै चार प्रकारको मानिएको छ भने कतै पाँच प्रकारको मानिएको छ। जहाँ पाशलाई चार प्रकारको मानिएको छ त्यहाँ मल, कर्म, माया र तिरोधायकशक्ति भनेर गणना गरिएको छ (भोजदेव, तत्त्वप्रकाश, १७ कारिका) भने जहाँ पाँच प्रकारको मानिएको छ त्यहाँ उपर्युक्त चारका अतिरिक्त बिन्दुलाई पनि गणना गरिएको छ (ऐयर र रामशास्त्री, १९५०, ७३ पृष्ठ) ।

सर्वज्ञ र सर्वकर्ता प्रमातालाई किञ्चिज्ज्ञ र किञ्चित्कर्ता बनाउने पाश नै मल हो। यसलाई आणव मल पनि भनिन्छ। यसले पशुको ज्ञान र क्रियाशक्तिको तिरोधान गर्छ। यो मल नामक पाश मोह, मद, राग, विषाद, ताप, शोष र वैचित्र्य भेदले सात प्रकारको छ (ऐयर र रामशास्त्री, १९५०, ७८ पृष्ठ) । कर्म पाश धर्मरूप र अधर्मरूप गरी दुई प्रकारको छ। वेद तथा आगम आदि शास्त्रले गर्नू भनेर निर्देश गरेको कर्म धर्म हो भने निषेध गरेको कर्म अधर्म हो। धर्मरूप कर्मले पुण्य हुन्छ र अतिशय सुख भोग गर्न पाइने स्वर्ग आदि लोकको प्राप्ति हुन्छ भने अधर्मरूप कर्मले दुःख भोग गर्नुपर्ने नरकको प्राप्ति हुन्छ। अर्को पाश हो माया। सिद्धान्तशैव दर्शनमा मायालाई नित्य, यथार्थ र विश्वको मूल मानिएको छ (भोजदेव, तत्त्वप्रकाश–१९) । वेदान्तमा जस्तो मायालाई यस दर्शनमा अयथार्थ मानिएको छैन। वस्तुतः जीव र शिव एकै भए तापनि मायाले नै तिनमा भिन्नताबोध गराउँछ। देह, प्राण आदिमा नै आत्मबुद्धि लगाइदिने र असत्‌लाई सत् ठान्ने मायाजनित भ्रमका कारण जीव संसारमा दुःख भोग गर्न बाध्य हुन्छ त्यसैले मायालाई पाश भनिएको हो। मल, कर्म र माया अचेतन भएकाले परमेश्वरको शक्तिको आवेशविना तिनमा पशुलाई बन्धनमा राख्ने सामर्थ्य नहुने हुँदा आफ्नो आवेशद्वारा पाशलाई अनुग्रहपूर्वक बन्धनको कार्यमा लगाउने परमेश्वरको शक्तिलाई तिरोधायिका शक्ति भनिन्छ। कसैले बिन्दुलाई पनि पाशको रूपमा ग्रहण गरेका छन्। शैवपरिभाषामा बिन्दुलाई शुद्ध शब्द तथा शुद्ध अध्वामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थित शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्यातत्त्वको उपादानकारण मानिएको छ। कुण्डलिनीको पर्यायस्वरूप बिन्दु परमशिवको जडस्वरूप परिग्रहशक्ति पनि हो ((ऐयर र रामशास्त्री, १९५०, ७९ पृष्ठ)। बिन्दुमा नै शिवका लय आदि अवस्था भेद हुन्छन् र रुद्राणुहरूको प्रबोध र विमुक्ति पनि बिन्दुमा नै हुन्छ (पूर्ववत्)।

मोक्ष

माथि उल्लेख गरिएका पाशहरूको स्पर्श नभएको अवस्थामा शिवका साथ ऐक्यबोधले जुन शिवानन्दको अभिव्यक्ति हुन्छ त्यसैलाई सिद्धान्तशैव दर्शनमा मोक्ष भनिएको छ (पूर्ववत्, १३२ पृष्ठ)। उक्त मोक्षसिद्धिका लागि सद्गुरुबाट क्रमपूर्वक समयदीक्षा, विशेषदीक्षा र निर्वाणदीक्षा प्राप्त गरेर गुरुको उपदेश र आगमशास्त्रले प्रतिपादन गरेको विषयवस्तुलाई युक्तिपूर्वक बुद्धिमा स्थिर गर्दै त्यसको निरन्तर अभ्यासबाट मलपरिपाक हुन्छ र स्वरूपज्ञान अभिव्यक्त हुन्छ। उक्त मोक्ष पर र अपर भेदले दुई प्रकारको मानिएको छ। परमोक्ष शिवसाम्यरूप छ जसबाट पशुमा अपरिमित ज्ञानशक्ति र क्रियाशक्तिको अभिव्यक्ति हुन्छ। अपरमोक्षमा मन्त्र, मन्त्रेश्वर, मन्त्रमहेश्वर आदि पद प्राप्त हुन्छ।

वीरशैव दर्शन

भेदाभेदप्रधान अठार रुद्रागम नै वीरशैव दर्शनका मुख्य आधारग्रन्थहरू हुन्। ती भेदाभेदप्रधान अठार रुद्रागमहरू यसप्रकार रहेका छन्– विजय, पारमेश्वर, निःश्वास, प्रोद्गीत, मुखबिम्ब, सिद्ध, सन्तान, नृसिंह, चन्द्रभासक (चन्द्रांशु), विमल, स्वायम्भुव, वीर (वीरभद्र), रौरव, मकुट, किरण, ललित, आग्नेय, वातुल। यी आगमहरूमा केही नामान्तर पनि पाइएका छन्।

वीरशैव दर्शनलाई द्वैताद्वैतात्मक विशेषाद्वैत वा शक्तिविशिष्टाद्वैत दर्शन पनि भनिन्छ। "विश्च शेषश्च विशेषावीशजीवौ तयोरद्वैतं विशेषाद्वैतम्" यस व्युत्पत्तिअनुसार शिववाचक 'वि' र जीववाचक 'शेष' को अद्वैत नै विशेषाद्वैत हो। "शक्तिश्च शक्तिश्च शक्ती ताभ्यां विशिष्टौ जीवेशौ तयोरद्वैतं शक्तिविशिष्टाद्वैतम्" यस व्युत्पत्तिअनुसार शक्तिविशिष्ट जीव र शक्तिविशिष्ट शिवको अभेद वा सामरस्य नै शक्तिविशिष्टाद्वैत हो। अतः शक्तिविशिष्ट जीव र शक्तिविशिष्ट शिवका बिच अभेद सम्बन्ध प्रतिपादन गर्ने भएकाले यस दर्शनलाई शक्तिविशिष्टाद्वैत दर्शन भनिन्छ। अब यहाँ यस दर्शनका मूलभूत दार्शनिक तथा आचारगत सिद्धान्तमाथि प्रकाश पारिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिव वा लिङ्गतत्त्व

वीरशैवदर्शनमा शिवलाई लिङ्ग शब्दले सम्बोधन गरिन्छ। सो शिव वा लिङ्गतत्त्व सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चकृत्य सम्पादनका लागि आफ्ना विभिन्न शक्ति वा कलाहरूले संयुक्त भएर छ प्रकारका लीलाविग्रह धारण गर्दछन्। ती छ प्रकारका लिङ्गविग्रह हुन्– महालिङ्ग, प्रसादलिङ्ग, जङ्गमलिङ्ग, शिवलिङ्ग, गुरुलिङ्ग र आचारलिङ्ग।

महालिङ्ग

कार्य र कारणरूप समग्र प्रपञ्चको उपादानकारणभूत सूक्ष्म शक्तिलाई चिच्छक्ति भनिन्छ। सोही चितिशक्तिलाई शान्त्यतीतोत्तरा कला भनिन्छ। उक्त चिच्छक्ति वा शान्त्यतीतोत्तरा कलाले संयुक्त परशिवलाई महालिङ्ग भनिन्छ। यो महालिङ्ग तेजोमय ॐकारस्वरूप छ। सृष्टिको समयमा यही महालिङ्गबाट पञ्चशक्ति, पञ्चकला, पञ्चसादाख्य आदिको आविर्भाव हुन्छ त्यसैले यो महालिङ्ग सबैलाई आफ्नो गर्भमा लय गरेर राखेको निराकार, निर्गुण परम शिवको अवस्था हो।

प्रसादलिङ्ग

चिच्छक्तिले संयुक्त महालिङ्गको सहस्रांशबाट आनन्दस्वरूपिणी पराशक्तिको आविर्भाव हुन्छ। पराशक्तिको पर्यायको रूपमा शान्त्यतीता कला रहेको छ। उक्त शान्त्यतीता कला वा आनन्दशक्तिले संयुक्त परशिवलाई प्रसादलिङ्ग भनिन्छ। शिवको ईशानमुखबाट प्रसादलिङ्गको उदय हुन्छ। यस प्रसादलिङ्गमा पञ्चसादाख्यमध्येका शिवसादाख्य रहन्छन्।

जङ्गमलिङ्ग

पराशक्तिको सहस्रांशबाट आविर्भूत शक्तिलाई आदिशक्ति भनिन्छ। आदिशक्तिको पर्याय शान्तिकला हो। आदिशक्ति वा शान्तिकलाले संयुक्त शिवलाई जङ्गमलिङ्ग भनिन्छ। यस जङ्गमलिङ्गलाई चरलिङ्ग भनिन्छ। शिवको पूर्ववक्त्र तत्पुरुषबाट अभिव्यक्त भएको मानिने जङ्गमलिङ्ग अमूर्त सादाख्यको आश्रयस्थल हो।

शिवलिङ्ग

आदिशक्तिको सहस्रांशबाट उत्पन्न शक्तिलाई इच्छाशक्ति भनिन्छ। इच्छाशक्तिको पर्याय विद्याकला हो। इच्छाशक्ति वा विद्याकलाले संयुक्त परम शिवलाई शिवलिङ्ग शब्दले सम्बोधन गरिएको छ। शिवको अघोर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वक्त्रबाट शिवलिङ्गको अभिव्यक्ति भएको मानिन्छ। यो शिवलिङ्ग मूर्तसादाख्यको आश्रय हो।

गुरुलिङ्ग

इच्छाशक्तिको सहस्रांशबाट उत्पन्न शक्तिलाई ज्ञानशक्ति भनिन्छ। ज्ञानशक्तिको पर्याय प्रतिष्ठाकला हो। ज्ञानशक्ति वा प्रतिष्ठाकलाले संयुक्त परम शिवलाई गुरुलिङ्ग भनिन्छ। गुरुलिङ्गको आविर्भाव शिवको उत्तरवक्त्र वामदेवबाट भएको मानिन्छ। गुरुलिङ्गलाई कर्तृसादाख्यको आश्रय मानिन्छ।

आचारलिङ्ग

ज्ञानशक्तिको सहस्रांशबाट आविर्भूत शक्तिलाई क्रियाशक्ति भनिन्छ। यसको पर्याय निवृत्तिकला हो। क्रियाशक्ति वा निवृत्तिकलाले संयुक्त परम शिवलाई आचारलिङ्ग भनिन्छ। शिवको पश्चिमवक्त्र सद्योजातबाट आचारलिङ्गको उदय भएको मानिन्छ। आचारलिङ्ग कर्मसादाख्यको आश्रयस्थल हो।

उपर्युक्त छ प्रकारका लिङ्गलाई भावलिङ्ग, प्राणलिङ्ग र इष्टलिङ्गका रूपमा पनि वर्गीकरण गर्न सकिन्छ। जसअनुसार महालिङ्ग र प्रसादलिङ्ग भावलिङ्गमा; चरलिङ्ग र शिवलिङ्ग प्राणलिङ्गमा तथा गुरुलिङ्ग र आचारलिङ्ग इष्टलिङ्गमा अन्तर्भाव हुन्छन्।

शक्तितत्त्व

शक्तिलाई वीरशैव दर्शनमा परम शिवको तादात्म्य शक्ति मानिएको छ। जसरी आगो र त्यसको पोल्ने शक्ति, चन्द्र र चन्द्रिका, शब्द र अर्थको नित्य अभेद सम्बन्ध रहेको छ त्यसरी नै शक्ति परम शिवका साथ अविनाभाव सम्बन्धले रहेको हुन्छ (सिद्धान्तशिखामणि, २।१२)। शक्ति वास्तवमा एउटै भए तापनि सृष्टिको समयमा चिच्छक्ति, पराशक्ति, आदिशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका रूपमा छ प्रकारले विभक्त हुन्छ जसको चर्चा लिङ्गको प्रसङ्गमा भइसकेको छ। परशिवको चिच्छक्ति दुई भागमा विभक्त भएर शिव वा लिङ्ग र अङ्ग वा जीवलाई आफ्नो आश्रय बनाएर रहेको हुन्छ। लिङ्ग वा शिवमा आश्रित शक्तिलाई कला भनिन्छ भने अङ्ग वा जीवमा आश्रित शक्तिलाई भक्ति भनिन्छ। जीवलाई शिवका साथ सामरस्य दशामा पुऱ्याउन भक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ। शिवमा भएको छ प्रकारको भेदका कारण शिवमा आश्रित शक्ति वा कलाको छ प्रकार भएझैँ अङ्ग वा जीवको पनि छ प्रकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएकाले सोही अङ्ग वा जीवमा आश्रित शक्ति जसलाई भक्ति भनिन्छ त्यसको पनि छ प्रकार रहेको छ। ती हुन्– श्रद्धाभक्ति, निष्ठाभक्ति, अवधानभक्ति, अनुभवभक्ति, आनन्दभक्ति र समरसभक्ति।

जीव

वीरशैव दर्शनमा जीवलाई अङ्ग शब्दले पनि सम्बोधन गरिन्छ। गुरुबाट दीक्षाप्राप्त जीवलाई अङ्ग भनिन्छ। "अं परशिवं गच्छति प्राप्नोतीति अङ्गम्" यस व्युत्पत्तिअनुसार जसले शिवतत्त्वलाई प्राप्त गर्दछ वा जसमा शिवका साथ समरस हुने अधिकार छ त्यसलाई अङ्ग भनिन्छ। अङ्ग वा जीव लिङ्ग वा शिवतत्त्वको उपासक हो त्यसैले अङ्ग र लिङ्गमा उपासक–उपास्यभाव सम्बन्ध रहेको हुन्छ। लिङ्गतत्त्वका उपासक अङ्ग योगाङ्ग, भोगाङ्ग र त्यागाङ्गका भेदले तिन प्रकारका छन्।

योगाङ्ग

परम शिवका साथ तादात्म्यप्राप्त अङ्ग (जीव)लाई योगाङ्ग भनिन्छ। वेदान्तमा जुन जीवलाई प्राज्ञ भनिन्छ वीर शैवदर्शनमा सोही जीवलाई योगाङ्ग भनिन्छ। योगाङ्गका शरण र ऐक्य गरी दुई भेद छन्। जो शिवलाई नै आफ्नो शरण अर्थात् अनन्य रक्षक मान्छ त्यसलाई शरण भनिन्छ। शरणजीवले शिवलाई पति र आफूलाई सती मान्छ। यस्तो जीव निरन्तर म नै शिव हुँ भन्ने भावमा लीन रहन्छ। शिवका साथ एकत्व प्राप्त साधक वा जीवलाई ऐक्य भनिन्छ। शरणजीवमा रहने म नै शिव हुँ भन्ने भावना जब दृढ बन्छ तब त्यो शरणजीव नै शिवका साथ एकाकार भएर ऐक्य जीव बन्छ। यो अवस्था भनेको शिव र जीवको समरस अवस्था हो। यस अवस्थालाई प्राप्त गरेको जीवन्मुक्त साधकलाई वीरशैव दर्शनमा शिवयोगी भनिन्छ।

भोगाङ्ग

शिवको प्रसाद अर्थमा भोग शब्दको प्रयोग भएको छ त्यसैले सम्पूर्ण उपभोग्य वस्तु शिवलाई समर्पित गरेर उनैको प्रसादका रूपमा ती वस्तुहरूको उपभोग गर्ने दीक्षासम्पन्न जीवलाई भोगाङ्ग भनिन्छ। भोगाङ्गका प्रसादी र प्राणलिङ्गी गरी दुई भेद छन्। प्रसादी जीव शिवप्रति पूर्ण भक्तिले युक्त भएर आफ्नो उपभोग्य वस्तु शिवलाई समर्पित गरी उक्त शिवनिर्माल्यको सेवन गर्दछ। सम्पूर्ण वस्तुलाई शिवको प्रसादका रूपमा ग्रहण गर्दा ती वस्तुप्रति शुद्धताको भाव जागृत हुन्छ र शुद्ध वा निर्मल वस्तुको ग्रहणले व्यक्तिको चित्त पनि निर्मल बन्न पुग्छ त्यसैले हरेक वस्तु र कर्ममा शिवार्पणबुद्धिले गर्दा सांसारिक प्रपञ्चमा रहेर पनि उक्त प्रपञ्चबाट जीव निर्लिप्त रहन्छ। प्राणलिङ्गका उपासकलाई प्राणलिङ्गी भनिन्छ। प्राण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा अपानको सङ्घर्षबाट मूलाधारचक्रमा जुन ज्योतिको उदय हुन्छ त्यसलाई शिवयोगीहरूले प्राणलिङ्ग भनेका छन्। प्राणलिङ्गी जीवमा ज्ञानयोगको प्राधान्य रहन्छ। वेदान्तमा जुन जीवलाई तैजस नाम दिइएको छ यहाँ सोही जीवलाई भोगाङ्ग नाम दिइएको छ।

त्यागाङ्ग

गुरुकृपा र आफ्नो साधनाको बलले जुन साधकले संसाररूपी भ्रान्तिलाई त्यागेको छ त्यस्तो साधक वा जीवलाई त्यागाङ्ग भनिन्छ। त्यागाङ्गजीव भक्त र महेश्वर भेदले दुई प्रकारको हुन्छ। वीरशैव दर्शनमा प्रतिपादित अष्टावरण र पञ्चाचारमा अतिशय श्रद्धा राखी इष्टलिङ्गको उपासना गर्ने साधक वा जीवलाई भक्त भनिन्छ। इष्टलिङ्गको उपासना गर्ने भक्तमा जब अष्टावरण, पञ्चाचार, शिवपञ्चयज्ञ (तप, कर्म, जप, ध्यान र ज्ञान) आदिमा रहने श्रद्धा दृढ बनेर त्यसले निष्ठाको रूप धारण गर्दछ तब सो भक्त महेश्वर कहलाउँछ। यस्तो साधकको चित्त अत्यन्त निर्मल हुन्छ। उसमा लौकिक वा पारलौकिक सुखप्रति पटक्कै तृष्णा रहँदैन। यस्तो साधक कुनै पनि अवस्थामा शिवोपासनारूप व्रतलाई त्याग्दैन त्यसैले यस्तो साधक वा जीवलाई वीरमाहेश्वर भनिन्छ।

मल

शिवको सङ्कुचित शक्तिलाई मल वा अविद्या भनिन्छ। मल अनादि मानिन्छ र सोही मलले आवृत शिवको अंश नै संसारी जीव हो। मल आणव, मायीय र कार्म भेदले तिन प्रकारको रहेको छ।

आणव

शिवको इच्छाशक्तिको सङ्कुचित स्वरूप नै आणव मल हो। आणव मलका कारण जीवले आफ्नो परिपूर्ण स्वातन्त्र्यलाई बिर्सन्छ र आफूलाई हीन ठान्छ। जीवमा हीनता जागृत गराउने र उसको व्यापक सर्वेश्वरत्वलाई बिर्साइदिएर शिवका साथ भेदबुद्धि उत्पन्न गर्ने मललाई नै आणव मल भनिन्छ।

मायीय

शिवको ज्ञानशक्तिको सङ्कुचित स्वरूप नै मायीय मल हो। मायीय मलका कारण नै जीवले शरीरदेखि भिन्न आफ्नो पूर्ण चैतन्य स्वरूपलाई बिर्सेर क्षणभङ्गुर शरीरलाई नै आफ्नो वास्तविक स्वरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठान्दछ। मायीय मलले नै जीवलाई सांसारिक विषयवासनाप्रति मोहित गराउँछ र त्यसैमा फसाउँछ।

कार्म

शिवको क्रियाशक्तिको सङ्कुचित स्वरूप नै कार्म मल हो। कार्म मलका कारण नै जीवमा म किञ्चित् कर्ता हुँ भन्ने सङ्कुचित भाव जागृत हुन्छ। जीवले गर्ने कर्ममा पाप र पुण्यबुद्धिको सृजना गरी सो कर्मफल भोग्नका लागि जीवलाई विभिन्न योनिमा भ्रमण गराउने मल नै कार्म मल हो।

दीक्षा

जुन संस्कारविशेषका माध्यमबाट शिवज्ञानको प्राप्ति र बन्धनरूप मलको क्षय हुन्छ त्यस्तो संस्कारलाई दीक्षा भनिन्छ। वीरशैव परम्परामा सबै व्यक्तिलाई दीक्षा लिनु अनिवार्य मानिन्छ। दीक्षाविना कुनै पनि व्यक्ति लिङ्गाङ्ग–सामरस्यात्मक मोक्षदशाको अधिकारी बन्न सक्दैन। दीक्षाग्रहणमा पुरुष र स्त्री दुवैलाई समान अधिकार रहेको छ। वीरशैव दर्शनमा दीक्षाका वेधदीक्षा, मन्त्रदीक्षा र क्रियादीक्षा गरी तिन भेद रहेका छन्।

वेधदीक्षा

वेधदीक्षाका क्रममा शिवरूप सद्गुरुले शिष्यलाई करुणापूर्ण दृष्टिले निरीक्षण गर्दछन् र आफ्नो हात शिष्यको शिरमा राख्दछन्। यो क्रियालाई शिवहस्तविधि भनिन्छ। यो क्रियाको उद्देश्य शिष्यमा शिवत्व समावेश गर्नु हो। सद्गुरुले आफ्नो शिरमा गरेको हस्तस्पर्शविधिमात्रले शिष्यलाई क्षणभरका लागि म शिव हुँ भन्ने अनुभव हुन्छ। म शिव हुँ भन्ने भावना नै भावलिङ्ग हो। गुरुकृपाबाट प्राप्त भावलिङ्गानुभावलाई जब शिष्यले निरन्तर अभ्यासद्वारा दृढ बनाउँछ तब उसमा म हीन हुँ भन्ने अणुभाव बिस्तारै निवृत्त हुन थाल्छ र शिवोऽहं (म शिव हुँ) भन्ने भावना दृढ बन्दै जान्छ। यसप्रकार गुरुद्वारा प्रदान गरिने आणवमललाई निवारण गर्ने शिवदृक्पात एवम् चिन्मय शिवस्वरूपको उपदेशलाई नै वेधदीक्षा भनिन्छ।

मन्त्रदीक्षा

वेधदीक्षा प्राप्त गरेको व्यक्तिलाई अत्यन्त गोप्य विधिपूर्वक शिवपञ्चाक्षर मन्त्र प्रदान गर्नुलाई मन्त्रदीक्षा भनिन्छ। शिव स्वयं पञ्चाक्षर मन्त्रस्वरूप भएकाले उक्त मन्त्रको आवृत्ति तथा मन्त्रमा शिवस्वरूपको मननले मायीय मलको निवृत्ति हुन्छ। मन्त्रको उपदेशपछि गुरुले शिष्यलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्योतिस्वरूप प्राणलिङ्गको बोध गराउँछन्। यसप्रकार मायीय मलको निवृत्ति तथा प्राणलिङ्गको बोध नै मन्त्रदीक्षाको फल हो।

क्रियादीक्षा

क्रियादीक्षाको क्रममा शुभ मुहूर्तमा मठमन्दिर वा अन्य कुनै पवित्र स्थानमा मण्डल तयार गरेर उक्त मण्डलमा पञ्चकलश स्थापनपूर्वक ती कलशहरूमा वीरशैव परम्पराका मूल प्रवर्तक पाँच आचार्यहरू रेणुक, दारुक, घण्टाकर्ण, धेनुकर्ण र विश्वाराध्यलाई आह्वान गरिन्छ। त्यसपछि शिष्यलाई आफ्नो सम्मुख राखेर गुरुले पञ्चगव्यप्राशन, अभिषेक आदि क्रियाद्वारा शिष्यको शरीरशुद्धि गर्दछन्। यसरी शुद्धीकरण गरिएको शरीरलाई मन्त्रपिण्ड भनिन्छ। शिष्यको अङ्गशुद्धिपछि पञ्चसूत्रसमन्वित शिवलिङ्गमा शिलात्व निवृत्तिका लागि जलाधिवास, धान्याधिवास आदि क्रिया सम्पन्न गरिन्छ। त्यसपछि उक्त शिवलिङ्गमा शिवकलाको नियोजन गरी प्राणप्रतिष्ठा गरिन्छ। यसप्रकार संस्कारसम्पन्न शिवलिङ्गलाई शिष्यको हातमा दिँदै गुरुले उक्त शिवलिङ्ग जीवनपर्यन्त धारण गर्ने उपदेश दिन्छन्। त्यसपछि गुरुले शिष्यलाई शिवपञ्चाक्षरी मन्त्रको उपदेश दिन्छन्। यसप्रकार इष्टलिङ्ग धारणका लागि गरिने संस्कारलाई क्रियादीक्षा भनिन्छ। यस दीक्षाबाट शिष्यमा रहेको कार्म मलको निवृत्ति हुन्छ।

अष्टावरण

गुरु, लिङ्ग, जङ्गम, पादोदक वा पादतीर्थ, प्रसाद, विभूति, रुद्राक्ष र मन्त्रलाई वीरशैव दर्शनमा अष्टावरण भनिन्छ (चन्द्रज्ञानागम, २।२)। आवरण शब्दको अर्थ यहाँ मल नभई रक्षाकवच हो। दीक्षाप्राप्त साधकलाई काम, क्रोध, राग आदि वृत्तिबाट रक्षा गर्ने भएकाले यिनलाई आवरणको संज्ञा दिइएको हो। वीरशैव दर्शनमा लिङ्ग (शिव) र अङ्ग (जीव)को सामरस्यस्वरूप मोक्षका लागि यिनलाई सहकारी कारण मानिएको छ।

गुरु

आचार्य पदमा पट्टाभिषेक गरिएको र शिवाचार्य पदवीद्वारा सम्मानित जङ्गमवंशमा उत्पन्न व्यक्ति नै गुरु पदका अधिकारी हुन्छन्। जङ्गमवंशमा उत्पन्न व्यक्तिको गुरुपरम्परालाई पुत्रवर्ग परम्परा भनिन्छ। जङ्गमवंशमा उत्पन्न व्यक्तिका अतिरिक्त पञ्चम नामक जातिमा उत्पन्न योग्य व्यक्तिलाई पनि जङ्गमदीक्षा दिएर आचार्य बनाउने चलन छ। यस्तो गुरुपरम्परालाई शिष्यवर्ग परम्परा भनिन्छ। वीरशैव परम्परामा गुरु पदमा अधिष्ठित व्यक्ति आजीवन नैष्ठिक ब्रह्मचर्यमा रहन्छन्। यिनीहरू यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्प्रदायका मठका अधिकारी हुन्छन् र यिनैको निर्देश अनुसार धार्मिक कार्यहरू सञ्चालन हुन्छन्। यस परम्परामा शिवहस्तक्रियाद्वारा शिष्यमा शिवोऽहं भावना जागृत गराउने तथा मन्त्रको उपदेश गर्ने गुरुलाई दीक्षा गुरु भनिन्छ भने लिङ्गपूजाका नियम, इष्टलिङ्गधारणको उपदेश, मन्त्रसाधना, प्राणलिङ्गानुसन्धान आदि साधनाका पद्धतिहरू सिकाउने गुरुलाई शिक्षागुरु भनिन्छ। जुन गुरुले वीरशैव आगमहरूमा प्रतिपादित विषयहरूलाई आफ्नो ज्ञान र अनुभवद्वारा युक्तिपूर्वक शिष्यलाई बताउँछन् र उनीहरूको संशय हटाउँछन् त्यस्ता गुरुलाई ज्ञानगुरु भनिन्छ।

लिङ्ग

सम्पूर्ण चराचर जगत्को उत्पत्ति, स्थिति र लयको कारणभूत परमतत्त्वलाई वीरशैव दर्शनमा लिङ्ग भनिन्छ। लिङ्ग ब्रह्मतत्त्वको पर्याय हो। लिङ्ग शक्तिविशिष्ट शिवको द्योतक भएकाले स्थूल लिङ्गमा बाण र पीठ दुई भाग हुन्छन्। बाण शिवको चिह्न हो भने पीठ शक्तिको चिह्न हो। यी दुईको संयुक्त स्वरूपलाई नै लिङ्ग भनिन्छ। लिङ्गको भेद इत्यादिका विषयमा लिङ्गतत्त्वको प्रसङ्गमा चर्चा भइसकेको छ।

जङ्गम

जो सम्पूर्ण विश्वलाई प्रकाशित गरिरहेको छ तर आफू स्वयंप्रकाशस्वरूप छ त्यस्तो परम शिवलाई जसले आत्मस्वरूपले जानेको छ अर्थात् शिवका साथ जसमा एकात्मभाव जागृत भएको छ त्यस्तो आत्मज्ञानी व्यक्तिलाई वीरशैव दर्शनमा जङ्गम भनिन्छ (सिद्धान्तशिखामणि, ११।३६)। जन्ममरणरूप आवागमनको चक्करबाट मुक्त शिवानन्दमा निमग्न जीवन्मुक्त व्यक्ति नै वास्तवमा जङ्गम हो। जङ्गम शब्द अहिले व्यवहारमा जातिवाचक पनि बनेको छ त्यसैले वीरमाहेश्वरवंशमा उत्पन्न लिङ्गी ब्राह्मणलाई पनि जङगम भनिन्छ। जङ्गमका स्वयंजङ्गम, चरजङ्गम र परजङ्गम गरी तिनओटा अवस्थाभेद छन्। अहङ्कारशून्य पञ्चक्लेशरहित जीवन्मुक्त महापुरुषलाई स्वयंजङ्गम भनिन्छ। निरन्तर शिवध्यान, शैव ज्ञानको चर्चा, एकान्तनिवास, भिक्षान्नबाट शरीरनिर्वाह नै स्वयंजङ्गमका आचार हुन्।

स्वरूपचैतन्यको बोध गर्दै लोकको उद्धारका लागि शिवज्ञानको उपदेश दिएर हिँडिरहने जीवन्मुक्त शिवयोगीलाई चरजङ्गम भनिन्छ। ठूला सहरमा पाँच दिन र साना सहर वा ग्राममा एक दिनभन्दा बढी नबस्ने शास्त्रीय नियमअनुसार यिनीहरू निरन्तर भ्रमण गरिरहन्छन्।

परजङ्गम परमहंसको अवस्था हो। यस अवस्थामा पुगेका जीवन्मुक्त साधकका लागि व्यावहारिक भेद पनि रहँदैन त्यसैले यिनीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्णाश्रमको विधिनिषेधबाट माथि रहन्छन्। यिनीहरूका लागि कुनै आचारगत नियम पनि रहँदैन।

पादोदक

वीरशैव दर्शनमा आध्यात्मिक अर्थमा परम आनन्दलाई पाद र त्यो परम आनन्दको बोध वा अनुभूतिलाई उदक भनिन्छ। त्यसैले आफ्नो वास्तविक स्वरूपको अभिव्यक्तिबाट हुने आनन्दको ज्ञानलाई नै पादोदक भनिन्छ। यसको धार्मिक अर्थअनुसार गुरु र जङ्गमको चरणको अभिषेकबाट प्राप्त हुने जल वा इष्टलिङ्गको अभिषेकबाट प्राप्त हुने जललाई पनि पादोदक भनिन्छ। त्यसअनुसार गुरुपादोदक, जङ्गमपादोदक र लिङ्गपादोदकको भेदले पादोदक तीन प्रकारको हुन्छ।

प्रसाद

श्रद्धापूर्वक शिवलाई चढाइएको वस्तुलाई प्रसाद भनिन्छ। प्रसाद भोग्य र धार्यको भेदले दुई प्रकारको हुन्छ। अन्न, जल आदि भोग्य हुन् भने वस्त्र, अलङ्कार आदि धार्य हुन्। भोग्य तथा धार्य वस्तु गुरु, जङ्गम र लिङ्गलाई श्रद्धापूर्वक समर्पण गरेर अवशिष्ट भाग प्रसादस्वरूप ग्रहण गरिन्छ। यसरी गुरु, लिङ्ग र जङ्गमलाई श्रद्धापूर्वक भोग्य र धार्य वस्तु समर्पण गर्नाले मनमा प्रसाद वा प्रसन्नता उत्पन्न हुने भएकाले त्यस्तो वस्तुलाई प्रसाद भनिएको हो। गुरुलाई समर्पित प्रसादलाई शुद्ध प्रसाद, लिङ्गलाई समर्पित प्रसादलाई सिद्ध प्रसाद र जङ्गमलाई समर्पित प्रसादलाई प्रसिद्ध प्रसाद भनिन्छ।

विभूति

गाईको गोबरबाट विभूति बनाइन्छ। कल्प, अनुकल्प, उपकल्प र अकल्प गरी चार प्रकारको प्रक्रियाबाट विभूति बनाइन्छ। घरमा नै पालिएको गाईले गोब्याउँदै गरेको समयमा सो गोबर भुइँमा खस्नुपूर्व सद्योजात मन्त्रको उच्चारणपूर्वक ग्रहण गरी वामदेव मन्त्रको उच्चारण गरेर त्यसको गुइँठा बनाई तत्पुरुष मन्त्रको उच्चारणपूर्वक घाममा सुकाउनुपर्छ। सो गुइँठा राम्ररी सुकेपछि त्यसलाई पात्रविशेषमा राखी अघोर मन्त्रको उच्चारणपूर्वक डढाएर बनेको भस्मलाई ईशान मन्त्रले सञ्चय गरी बेलको पातमा राखेर पूजाको समयमा उपयोग गर्नुपर्छ। यो प्रक्रियालाई कल्प भनिन्छ। भस्म तयार गर्ने यो सबैभन्दा उत्तम प्रक्रिया हो। जङ्गलमा भेटिएको सुकेको गोबरलाई अघोर मन्त्रको उच्चारणपूर्वक डढाएर सो भस्मलाई ईशान मन्त्रले सञ्चय गर्ने प्रक्रियालाई अनुकल्प भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बजारमा पाइने भस्मलाई कपडाले छानेर त्यसमा गोमूत्र हाली त्यसपछिको कार्य कल्पविधिबाट पूरा गरी भस्म तयार गर्ने प्रक्रियालाई उपकल्प भनिन्छ। यी तिनवटा प्रक्रियाको अवलम्बन नगरी कुनै पनि तरिकाबाट भस्म तयार गर्नुलाई अकल्प भनिन्छ। वीरशैव सम्प्रदायमा इष्टलिङ्गको पूजाका अवसरमा साधकले शिर, निधार, दुवै कान, घाँटी, दुवै काँध, दुवै पाखुरा, दुवै हात, दुवै मणिबन्ध, छाती, नाभि र पेटको पृष्ठभागमा जलमिश्रित भस्मको त्रिपुण्ड धारण गर्ने विधान छ। विभूति पाँच प्रकारका गाईको गोबरबाट तयार हुने भएकाले यसका पाँच प्रकार छन्। ती हुन्– विभूति, भसित, भस्म, क्षार र रक्षा। शिवको सद्योजात मुखबाट उत्पन्न भएको मानिने कैलो वर्णको नन्दा नामको गाईको गोबरबाट तयार गरिने भस्मलाई विभूति भनिन्छ। यसको उपयोग नित्यकर्ममा गरिन्छ। शिवको वामदेव मुखबाट उत्पन्न भएको मानिने कालो वर्णको भद्रा नामको गाईको गोबरबाट तयार गरिने भस्मलाई भसित भनिन्छ। यसको उपयोग नैमित्तिक कर्ममा गरिन्छ। शिवको अघोर मुखबाट उत्पन्न भएको मानिने सेतो वर्णको सुरभि नामको गाईको गोबरबाट तयार गरिने भस्मलाई भस्म भनिन्छ। यसको उपयोग प्रायश्चित्तका निमित्त गरिने कर्महरूमा गरिन्छ। शिवको तत्पुरुष मुखबाट उत्पन्न भएको मानिने धूम्र वर्णको सुशीला नामको गाईको गोबरबाट तयार गरिने भस्मलाई क्षार भनिन्छ। यसको उपयोग नित्य तथा नैमित्तिक कर्महरूमा गरिन्छ। शिवको ईशान मुखबाट उत्पन्न भएको मानिने रातो वर्णको सुमना नामको गाईको गोबरबाट तयार गरिने भस्मलाई रक्षा भनिन्छ। यसको उपयोग निष्काम कर्ममा गरिन्छ।

रुद्राक्ष

वीरशैव साधकहरूले आफ्नो इष्टलिङ्गको पूजा गर्दा शिखास्थानमा एकमुखे एउटा, शिरमा दुईमुखे एउटा, तीनमुखे एउटा र बाह्रमुखे एउटा गरी तिनओटा, शिरको चारैतिर एघारमुखे छत्तीसओटा, दुवै कानमा पाँचमुखे, सातमुखे र दसमुखे दुई दुईओटा गरी जम्मा छओटा, घाँटीमा छमुखे र आठमुखे सोह्र सोह्रओटा गरी जम्मा छत्तीसओटा, छातीमा चारमुखे पचासओटा, दुवै हातमा तेह्रमुखे सोह्र सोह्रओटा गरी जम्मा बत्तीसओटा, दुवै नाडीमा नौमुखे बाह्र बाह्रओटा गरी चौबीसओटा र चौधमुखे एक साय आठओटा रुद्राक्ष यज्ञोपवीतका रूपमा धारण गर्ने विधान छ (सिद्धान्तशिखामणि, ७५३–५८)।

मन्त्र

वीरशैव परम्परामा "ॐ नमः शिवाय" यो पञ्चाक्षर मन्त्रलाई मूल मन्त्र मानिन्छ। वीरशैव परम्पराका आचार्यहरूले आफ्ना गोत्रका अनुयायी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भक्तहरूलाई मन्त्रदीक्षा प्रदान गर्दा पुरुषहरूलाई ॐकारसहित र स्त्रीहरूलाई ॐकाररहित पञ्चाक्षर मन्त्र प्रदान गर्दछन् । यो पञ्चाक्षर मन्त्र नै भिन्न भिन्न बीजाक्षरले युक्त हुँदा प्रसादपञ्चाक्षरी, मायापञ्चाक्षरी, सूक्ष्मपञ्चाक्षरी, स्थूलपञ्चाक्षरी र मूलपञ्चाक्षरी गरी पाँच प्रकारका हुन्छन् । बीजाक्षरले युक्त पञ्चाक्षरी मन्त्रका अधिकारी वीरशैव परम्पराका आचार्यहरू मात्र हुन्छन् । आचार्याभिषेक गर्ने समयमा वीरगोत्रका आचार्यहरूलाई प्रसादपञ्चाक्षरी, नन्दिगोत्रका आचार्यहरूलाई मायापञ्चाक्षरी, भृङ्गीगोत्रका आचार्यहरूलाई सूक्ष्मपञ्चाक्षरी, वृषभगोत्रका आचार्यहरूलाई स्थूलपञ्चाक्षरी र स्कन्दगोत्रका आचार्यहरूलाई मूलपञ्चाक्षरी मन्त्र प्रदान गरिन्छ ।

पञ्चाचार

वेद तथा आगमशास्त्रमा विहित कर्मको पालना गर्नु र निषिद्ध कर्मको त्याग गर्नु नै आचार हो । वीरशैव दर्शनमा आचारलाई मुख्य पाँच भागमा वर्गीकरण गरिएको छ । ती हुन्– लिङ्गाचार, सदाचार, शिवाचार, गणाचार र भृत्याचार (चन्द्रज्ञानागम, ९।४) ।

लिङ्गाचार

वीरशैव सम्प्रदायमा गुरुले आफ्ना शिष्यलाई क्रियादीक्षाका माध्यमबाट इष्टलिङ्ग प्रदान गर्दछन्, मन्त्रदीक्षाका माध्यमबाट प्राणलिङ्गको स्वरूप सम्झाउँछन् र वेधदीक्षाका माध्यमबाट भावलिङ्गको बोध गराउँछन् । यसरी गुरुबाट प्राप्त इष्टलिङ्ग, प्राणलिङ्ग र भावलिङ्गलाई गुरुको उपदेशअनुसार क्रमशः शरीरले पूजन, मनले चिन्तन र भावनाले निदिध्यासन गर्नु नै लिङ्गाचार हो ।

सदाचार

जुन आचारको पालनाले अन्तरङ्ग तथा बहिरङ्गको शुद्धि हुन्छ त्यसलाई सदाचार भनिन्छ । धर्मपूर्वक अर्थोपार्जन गर्नु र यसरी आर्जित धनलाई यथाशक्ति गुरु, लिङ्ग र जङ्गमको सेवा, आतिथ्य आदिमा उपयोग गर्नु, शिवभक्तहरूको सत्सङ्गमा रहनु सदाचारअन्तर्गत पर्दछ । सदाचारमा अष्टशीलको पनि समावेश भएको छ जो शिवज्ञानको उत्पत्तिमा कारणभूत आचरण हुन् । ती अष्टशील यसप्रकार रहेका छन्– अङ्कुरशील, उत्पन्नशील, द्विदलशील, प्रवृद्धशील, सप्रकाण्डशील, सशाखशील, सपुष्पशील र सफलशील ।

गुरुसँग दीक्षा लिएर शरीरशुद्धिपूर्वक इष्टलिङ्गको पूजा गर्नुलाई अङ्कुरशील भनिन्छ । दीक्षित व्यक्तिले आफ्नो परिवारका अन्य सदस्यहरूलाई पनि शिवपूजामा प्रवृत्त गराउनुलाई उत्पन्नशील भनिन्छ । शिवको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अलङ्कारस्वरूप भस्म एवम् रुद्राक्षलाई सदैव शरीरमा धारण गर्नुलाई द्विदलशील भनिन्छ। शिवको माहात्म्य सुनेर त्यसको मनन गर्नुलाई प्रवृद्धशील भनिन्छ। आफ्नो इष्टलिङ्गको पूजा नगरी अन्नपानी ग्रहण नगर्नुलाई सप्रकाण्डशील भनिन्छ। इष्टलिङ्गलाई नचढाइएको वस्तु सेवन नगर्नु सशाखशील हो। इष्टलिङ्गमा चढाइएको वस्तु वा प्रसाद ग्रहण गर्नु वा त्यसको अवज्ञा नगर्नु नै सपुष्पशील हो। गुरु, लिङ्ग र जङ्गममा भेदबुद्धि त्यागी यी तिनैलाई शिवस्वरूप ठान्नु र तिनको आराधना गर्नु सफलशील हो।

शिवाचार

पञ्चकृत्यकारी भगवान् शिवलाई नै आफ्नो अनन्य रक्षक ठान्नु शिवाचार हो। शिवाचारमा द्रव्य, क्षेत्र, गृह, भाण्ड, तृण, काष्ठ, वीटिका, पाक, रस, भव, भूत, भाव, मार्ग, काल, वाक् र जन गरी सोह्र पदार्थलाई शिवशास्त्रोक्त विधिले शुद्ध गर्ने विधान पाइन्छ। शिवभक्तको हातबाट प्राप्त अथवा भस्मले शोधित फलफूल, अन्न आदि ग्रहण गर्नु नै द्रव्यशुद्धि हो (चन्द्रज्ञानागम, ९।३३)। आफ्नो क्षेत्रमा नन्दीको मुद्रा अङ्कित शिला, काठ आदिको स्थापना गर्नु क्षेत्रशुद्धि हो भने शिवभक्तद्वारा निर्मित अथवा शिवलिङ्ग अङ्कित घरलाई आफ्नो निवास बनाउनु गृहशुद्धि हो (पूर्ववत्, ३४–३५)। त्यसैगरी आफूले शिवभक्तद्वारा निर्मित अथवा शिवलिङ्ग अङ्कित भाँडाकुँडा उपयोगमा ल्याउनु भाण्डशुद्धि हो। शिवभक्तले ल्याएको अथवा भस्मले शोधित घाँस आदि ग्रहण गर्नु तृणशुद्धि हो भने त्यस्तै प्रकारको काठ ग्रहण गर्नु काष्ठशुद्धि हो। अन्य पदार्थहरूको शुद्धिमा पनि यिनै कुराहरू विचार गरिन्छ।

गणाचार

वाणीसम्बन्धी सातओटा, हातसम्बन्धी पाँचओटा, गोडासम्बन्धी चारओटा, छाला र आँखासम्बन्धी दुईदुईओटा, जिभ्रो र नाकसम्बन्धी एकएकओटा, कानसम्बन्धी दुईओटा, कायिक पाँचओटा र मानसिक पैंतीसओटा गरी जम्मा चौसट्ठीओटा शीलको समावेश गणाचारमा गरिएको छ। ती चौसट्ठीओटा शीलमा सत्यभाषण, प्रिय र सत्यभाषण, वेद, आगम, पुराण आदिको नित्य स्वाध्याय, शिव, शिवभक्त र गुरुको प्रशंसा, गुरु, जङ्गम र शिवधर्मको रक्षाका लागि यथाशक्ति दान, निषिद्ध भोगप्रति मन नलगाउनु आदि रहेका छन् (चन्द्रज्ञानागम, ९।५३–१२२) यी चौसट्ठीओटा शीलको अभ्यासले साधक साक्षात् शिव नै बन्छ भनी चन्द्रज्ञानागममा भनिएको छ–

यश्चतुष्षष्टिशीलाढ्यः शिव एव न चापरः।
एतदभ्यासयोगेन शिवसायुज्यमश्नुते॥ (चन्द्रज्ञानागम, ९।१२३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भृत्याचार

संसारमा शिवभक्त नै श्रेष्ठ हुन् र म तिनको दास हुँ भन्ने सोचेर उनीहरूका प्रति विनम्र भावले व्यवहार गर्नु नै भृत्याचार हो (चन्द्रज्ञानागम, ९।९)। भृत्याचार भृत्यत्व र वीरभृत्यत्व भेदले दुई प्रकारको छ। आफूलाई गुरु, जङ्गम र लिङ्गको सेवक सम्झेर श्रद्धापूर्वक निरन्तर उनीहरूको सेवामा तत्पर रहनु भृत्यत्व हो भने गुरुका निम्ति शरीर, लिङ्गका निम्ति मन र जङ्गमका निम्ति धन अत्यन्त उत्साहपूर्वक समर्पण गर्नु र त्यसको प्रतिफलमा पारलौकिक अभीष्टको अभिलाषा नराखी केवल मोक्षको कामना गर्नु वीरभृत्यत्व हो (चन्द्रज्ञानागम, ९। १२४–१२६)।

लिङ्गाङ्ग–सामरस्य

वीरशैव दर्शनमा मोक्षलाई लिङ्गाङ्ग–सामरस्य वा लिङ्गाङ्ग–संयोग भनिन्छ। यस दर्शनमा परम शिवलाई लिङ्ग र जीवलाई अङ्ग भनिन्छ त्यसैले शिव र जीवको ऐक्य वा समरसता नै मोक्षस्वरूप लिङ्गाङ्ग–सामरस्य हो। शिवलाई पति र आफूलाई सती मानेर अभ्यास गर्दै जाँदा साधकमा शिवका प्रति प्रेमभाव जागृत हुन्छ र जब त्यो भाव प्रगाढ बन्दै जान्छ तब साधकको मनमा शिवका साथ अभेदभाव अङ्कुरित हुन्छ। शिवका साथ जब अभेदबोध हुन थाल्छ तब साधकमा परम आनन्दको अनुभूति हुन्छ र ऊ त्यही आनन्दमा लीन हुन्छ। यसै अवस्थालाई यस दर्शनमा लिङ्गाङ्ग–सामरस्य भनिएको छ। यस अवस्थामा जीवको पृथक् अस्तित्व रहँदैन, ऊ शिवका साथ एकाकार हुन्छ।

वीरशैव मतका पञ्चाचार्य एवम् नेपालको जङ्गममठ

वीरशैव मतका प्रचारक पाँच आचार्यलाई पञ्चाचार्य भनिन्छ। प्रत्येक युगमा शिवका पाँचओटा मुखबाट यिनीहरूको आविर्भाव हुन्छ र यिनले धर्मको संस्थापन गर्दछन् भन्ने विश्वास गरिछ। कलियुगका पाँच आचार्यहरू हुन्– रेवणाराध्य, मरुलाराध्य, एकोरामाराध्य, पण्डिताराध्य र विश्वाराध्य। आचार्य रेवणाराध्य सद्योजातमुखस्वरूप सोमेश्वरलिङ्गबाट प्रकट भएका मानिन्छन्। उनले धर्मप्रचारका लागि कर्नाटकमा रम्भापुरीपीठको स्थापना गरे। यिनी वीरगोत्रका प्रवर्तक हुन्। यिनले प्रवर्तन गरेको वीरशैव मतको शाखालाई रेणुकशाखा भनिन्छ।

मध्यप्रदेशस्थित वामदेवमुखस्वरूप सिद्धेश्वर लिङ्गबाट आचार्य मरुलाराध्य प्रकट भएका मानिन्छन्। उनले धर्मप्रचारका लागि उज्जयिनीमा एउटा मठको स्थापना गरे जसलाई उज्जयिनीपीठ भनिन्छ। आचार्य मरुलाराध्य नन्दिगोत्रका प्रवर्तक हुन् र यिनको शाखालाई दारुकशाखा भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केदारक्षेत्रमा अवस्थित शिवको अघोरमुखस्वरूप रामनाथ लिङ्गबाट आचार्य एकोरामाराध्य प्रकट भएका मानिन्छन्। उनले केदारेश्वर नजिकै ओखीमठको स्थापना गरे जसलाई केदारपीठ भनिन्छ। यिनी भृङ्गी गोत्रका प्रवर्तक हुन् । यिनले प्रवर्तन गरेको शाखालाई घण्टाकर्णशाखा भनिन्छ ।

आन्ध्रप्रदेशको श्रीशैलम्मा अवस्थित शिवको तत्पुरुषमुखस्वरूप मल्लिकार्जुन लिङ्गबाट आचार्य पण्डिताराध्य प्रकट भएका मानिन्छन्। उनले श्रीशैलमा श्रीशैलपीठको स्थापना गरे। यिनी वृषभगोत्रका प्रवर्तक हुन् । यिनको शाखालाई धेनुकर्णशाखा भनिन्छ ।

काशीमा अवस्थित शिवको ईशानमुखस्वरूप विश्वनाथ लिङ्गबाट आचार्य विश्वाराध्य प्रकट भएका मानिन्छन्। उनले काशीमा स्थापना गरेको मठलाई ज्ञानपीठ भनिन्छ । वर्तमानमा सोही मठ जङ्गमवाडी मठको नामले प्रसिद्ध छ। आचार्य विश्वाराध्य स्कन्दगोत्रका प्रवर्तक मानिन्छन्। यिनले प्रवर्तन गरेको शाखालाई विश्वकर्णशाखा भनिन्छ ।

नेपालमा पनि विश्वकर्णशाखाका मठमन्दिरहरू रहेका छन्। यस शाखाको मुख्य मठ भक्तपुरको जङ्गममठ हो। डोलेश्वर, अनन्तलिङ्गेश्वर, मङ्गलेश्वर, डम्बरेश्वर, इन्द्रेश्वर, भालेश्वर, धनेश्वर, गौखुरेश्वर आदि मन्दिरहरू सोही मठअन्तर्गत पर्दछन् । त्यहाँ जङ्गमहरू नै पुजारी रहने व्यवस्था छ (जङ्गम, २०७२, ८०) । भक्तपुरका तात्कालिक राजा विश्व मल्लकी रानी गङ्गादेवीले विश्वेश्वर, नीलकण्ठ आदि वीरशैव मतका प्रमुख देवताहरूको नित्य नैमित्तिक पूजा सञ्चालनका लागि वि.सं. १६२९ मा भूमिदान दिई शिलालेख राख्न लगाएको जानकारी पाइन्छ (जङ्गम, २०७२, ६४) ।

पाशुपतदर्शन

शैवदर्शनका विभिन्न शाखाहरूमध्ये पाशुपत दर्शन सबैभन्दा प्राचीन दर्शन हो । पशुपतिरूप शिवको उल्लेख वेदमा नै पाइन्छ (यजुर्वेद, १६।४०) । महाभारतको शान्तिपर्वमा पनि पाशुपत मतको प्रसङ्ग पाइन्छ । स्वयं पञ्चवक्त्र भगवान् श्रीपशुपतिनाथको मुखद्वारा आविर्भूत पाशुपतसूत्र र त्यसको कौण्डिन्न्य भाष्यको चर्चा माधवाचार्यले सर्वदर्शनसङ्ग्रहमा गरेका छन् । शङ्कराचार्यले पनि ब्रह्मसूत्रको भाष्यमा भगवान् श्रीपशुपतिनाथले पाँचओटा विषयको प्रकाशन गरेको कुरा बताएका छन् (ब्रह्मसूत्र, शाङ्करभाष्य, २।२।३७) । नेपालमा छैठौं सातौं शताब्दीमा पाशुपत मतका अनुयायी साधुहरूको अस्तित्व रहेको अभिलेख पाइन्छ । राजा अंशुवर्मा तथा त्यसपछिका लिच्छवि राजाहरूले पनि *पशुपतिपादानुगृहीत* भन्ने पदावली आफ्नो प्रशस्तिमा जोडेको देखिएकाले नेपालमा पाशुपत मतको लोकप्रियता र अभ्यास प्राचीन कालदेखि नै रहिआएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाशुपत मतका प्रथम आचार्य लकुलीश भएको जानकारी प्राप्त हुन्छ। शिवपुराणको कारवण माहात्म्यअनुसार लकुलीश कारवण नामक स्थानमा जन्मेका हुन्। उनका मूर्तिहरू राजपूताना तथा गुजरातमा प्रशस्त पाइएका छन्। कपालले ढोकेको शिर, एउटा हातमा लहुरो र अर्को हातमा बिमिरो लिएका तथा ऊर्ध्वमेढ्र स्थितिका मूर्तिहरू लकुलीशका मानिन्छन्। पाशुपत सम्प्रदायमा आद्य अवतार लकुलीश र त्यसबाहेक अन्य १७ अवतार समेत १८ अवतारको चर्चा पाइन्छ। ती हुन्–

१. लकुलीश २. कौशिक ३. गार्ग्य ४. मैत्र्य ५. कौरुष ६. ईशान ७. पारगार्ग्य ८. कपिलाण्ड ९. मनुष्यक १०. अपरकुशिक ११. अत्रि १२. पिङ्गलाक्ष १३. पुष्पक १४. बृहदार्य १५. अगस्ति १६. सन्तान १७. राशिकर १८. विद्यागुप्त।

पाशुपत दर्शनका मुख्य ग्रन्थ एवम् ग्रन्थकार

पाशुपत दर्शनको मूल स्रोतग्रन्थ पाशुपतसूत्र हो। यसमा पाँच अध्याय छन्। पहिलो अध्यायमा चौवालीस, दोस्रो अध्यायमा सत्ताइस, तेस्रोमा छब्बीस, चौथोमा चौबीस र पाँचौं अध्यायमा सतचालीस सूत्रहरू छन्। यस ग्रन्थको पहिलो अध्यायमा योगको विधि, उक्त विधिको निरन्तर अभ्यासले साधकमा अभिव्यक्त हुने माहेश्वर ऐश्वर्यरूप योगसिद्धि र शिवका पञ्चवक्त्रमध्ये पश्चिमवक्त्र सद्योजातको मन्त्रमाथि प्रकाश पारिएको छ। दोस्रो अध्यायमा कार्य र कारणको सम्बन्धमाथि प्रकाश पार्नुका साथै पशुपतिको उपासनाबाट अमङ्गल पनि मङ्गल हुने, अपसव्य पनि सव्य हुने भएकाले उनको उपासना देवता र पितृ दुवै रूपमा गर्नुपर्ने बताइएको छ। यसरी पशुपतिको उपासना गर्दै जाँदा स्वाभाविक रूपमा प्राप्त हुने हर्ष र सिद्धिप्रति प्रमाद नगरी पाशुपत साधनालाई निरन्तरता दिनुपर्ने बताइएको छ। त्यसका साथै यस अध्यायमा पशुपतिनाथको उत्तरवक्त्र वामदेवको स्तुतिगान गरिएको छ। यस ग्रन्थको तेस्रो अध्यायमा क्राथन, शृङ्गारण आदि योगविधिको चर्चा गरिएको छ। त्यसका साथै दक्षिणवक्त्र अघोरको मन्त्रमाथि प्रकाश पारिएको छ। यस ग्रन्थको चौथो अध्यायमा आत्मशुद्धिका लागि तथा साधनामा बाधा उत्पन्न हुन नपाओस् भन्नका लागि पाशुपतव्रतीले उन्मत्तझैँ विचरण गरोस् भन्ने विधिनिर्देश दिइएको छ। त्यसका साथै यस अध्यायमा पशुपतिनाथको पूर्ववक्त्र तत्पुरुषको मन्त्रमाथि प्रकाश पारिएको छ। यस ग्रन्थको अन्तिम पाँचौं अध्यायमा यसप्रकार जब पाशुपतव्रती सङ्गहीन रहेर, शून्यागार वा गुफामा बसेर, जितेन्द्रिय भएर तपस्या गर्दछ तब त्यस्तो व्यक्ति योगी, नित्यात्मा, अज, इच्छाद्वेष आदिबाट निवृत्त मैत्र बन्दछ। त्यस्तो योगी कर्मले वा पातक आदि दोषले दूषित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुँदैन, त्यस्तो साधकले रुद्रसायुज्य प्राप्त गर्दछ। पाशुपतव्रतीले सदैव रुद्रको स्मरण गर्नुपर्छ । त्यसो गर्नाले सम्पूर्ण दोषको कारणलाई समाप्त गरेर साधक शोकरहित बन्छ। पशुपतिनाथको अनुग्रहले उसमा दुःखान्तको उपलब्धि हुन्छ। यिनै विषयवस्तुलाई प्रस्तुत गर्दै पशुपतिनाथको ऊर्ध्ववक्त्र ईशानको मन्त्रमाथि प्रकाश पारिएको छ।

पाशुपत दर्शनको अर्को महत्त्वपूर्ण ग्रन्थ हो पाशुपतसूत्रमाथि राशिकर कौण्डिन्न्यको पञ्चार्थभाष्य। यस ग्रन्थमा ग्रन्थकारले पाशुपत दर्शनसम्मत कार्य, कारण, योग, विधि र दुःखान्त नामक पाँचओटा पदार्थको प्रतिपादन सरल भाष्यका माध्यमबाट गरेका छन्।

पाशुपत दर्शनको अर्को कृति रहेको छ विशुद्धमुनिको यमप्रकरण। यस ग्रन्थमा पाशुपतसूत्रको पञ्चार्थभाष्यमा भाष्यकारले बताएको यमप्रकरणलाई एक्काइस श्लोकमा पद्यबद्ध गरेका छन् (भट्ट, २०६२, २१९ पृष्ठ)। त्यसैगरी विशुद्धमुनिकै अर्को ग्रन्थ रहेको छ तेह्र श्लोकमा आबद्ध आत्मसमर्पण। यस ग्रन्थमा पाशुपत मार्गबाट वैराग्यप्राप्ति, समभावप्राप्ति र पञ्चार्थविज्ञानको कामनाले भगवान्को स्तुति गरिएको छ (पूर्ववत्)।

पाशुपत दर्शनको अर्को महत्त्वपूर्ण ग्रन्थ हो भासर्वज्ञविरचित गणकारिका रत्नटीका। यस ग्रन्थमा लाभ, मल, उपाय, देश, अवस्था, विशुद्धि, दीक्षाकारी र बल नामक आठओटा पञ्चकको व्याख्या र गुरुका नौओटा गणको वर्णन पाइन्छ (त्रिपाठी, १९९८, २४६–२७३ पृष्ठ)।

माथि उल्लिखित ग्रन्थका अतिरिक्त कारणपदार्थ, हरिभद्रसूरिविरचित षड्दर्शनसमुच्चय, राजशेखरविरचित षड्दर्शनसमुच्चय, माधवाचार्यको षड्दर्शनसङ्ग्रह आदि ग्रन्थका माध्यमबाट पनि पाशुपत दर्शनका विषयमा सङ्क्षिप्त परिचय पाउन सकिन्छ।

पाशुपत दर्शनमा प्रतिपादित सिद्धान्त

पाशुपत दर्शनको मूल सूत्रग्रन्थ भगवान् श्रीपशुपतिनाथद्वारा उपदिष्ट मानिएको पाशुपतसूत्र हो। उक्त सूत्रमाथि कौण्डिन्न्यले पञ्चार्थभाष्य नामक भाष्यग्रन्थ लेखेका छन्। उक्त भाष्यमा पाशुपत मतमा प्रतिपादित पाँचओटा तत्त्वको व्याख्या गरिएको छ। पाशुपत मतमा प्रतिपादित पाँचओटा तत्त्व हुन्- कार्य, कारण, योग, विधि र दुःखान्त।

कार्य

पाशुपत दर्शनमा कार्य तीन प्रकारका मानिएका छन्। ती हुन्- विद्या, कला र पशु (जीव)। यी तीन तत्त्वको यथार्थ स्वरूप जान्नाले नै व्यक्तिका संशय, विकल्प आदि निराकरण हुन्छन्। विद्या पशु (जीव)मा रहने गुण हो। विद्यामा उत्पाद्य, अनुग्राह्य, तिरोभाव्य, काल्प्य, विकार्य आदि गुण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विद्यमान छन् (त्रिवेदी, २००९, २०७ पृष्ठ)। विद्या दुई प्रकारको छ– बोधस्वभाव र अबोधस्वभाव। बोधस्वभाव विद्याका विवेकप्रवृत्ति र अविवेकप्रवृत्ति नामक दुई भेद हुन्छन् जसलाई व्यक्त र अव्यक्त संज्ञा पनि दिइएको छ। ज्ञानेन्द्रियद्वारा प्राप्त बोधस्वभाव व्यक्त विद्यालाई चित्त भनिन्छ किनभने बोधात्मक प्रकाशको सहायताबाट जुन वस्तु व्यक्त अथवा अव्यक्त भनेर जानिन्छ त्यसको ज्ञान चित्तबाटै हुन्छ। अबोधस्वभाव विद्या पनि धर्मरूप र अधर्मरूप गरी दुई प्रकारको हुन्छ।

चेतन पशुको अधीनमा रहने तर स्वयं अचेतन तत्त्वलाई कला भनिन्छ। उक्त कला दुई प्रकारका छन्- कार्यरूप कला र करणरूप कला। कार्यरूप कला पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) र पञ्चतन्मात्रा (गन्ध, रस, रूप, स्पर्श र शब्द) गरी दश प्रकारका छन्। करणरूप कलाचाहिँ पाँच ज्ञानेन्द्रिय (श्रोत्र, त्वक्, चक्षु, जिह्वा र घ्राण), पाँच कर्मेन्द्रिय (वाक्, पाणि, पाद, पायु र उपस्थ) र अन्तःकरण (मन, बुद्धि र अहङ्कार) गरी तेह्र प्रकारका छन्।

कार्य र करणरूप कला नै पाश हो जसले जीवलाई बाँधेको छ। कलारूप पाशले बाँधेको हुनाले नै जीवलाई पशु भनिएको हो। यसमा देवता, मनुष्य र तिर्यक् योनिका प्राणीहरू पर्दछन्। शरीर, इन्द्रिय र विषयरूप मलले युक्त पशुलाई साञ्जन भनिन्छ भने शरीर, इन्द्रिय र विषयरूप मलले रहित पशुलाई निरञ्जन भनिन्छ (पाशुपतसूत्र, कौण्डिन्न्यभाष्य, २०७ पृष्ठ)।

कारण

सम्पूर्ण जगत्को सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह गर्ने तत्त्वलाई कारण भनिन्छ। पाशुपत दर्शनमा त्यो कारणतत्त्वलाई पशुपति नाम दिइएको छ। पाशबद्ध जीवलाई रक्षा गर्ने र त्यो कारणतत्त्व अपरिमित शक्तिका माध्यमबाट प्राप्त हुने भएकाले उक्त तत्त्वलाई पशुपति भनिएको हो। उक्त पतितत्त्व पाँचओटा मन्त्ररूप शरीरले युक्त छ। सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशानरूप पञ्चब्रह्ममन्त्र नै पशुपतिको शरीर हो जसका माध्यमबाट पतितत्त्वले निरन्तर सृष्टि, स्थिति आदि पञ्चकृत्य गरिरहन्छ। पतितत्त्व निरतिशय ज्ञान तथा क्रियाशक्तिले युक्त छ र उसको त्यो शक्ति आकस्मिक नभएर नित्य छ।

योग

आत्मा (जीव) र ईश्वर (पशुपति)को संयोग नै योग हो। यस अर्थमा योग साध्य हो भने उक्त ईश्वर (पशुपति)सँग जीवको सम्बन्ध जोड्ने क्रिया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वा साधनलाई योग भनिने भएकाले यस अर्थमा योग साधन पनि हो। उक्त योग दुई प्रकारको हुन्छ– क्रियात्मक र क्रियोपरम। जप, ध्यान, चिन्तन आदि साधनका माध्यमबाट गरिने योगलाई क्रियात्मक योग भनिन्छ। यस अवस्थामा योग साधन हो। क्रियात्मक योगको निरन्तर अभ्यासद्वारा भगवान्मा अचल निष्ठा र भक्तिको परिपाक हुँदै पतितत्त्वका साथ पूर्ण ऐक्यको अनुभूति हुनुलाई क्रियोपरम योग भनिन्छ। यस अवस्थामा सम्पूर्ण क्रिया ज्ञानमा लय हुन्छ र पूर्ण शान्ति, अपरिमित आनन्दमात्र शेष रहन्छ। यस अवस्थामा योग आत्मा र जीवको संयोगरूप साध्य बन्छ।

विधि

धर्मस्वरूप भगवान् शिवको सिद्धिका लागि गरिने क्रियालाई विधि भनिन्छ। विधिलाई प्रधानविधि र गौणविधि गरी दुई प्रकारले वर्गीकरण गरिएको छ। धर्मको साक्षात् कारणलाई प्रधानविधि भनिन्छ। यसलाई चर्याविधि पनि भनिन्छ। चर्याविधि पनि व्रतचर्या र द्वारचर्या गरी दुई प्रकारको छ। तिनवटै सन्ध्याकालमा भस्मले स्नान गर्नु, भस्ममा सुत्नु, शिवमन्दिर, गुफा, नदीको पवित्र तट आदिमा रहेर शिवपूजा, जप, चिन्तन आदिमा रत हुनु, शिवपूजनको समयमा अट्हास गर्नु, गीत गाउनु, नाच्नु, साँढे डुक्रिएको जस्तो आवाज निकाल्नु, दक्षिणामूर्तिको निर्माल्य ग्रहण गर्नु, महादेवका प्रति पूर्ण समर्पणको भाव राख्नु, मन्दिर वा मूर्तिको प्रदक्षिणा गर्नु आदि व्रतचर्याअन्तर्गत पर्दछन्।

द्वारचर्याअन्तर्गत क्राथन (जाग्रत् अवस्थामा पनि सुतेको व्यक्तिको जस्तो चेष्टा गर्नु), स्पन्दन (शक्तिहीनजस्तो देखिने गरी शरीर कँपाउनु), मन्दन (लङ्गडोजस्तो भएर हिँड्नु), श्रृङ्गारण (कुनै सुन्दर युवतीलाई देखेर कामुक चेष्टाको प्रदर्शन गर्नु वा हाउभाउद्वारा प्रेमले आसक्त भएको अभिनय गर्नु), अवितत्करण (समाजद्वारा निन्दनीय ठानिएका कामहरू गर्नु जसले गर्दा उसमा कर्तव्य र अकर्तव्यमा भेदबुद्धि नभएको देखियोस्), अवितद्भाषण (परस्पर विरोधी तथा अर्थ न बर्थको प्रलाप गर्नु) आदि क्रिया पर्दछन्।

चर्याको सहायक विधिलाई गौण विधि भनिएको छ। अनुस्नान (पूजा, भोजन, शौच आदि गरेपछिको भस्मस्नान), भिक्षाटनबाट प्राप्त अन्नको भोजन, उच्छिष्ट भोजन, निर्माल्य धारण (देवतामा चढाइएको प्रसाद, फूलमाला तथा लिङ्ग धारण) आदि गौण विधिअन्तर्गत पर्दछन्।

पाशुपत दर्शनमा विधिनिर्देशका क्रममा भस्मस्नानलाई बडो महत्त्व दिएको दिइन्छ। भस्मरूपी द्रव्य र शरीरको संयोग नै स्नान हो। भस्मस्नानलाई शरीरशुद्धिकारक एवम् आत्मशुद्धिकारक मानिएको छ। शरीरमा आउने पसिना आदिको अपसारण पनि भस्मस्नानले सम्भव हुन्छ भने भस्मस्नानमा हिंसाको सम्भावना पनि रहँदैन त्यसैले पाशुपतव्रतीले भस्मले नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्नान गर्नू, पानीले होइन भन्ने स्पष्ट विधिनिर्देश पाइन्छ (पाशुपतसूत्र २, कौण्डिन्न्यभाष्य) । यहाँ हिंसाजन्य दोषबाट बच्नका लागि वडो सूक्ष्म चिन्तन गरेको देखिन्छ किनभने जलस्नानबाट सूक्ष्म कीटाणुको हिंसा हुने भएकाले विधिपूर्वक तयार गरिएको भस्मले स्नान गर्ने निर्देश दिएको देखिन्छ ।

दुःखान्त

आध्यात्मिक, आधिदैविक र आधिभौतिक तिन प्रकारको दुःखबाट निवृत्त हुनुलाई नै पाशुपत दर्शनमा दुःखान्त भनिएको छ । यस मतमा अनात्मक र सात्मक गरी दुःखान्तलाई दुई किसिमको मानिएको छ । दुःखको पूर्ण नाश हुनु अनात्मक दुःखान्त हो भने ज्ञानशक्ति र कर्मशक्तिले युक्त ऐश्वर्यको प्राप्ति सात्मक दुःखान्त हो । दूरदर्शन, दूरश्रवण, सर्वज्ञत्व आदि ज्ञानशक्तियुक्त ऐश्वर्य हो भने मनोजवित्व (कर्तृत्वमा शीघ्रता), कामरूपित्व (इच्छामात्रले अनन्त रूप लिनु), विकरणधर्मित्व (इन्द्रियको व्यापार रोकिए तापनि निरतिशय ऐश्वर्यले युक्त हुनु) कर्मशक्तिसम्पन्न ऐश्वर्य हो । पाशुपत दर्शनमा दुःखनिवृत्तिपूर्वक परम ऐश्वर्यप्राप्तिलाई मुक्तिदशाका रूपमा व्याख्या गरिएको छ । पाशुपत मतसम्मत विधिको अनुष्ठानले साधक संसारचक्रको पुनरावृत्तिबाट मुक्त भएर पतितत्त्वका साथ सामीप्यलाभ गर्दछ । पाशुपत मतमा भक्तिको आश्रयद्वारा पशुपतिको अनुग्रह प्राप्त भई दुःखान्त सम्भव हुन्छ भन्ने धारणा पाइन्छ ।

प्रत्यभिज्ञादर्शन

आचार्य त्र्यम्बकनाथको परम्परामा विकसित अद्वैत शैवदर्शनलाई नै प्रत्यभिज्ञादर्शन भनिन्छ । प्रत्यभिज्ञादर्शनलाई शिवाद्वयवाद, ईश्वराद्वयवाद तथा कश्मीर शैवदर्शन पनि भनिन्छ । शैवदर्शनको यस अद्वैतवादी धाराको उद्भव र विकास कश्मीरमा भएकाले स्थानविशेषको आधारमा यस दर्शनलाई कश्मीर शैवदर्शन भन्नु अनुचित नभए तापनि व्यापकताका दृष्टिले क्षेत्रीय आधारलाई भन्दा प्रवृत्तिगत आधारलाई मान्दा प्रत्यभिज्ञादर्शन, शिवाद्वयवाद वा ईश्वराद्वयवाद भन्नु बढी उचित देखिन्छ ।

अभेदप्रधान चौसट्ठी भैरवतन्त्रहरू नै प्रत्यभिज्ञादर्शनका आधार ग्रन्थहरू हुन् । ती अभेदप्रधान चौसठ्ठी भैरवतन्त्रहरूको प्रकाशन आठ अष्टकमा भएको छ । ती अष्टकहरू हुन्- भैरवाष्टक, यामलाष्टक, मताष्टक, मङ्गलाष्टक, चक्राष्टक, बहुरूपाष्टक, वागीशाष्टक र शिखाष्टक । यी आठ अष्टक जसमा चौसट्ठी तन्त्रहरूको समावेश भएको छ त्यसलाई सदाशिवचक्र भनिन्छ । यी आठ अष्टकहरू स्वच्छन्दनाथका पञ्चवक्त्रबाट प्रकट भएका आठ भैरवहरूले वर्णन गरेका हुन् । ती आठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भैरवहरू यसप्रकार छन्- बहुरूपभैरव, यामलभैरव, चण्डभैरव, क्रोधेशभैरव, असिताङ्गभैरव, रुरुभैरव, कपालीशभैरव र उन्मत्तभैरव। आठ अष्टकका रूपमा अष्ट भैरवहरूद्वारा अवतीर्ण चौसट्ठी तन्त्रहरू यसप्रकार छन्-

१) स्वच्छन्दतन्त्र, भैरवतन्त्र, चण्डतन्त्र, क्रोधतन्त्र, उन्मत्तभैरवतन्त्र, असिताङ्गतन्त्र, महोच्छुष्मतन्त्र र कपालीतन्त्र यी आठ भैरवाष्टकतन्त्र बहुरूपभैरवले प्रकट गरेका हुन्।

२) ब्रह्मयामलतन्त्र, विष्णुयामलतन्त्र, स्वच्छन्दतन्त्र, रुरुतन्त्र, षष्ठतन्त्र, अंथर्वणतन्त्र, रुद्रतन्त्र र वेतालतन्त्र यी आठ यामलाष्टकतन्त्र यामलभैरवले व्यक्त गरेका हुन्।

३) रक्ततन्त्र, लम्पटतन्त्र, मततन्त्र, लक्ष्मीतन्त्र, चालिकातन्त्र, पिङ्गलातन्त्र, उत्फुल्लकतन्त्र र विश्वाद्यतन्त्र यी मताष्टक नामले प्रसिद्ध तन्त्र चण्डभैरवनाथले प्रकट गरेका हुन्।

४) भैरवीतन्त्र, पिचुतन्त्र, तृतीयातन्त्र, ब्राह्मीतन्त्र, विजयातन्त्र, चन्द्रातन्त्र, मङ्गलातन्त्र र सर्वमङ्गलातन्त्र यी आठ मङ्गलाष्टक क्रोधेशभैरवनाथले प्रकट गरेका हुन्।

५) मन्त्रचक्रतन्त्र, वर्णचक्रतन्त्र शक्तिचक्रतन्त्र, कलाचक्रतन्त्र, बिन्दुचक्रतन्त्र, नादचक्रतन्त्र, गुह्यचक्रतन्त्र र खचक्रतन्त्र यी आठ चक्राष्टकका तन्त्रहरू असिताङ्गभैरवले प्रकट गरेका हुन्।

६) अन्धकतन्त्र, रुरुभेदतन्त्र, अजातन्त्र, मूलतन्त्र, वर्णभण्ठतन्त्र, विडङ्गतन्त्र, ज्वालिनतन्त्र र मातृरोदनतन्त्र यी बहुरूपाष्टक तन्त्रहरू रुरुभैरवनाथले प्रकट गरेका हुन्।

७) भैरवीतन्त्र, चित्रिकातन्त्र, हंसतन्त्र, कदम्बिकातन्त्र, हृल्लेखातन्त्र, चन्द्रलेखातन्त्र, विद्युल्लेखातन्त्र र विद्युन्मान्तन्त्र यी आठ वागीशाष्टक तन्त्रहरू कपालीशभैरवले प्रकट गरेका हुन्।

८) भैरवीशिखातन्त्र, वीणातन्त्र, वीणामणितन्त्र, सम्मोहनतन्त्र, डामरतन्त्र, अथर्वकतन्त्र, कबन्धतन्त्र र शिरश्छेदतन्त्र यी शिखाष्टक नामक आठ तन्त्रहरू उन्मत्तभैरवनाथले प्रकट गरेका हुन्।

प्रत्यभिज्ञादर्शनका केही प्रमुख आचार्य एवम् ग्रन्थहरू

माथि वर्णित अभेदप्रधान चौसट्ठी तन्त्रहरूलाई मुख्य प्रमाण मानी पछिल्लो कालमा शैव आचार्यहरूले दार्शनिक ग्रन्थहरूको प्रणयन गरेका छन्। तीमध्ये केही प्रमुख आचार्य एवम् तिनका मुख्य ग्रन्थहरूको सूची यहाँ प्रस्तुत गरिन्छ।

आचार्य	**ग्रन्थ**
वसुगुप्त	शिवसूत्र
भट्टनारायण	स्तवचिन्तामणि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भट्ट कल्लट	स्पन्दकारिका, स्पन्दवृत्ति आदि
सोमानन्द	शिवदृष्टि, परात्रिंशिकावृत्ति
उत्पलदेव	ईश्वरप्रत्यभिज्ञा, अजडप्रमातृसिद्धि, ईश्वरसिद्धि, सम्बन्धसिद्धि, शिवस्तोत्रावली आदि
रामकण्ठ	स्पन्दविवृत्ति
भट्ट भास्कर	शिवसूत्रवार्तिक
उत्पलवैष्णव	स्पन्दप्रदीपिका
अभिनवगुप्त	तन्त्रालोक, तन्त्रसार, मालिनीविजयवार्तिक, परात्रिंशिकाविवरण, ईश्वरप्रत्यभिज्ञाविमर्शिनी, परमार्थसार, गीतार्थसङ्ग्रह, बोधपञ्चदशिका, भैरवस्तोत्र, तन्त्रवटधानिका, अनुत्तराष्टिका आदि
क्षेमराज	स्पन्दसन्दोह, स्पन्दनिर्णय, प्रत्यभिज्ञाहृदय, स्वच्छन्दोद्योत, नेत्रतन्त्रोद्योत, शिवसूत्रविमर्शिनी, पराप्रावेशिका, स्तवचिन्तामणिविवृत्ति आदि
योगराज	परमार्थसारविवृत्ति
जयरथ	तन्त्रालोकविवेक
शिवोपाध्याय	विज्ञानभैरवविवृत्ति
अमृतवाग्भव	आत्मविलास, सिद्धमहारहस्यम् आदि
बलजिन्नाथ पण्डित	स्वातन्त्र्यदर्पण
रामेश्वर झा	पूर्णताप्रत्यभिज्ञा

प्रत्यभिज्ञादर्शनमा बन्धन र मोक्षसम्बन्धी धारणा

सुख, दु:ख तथा मोहको चक्रमा फस्नु एवम् जन्ममरणको श्रृङ्खलामा बाँधिनु नै तत्त्वदृष्टिले संसार हो। यो जन्ममरणको चक्रबाट छुटेर पारमार्थिक स्वरूपमा स्थित हुनुलाई नै मोक्ष भनिन्छ। मिथ्याज्ञान वा अपूर्ण ज्ञान जन्ममरणरूप संसारको मूल कारण हो भने उक्त अपूर्ण ज्ञान वा मिथ्याज्ञानको विरोधी तत्त्वज्ञान संसारको प्रतिपक्षरूप मोक्षको एकमात्र कारण हो भन्ने कुरा सम्पूर्ण शास्त्रहरूमा बताइएको छ (तन्त्रालोक, १।२२)। त्यही अज्ञानलाई शैवशास्त्रमा आणव मलको संज्ञा दिइएको छ। सो आणव मलरूप अज्ञानलाई बौद्ध अज्ञान र पौरुष अज्ञान गरी दुई भागमा विभक्त गरिएको छ। शरीर, इन्द्रिय, प्राण आदि अनात्मामा आत्माको अभिमानरूप अज्ञानलाई बौद्ध अज्ञान भनिन्छ। बौद्ध अज्ञानका कारण नै आत्मामा सङ्कोच उत्पन्न हुन्छ र उसको पूर्ण स्वातन्त्र्यको अभिव्यक्ति हुँदैन। बौद्ध अज्ञान मनुष्यको बुद्धिमा रहन्छ जसको फलस्वरूप उसको बुद्धि सङ्कुचित बनिरहन्छ र त्यही सङ्कुचित बुद्धिका कारण उसलाई के हेय र के उपादेय हो भन्ने स्मरण रहँदैन। ऊ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केवल सांसारिक सुखदुःख आदि भोगमा नै फसिरहन्छ। नित्य, शुद्धबुद्ध, परिपूर्ण चेतन, स्वप्रकाशरूप आत्मामा आत्मबोध नहुनु नै पौरुष अज्ञानको लक्षण हो। पौरुष अज्ञानरूप आवरणका कारण नै जीवमा आफ्नो परिपूर्ण स्वातन्त्र्य र शिवत्वको बोध हुँदैन। पौरुष र बौद्ध अज्ञानरूप आणव मलले ढाकिएपछि असीम, परिपूर्ण, व्यापक शिव ससीम, अपूर्ण र देश एवम् कालबाट परिच्छिन्न भएर जीवभावमा प्राप्त हुन्छ तब ऊ आफूलाई शिवबाट भिन्न ठान्न थाल्दछ। यही भिन्नवेद्यप्रथा नै मायीय मल हो। आफूलाई शिवबाट भिन्न ठान्न थालेपछि ऊ मायासहित मायाका पाँचवटा कञ्चुक (चोलो) रूप कला, विद्या, राग, काल र नियतिद्वारा ढाकिन्छ। त्यसको फलस्वरूप उसको पूर्ण ज्ञातृत्व र कर्तृत्व सीमित बन्न पुग्छ, निरभिलाष स्वरूपबाट सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने बन्न पुग्छ र शुभ एवम् अशुभ कर्मले दिने नियत फल भोग्न विवश हुँदै पशुभावमा प्राप्त हुन्छ। यसरी मायीय मलको आवरणले ढाकिएपछि जब जीवको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित बन्न पुग्छ र विश्वभुक् (विश्वलाई नै भोग गर्ने) अर्थात् असीम स्वरूपबाट सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने सीमित भोक्तृत्वावस्थामा प्राप्त हुन्छ तब धर्म तथा अधर्मरूप कर्मको वशीभूत भएर सुख र दुःखलाई झेल्दै कर्मबन्धनमा फस्दछ। सोही सुख र दुःखको लक्षणले युक्त पुण्य एवम् अपुण्य वासनात्मक कर्म नै जन्म तथा विषयभोगको कारण हो र त्यही नै बन्धन हो।

मयिक जगत्मा मिथ्याज्ञान वा अपूर्ण ज्ञानका कारण कर्मबन्धनमा परी पशुरूप आत्मा अनादिकालदेखि पुण्य एवम् अपुण्य कर्म गर्दै र तदनुरूप फल भोग्दै संसारचक्रमा घुमिरहेको छ। जबसम्म अपूर्ण ज्ञानको क्षय हुँदैन र आफूलाई शरीर, इन्द्रिय, प्राण आदिबाट भिन्न पूर्ण स्वतन्त्रतासम्पन्न सच्चिदानन्दमय शिवरूपमा बोध गरिँदैन तबसम्म जन्ममरणरूप संसारको निवृत्ति सम्भव छैन। परमेश्वरको अनुग्रहशक्तिले जब व्यक्तिको मनमा संसारप्रति वैराग्यको भावना जागृत हुन्छ र मोक्षप्रति जिज्ञासा उत्पन्न हुन्छ तब ऊ सद्गुरुको खोजीमा लाग्छ र त्यस्ता गुरुको समीपमा गई कटिबद्ध भएर शास्त्रहरूको ज्ञान प्राप्त गर्नका लागि पढ्न थाल्दछ र बिस्तारै बिस्तारै शास्त्रलाई बुझ्न थाल्दछ। यसरी वेद एवम् तन्त्र तथा आगम आदि शास्त्रहरूको श्रवण, मनन र निदिध्यासनबाट शरीर, इन्द्रिय, प्राण आदि आत्मा होइनन् भन्ने जुन निश्चयात्मक ज्ञानको उदय हुन्छ त्यसलाई बौद्ध ज्ञान भनिन्छ। तत्त्वदृष्टिले संसार के हो र र मोक्ष के हो भन्ने कुराको ज्ञान उसलाई हुन्छ। यसप्रकार उसको बुद्धि पूर्णरूपले विकसित हुन्छ, जसको फलस्वरूप पारमार्थिक स्वात्मस्थिति के हो र त्यसको साक्षात् अनुभव कसरी सम्भव हुन्छ भन्ने कुरा उसको बुद्धिमा प्रतिभासित हुन्छ। शास्त्रको अध्ययनपूर्वक हेय (त्याज्य) र उपादेय (ग्राह्य)को विश्लेषण, विधिनिषेधमीमांसा आदिका माध्यमबाट बौद्ध ज्ञानको उदय हुन्छ। अतः बौद्ध ज्ञानको प्राप्तिको उपाय अद्वैतशास्त्रहरूको वारंवार पठन र मनन नै हो। यसप्रकार बौद्ध ज्ञानको प्राप्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएपछि मनुष्यलाई हेय तथा उपादेयको स्मरण हुन्छ। अद्वैतशास्त्रहरूको अहर्निश श्रवण तथा मननले मनुष्यको बुद्धि पूर्णरूपले विकसित त हुन्छ तर उसको आत्मामा स्वरूपलाई नजान्नुरूपी सङ्कोच रहिरहन्छ। अतः बौद्ध ज्ञान उदित हुँदैमा स्वरूपसाक्षात्कार हुनु सम्भव छैन किनभने यस ज्ञानले बुद्धिगत मलिनता नष्ट भए तापनि पुरुषगत मलिनता शेष रहन्छ। जब साधकले सद्‌गुरुद्वारा उपदिष्ट योगका छ अङ्गहरू प्राणायाम, ध्यान, प्रत्याहार, धारणा, तर्क र समाधिको अभ्यास गर्न थाल्दछ तब प्राणायामको अभ्यासबाट प्राणको शुद्धि हुन्छ, ध्यानको अभ्यासबाट बुद्धिमा निर्मलता आउँछ, प्रत्याहारको अभ्यासबाट अन्तःकरण शुद्ध हुन्छ, धारणाको अभ्यासबाट आत्मामा निर्मलता आउँछ अनि तर्कको अभ्यासबाट उसको परिमित आत्मामा अपरिमित आत्मस्थितिको समावेश हुन थाल्दछ। यसप्रकारको निरन्तर अभ्यासले व्यक्तिमा पौरुष ज्ञानको प्राप्ति हुन्छ जसको फलस्वरूप उसलाई समाधिदशामा पारमार्थिक स्वात्मस्थितिको अनुभव हुन्छ। उक्त स्वात्मस्थितिको अनुभव हुँदा उसलाई सबै सांसारिक सुख अकिञ्चन र फिका लाग्दछन्, सांसारिक सुखप्रति उसमा पटक्कै राग रहँदैन। यसरी निरन्तर स्वात्मानुसन्धानबाट आत्मामा पारमार्थिक चिदानन्दसत्ताको साक्षात्कार गर्नुलाई पौरुष ज्ञान भनिन्छ। यसप्रकार पौरुष ज्ञानको प्राप्ति भएपछि साधकलाई फेरि यो अगाध जन्ममरणको चक्रमा गिर्ने कुनै डर रहँदैन। यस अवस्थामा उक्त साधक मुक्तात्माको नामले चिनिन्छ। पौरुष ज्ञानको प्राप्ति भएपछि साधकलाई स्वात्मसाक्षात्कार त हुन्छ तर त्यस अवस्थामा अझै पौरुष ज्ञान पूर्णरूपले विकसित हुँदैन। देहविच्छेदको समयमा नै साधकको उक्त पौरुष ज्ञान पूर्णरूपले विकसित हुन्छ र ऊ देहपातको समयमा नै मुक्त हुन्छ त्यसैले पौरुष ज्ञानले सम्पन्न साधकलाई मुक्त भन्न सकिन्छ तर जीवन्मुक्त भन्न सकिँदैन। पौरुष ज्ञानले सम्पन्न साधक बौद्ध ज्ञानले पनि सम्पन्न हुँदाचाहिँ उसलाई जीवन्मुक्त भनिन्छ त्यसैले यस अंशमा बौद्ध ज्ञानको प्राधान्य सम्झनुपर्दछ। यदि साधक बौद्ध ज्ञानले सम्पन्न छ तर पौरुष ज्ञानले वञ्चित छ भने त्यतिखेर उसलाई केही पनि प्राप्त हुन सक्तैन। केवल बौद्ध ज्ञानले न मुक्त नै हुन सक्छ न त जीवन्मुक्त नै। यस अंशमा यहाँ बौद्ध ज्ञानको अपेक्षा पौरुष ज्ञानको नै प्राधान्य मान्नुपर्दछ किनभने यदि पौरुष ज्ञान भएन भने केवल बौद्ध ज्ञानले अलिकति पनि कुनै लाभ हुन सक्तैन तर पौरुष ज्ञानले युक्त साधक बौद्ध ज्ञान नभए तापनि मुक्त बन्छ। यदि साधक पौरुष ज्ञानले युक्त छ र उसमा बौद्ध ज्ञानको सर्वथा अभाव छ भने त्यतिखेर बौद्ध अज्ञानको प्रभावले पौरुष ज्ञानमा न्यूनता आउने सम्भावना रहन्छ त्यसैले पौरुष ज्ञान प्राप्त भएपछि साधकले बौद्ध ज्ञान प्राप्तिका लागि कटिबद्ध भएर प्रयत्न गर्नु नितान्त आवश्यक छ। यही कुरालाई विचार गरेर शैव आचार्यहरूले यी दुई ज्ञानलाई पारस्परिक पोष्यपोष्टृभावका रूपमा वर्णन गरेका छन् (तन्त्रालोक, १।४१)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परमेश्वरको अपरिमित स्वातन्त्र्यशक्तिमा समाविष्ट हुनुलाई नै मोक्ष भनिन्छ। स्वातन्त्र्यको तात्पर्य हो ज्ञान र क्रियामा परिपूर्ण सामर्थ्य त्यसैले साधकमा सर्वज्ञत्व र सर्वकर्तृत्वको पूर्ण अभिव्यक्ति हुनु नै प्रत्यभिज्ञादर्शनको मतमा मोक्षको स्थिति हो त्यसैले चाहे समाधिको अवस्थामा ज्ञानदशामा होस् अथवा चाहे जाग्रत् अवस्थामा क्रियादशामा होस्, दुवै अवस्थामा पूर्ण स्वरूपस्थितिमा रहनु अर्थात् आफ्नो परिपूर्ण सर्वकर्तृत्व र सर्वज्ञत्वको बोध हुनु नै मोक्ष हो त्यसैले उक्त पारमार्थिक मोक्षदशाको स्वरूप व्युत्थानदशामा र समाधिको अवस्थामा एकै रहन्छ। ऊ चाहे समाधिमा ज्ञानदशामा रहोस् अथवा चाहे व्युत्थान अवस्थामा क्रियादशामा सञ्चार गरोस् तत्त्वदृष्टिले मुक्त नै हो (तन्त्रालोक, १।३१)। यदि मोक्ष अतुच्छदशा (ज्ञानदशा) मा रहनु हो भन्ने मान्ने हो भने तुच्छदशा (क्रियादशा) मा त्यसको अभाव हुन्छ। अतः यथार्थ मोक्ष त्यही हो जो तुच्छदशा (बाह्यदशा)मा र अतुच्छदशा (अन्तर्मुखदशा) दुवैमा स्थायीरूपले रहिरहोस्। सोही मोक्षदशाको अर्को नाम स्वरूपस्वातन्त्र्यदशा हो।

प्रत्यभिज्ञादर्शनमा मोक्षप्राप्तिका उपायहरू

पारमार्थिक मोक्षदशालाई प्राप्त गर्नका लागि प्रत्यभिज्ञादर्शनमा मुख्यरूपले तीन प्रकारका उपायहरू बताइएका छन्। ती हुन्– आणव उपाय, शाक्त उपाय र शाम्भव उपाय। चौथो उपायका रूपमा अनुपायको पनि उल्लेख पाइन्छ तर त्यो अति अल्प उपाय वा उपायरहित उपाय भएकाले सर्वत्र त्यसको उल्लेख पाइँदैन। साधनाका क्रममा माथि उक्लँदै गएपछि स्थूल उपायहरू छुट्तै जान्छन् वा तिनको आवश्यकता कम हुँदै जान्छ त्यसैले अनुपायको अवस्था भनेको त्यस्तो अवस्था हो जहाँ स्थूल उपायहरूको कुनै आवश्यकता रहँदैन, एकचोटि गुरुले सम्झाएपछि शिष्यमा शिवसमावेश भइहाल्छ। आणव उपाय स्थूल उपाय हो भने शाक्त उपाय त्यसभन्दा केही सूक्ष्म र शाम्भव उपाय शाक्त उपायभन्दा पनि अझ सूक्ष्म उपाय हो। अब यहाँ यी चारै उपायका विषयमा क्रमशः चर्चा गरिन्छ।

आणव उपाय

उच्चार, करण, ध्यान आदि उपायहरूको आश्रय लिएर साधकले जुन समावेश प्राप्त गर्दछ त्यसलाई आणव समावेश भनिन्छ (तन्त्रालोक, १।१७०) आणव उपायअन्तर्गत आठवटा उपायहरूको चर्चा अभिनवगुप्तले तन्त्रालोकमा गरेका छन्। ती हुन्– बुद्धिध्यान, प्राणतत्त्वका उच्चार, परतत्त्वमा प्रवेश, परपथलक्षण, करण, वर्णतत्त्व र स्थानकल्पना। स्थानकल्पनारूप उपाय आभ्यन्तर स्थानकल्पना र वाह्य स्थानकल्पना गरी दुई भागमा विभक्त भएको छ। आभ्यान्तर स्थानकल्पना प्राणसँग सम्बद्ध छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भने बाह्य स्थानकल्पना पूजा, हवन, जप इत्यादि कर्मसँग सम्बद्ध छ । अब यहाँ उपर्युक्त आठ प्रकारका आणव उपायहरूको चर्चा गरिन्छ ।

बुद्धिध्यान

बुद्धिध्यानलाई अर्को शब्दमा अनुत्तरध्यान भनिन्छ । वास्तवमा परमशिव प्रत्येक प्राणीको हृदयमा रहे तापनि सदाशिवतत्त्वदेखि लिएर पृथ्वीसम्मका चौतीस आवरणद्वारा आवृत भएकाले उनको साक्षात्कार गर्न प्राणीहरू सक्षम हुँदैनन् । अनुत्तरध्यानको अभ्यासद्वारा साधक सम्पूर्ण पृथ्वी आदि आवरणहरूलाई अनुसन्धानको बलले एकएक गरेर तत्तत् कारणमा विलीन गर्दै अन्त्यमा सदाशिवतत्त्वसम्बन्धी आवरणलाई पनि आफ्नो तीव्र अनुसन्धानले शक्तितत्त्वमा विलीन गरेर आफ्नो हृदयकर्णिकामा स्थित परमतत्त्व शिवको साक्षात्कार गर्दछन् । अनुत्तर ध्यानको साधनामा योगीले कुनै पनि प्रकारले प्राण (श्वास) को आश्रय लिनुपर्दैन । यो अनुत्तर ध्यानको उपासना केवल आफ्नो अनुसन्धानको बलले नै गरिन्छ । यस अवस्थालाई प्राप्त गर्नेबित्तिकै साधकको प्राण र अपान दुवै अनायास मध्यधाम वा सुषुम्ना नाडीमा लय हुन्छन् र हृदयमा स्थित परमशिवको आवरणका रूपमा रहेको सम्पूर्ण तत्त्ववर्ग चैतन्यस्वरूप अग्निमा भस्मीभूत हुन्छन् । त्यसपछि योगीले आफ्ना सारा इन्द्रियवृत्तिहरू आफ्नो वृत्तिरूपतालाई त्यागेर शक्तिरूपतामा समाविष्ट भएको र आफूले भैरवरूपता प्राप्त गरको अनुभव गर्दछ (विज्ञानभैरव, २६) । यस अवस्थाको अनुभव भएपछि योगी व्युत्थानदशामा अवतीर्ण हुंदा पनि शिवभावात्मक स्थितिबाट च्युत हुँदैन, उसलाई परमस्वातन्त्र्यको अनुभूति भइरहन्छ ।

प्राणतत्त्वसमुच्चार

अनुत्तरध्यानरूप उपासनामा पारङ्गत योगी नै प्राणतत्त्वसमुच्चारको अभ्यास गर्न समर्थ हुन्छ किनभने यो उपासना तुर्यदशामा प्रविष्ट योगीले नै गर्न सक्तछ । जब साधक जाग्रत् दशामा अनुत्तरध्यानको उपासना गर्दछ तब उक्त ध्यानको प्रभावले सहजरूपमा नै तुर्यदशामा समाविष्ट हुन्छ । तुर्यदशामा समाविष्ट योगीलाई आत्मानुसन्धान भइरहेको हुन्छ । त्यसपछि आत्मानुसन्धानको तत्परताले ऊ अगाध शून्यतामा प्रविष्ट हुन्छ । त्यतिखेर उसले अगाध शून्यभावरूप स्थितिको अनुभव गर्दै आत्मसाक्षात्कारसम्बन्धी प्रथम निरानन्द अवस्थाको अनुभव गर्दछ । त्यस अवस्थामा साधकको प्राण र अपान यति सूक्ष्म हुन्छ कि उसलाई प्राणापानको गतिको केही पनि पत्तो हुँदैन, उसलाई प्राणपानको सञ्चार भए नभएको समेत पत्तो हुँदैन । त्यो अवस्थाभन्दा अगाडिको उच्च स्थितिमा जानका लागि साधकले आफ्नो प्राणापान गतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सञ्चार आत्मानुसन्धानपूर्वक जोडले गर्नु आवश्यक हुन्छ। तबमात्र योगी सुषप्तिभन्दा पछिल्लो तुर्य अवस्थालाई प्राप्त गर्न समर्थ हुन्छ। यो प्राणोदय अवस्थाको आश्रय लिएर योगी दोस्रो परानन्द अवस्थामा प्रवेश गर्दछ। त्यतिखेरे परानन्द अवस्थाको प्रभावले नै योगीको प्राणापानको सञ्चार लामो र अनुसन्धानमय बन्दछ। यस परानन्द अवस्थामा योगीलाई विशेष उत्कृष्ट आनन्दको अनुभव हुन्छ। त्यस अवस्थामा उक्त योगी के ठान्न थाल्दछ भने मलाई प्राप्त भएको यो उत्कृष्ट आनन्द मेरो स्वाभाविक आनन्द हो र त्यस समयमा उसको प्राणापानको गति अझै बढी अनुसन्धानपूर्वक तीव्र बन्न पुग्दछ। यसो गर्दागर्दै गुरुकृपा र आफ्नो उद्योगबलले उसको प्राण र अपान एकदम रोकिन्छ र समान अवस्थामा रहन्छ। यी दुवै प्राण र अपानको गति केही क्षणका लागि स्तब्ध हुन्छ। यस अवस्थालाई प्राप्त गरेर योगी आत्मानन्दमा प्रवेश गर्दछ। यो आनन्द अवस्थाको नाम ब्रह्मानन्द अवस्था हो। जब योगी माथि वर्णित ब्रह्मानन्द अवस्थाको अनुभव गर्दै आफ्नो आत्मानुसन्धानपरायणतालाई अलिकति पनि शिथिल हुन दिँदैन तब उसको प्राण र अपान सुषुम्नाधाममा प्रवेश गर्दछन्। यस अवस्थामा प्राण र अपान दुवैको स्थिति समाप्त हुन्छ र ती दुवै महासुषुम्नानाडी अर्थात् उदानरूपी अग्निमा लय हुन्छन्। उक्त अवस्थामा योगीलाई आत्मस्थितिको परम आनन्द प्राप्त हुन्छ। ऊ प्राण र अपानको प्रसरात्मक र प्रवेशात्मक क्षोभले रहित भएर आत्मस्वरूप लय हुन्छ। उक्त योगीले आत्मसाक्षात्कारसम्बन्धी आत्यन्तिक आनन्द प्राप्त गर्दछ। यो चौथो आनन्द अवस्थाको नाम महानन्द अवस्था हो।

महानन्द अवस्थालाई प्राप्त गरेपछि योगीले अरू केही प्रयत्न गर्नुपर्दैन। यस अवस्थालाई प्राप्त गरेपछि योगीले स्वयं नै महाशान्तिप्रदायिनी अवस्थालाई प्राप्त गर्दछ। यस अवस्थामा प्रविष्ट भएर योगीले यसै अवस्थामा आत्मसंवित्तिको अनुभव गर्दै त्यसैमा पराभक्तिको आश्रय ग्रहण गरेर सदासर्वदा सजग भएर रहनुपर्दछ। महानन्द अवस्थालाई प्राप्त गरे तापनि अलिकति मात्रै असावधानीले पनि योगी पुनः संसारावस्थामा नै धकेलिन पुग्छ।

साधकको प्राण र अपान दुवै चैतन्यस्वरूप परम आकाशमा लीन भएको अवस्थामा पनि यदि योगी आफ्नो आत्मानुसन्धानप्रति किञ्चित् शिथिल भयो भने ऊ फेरि महानन्ददशाबाट वञ्चित भएर सुषुप्तिसमान जडदशामा नै प्राप्त हुन्छ (स्पन्दकारिका, १।२५) तर यसको विपरीत आत्मानुसन्धानसम्पन्न योगी जन्ममरणको चक्रबाट सदाका लागि मुक्त हुन्छ।

महानन्ददशालाई प्राप्त गरेर योगी जब उक्त महानन्ददशाको मध्यधाममा निविष्ट प्राण र अपानको त्रोटनात्मक अवस्थामा पुग्छ र त्यस अवस्थामा पनि आफ्नो स्वरूपस्थितिमा सर्वभावले तन्मय भएर रहन्छ तब उसको पूर्ण शान्त उदानात्मक अवस्था महाव्यान अवस्थामा प्रवेश गर्दछ जहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उसको प्राणस्वरूप प्रवेशात्मक स्थिति मध्यधामअन्तर्गत ऊर्ध्वकुण्डलिनी धाममा लय हुन्छ। त्यस ऊर्ध्वकुण्डलिनी धाममा उक्त योगीले पूर्ण चिदानन्द अवस्थाको अनुभव गर्दछ। यो पाँचौं चिदानन्द अवस्था योगको चरम अवस्था हो। यस अवस्थामा योगीले परिपूर्ण आत्मस्थितिको साक्षात्कार गर्दछ।

चिदानन्द दशालाई प्राप्त गरेपछि भित्री समाधिको अवस्था र बाहिरी जाग्रत् अवस्थामा कुनै भेद रहँदैन त्यसैले योगीले फेरि अनुसन्धानात्मक उपायहरूको आश्रय लिइरहनुपर्दैन। उक्त अवस्थामा योगी आत्मस्थितिबाट कुनै पनि अवस्थामा वञ्चित हुँदैन। यो नै योगको अन्तिम पराकाष्ठा हो। यही छैठौं जगदानन्द अवस्थालाई परम अवस्था मानिएको छ। यस अवस्थालाई प्राप्त गरेपछि योगी परम शिवसमान बन्दछ। जुन अवस्थामा समाधि र जाग्रत्मा कुनै भेद रहँदैन, जुन अवस्था पूर्ण अहन्ताको परामर्शले सदैव पूर्ण रहन्छ, जहाँ धारणा, ध्यान र समाधिको आश्रय लिनुको कुनै उपयोगिता रहँदैन सोही अवस्थालाई जगदानन्द अवस्थाको नाम दिइएको छ (तन्त्रालोक, ५।५०–५१)। पहिलो निरानन्द अवस्था महाप्राण अवस्थाअन्तर्गत पर्दछ। दोस्रो परानन्द अवस्था, महाअपान अवस्थाअन्तर्गत पर्दछ। तेस्रो ब्रह्मानन्द अवस्था महासमान अवस्थाअन्तर्गत पर्दछ। चौथो महानन्द अवस्था महाउदानदशाअन्तर्गत पर्दछ। पाँचौं चिदानन्द अवस्था महाव्यानदशाअन्तर्गत पर्दछ। छैठौं जगदानन्द अवस्था सबै अवस्थाहरूमा रहेको छ। यही जगदानन्द अवस्थालाई परम शिव अवस्था भनिन्छ।

चिदात्माको उच्चार

जब योगी उपर्युक्त जगदानन्द अवस्थाको अनुभव गर्दछ तब स्वभावतः विना कुनै प्रयत्न उसमा चिद्रूपताको पूर्णरूपले विकास हुन थाल्दछ। जाग्रत् अवस्थामा सो योगीले चिदानन्दरूपताको अनुभव सबै हान तथा आदान आदि व्यवहारदशामा गर्दछ र सोही व्यवहारदशामा नै योगीलाई सम्पूर्ण भैरवरूपताको अनुभव हुन्छ। यसै अवस्थालाई शैवाचार्यहरूले उन्मीलन समाधिको नामले अलङ्कृत गरेका छन्। यो उन्मीलन समाधि नै भैरवावस्थाको अन्तिम स्थिति हो। यो अन्तिम अवस्थाको अनुभव गरेपछि सो योगीका लागि कुनै कर्तव्य शेष रहँदैन। सो योगीले हान वा आदान आदि व्यवहार गरोस् अथवा अरू कुनै कर्म गरोस्, उसका लागि भैरवावस्थाको अनुभूति सधैँका लागि रहिरहन्छ। त्यस अवस्थामा योगीलाई अनन्तशक्तिमय सर्वोत्कृष्ट स्वातन्त्र्यशक्तिरूपी महान् अग्निमा सम्पूर्ण भित्री तथा बाहिरी पदार्थहरू हवन गरेको, आफू स्वयं महान् विश्वमेधयज्ञको कर्ता भएको अनुभव हुन्छ (तन्त्रालोक, ५।६६ विवेकव्याख्या, २६५ पृष्ठ)। यसप्रकार उक्त योगीका लागि उसका सम्पूर्ण कर्महरू भैरवयाग बन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परतत्त्वान्तः प्रवेश

उपर्युक्त उपायहरूको निरन्तर अभ्यासको फलस्वरूप योगीका सबै दृष्टिकोण अदिव्य अवस्थाबाट दिव्य अवस्थामा परिवर्तित हुन्छन्। उसका सबै भित्री तथा बाहिरी अवस्थाहरू सम्पूर्णतया अलौकिक र दिव्य बन्दछन्। त्यस्तो योगी निम्नलिखित दशवटा अवस्थाहरूमा परभैरवस्वरूपमा समाविष्ट हुन्छ– परप्रमातृदशामा, मितप्रमातृदशामा, जन्माधार अर्थात् गुह्येन्द्रियमा, मध्यप्राणशक्तिमा अर्थात् मध्यधाममा, स्वातन्त्र्यशक्तिको अवस्थामा, परसंवित्तिको दशामा, ग्राम्यधर्मवृत्तिको अवस्थामा, प्रमातृदशामा स्थित इच्छा, ज्ञान र क्रिया शक्तिहरूमा, प्रमेयदशामा स्थित इच्छा, ज्ञान र क्रियाशक्तिहरूमा र प्रमाता तथा प्रमेय यी दुई अवस्थाहरू अनुपरक्त इच्छा, ज्ञान र क्रियाशक्तिहरूमा। यी सबै दश अवस्थाहरूमा योगीले समानरूपले नै परमशिव अवस्थाको अनुभव गर्दछ चाहे ऊ परमात्माभावमा नै किन नरहेको होस् या मितप्रमातृ अवस्था अर्थात् जीवावस्थामा नै किन नरहेको होस्। अतः यस्तो योगीका लागि परम शिवदशा र जीवदशामा अलिकति पनि अन्तर रहँदैन। त्यसैले शैव आचार्यहरूले यी सबै दश अवस्थाहरूलाई खं अर्थात् आकाशको संज्ञा दिएका छन्। यी दश अवस्थाहरू तात्त्विक भैरवरूपताबाट अलिकति पनि फरक छैनन् अतः यी दशै अवस्थाहरू आकाशरूप भैरव नै हुन्। सर्वप्रथम सर्वोपरि परप्रमातृरूप आकाशमा मितप्रमातृरूप आकाशका माध्यमबाट समावेश हुन्छ। मितप्रमातृरूप दोस्रो आकाशमा जन्माधाररूपी तेस्रो आकाशका माध्यमबाट समावेश हुन्छ, जन्माधाररूपी तेस्रो आकाशमा मध्यप्राणशक्तिरूप चौथो आकाशद्वारा समावेश हुन्छ। मध्यप्राणशक्तिको दशामा स्वातन्त्र्यशक्तिरूप पाँचौं शून्यभूमिको माध्यमबाट समावेश हुन्छ। मध्यप्राणशक्तिको दशामा स्वातन्त्र्यशक्तिरूप पाँचौं शून्यभूमिको माध्यमबाट समावेश हुन्छ। स्वातन्त्र्यशक्तिरूप पाँचौं शून्यपदवीमा परसंवित्तिरूप छैठौं आकाशभूमिको माध्यमबाट प्रवेश हुन्छ, परसंवित्तिरूप आकाशभूमिमा ग्राम्यधर्मरूप आकाशवृत्तिको माध्यमबाट प्रवेश गरिन्छ, ग्राम्यधर्मरूप सातौं आकाशभूमिमा प्रमातृदशामा स्थित इच्छा, ज्ञान र क्रियारूपी आठौं भूमिको माध्यमबाट समावेश हुन्छ। प्रमातृदशामा स्थित इच्छा, ज्ञान र क्रियारूपी आठौं आकाशभूमिमा प्रमेयदशामा स्थित इच्छा, ज्ञान र क्रियारूप नवौं आकाशभूमिका माध्यमबाट समावेश हुन्छ र प्रमेय भावमा स्थित इच्छा, ज्ञान र क्रियारूप नवौं दशा प्रमातृप्रमेय अनुपरक्त इच्छा, ज्ञान र क्रियारूपी दशौं शून्यातिशून्यदशामा अनुभव हुन्छ र फेरि दशौं दशाको अनुभव नवौं दशामा, नवौंको आठौंमा, आठौंको सातौंमा, सातौंको छैठौंमा, छैठौंको पाँचौंमा, पाँचौंको चौथोमा, चौथोको तेस्रोमा, तेस्रोको दोस्रोमा र दोस्रोको पहिलो परमप्रमातृरूप अवस्थामा समावेश हुन्छ। यसको मुख्य तात्पर्य के हो भने पहिलो अवस्थादेखि लिएर दशौं शून्यस्वरूप कुनै पनि अवस्थामा अलिकति पनि न्यूनता वा आधिक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu
छैन। त्यो परम शिवरूप निस्तरङ्ग अवस्थामा कुनै पनि अवस्थामा पटक्कै अन्तर छैन। यो निस्तरङ्ग शिवावस्थालाई शाम्भव उपायक्रममा 'ख' शब्दले सम्बोधन गरिएको छ, शाक्त उपायक्रममा धामशब्दले सम्बोधन गरिएको छ भने आणव उपायक्रममा नाददशाको नामले सम्बोधन गरिएको छ। जब साधक शैव योगसाधनामा निरन्तर लाग्दछ तब मनको निरुद्ध अवस्थामा समाविष्ट भएर निम्नलिखित दश नादहरूको आभासका साथ ती नादहरूमा अलौकिक आनन्दको अनुभूति गर्दछ। प्रथम नाद चिनी..चिनी...चिनी...जस्तो ध्वनिले युक्त हुन्छ। दोस्रो नाद चिञ्चिनी....चिञ्चिनी.....जस्तो ध्वनिले युक्त हुन्छ। तेस्रो नाद चराहरूको चिरबिर...चिरबिर..जस्तो ध्वनिले युक्त हुन्छ। चौथो नाद शङ्खनादजस्तो सुनिन्छ। पाँचौं नाद सितार वा वीणा आदिबाट उत्पन्न हुने ध्वनिजस्तो हुन्छ। छैठौं नाद बाँसबाट उत्पन्न हुने ध्वनिजस्तो हुन्छ। सातौँ नाद कांस्यपात्र वा घण्टाबाट उत्पन्न हुने ध्वनिजस्तो हुन्छ। आठौँ नाद मेघगर्जनजस्तो ध्वनिले युक्त हुन्छ। नवौँ नाद डुगडुगीबाट उत्पन्न भएजस्तो अनुभव हुन्छ। दशौँ नाद दमाहाबाट उत्पन्न हुने ध्वनिजस्तो अनुभव हुन्छ। यसप्रकार जब योगी नौ प्रकारको नादको अनुभूतिपश्चात् दशौँ नादको अनुभूति गर्दछ त्यसपछि ऊ परम तत्त्वदशामा समाविष्ट हुन्छ (तन्त्रालोक, ५।९९।कख विवेकख्याख्या, २९४ पृष्ठ)। जब योगी यी दश सोपानका माध्यमबाट परमधाममा प्रवेश गर्दछ तब सर्वप्रथम उसलाई समाधिदशामा परम शिवको निस्तरङ्ग चिदानन्द अवस्थाको अनुभव हुन्छ। यसको प्रभावले यो चिदानन्द अवस्थाको अनुभव व्युत्थानदशामा अवतीर्ण हुँदा पनि उसलाई समानरूपले नै हुन्छ। शिवभावलाई प्राप्त गरेपछि साधकका लागि व्युत्थान र समाधिदशामा कुनै पनि अन्तर रहँदैन। यस्तो योगी समाधिमा रहोस् वा व्युत्थानमा रहोस् सर्वथा शिवावस्थामा नै रहन्छ।

परपथलक्षण

परम धाममा समाविष्ट हुने इच्छाले जब योगी प्रबल अनुसन्धानको आश्रय लिएर योगाभ्यास गर्न थाल्छ तब सर्वप्रथम उसलाई देहगत उपायहरूद्वारा अर्थात् देहसम्बद्ध प्राणायाम, ध्यान, प्रत्याहार तथा धारणाका माध्यमबाट अभ्यास गर्दागर्दै प्रगाढ आनन्ददशाको अनुभव हुन थाल्छ। जसले गर्दा उसको मनमा सांसारिक विषयहरूप्रति वैराग्य उत्पन्न हुन्छ र ऊ सदैव त्यही आनन्ददशामा सर्वतोभावले निष्णात बन्न चाहन्छ। अतः साधकको यो आनन्ददशाको प्रथम अनुभूति परम धाममा प्रविष्ट हुनुको प्रथम चिह्न अथवा लक्षण मानिएको छ। जसरी बिजुली चम्किँदा त्यस क्षणमा बिजुलीको चमकले अन्य सबै वस्तुलाई ढाक्छ र बिजुलीको प्रकाशका अतिरिक्त अन्य कुनै पनि चीज देखिँदैन त्यसरी नै परतत्त्वदशालाई प्राप्त गर्न तत्पर योगी क्षणमात्रका लागि परम धाममा प्रवेश गर्दा त्यो क्षणमात्र समावेशद्वारा पनि त्यस क्षणका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागि उसको हृदयबाट देहतादात्म्यभाव छुट्दछ। जसको फलस्वरूप उक्त साधक उफ्रिन थाल्दछ। यो दोस्रो अनुभूतिको नाम उद्भव अथवा प्लुति हो। साधक परम धाममा प्रवेश हुने भएकाले उद्भव भनिन्छ भने ऊ देहरूपताबाट माथि उठ्ने भएकाले त्यस अवस्थालाई प्लुति भनिन्छ। यो उद्भवरूप अवस्थालाई प्राप्त गरेपछि योगी स्वात्मानुसन्धानस्वरूप उद्योगको आश्रय लिएर पुनः तीव्ररूपले अभ्यास गर्दछ। जसको फलस्वरूप उसलाई चिदात्मस्वरूप र देहरूपतामा जुन भिन्नरूपताको आभास पूर्वकालमा बनिरहेको थियो त्यसमा शिथिलता आउन थाल्छ अर्थात् देहरूपता र चिद्रूपताको पारस्परिक भेद मेटिन्छ र ऊ केवल चिद्रूपताको नै अनुभव गर्न थाल्छ। देहात्मभाव लय हुनाले उसको हृदयमा कम्प हुन थाल्छ। यो परपथको तेस्रो लक्षण हो। योगीको हृदयमा कम्पन हुनाले उसको पूर्वकालिक देहवासना मेटिन्छ। यस अवस्थाको अनुभव गरेपछि योगी स्वभावले नै सजग बनेर आत्मानुसन्धानपूर्वक परम धाममा प्रवेश गर्नका लागि अघि बढ्छ। यसको फलस्वरूप पूर्णरूपले अन्तर्मुख अवस्थाको आश्रय लिनाले उसको पूर्वकालमा रहेको देहात्मभाव हरतरहले नष्ट हुन्छ तर यसो भए तापनि पूर्वाभ्यस्त देहात्मभावको अवशिष्ट संस्कार केही विद्यमान हुनाले चिदानन्दस्वरूपमा आफ्नो स्थान बनाउन सक्तैन। अतः देहतादात्म्यभाव नरहनाले तथा आफ्नो चिदानन्दरूपतामा आरूढ नहुनाले उक्त साधक अगाध निद्राको अवस्थामा पुग्दछ। यो अगाध निद्राको अवस्था योगीको परपथको चिह्न हो। यो चौथो चिह्न ऊ परम धाममा प्रविष्ट हुनुको सूचक हो। यसप्रकार जब योगी उपर्युक्त चार प्रकारको योगको परिधिलाई नाघेर पाँचौँ योगावस्थामा प्रवेश गर्दछ तब ऊ सजग भएर पारमार्थिक चिदानन्दरूप सत्यपदमा आरूढ हुन्छ। उक्त अवस्थामा योगीले आफ्नो चिदानन्दरूपताको व्याप्ति समस्त विश्ववर्ती पदार्थहरूमा देखेर स्वरूपको महाव्याप्तिदशामा समाविष्ट हुन्छ। त्यस अवस्थामा योगीले घूर्णी अर्थात् महास्पन्ददशाको अनुभव गर्दछ। यो अवस्था प्राप्त गरेपछि ऊ साँच्चिकै शिवले झैँ सम्पूर्ण संसारको सृष्टि, स्थिति तथा संहार गर्न समर्थ हुन्छ। योगको यस अन्तिम अवस्थालाई महाव्याप्ति भनिन्छ। यस अवस्थालाई प्राप्त गरेपछि उक्त योगीका लागि यस संसारमा कुनै पनि कर्तव्य शेष रहँदैन, ऊ परम शिवका साथ तन्मय बन्दछ। योगको त्यो पराकाष्ठाको अवस्थामा पुगेपछि योगीलाई समाधि र व्युत्थानमा कुनै पनि अन्तर प्रतीत हुँदैन।

करण

आणव उपायअन्तर्गत करणरूप उपायको अभ्यास ग्राह्य, ग्राहक, संवित्ति, व्याप्ति, त्याग, आक्षेप र सन्निवेश यी सात प्रणालीहरूको आश्रय लिएर गरिन्छ। अब यहाँ यिनै सात प्रणालीहरूका विषयमा सङ्क्षेपमा चर्चा गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्राह्य

जब योगी इन्द्रियहरूको विषयग्रहणकालमा आत्मानुसन्धानबाट कत्ति पनि विचलित हुँदैन तब विषयहरूका साथ सम्बद्ध भए तापनि उक्त योगी कुन धारणामा अविचलित रहन्छ भने यो सम्पूर्ण हान तथा आदान आदि व्यवहार मेरै स्वरूपबाट नै अर्थात् अहम्भावबाट नै प्रसारित भएको हो र सोही भावमा नै रहेको छ। यसप्रकार विषयग्रहणकालमा पनि उसको मन्त्रशक्ति अर्थात् पूर्ण अहम्प्रतीति रहिरहन्छ र यसप्रकार ग्राह्यप्रणालीबाट उक्त योगीलाई स्वरूपसाक्षात्काररूप अवस्था प्राप्त हुन्छ। यो प्रथम करण उपासनाको मन्त्र 'इदमहम्' हो किनभने यस उपासनामा इदम् (यो) भावको समावेश अहम् (म) भावमा हुन्छ।

ग्राहक

ग्राहक प्रणालीमा पनि सजग योगी अहम्परामर्शभावमा नै समाविष्ट हुन्छ र त्यही अहम् (म) भावको विकास सम्पूर्ण संसारमण्डलमा अनुभव गर्दछ। यस उपासनाको मन्त्र 'अहमिदम्' हो किनभने सो योगी सम्पूर्ण संसारमा र उसको व्यवहारमा पनि पूर्णरूपले अहम् (म) भावमा नै निष्णात रहिरहन्छ।

चिति अथवा संवित्ति

संवित्तिका उपासकहरू अत्यन्त सूक्ष्म विचारले युक्त हुन्छन्। परसंवित्तिधाम प्रमातृभावमा रहने भएकाले त्यो कदापि वेद्य बन्दैन। त्यो स्वयम्प्रकाशस्वरूप छ। जो सबैलाई जान्दछ उसलाई कसले जान्न सक्दछ ? ऊ त सदैव ज्ञातृपक्षमा रहेको छ भन्ने सूक्ष्म चिन्तनका साथ सर्वचैतन्य, परासंवित्का रूपमा शिवलाई बुझ्नु नै संवित्तिको उपासना हो।

व्याप्ति

इन्द्रियहरूको वृत्तिमा, ज्ञानदशामा, अज्ञानदशामा, हान तथा आदान आदि व्यवहारदशामा, आदि हरेक अवस्थामा कत्ति पनि स्वात्मपरामर्शबाट विचलित नहुनु व्याप्तिको उपासना हो। हे परमेश्वर ! तपाईं स्वयं वाणीस्वरूप हुनुहुन्छ त्यसैले मुखबाट उच्चारण हुने हरेक शब्द तपाईंको स्तुति हो, तपाईं विश्वरूप हुनुहुन्छ त्यसैले संसारका सबै आकारवान् पदार्थहरूमा, मेरो मानसपटलमा देखापर्ने स्वरूपमा तपाईं नै दृष्टिगोचर हुनुहुन्छ, विना कुनै प्रयत्न मैले तपाईंको स्तुति, ध्यान र पूजा गरिरहेको छु भन्ने चिन्तन नै व्याप्ति–उपासना हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्याग

साधकले गर्ने हरेक कर्मलाई परम शिवमा समर्पण गर्नु नै त्याग हो। यस प्रकारको त्यागक्रियाले साधक अनायास नै परम धाममा प्रवेश गर्दछ। त्यागरूप उपासनाले साधक शुभ तथा अशुभ कर्महरूको बन्धनमा लिप्त हुँदैन किनभने समस्त कर्महरूमा उसलाई अलिकति पनि अभिमान रहँदैन, कर्म गर्दा गर्दै पनि म यो कर्मको कर्ता हुँ भन्ने अभिमान उसको मनमा रहँदैन।

आक्षेप

जे जति संसारमा भइरहको छ र जसले जे जति कर्म गरिरहेका छन् ती सबै गर्ने म नै हुँ भनेर आफूमा नै सबै कुरा आरोपित गर्नुलाई आक्षेप भनिन्छ। यो आक्षेपरूप धारणा बिस्तारै बिस्तारै परम शिवका पञ्चकृत्यमा पनि आरोपण गरिन्छ जसबाट साधकमा कुन धारणा दृढ बन्न पुग्छ भने जगत्को सृष्टि, पालनपोषण, संहार, प्रकृतिमा लयरूप निग्रह र फेरि त्यस जगत्लाई आफ्नै स्वरूपका साथ तादात्म्य (लय) गरेर त्यसलाई अनुग्रह गर्ने जुन कार्य शिवले गर्दछन् ती सबै कार्य म नै गर्दछु, म नै शिव हुँ र म नै पञ्चविधकृत्यकारी परमात्मा हुँ। यस प्रकारको धारणा दृढ बनेपछि साधक सोही क्षण शिवका साथ तन्मयभावलाई प्राप्त गर्दछ फलतः साक्षात् शिव नै बन्दछ। सर्वज्ञ, सर्वकर्ता, व्यापक जो परमेश्वर शिव हुन्, म स्वयं त्यही शैवधर्मा (शिवको स्वभावले युक्त) हुँ भन्ने दृढ चिन्तनले साधक स्वयं शिव बन्दछ (विज्ञानभैरव, ८६)।

सन्निवेश

सन्निवेश शब्दले मुद्रालाई बुझाउँछ। मुद्राको स्वरूप अनेक प्रकारले वर्णन गरिएको छ। भैरवीमुद्रा, खेचरीमुद्रा, चकितमुद्रा, क्रोधनामुद्रा, करङ्किणीमुद्रा आदि अनगिन्ती मुद्राहरूको वर्णन शैवशास्त्रहरूमा गरिएको छ। यीमध्ये कुनै पनि मुद्रामा आफ्नो शरीरलाई स्थिर राखेर स्वस्तिकासन, पद्मासन आदि कुनै विशेष आसनमा बसी निश्चल स्थितिको अभ्यास गर्दै जाँदा यी मुद्राहरूको प्रभावले साधकको मन स्वतः स्थिर र एकाग्र बन्दछ। जसको फलस्वरूप साधकले आफ्नो वास्तविक शिवरूपताको साक्षात्कार गर्दछ।

वर्णतत्त्व

प्रत्यभिज्ञाशास्त्रमा वर्णहरूको स्वरूप दुई प्रकारको हुन्छ- स्थूल वर्ण र सूक्ष्म वर्ण। अकारदेखि लिएर क्षकारसम्मका सम्पूर्ण वर्णहरू स्थूल वर्ण मानिन्छन्। यी सबै वर्णहरू तालु आदि स्थान तथा मुखप्रयत्नको संयोग तथा विभागबाट उत्पन्न हुन्छन् अतः यिनीहरूलाई संयोगविभागजन्य स्थूलवर्णका नामले वर्णन गरिएको छ। यी सबै वर्णका शब्दहरूलाई हत अथवा आहत शब्द भनिन्छ किनभने यी सबै शब्दहरू तालु आदि स्थान तथा मुखप्रयत्नको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संयोगले अथवा विभागबाट नै उच्चरित हुन्छन् । जुन वर्ण योगीलाई समाधिमा प्रवेश गर्दा प्रतीत हुन्छ र त्यो वर्ण न कुनै वस्तुको संयोगबाट अथवा न कुनै वस्तुको विभागबाट उत्पन्न हुन्छ त्यस्तो वर्णलाई नै सूक्ष्म वर्ण वा अनाहत ध्वनि भनिन्छ। यही अनाहत ध्वनिसँग यहाँ वर्णतत्त्वको सम्बन्ध रहेको छ। अनाहत ध्वनिलाई उच्चारण गर्नेवाला कोही छैन र यस ध्वनिलाई कुनै पनि शक्तिले रोक्न सक्तैन । प्राणीहरूको हृदयमा रहेको यो अनाहत ध्वनिरूप वर्ण स्वयं उच्चरित हुन्छ (तन्त्रालोक, ३।६७) । समाधिमा सजग योगीले यो वर्णतत्त्वको साक्षात्कार अहंरूपताबाट नै गर्दछ। अत: वर्णतत्त्व नै अहम्परामर्शको स्वरूप हो र अहम्परामर्श नै वर्णतत्त्वको स्वरूप हो ।

प्राणसञ्चारको विधान

प्राणवायुको सञ्चार हृदयदेखि बाह्य द्वादशान्तसम्म बाहिरतिर र फेरि बाह्य द्वादशान्तदेखि हृदयसम्म भित्रतिर भइरहन्छ। हृदयदेखि बाह्य द्वादशान्तसम्म छत्तीस अङ्गुल र बाह्यद्वादशान्तदेखि हृदयसम्म पुन: छत्तीस अङ्गुल प्राणको सञ्चार हुन्छ। यो प्राणसञ्चारको समयमा हृदयस्थानको सन्धि र बाह्यद्वादशान्तको सन्धिमा योगीहरू बडो सजग हुनुपर्दछ। यी दुई सन्धिस्थलमा वारंवार अनुसन्धान गर्नाले योगीले स्वरूपसाक्षात्काररूप अवस्थालाई प्राप्त गर्दछ। साथै प्राणसञ्चारको समयमा मन्त्रको पनि उच्चारण मनले नै गर्नुपर्दछ ।

'स' मन्त्रको उच्चारण गर्दै प्राणवायु बाहिरतिर सञ्चार गर्दछ भने 'ह' मन्त्रको उच्चारण गर्दै भित्रतिर सञ्चार गर्दछ। यसप्रकार यो 'हंस' मन्त्रको जप दिन रात एक्काइस हजार छ सयपटक चलिरहन्छ। सजग योगीहरूका लागि यो अजपा महागायत्रीको जप सुलभ छ। यसको विपरीत जो योगी यसको अनुसन्धान अथकरूपले बिहानदेखि बेलुकासम्म गर्दैनन् उनीहरूका लागि यो जप दुर्लभ बन्छ (विज्ञानभैरव, १५३–१५४) । यसको तात्पर्य के हो भने यदि सजग सावधान योगीजन यो मन्त्रको जप बिहानदेखि बेलुकासम्म गर्दछन् भने उनीहरूलाई निद्रावस्थामा पनि यो जप अनुसन्धानपूर्वक रहिरहन्छ। प्राणवायु हृदयस्थानबाट प्रसार गर्नुलाई प्राणसञ्चार भनिन्छ भने प्राणवायु बाह्यद्वादशान्तबाट हृदयस्थानतर्फ प्रवेश गर्नुलाई अपानवायुको सञ्चार भनिन्छ। यसप्रकार प्राणसञ्चार बाहिर बाह्यद्वादशान्ततर्फ प्रसारित हुन्छ भने अपानवायुको सञ्चार भित्र हृदयस्थानतर्फ प्रसारित हुन्छ। प्राणवायुको सञ्चारकालमा तथा अपानवायुको सञ्चारकालमा प्राण र अपानको भित्री तथा बाहिरी सन्धिमा योगी सदैव सावधान रहनुपर्दछ। हृदयस्थानको सन्धिलाई आदिकोटि भनिन्छ भने बाह्यद्वादशान्तको सन्धिलाई अन्त:कोटि भनिन्छ। यी दुवै सन्धिमा मनलाई एकाग्र बनाएर वारंवार अनुसन्धान गर्नुलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आद्यन्तकोटि निभालन भनिन्छ। योगी जब यो आद्यन्तकोटिको परामर्श गर्दछ तब केही समयपश्चात् उक्त योगीको प्राण मध्यधाम अर्थात् सुषुम्नानाडीमा लय हुन्छ जसको फलस्वरूप उसलाई चिदान्दस्वरूपको साक्षात्कार हुन्छ। यस आद्यन्तकोटिको अभ्यास गर्नुलाई शिखाबन्धन भनिन्छ। प्राणशक्तिलाई शिखा भनिन्छ। जब योगी प्राणशक्तिलाई हृदय तथा बाह्यद्वादशान्तमा अथकरूपले अनुसन्धान गर्दछ तब उसलाई शिखाबन्धनको स्थितिको अनुभव हुन्छ र त्यसको फलस्वरूप उक्त योगीको प्राणवायु परसंविद्धाममा प्रवेश गर्दछ। त्यसपछि ऊ शिवभावरूप अवस्थालाई प्राप्त गरेर सदाका लागि जन्ममरणको चक्रबाट मुक्त हुन्छ। यस परम शिव अवस्थालाई प्राप्त गर्ने योगीलाई आचार्यहरूले जितप्राण भनेका छन्।

चक्रोदय

यो उपासना पनि प्राणसञ्चारको उपासनाको उच्चकोटीका साधकहरूका लागि बताइएको हो। यो उपासनामा साधकले प्राणको सञ्चार स्वाभाविक प्राणसञ्चारभन्दा केही विशेषढङ्गले गर्नुपर्दछ। स्वाभाविक प्राणको श्वासप्रश्वासको सङ्ख्या एक्काइस हजार छ सय हुन्छ तर योगीले यस चक्रोदयको उपासनामा बिस्तारै बिस्तारै श्वासप्रश्वासको समय बढाउनुपर्दछ अर्थात् प्राणको श्वासप्रश्वासकाल स्वाभाविकरूपले जति हुन्छ त्यसभन्दा दुईगुना समय श्वासप्रश्वासमा लगाउनुपर्दछ। यस चक्रोदय उपासनामा प्राणचारको सङ्ख्या दिनरातमा त्यसको आधा हुनुपर्दछ। यसप्रकार बिस्तारै बिस्तारै प्राणसञ्चार गर्नुका साथसाथै हृदयस्थान र बाह्यद्वादशान्तमा आद्यन्तकोटिको निभालन गर्नु अत्यन्त आवश्यक छ। यसको फलस्वरूप केही समयको अभ्यासले साधकको प्राणसञ्चारलाई बिस्तारै बिस्तारै माथि लैजाने र तल ल्याउने अभ्यास स्वाभाविक बन्छ र कुनै परिश्रमविना उसलाई यस्तै प्राणसञ्चार बनिरहन्छ र फेरि यस्तो दिनरात गर्नाले उसलाई चिदानन्दस्वरूपको साक्षात्कार हुन्छ। त्यसपछि उसको प्राणचारको सङ्ख्या दिनरात सधैँ एक्काइस हजार छ सय पटक नभएर दश हजार आठ सय पटक बन्छ। यस्तो योगी नै चक्रोदयको उपासनामा सिद्धहस्त बन्दछ। त्यसपछि द्विकपिण्डक चक्रोदय उपासना, त्यसपछि पुनः त्रिकपिण्डक चक्रोदय उपासनामा बडो प्रयत्नपूर्वक अगाडि बढ्नुपर्छ। यस उपासनामा साधकले आफ्नो प्राणसञ्चारलाई अझै बढी लम्ब्याउँछ। जसको फलस्वरूप साधकको प्राणसञ्चारको सङ्ख्या दिनरातमा केवल सात हजार दुई सयमात्रै हुन्छ।

यस उपासनामा सिद्धहस्त भएपछि साधकले बिस्तारै बिस्तारै प्राणसञ्चारलाई बडो प्रयत्नपूर्वक लम्ब्याएर अन्त्यमा उक्त साधकले चक्रेश्वरको पदवी प्राप्त गर्दछ र यस पदवीमा आरूढ उक्त साधकले आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राणसञ्चारलाई अत्यन्त दीर्घ बनाउने हुनाले दिनरातमा केवल दुई सय पटकमात्रै प्राणसञ्चार गर्दछ। यस अवस्थामा पुगेपछि योगी सदैव परम धाममा स्थित रहन्छ। यस अवस्थामा पुगेपछि उक्त योगीले संसारमण्डलवर्ती कालचक्रको प्रभुता प्राप्त गर्दछ। चक्रोदयको सूक्ष्मतम अभ्यास तबमात्र सफल हुन्छ जब योगी प्रयत्नपूर्वक लामो समयसम्म पद्मासनमा बसेर निरन्तर बडो श्रद्धा र तत्परतापूर्वक अभ्यास गर्दछ। यसको विपरीत जब साधकले चक्रोदयको उपासना भक्तिपूर्वक तथा लामो समयसम्म धारावाहिक रूपले गर्न सक्तैन तब उसको प्राण मध्यधाममा प्रविष्ट भएपछि उसलाई षट्चक्रहरूको वेधन मूलाधारचक्रबाट ऊर्ध्वगतिरूपताले हुँदैन अपितु भ्रूमध्यचक्रबाट अधोरूपताले अर्थात् तल तल नै षट्चक्रहरूको वेधनको अनुभव हुन्छ। जसको फलस्वरूप साधकलाई आणिमादि अष्टसिद्धिहरूको प्राप्ति त टाढै रहोस् उसलाई त माथिदेखि तलतिर षट्चक्रहरूको वेधन हुनाले पिशाच आवेश नै प्राप्त हुन्छ जसले गर्दा उक्त साधक अनन्त विघ्नपरम्पराको सिकार बन्छ (तन्त्रालोक, २९।२३८)।

१.६.१.६ शाक्त उपाय

प्राणको उच्चार तथा ध्यान आदि उपायहरूको आश्रयविना केवल मनले नै ध्येयवस्तुको अनुसन्धानबाट जुन स्वरूपसमावेश प्राप्त हुन्छ त्यसलाई शाक्तसमावेश भनिन्छ (तन्त्रालोक, १।१६९)। अब यहाँ शाक्तसमावेशसँग सम्बद्ध विकल्पसंस्कार, तर्कतत्त्व, गुरुको वास्तविक स्वरूप, योगका आठ अङ्गहरूको अनुपयोगिता, कल्पित अर्चना आदिको हेयता, संविच्चक्रको उदय, मन्त्रवीर्यको स्वरूप, वास्तविक जप आदि र विधिनिषेधको अभावरूप नौ प्रकारका शाक्तोपाय प्रमेयमण्डलको वर्णन गरिन्छ।

विकल्पसंस्कार

शुद्ध तथा अशुद्ध विकल्पहरूको प्रवाहलाई जन्माउने तत्त्वलाई नै मन भनिन्छ। ती सम्पूर्ण विकल्पहरू एकै छिनमा नष्ट हुने हुनाले धेरै समय टिक्न सक्दैनन्। जब मनमा कुनै एउटा विकल्प उदित हुन्छ तब त्यो उदय हुनेबित्तिकै त्यसले त्यस्तै अर्को विकल्पलाई जन्माएर स्वयं नष्ट हुन्छ। त्यसैगरी दोस्रो विकल्पले तेस्रो विकल्पलाई जन्माएर आफू नष्ट हुन्छ। त्यसैगरी तेस्रो विकल्पले चौथो विकल्पलाई जन्माएर आफू नष्ट हुने, चौथोले पाँचौंलाई जन्माएर आफू नष्ट हुने यस्तो क्रम चलिरहन्छ र यसप्रकार मनमा अनन्त विकल्पमालाहरूको जन्म भइरहन्छ। उदाहरणका लागि मानौं मनमा 'यो पुस्तक हो' भन्ने प्रथम विकल्पको उदय भयो। त्यसै क्षण 'यो पुस्तक हो' भन्ने प्रथम विकल्प नष्ट हुन्छ र उक्त विकल्पले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

'यो पुस्तकको रूप सुन्दर छ' भन्ने अर्को विकल्पलाई जन्माउँछ। उक्त दोस्रो विकल्प नष्ट हुन्छ र सो विकल्पले 'यस पुस्तकको आवरण पृष्ठको रङ्ग मेरो गन्जी जस्तो छ' यस्तो खालको विकल्पलाई जन्माउँछ। फेरि त्यो विकल्प पनि नष्ट हुन्छ र 'यो गन्जी मैले विशाल बजार, न्यूरोडमा किनेको हो' भन्ने त्यस्तै अर्को विकल्पको उदय हुन्छ। यसप्रकार मनमा अनेक विकल्पमालाहरूको उदय भइरहन्छ। 'यो पुस्तक हो' भन्ने पहिलो विकल्पबाट मानिस 'यो गन्जी मैले विशाल बजारमा किनेको हो' भन्ने एकदम भिन्न विकल्पमा पुग्छ। यिनै विकल्पसंस्कारहरूमाथि नियन्त्रण प्राप्तिका लागि शाक्त उपायअन्तर्गत विकल्पसंस्काररूप साधनाको चर्चा प्रत्यभिज्ञाशास्त्रमा गरिएको छ। विकल्पसंस्काररूप उपासनामा साधकले आफ्नो मनमा रहेका विकल्पप्रवाहहरूलाई तिलाञ्जलि दिएर केवल स्वात्मपरामर्शरूप विकल्पलाई अर्थात् 'म नै शिव हुँ र म नै सारा विश्वमा व्याप्त छु' भन्ने विकल्पलाई बडो सावधान भएर एकाग्रतापूर्वक मनमा राख्नुपर्दछ। उक्त साधक यस अवस्थामा के कुरामा सजग रहनुपर्दछ भने यो शिवपरामर्शरूप विकल्पमा कुनै पनि प्रकारले न्यूनता नआओस् तथा 'शिवरूप म नै सारा विश्वमा व्याप्त छु' भन्ने यो विकल्पले यस्तै अन्य विकल्पलाई जन्म देओस् यसभन्दा कुनै पनि अंशमा न्यून विकल्पलाई जन्म नदेओस्, मनमा यस्तै प्रकारले शिवपरामर्शरूप विकल्प बडो प्रयत्नपूर्वक जन्मिरहोस्। यद्यपि आरम्भमा साधकलाई यो शिवपरामर्शरूप विकल्पलाई धारावाहिक रूपले मनमा अड्याइराख्न केही कठिनाइ पनि हुन सक्छ तर आत्मानुसन्धानरूप बलको आश्रय लिएर साधकले वारंवार तथा प्रतिक्षण नयाँ नयाँ ढङ्गले यो शिवपरामर्शात्मक विकल्पको संस्कार सजग भएर गर्नुपर्दछ ताकि यसको विकल्पपरम्परामा कत्ति पनि न्यूनता नआओस्। यद्यपि साधकको मनमा यो शिवपरामर्शरूप विकल्प अस्फुटजस्तै प्रतीत हुन्छ तथापि यस विकल्पलाई स्फुट बनाउनका लागि साधकले विकल्पशोधनरूप संस्कार अथकरूपले गरिरहनुपर्छ। यसप्रकार शोधित शिवपरामर्शरूप विकल्पलाई वारंवार उत्तेजित गर्नाले यो शिवपरामर्शरूप अस्फुट विकल्प स्फुट बन्दछ। यस्तो अवस्था प्राप्त भएपछि पनि साधकले यो शिवभावनारूप विकल्पलाई श्रद्धा र भक्तिपूर्वक अझै बढी वारंवार संस्कार गरेर उक्त शिवभावनामा स्फुटतर स्थिति प्राप्त गर्नका लागि अझै उक्त शोधित विकल्पलाई उत्तेजित बनाउनुपर्छ जसको फलस्वरूप योगीले अनुसन्धानको तीव्रताका कारण अनायास नै शिवभावनात्मक विकल्पसंवित्ति आफ्नो स्वाभाविक स्फुटतम स्थितिमा प्राप्त भएको अनुभव गर्दछ। त्यसपछि साधक पूर्णरूपले चिदानन्दस्वभावको साक्षात् अनुभव गर्दै निर्मल अविकल्परूपमा सदाका लागि लय हुन्छ जसका कारण साधक शिवभावात्मक अवस्थाको अनुभव यथार्थरूपले गर्दछ (तन्त्रालोक, ५।५)। यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पारमार्थिक शिवभावनात्मक विकल्पका चार अवस्थाहरू छन् - अस्फुट, स्फुट, स्फुटतर र स्फुटतम। यी चार पारमार्थिक विकल्पप्रणालीहरूमध्ये सुरूका तीन विकल्पप्रणालीहरू अर्थात् अस्फुट, स्फुट र स्फुटतर विकल्पप्रणालीहरू शुद्ध पारमार्थिक विकल्पावस्था हुन् भने चौथो स्फुटतम पारमार्थिक विकल्पावस्था विकल्परूप नभएर निर्विकल्प शिवावस्था नै मानिएको छ। अतः साधकले सावधानीपूर्वक प्रारम्भिक तीनवटा प्रणालीहरूबाट अझ अगाडि बढेर निर्विकल्प शिवधाममा समाविष्ट हुनका लागि भरमग्दुर प्रयत्न गर्नुपर्दछ। सांसारिक विकल्पहरूको कुरै छोडौं, प्रवीण साधकले पारमार्थिक विकल्पहरूमा पनि विश्राम गर्नुहुँदैन किनभने शुभ विकल्प र अशुभ विकल्पमा कुनै भेद छैन। विकल्प शुद्ध होस् वा अशुद्ध सबै विकल्पहरू मायामय नै छन्। अतः विकल्पसंस्काररूप उपायको अवलम्बन गर्ने साधकले स्वात्मसंवित्तिको स्फुटतम निर्विकल्प अवस्था प्राप्त नगरुन्जेल पूर्णरूपले प्रयत्नशील रहनुपर्दछ (तन्त्रालोक, ४।६)। त्यसैले भैरवस्वरूप निर्विकल्प शिवभावलाई जसले वारंवार विमर्श गर्दछन् उनीहरूलाई नै भैरवस्वभावको निर्विकल्प स्फुटतम अवस्था प्राप्त हुन्छ (तन्त्रालोक, ४।७)। कुनै दुईओटा चेष्टाहरूमा, कुनै दुईओटा अवस्थाहरूमा वा कुनै दुईओटा पदार्थहरूमा मध्यपद सर्वथा अवस्थित हुन्छ। जब मानिस एउटा सङ्कल्प गरेर दोस्रो सङ्कल्प गर्दछ, जाग्रत् अवस्थाबाट स्वप्न अवस्थामा प्रवेश गर्दछ वा एउटा वस्तुलाई देखेपछि अर्को वस्तुलाई देख्न थाल्दछ, ती दुईओटा सङ्कल्पहरूको बिचमा, दुईओटा अवस्थाहरूको बिचमा वा दुईओटा वस्तुको ज्ञानको अन्तरालदशामा मध्यधाम रहेको नै हुन्छ तर अज्ञानीजनहरू उक्त अन्तरालवर्ती मध्यधामरूप अवस्थासँग सर्वथा अनभिज्ञ रहन्छन् तर विकल्पसंस्काररूप शाक्त उपायको साधनामा तत्पर साधकले सदैव प्रत्येक व्यावहारिक अवस्थामा उक्त मध्यधामको साक्षात्कार गरिरहन्छ। त्यसको फलस्वरूप मध्यधाममा उसको स्थिति रहिरहन्छ र उसले शिवात्मभावरूप परम आनन्ददशालाई प्राप्त गर्दछ।

तर्कको वास्तविक स्वरूप

प्रत्यभिज्ञाशास्त्रमा तर्कलाई योगको सर्वोत्कृष्ट अङ्ग मानिएको छ। पातञ्जल योगदर्शनमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिलाई योगका आठ अङ्का रूपमा गणना गरिएको छ तर प्रत्यभिज्ञाशास्त्रमा योगका अङ्गहरू केवल छओटा मानिएका छन् (तन्त्रालोक, ४।१६ विवेकव्याख्या, १० पृष्ठ)। यम, नियम र आसन योगका वास्तविक अङ्ग होइनन्, यी त योगमार्गमा प्रवेश गर्ने योग्यता प्राप्तिका लागि सोपान हुन्। बाँकी छवटा अङ्गरूमध्ये तर्कलाई प्रत्यभिज्ञाशास्त्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगको उत्तम अङ्ग मानिएको छ । तर्कबाट नै साधकले हेय र उपादेय के हो भन्ने बुझ्ने भएकाले मालिनीविजयोत्तरतन्त्रमा तर्कलाई योगको उत्तम अङ्ग मानिएको छ भनी अभिनवगुप्तले तन्त्रालोकमा उल्लेख गरेका छन् (तन्त्रालोक, ४।१५) । तर्कको बलले नै साधकले आफ्नो उपासनाप्रणालीलाई यथार्थरूपले जान्दछ । तर्कको आश्रय लिने साधक नै यथार्थरूपले आत्मानुसन्धान गर्न समर्थ बन्दछ । शास्त्रमा दुई प्रकारको तर्कको वर्णन पाइन्छ । एउटा तर्क त्यो हो जुन वाद, जल्प, वितण्डा इत्यादिमा प्रवृत्त, पारमार्थिक वस्तुको पर्यालोचन गर्नबाट विमुख, छलकपटले युक्त तथा प्रतियोगीलाई पराजित गर्नमा नै प्रवृत्त तथा वादविवादमा केन्द्रित, पारमार्थिक आनन्दरसले रहित शुष्कप्रायः हुन्छ । यस्तो तर्कलाई कुतर्क भनिन्छ । यस तर्कबाट साधकको कुनै उद्धार हुँदैन अपितु यसबाट पतन नै हुन्छ । परन्तु दोस्रो तर्क त्यो हो जसले हेय तथा उपादेय वस्तुको विवेक गराउँछ, रागबाट वैराग्यप्रति प्रेरित गर्दछ, छलकपट इत्यादि कुवासनाहरूले रहित भएर परम शिवको अनुसन्धान गर्नमा सहायता दिन्छ र साधकलाई परमार्थमार्गको क्रम बुझाउँछ । यसप्रकारको तर्कलाई सत्तर्क भनिन्छ र यही सत्तर्कलाई नै योगको सर्वोत्तम अङ्ग मानिएको छ । यस्तो सत्तर्कले नै साधकलाई कुमार्गबाट निकालेर सत्पथतिर प्रेरित गर्दछ (तन्त्रालोक, ४।१६) । यदि साधकको मन सामान्य सिद्धि प्रदान गर्ने मार्गमा लागेको भए आफ्नो मनलाई त्यताबाट हटाएर सत्तर्कद्वारा नै परम शिवभावमा नै लगाउनुपर्दछ । यस्तै सत्तर्कद्वारा नै ज्ञानीजनहरू भेदप्रथारूपी संसारको सुदृढ मूल काट्न समर्थ हुन्छन् (तन्त्रालोक, ४।१३) ।

सद्गुरुको स्वरूप

शैवशास्त्रहरूका अनुसार सद्गुरुहरू मूलतः चार वर्गमा विभक्त छन् । ती हुन्– सांसिद्धिक गुरु, अकल्पितकल्पक गुरु, कल्पित गुरु र कल्पिताकल्पित गुरु । यी चारै प्रकारका सद्गुरुहरू आफ्ना शिष्यहरूलाई ज्ञानप्रदान गर्नमा समानरूपले समर्थ हुन्छन् । अतः यी चारै प्रकारका सद्गुरुहरूलाई शिवरूप नै सम्झनुपर्दछ । अब यहाँ यी चार प्रकारका गुरुहरूको स्वरूपमाथि प्रकाश पारिन्छ ।

सांसिद्धिक गुरु

जुन भाग्यशाली व्यक्तिलाई गुरु र शास्त्रहरूको अपेक्षविना नै स्वतः परमेश्वरको शक्तिपातद्वारा शुद्धविद्यात्मक सत्तर्करूप आत्मपरामर्शको उदय हुन्छ तिनलाई सांसिद्धिक गुरु भनिन्छ (तन्त्रालोक, ४।४०) । त्यस्ता सांसिद्धिक गुरुले सम्पूर्ण शास्त्रहरूको तात्पर्य सत्तर्कको प्राप्तिबाट नै जान्दछन् किनभने सत्तर्करूप शुद्धविद्याबाट नै उनलाई सबै कुरा प्रकट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छन् त्यसैले त्यस्ता गुरुलाई आफ्ना शिष्यहरूलाई ज्ञानप्रदान गर्नमा कत्ति पनि बाधा हुँदैन। संसारमा यस्तो कुनै वस्तु छैन जुन शुद्धविद्याले प्रकट नगरोस् त्यसकारण सांसिद्धिक गुरुलाई समस्त शास्त्रहरूको बोध अकस्मात् नै प्राप्त हुन्छ (तन्त्रालोक, ४।४५)। गुरु तथा शास्त्रको अन्वेषणविना स्वतः नै आफ्नो स्वरूपको ज्ञान हुने भएकाले सांसिद्धिक गुरुलाई अकल्पित गुरु पनि भनिन्छ। यसका साथै आफ्नो निर्मल प्रतिभाबाट नै यस्तो ज्ञान प्राप्त हुने भएकाले सांसिद्धिक गुरुलाई प्रातिभगुरु पनि भनिन्छ। सांसिद्धिक गुरु अन्य सद्गुरुहरूको तुलनामा सबैभन्दा मुख्य मानिन्छन् त्यसैले उनका अगाडि अन्य गुरुहरूले शिष्यहरूलाई ज्ञान दिने अधिकार छैन (तन्त्रालोक, ४।४३गघ–४।४४कख)।

अकल्पितकल्पक गुरु

जो गुरु पूर्ववर्णित बौद्ध ज्ञानरूप शास्त्रहरूको पराकाष्ठामा पुगेर पनि सो अवस्थामा यथार्थरूपले प्रतिष्ठित हुँदैनन् र उक्त स्थितिको उपलब्धिका लागि गुरुको आश्रयविना आत्मानुसन्धानपूर्वक आफ्नै चिद्बलको परामर्श गरेर आफ्नो ज्ञानलाई शुद्ध बनाउँछन् त्यस्ता गुरुहरूलाई शास्त्रहरूमा अकल्पितकल्पक नाम दिइएको छ (तन्त्रालोक, १३।१४३)। अकल्पितकल्पक गुरुले आफ्नो प्रतिभाको बलले स्वरूपको अनुसन्धान गरी आफ्नो स्वरूपसत्तालाई पूर्णतया जान्दछन्। यस्ता साधकलाई आफ्नो ज्ञानको पूर्ति गुरु एवम् शास्त्रको अपेक्षाविना स्वयं नै ध्यानमा, जपमा, धारणामा, स्वप्नावस्थामा तथा योगसाधनामा सिद्धयोगिनीमेलापद्वारा हुन्छ त्यसैले यस्ता गुरुलाई यो अवस्था प्राप्त गर्नका लागि गुरु तथा शास्त्रहरूको आश्रय लिनुको कुनै प्रयोजन रहँदैन। यद्यपि सांसिद्धिक गुरु र अकल्पितकल्पक गुरुमा स्वरूपनिष्ठता समानरूपले नै रहन्छ तथापि यी दुईमा के अन्तर छ भने सांसिद्धिक गुरु पूर्णरूपले स्वरूपनिष्ठ हुन्छन् अतः उनलाई आफ्नो यो स्वरूपस्थितिलाई परिपुष्ट गर्नका लागि आत्मपरामर्शको बल अवलम्बन गर्ने आवश्यकता रहँदैन त्यसैले उनको यो स्वात्मस्थिति स्वभाव नै बन्न जान्छ तर अकल्पितकल्पक गुरुको स्वरूपनिष्ठतामा केही न्यूनताको सम्भावना रहन्छ जसका कारण उनलाई स्वात्मपरामर्शको आश्रय प्रयत्नपूर्वक ग्रहण गर्नुपर्दछ।

कल्पितगुरु

जुन साधकमा कुनै पनि उपायद्वारा भक्तिपूर्वक गुरुको सेवा गरी गुरुबाट प्राप्त दीक्षाका माध्यमबाट सत्तर्करूप शुद्धविद्याको उदय हुन्छ र विधिपूर्वक आचार्याभिषेक प्राप्त गरेपछि शिवभावमा पूर्णरूपले प्रतिष्ठित रहेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्ना गुरुको समकक्ष अवस्था प्राप्त हुन्छ त्यस्ता गुरुलाई कल्पितगुरुको संज्ञा दिइएको छ। त्यस्ता कल्पितगुरु आफ्ना शिष्यहरूको अज्ञानस्वरूप अन्धकार हटाउन समर्थ हुन्छन् (तन्त्रालोक, ४।७०गघ–४।७२कख)।

कल्पिताकल्पित गुरु

कुनै व्यक्ति गुरुकहाँ गएर उनलाई प्रसन्न बनाएपछि उनको कृपाले दीक्षा प्राप्त गरेर स्वरूपलाभ गर्दछन् भने उनलाई कल्पितगुरु भनिन्छ। कल्पितगुरु जब ईश्वरको शक्तिपातबाट कुनै अत्यन्त आवश्यक पारमार्थिक अंशलाई स्वतः आफ्नो परामर्शको तीव्रताबाट बुझ्दछन् त्यस अंशमा यस्ता गुरु कल्पित हुँदा हुँदै पनि अकल्पित नै मानिन्छन् किनभने त्यस अंशलाई बुझ्नका लागि उनलाई गुरुकहाँ जाने आवश्यकता रहँदैन, स्वतः नै आफ्नो प्रतिभाको प्रभावले शास्त्रहरूको सूक्ष्मतम मर्म जान्दछन्। कल्पितगुरुले ईश्वरीय शक्तिपातबाट कदाचित् अलौकिक शास्त्रहरूको मर्म गुरु आदिको अपेक्षाविना नै जान्दछन् अर्थात् अकस्मात् नै उनीभित्र कस्तो ज्ञानको प्रकाश आउँछ भने कल्पितरूपतामा पनि उनको अकल्पितरूपताको प्रतिभा चम्किन्छ। यस्ता गुरुलाई नै शास्त्रहरूमा कल्पिताकल्पित गुरुको संज्ञा दिइएको छ (तन्त्रालोक, ४।७२गघ–४।७३कख)।

यी चारै प्रकारका गुरुहरूलाई शिवरूप नै हुन् र शिवका नै चार प्रकारका अवतार यस संसारमा अवतीर्ण भएका हुन् तथा उनीहरू यस संसारमा अज्ञानग्रस्त जीवको उद्धार गर्न सर्वथा समर्थ छन् भन्ने सम्झनुपर्दछ किनभने शिव नै यस संसारमा गुरुका रूपमा मनुष्यशरीर धारण गरेर अज्ञानग्रस्त जीवहरूको उद्धार गर्दछन् (तन्त्रालोक, ४।७०–७१ विवेकव्याख्या, ५५–५६ पृष्ठ)।

उपर्युक्त चार प्रकारका गुरुहरूमध्ये सांसिद्धिक गुरुका विषयमा एउटा के शङ्का उत्पन्न हुन्छ भने यदि उक्त सांसिद्धिक गुरु अकल्पित गुरुपदवी प्राप्त गरेर पनि यदि आफूसमान दोस्रो गुरुबाट दीक्षा प्राप्त गरेर आफ्नो प्रातिभ ज्ञानलाई अझै बढाउँछन् भने त्यसो गर्नु उनका लागि दूषण हो कि भूषण हो ? वास्तवमा सांसिद्धिक गुरुको पदमा आरूढ रहेर पनि जसले आफ्नो प्रातिभ ज्ञानलाई सुदृढ बनाउनका लागि आफूसमान दोस्रो गुरुसँग दीक्षा लिएर आफ्नो सुव्यवस्थित ज्ञानलाई अझै पूर्ण बनाउँछन् त्यस्ता सांसिद्धिक गुरुलाई भैरवरूप नै सम्झनुपर्दछ किनभने ती भैरवरूप गुरुको प्रातिभ ज्ञान शास्त्रको अवलोकनबाट, गुरुको मुखसम्प्रदायबाट तथा आफ्नो अनुभवबाट पूर्णरूपले सुदृढ बन्दछ फलतः गुरु, शास्त्र र अनुभव यी तीन प्रत्ययबाट भरिएको उनको ज्ञानले उनलाई सदाका लागि भैरवभावले अलङ्कृत गरिदिन्छ (तन्त्रालोक, १३।१५८)। अतः सांसिद्धिक गुरुका लागि पनि गुरु, शास्त्र र अनुभव यी तीन प्रत्ययको आश्रय लिनु दूषण होइन भूषण नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगाङ्गहरूको अनुपयोगिता

आणव उपायक्रममा आश्रित साधकले योगका सबै अङ्गहरूलाई एकै साथ अगाडि बढाइरहोस् भन्ने शास्त्रको निर्देश छ। त्यसो हुन सकेमात्र उक्त साधकलाई योगसाधनामा सफलता प्राप्त हुन सक्छ तर यो निर्देश शाक्त उपायको मार्गमा हिँड्ने साधकका लागि लागू हुँदैन । शाक्त उपायसाधनामा प्रवीण साधकका लागि यम, नियम, आसन, प्राणायाम आदि अङ्ग उपयोगी हुँदैनन् किनभने शाक्त उपायको मार्गमा हिँड्नेवाला त्यो भव्य साधक परसंवित्तिमा नै रहेको हुन्छ, त्यसैमा प्रतिष्ठित रहिरहनका लागि अनुसन्धानतत्पर बनेर सत्तर्कात्मक परामर्शमा नै तन्मय बन्दछ। अतः उसका लागि यम, नियम आदि योगङ्गहरूको कुनै अर्थ रहँदैन। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यी पाँच प्रकारका यम चैतन्यधाम प्राप्तिका लागि प्रत्यक्ष साधन होइनन्। त्यसैगरी तपस्या आदि पाँच नियम, आसन तथा प्राणायाम आदि क्रियाहरू पनि बाह्य साधना नै हुन् त्यसैले परम चैतन्यधाम प्राप्तिका लागि योगका यी बाह्य अङ्गहरूको कुनै उपयोगिता छैन (तन्त्रालोक, ४।८७)। योगका यी बाह्य अङ्गहरू आणव उपायको अवलम्बन गर्ने साधकका लागि भने उपयोगी हुन्छन् किनभने तिनले साधकलाई क्रमैसँग संविद्धाम प्राप्तिका लागि योग्य बनाउँछन्। यसप्रकार शाक्त उपायको अवलम्बन गर्ने साधकका लागि भने परम चैतन्यधाम प्राप्तिका लागि योगको उत्तम अङ्ग सत्तर्क नै समर्थ छ (तन्त्रालोक, ४।८६)। त्यसैगरी शाक्त उपायसम्बन्धी योगसाधनाको सिद्धिका लागि प्रत्याहार, धारणा, ध्यान तथा समाधि यी योगका अवशिष्ट अङ्गको पनि कुनै प्रयोजन छैन (तन्त्रालोक, ४।९५)। योगोपासनाका तीन अन्तरङ्गहरू– धारणा, ध्यान र समाधि पनि परसंविद्धाधाम प्राप्त गर्नका प्रयोजनसिद्ध हुँदैनन्। शाक्त उपायक्रममा प्रवीण साधक केवल सत्तर्करूप शुद्धविद्याको आश्रय लिएर नै परम धाममा प्रवेश गर्दछ। उसलाई योगका बाहिरी तथा भित्री अङ्गहरूको कुनै उपयोगिता रहँदैन।

कल्पित पूजा आदि उपासनाहरूको अनादर

शाक्त उपायको उपासनामा निष्णात योगीलाई कल्पित पूजापाठ इत्यादिको कुनै प्रयोजन रहँदैन किनभने शाक्त उपायमा सिद्ध योगी स्वतः स्वरूपमा प्रतिष्ठित रहने भएकाले पूजा, हवन इत्यादि कर्महरूमा उसको न कुनै इच्छा हुन्छ न कुनै आदर नै हुन्छ। यो चिदानन्दरसको चमत्कार जसले अलिकति मात्रै पनि प्राप्त गरेको छ ऊ त त्यसै समयमा परमेश्वरको महान् स्वातन्त्र्यधाममा प्रतिष्ठित बनिसकेको हुन्छ। अतः शाक्त उपायको साधनामा प्रवीण योगीले बाह्य पूजासामग्रीले पूजा गर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जुन विषयले मनमा आनन्दको अनुभूति हुन्छ त्यही शब्द आदि विषय ब्रह्मस्वरूप आत्मदेवको पूजा गर्नका लागि योग्य सामग्री हो (तन्त्रालोक, २९।२१)। कुनै इन्द्रियमा जुन कुनै शब्दादि विषय मनमा राम्रो र सुन्दर लाग्छ त्यही शब्दादि विषय ब्रह्मस्वरूप स्वात्मदेवको पूजा गर्नका लागि योग्य सामग्री हो। शाक्त उपायमा निष्णात साधकका लागि त्यही नै वास्तविक पूजा हो। स्वतन्त्र, निर्मल, विश्वरूप चिदात्मा भैरवका साथ जहाँ भेदप्रथात्मक भावमण्डललाई लय गरिन्छ त्यही नै वस्तुतः यथार्थ पूजा हो (तन्त्रालोक, ४।१२१गघ–४।१२२कख)। यसका अतिरिक्त यस्तो योगीका लागि गङ्गास्नानको पनि कुनै प्रयोजन रहँदैन।

तत्त्वज्ञानसम्पन्न योगीको हृदयमा सदैव बोधरूप अग्नि चम्किरहन्छ। सोही बोधाग्निको ज्वालामा ऊ समस्त भेदप्रथात्मक इन्धनको होम गरिरहन्छ र भेदप्रथात्मक जगत्रूप इन्धनलाई जलाएर बाँकी रहेको जो परम आनन्दरूप परप्रमातृस्वरूप भस्म हो सोही भस्ममा ऊ आफ्नो देहप्रमातृता र पुर्यष्टक प्रमातृतालाई डुबाउँछ, त्यही नै उसका लागि पारमार्थिक स्नान हुन्छ (तन्त्रालोक, ४।११६गघ–४।११७कख)।

संविच्चक्रोदय

तत्त्वदृष्टिले संविच्चक्र अनाख्यचक्रको नामान्तर हो। अनाख्यचक्र शिवको तात्त्विक अवस्था हो। यद्यपि अन्य मतावलम्बीहरूले अनाख्यरूपतालाई शिवको विश्वोत्तीर्ण अवस्था तथा केवल शान्त निस्तरङ्ग जलधिको झैँ अवस्था मानेका छन् जुन समस्त जगद्रूपताको कल्लोलले रहित छ तर ती मतावलम्बीहरूको सिद्धान्त सर्वथा असत्य र निराधार छ भन्ने शैवाचार्यहरूको धारणा रहेको छ। उपर्युक्त मतको विपरीत अनाख्यरूपता विश्वात्मरूपता तथा विश्वोत्तीर्णता दुबैमा निहित छ। जसरी निस्तरङ्गरूपता तथा तरङगरूपता दुवैले सागरलाई सिद्ध गर्दछन् त्यसरी नै शिवको स्वरूप विश्वमयतामा विश्वोत्तीर्ण छ र विश्वोत्तीर्णतामा विश्वमय छ। अत एव शिवको स्वरूप सर्वतः परिपूर्ण छ। परिपूर्ण त्यसलाई भनिँदैन जो केवल परिपूर्ण छ र अपूर्ण छैन परन्तु परिपूर्ण त्यो हो जो परिपूर्ण पनि छ र अपूर्ण पनि छ। तात्पर्य के हो भने यथार्थरूपले शिवको विश्वात्मभाव अवस्था त्यो हो जुन विश्वमय पनि छ र विश्वोत्तीर्ण पनि छ तथा ती दुवैबाट पर पनि छ। यही तात्त्विक शिवरूपतालाई देखाउनका लागि शिवको स्वरूप अनाख्यचक्रमा रहेको वर्णन गरिएको हो। शिव शान्त तथा जगद्रूपताभन्दा पर र समस्त छत्तीस तत्त्वले व्यावृत घटसमान जड हुन सक्तैन। जुन परासंवित्ति महाप्रकाशरूप हो र सर्वभावले सम्पूर्ण भावमा तथा घटपट आदि पदार्थहरूमा चमचमाएर रहेको छ, त्यही नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तत्त्वदृष्टिले शिव हो र त्यो शिवरूपता विश्वात्मभावमा सर्वथा निहित छ (तन्त्रालोक, ४।१२५ विवेकव्याख्या, ९० पृष्ठ) ।

मन्त्रवीर्य

जो परावाक्स्वरूप स्वाभाविक अहम्परामर्श स्वरूप नाद छ त्यही नै तत्त्वदृष्टिले अहम्परामर्शरूप मन्त्रवीर्यको स्वरूप हो। अहंरूप मन्त्रवीर्य सृष्ट्यात्मक प्रसररूप र संहारात्मक प्रवेशरूप दुवै हो। प्रसररूप अवस्थामा यो अ-ह-म्-रूपले उल्लसित हुन्छ भने प्रवेशरूप अवस्थामा म-ह-अ-रूपले प्रफुल्लित हुन्छ। यस मन्त्रको प्रसररूपतामा शक्तिको प्राधान्य रहन्छ भने प्रवेशरूपतामा शिवको प्राधान्य देखिन्छ। यो प्रसरात्मक र प्रवेशात्मक अहंरूप मन्त्र कुनै अन्य बाह्य प्रयत्नले उच्चरित हुँदैन अपितु यो मन्त्रवीर्यरूप नाद प्राणीहरूमा स्वयं नै उच्चरित भएर रहन्छ। समस्त प्राणीहरूको हृदयमा रहेको यो मन्त्रवीर्यरूप देव स्वयं उच्चरित हुन्छ। यो मन्त्रवीर्यरूप नादलाई न कोही उच्चारण गर्दछ न त यसको उच्चरित रूपलाई कसैले रोक्न नै सक्दछ (तन्त्रालोक, ७५७)। यो अहम्परामर्शरूप मन्त्र समस्त मन्त्रहरूको सारभूत हृदय मानिएको छ। यसै मन्त्रलाई स्वरसोदित परावाक्, चिति, स्वातन्त्र्य, परमात्माको मुख्य ऐश्वर्य, सार, स्फुरत्ता, महासत्ता, ऊर्मि इत्यादि अनेक नामले शास्त्रहरूमा बताइएको छ (ईश्वरप्रत्यभिज्ञा, १।३।१३–१४)। यो मन्त्रवीर्यरूप सत्ताको स्फुरत्ता भेदरूपमा र अभेदरूपमा सधैँ नै एउटैजस्तो भएर रहन्छ। यो बोधसागरमा ऊर्मि हो अतः स्पन्दरूप ऊर्मिविना मन्त्रवीर्यको सत्ता रहनै सक्तैन।

यही अकृत्रिम आत्मस्वरूपको परामर्शलाई नै 'अहम्' भनिन्छ। यही नै प्रकाशको प्रकाशरूपता हो, यही अहम् सबै मन्त्रहरूको हृदयस्वरूप बल हो। जसरी समस्त प्राणीहरू हृदयविना जड हुन् त्यसरी नै यो अहंपरामर्शविना सम्पूर्ण मन्त्रमण्डल जड हो (तन्त्रालोक, ४।१९२–१९३)। यो अहंसँग सम्बद्ध एउटा कुरा के पनि ध्यान दिनु योग्य छ भने 'म देह हुँ', 'म बलवान् हुँ', 'म क्षीण हुँ', 'म सुखी हुँ', 'म दुःखी हुँ', इत्यादि अवस्थाहरूमा देखिने जुन अहम्प्रतीति हो त्यो अहम्परामर्श नभएर केवल विकल्परूपता हो किनभने यी सबै अहम्प्रतीतिहरूमा यसका साथमा अन्य उल्टा प्रतीतिहरू पनि रहेका हुन्छन्, जस्तैः- 'म देह हुँ' यस प्रतीतिका साथ 'यो दोस्रोको देह म होइन' भन्ने अर्को प्रतीति पनि अनुभवमा आउँछ। त्यसैगरी 'म बलवान् हुँ' यस प्रतीतिका साथ 'म कमजोर छैन' भन्ने विरोधी प्रतीति पनि देखा पर्दछ। तात्पर्य के हो भने जुन अहम्प्रतीतिमा दोस्रो प्रतियोगी अहम्प्रतीति देखा पर्दछ त्यो अहम्प्रतीति अहम्परामर्श नभएर विकल्पपरामर्श हो। जुन अहम्प्रतीतिमा अन्य कुनै प्रतियोगी अहम्प्रतीति पाइँदैन त्यही नै वास्तवमा स्वरूपपरामर्शमय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहम्परामर्श हो किनभने यो अहम्परामर्शको सत्तामा कुनै पनि विकल्पको समावेश हुँदैन (तन्त्रालोक, ३।१२६)।

यो अहम्परामर्श प्रसरात्मक अहंरूपले र प्रवेशात्मक महअरूपले रहेको छ। प्रसरात्मक अहम्परामर्शलाई सृष्टिहृदय भनिन्छ भने प्रवेशात्मक महअ परामर्शलाई संहारहृदय भनिन्छ। प्रसरात्मक सृष्टिहृदयरूप अहम्परामर्शमा 'सौः' पराबीजको समावेश हुन्छ र प्रवेशात्मक संहारहृदयरूप महअपरार्शमा 'रक्ष्खेम्' पिण्डनाथमन्त्रको समावेश हुन्छ। यस पराबीजमा स्, औ र अः यी तीन बीजाक्षरहरूको समुच्चय छ। यस पराबीजको पहिलो 'स्' बीजाक्षरमा पृथ्वीतत्त्वदेखि मायातत्त्वसम्मका एकतीस तत्त्वहरूको समावेश भएको छ, 'औ' यस दोस्रो बीजाक्षरमा शुद्धविद्या, ईश्वर र सदाशिव यी तीन तत्त्व समाविष्ट भएका छन्। 'अः' यस बीजाक्षरमा शक्ति र शिव यी दुई तत्त्व निहित छन्। अतः यस पराबीज- 'सौः' मा सबै छत्तीस तत्त्वहरू समाविष्ट भएका छन्। पराबीजको 'स्' बीजाक्षरले ब्रह्माण्ड, प्रकृत्यण्ड र शक्त्यण्ड - यी तीन अण्डहरूलाई व्याप्त गरेको छ, त्रिशूल अर्थात् पराबीजको दोस्रो 'औ' बीजाक्षरले चौथो शक्त्यण्डलाई व्याप्त गरेको छ र विसर्ग अर्थात् पराबीजको तेस्रो 'अः' बीजाक्षरले सर्वातीत शिवाशक्त्यात्मक पद व्याप्त भएको छ। यसप्रकार पराबीजको सर्वव्यापकता आगमहरूमा प्रसिद्ध छ। यसैप्रकार पाँच कलाहरूको सम्प्रदाय क्रमले 'स' बीजाक्षरले निवृत्तिकला, प्रतिष्ठाकला र विद्याकलालाई व्याप्त गरेको छ, 'औ' बीजाक्षरमा शान्ताकलाको व्याप्ति छ र 'अः' बीजाक्षरले शान्तातीता कलालाई व्याप्त गरेको छ। यस क्रमले पराबीजको परामर्शमा निवृत्तिकला, प्रतिष्ठाकला, विद्याकला, शान्ताकला र शान्त्यतीताकला यी पाँच कलाहरूको स्वरूप पनि निहित छ।

शाक्त उपायको उपासनामा सिद्धहस्त साधक यसप्रकार प्रवेशात्मक मन्त्रको अनुसन्धान गर्दछ। सर्वप्रथम प्रमेयभावमा स्थित बाह्य जगत्लाई प्रमाणात्मक बोधाग्निमा लय गरेर पिण्डनाथ मन्त्रको प्रथम 'र्' बीजको साक्षात्कार गर्दछ। त्यसपछि प्रमाणअन्तर्गत बोधाग्निमा (र्) बीज जगत्लाई स्थित गराएर उक्त जगत्लाई परिमित प्रमातृदशामा स्थापित गरी पिण्डनाथ मन्त्रको 'क्ष्' यस बीजमन्त्रलाई अनुसन्धान गर्दछ। त्यसपछि उक्त परिमित प्रमातृगत जगत्लाई पुनः आत्मानुसन्धानको बलले परप्रमातृभावका साथ तन्मय बनाएर पिण्डनाथमन्त्रको 'ख' बीजमन्त्रको सत्ताको अनुभव गर्दछ। त्यसपछि परप्रमातृदशाका साथ एकतामा प्राप्त उक्त जगत्लाई क्रिया, ज्ञान र इच्छा यी तीन शिवशक्तिहरूमा समावेश गरेर पिण्डनाथमन्त्रको त्रिकोणबीज 'ए' बीजाक्षरमा समाविष्ट हुँदै अन्त्यमा शिवको स्वातन्त्र्यरूप पिण्डनाथमन्त्रसम्बन्धी बिन्दुसत्ताको एकताको साक्षात् अनुभव गर्दै पिण्डनाथको कालसङ्कर्षिणीको पारमार्थिक स्वरूपसत्तामा स्थान बनाउँछ। यसप्रकार पिण्डनाथमन्त्रको तात्त्विक संहार अवस्थामा स्थायीरूपले प्रतिष्ठित हुन्छ। समस्त प्रमेयवर्गको प्रमाणस्वरूप संहार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवस्थालाई मितप्रमातृरूप संहार अवस्थामा प्रविष्ट गराएर उक्त मितप्रमातृस्वरूप संहार अवस्थालाई पनि परप्रमातृभावरूप संहार अवस्थामा निविष्ट गराई त्यो परप्रमातृरूप संहार अवस्थालाई पनि स्वातन्त्र्यशक्तिस्वरूप सर्वसंहारदशामा संहृत गर्दछ। त्यही नै परम शिवका साथ अभिन्न रूपमा रहेको महाशक्तिको परम धाम हो (तन्त्रालोक, ४।१९० विवेकव्याख्या, १५८–१५९ पृष्ठ)।

जप, ध्यान, मुद्रा, होमको वास्तविक स्वरूप

शाक्त उपायको साधनामा सिद्धहस्त योगी जब अकृत्रिम पूर्ण अहन्तामा प्रविष्ट भएर जुन शारीरिक चेष्टा गर्दछ, जुन व्यवहार गर्दछ अथवा जुन कुनै आचरण गर्दछ ती सबै कुरा उक्त योगीका लागि जप नै बन्दछ। उक्त योगीका लागि नियतरूपले मन्त्रहरूको उच्चारण गर्नु जप होइन अपितु उक्त योगीका बाह्य व्यावहारिक चेष्टा नै जप बन्छ किनभने यस्तो योगीका लागि सबै चेष्टाहरू मन्त्ररूपले नै स्फुरित हुन्छन् (तन्त्रालोक, ४।१९४ विवेकव्याख्या, १६२–१६३ पृष्ठ)। यस्तो योगीका लागि उठनु, बस्नु, खानु, सुत्नु, डुल्नु, हाँस्नु, नुहाउनु, कुरा गर्नु आदि सम्पूर्ण कुराहरू परमार्थरूपले व्रत नै बन्छ किनभने उसका सारा व्यवहार अहम्परामर्शको ऐक्यका साथ चल्दछ। त्यसैले शारीरिक चेष्टाहरूमा रहनु नै उक्त योगीका लागि पारमार्थिक व्रत हो भनेर शिवसूत्रमा भनिएको छ (शिवसूत्र, ३।२६)। यसका अतिरिक्त व्यावहारिक कुराकानी नै यस योगीको वास्तविक जप हो। बाह्य जगत्को सृष्टिअनुसार उक्त योगी सुखदुःख आदि जे जति अनुभव गर्दछ र नील, पीत, देवदत्त, चैत्र, मैत्र इत्यादिलाई बाह्य स्थितिमा देख्दछ ती सबै उक्त योगीका लागि पारमार्थिक ध्यान बन्दछ (तन्त्रालोक, ४।१९५)। उक्त योगीलाई आन्तरिक जगत्मा रहने वस्तुहरूको अनुभूतिमा तथा बाह्य जगत्मा रहने वस्तुवर्गहरूमा पारमार्थिक स्वारूपसाक्षात्कार नै प्राप्त हुन्छ। स्वरूपसाक्षात्कारका अतिरिक्त उक्त योगीलाई कुनै पनि वस्तु प्रतीत हुँदैन, उसका लागि सम्पूर्ण कुराहरू स्वात्मरूपताको चमत्कार नै हो। त्यसैले शरीर, आँखा, मुख, हात आदिले युक्त नियत देवताको ध्यान गर्नु उसका लागि वास्तविक ध्यान होइन। उसले बाह्य जगत्मा देख्ने तथा आन्तरिक मानसिक जगत्मा अनुभव गर्ने जे जति कुराहरू छन् ती सबै उसको पारमार्थिक ध्यान हुन्। तत्त्वदृष्टिले चिदात्माको स्वरूप निराकार भएकाले विश्वाकार छ त्यसकारण उसको स्वरूपमा नियत आकाररूपता कदापि सम्भव छैन। जे जति कुराहरू छन् ती सबै उसैको स्वरूप हो। यसको विपरीत फलाकाङ्क्षाले मलिन साधक नियत आकाररूपताको नै आश्रय लिएर त्यसको ध्यान गर्दछ (तन्त्रालोक, ४।१९६)।

जो योगी चित्प्रकाशरूप हृदयमा सम्पूर्णरूपले प्रतिष्ठित भएको हुन्छ र चिदानन्दसत्ताका अतिरिक्त अन्य कुनै फलको इच्छा राख्दैन उसका लागि त स्वात्मसंवित्ति विश्वाकार नै बनेको हुन्छ तथा उसको ध्यानसत्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनवच्छिन्न नै हुन्छ (तन्त्रालोक, ४।१९९)। यसबाट के कुरा सिद्ध हुन्छ भने मुमुक्षु साधकका लागि ध्यान अनियताकार हुन्छ र बुभुक्षु साधकका लागि नियताकार नै हुन्छ (तन्त्रालोक, ४।१९९ विवेकव्याख्या, १६५ पृष्ठ)।

शाक्त उपायमा निष्णात योगीले आफ्नो शारीरिक स्थितिमा नै चिदानन्द अवस्थाको अनुभव गर्दछ त्यसैले उक्त योगीका लागि शारीरिक स्थितिमा रहनु नै वास्तविक मुद्रामा मुद्रित हुनु हो। बाह्य मुद्राहरूमा अभिमुद्रित हुनु उसका लागि प्रयोजनहीन ठहर्दछ। शारीरिक स्थितिमा रहनु नै उसको पारमार्थिक मुद्रा हो।

मध्यधाममा विकसित चिदानन्दस्वरूप अग्निको प्रचुर अवस्थालाई प्राप्त गरेको ज्वाला शाक्त उपायको साधनामा परिपक्व बनेको योगीका सबै इन्द्रियप्रणालीहरूद्वारा प्रसारित भएर जाज्वल्यमानतालाई प्राप्त गर्दछ। सोही समस्त इन्द्रियहरूको द्वारदेशमा प्रसारित भएको बोधाग्निको ज्वालामा उक्त योगी सम्पूर्ण शब्दादि विषयहरूको आहुति हाल्ने वास्तविक होमक्रिया गरिरहन्छ।

आँखाका दुई गोलक, नासिकाको दुई रन्ध्र (प्वाल), कानका दुई गोलक र मुखको एक द्वार गरी यी सात इन्द्रियहरूको द्वारबाट बोधाग्निको देदीप्यमान ज्वाला सात प्रकारका ज्वालाशिखाहरूबाट प्रसारित हुन्छ। सोही प्रज्वलित बोधाग्निको चमचमाउँदो ज्वालामा घट, पट आदि सम्पूर्ण भाववर्ग भस्म भएर सो बोधाग्निको शिखालाई प्रज्वलित गर्दै पारमार्थिक होमक्रिया सम्पन्न हुन्छ (तन्त्रालोक, ४।२०२ विवेकव्याख्या, १६७ पृष्ठ)। शैवयोगीलाई होमक्रियाका लागि बाह्य इन्धन, घिउ, जौ, पुष्प तथा फल इत्यादि सामग्रीको अपेक्षा रहँदैन। शाक्तसमावेशद्वारा अलङ्कृत योगीराजको मध्यधामबाट प्रसारित भएको बोधाग्निको ज्वाला इन्द्रियद्वारसम्म व्याप्त भएर चम्किँदै प्रादुर्भूत हुन्छ। त्यस अवस्थामा उसको देदीप्यमान बोधाग्निमा स्वयं अनायास नै समस्त भेदप्रथात्मक भावमण्डल लय भएको अनुभव योगीले गर्दछ। यसप्रकार बाह्य इन्धन, घिउ, जौ आदि होमसामग्रीको अपेक्षाविना नै योगीको होमक्रिया सिद्ध हुन्छ (तन्त्रालोक, ४।२०१–२०२)। यस्तो होमक्रियाको अनुभव गरेर योगी शिवका साथ तन्मय बन्दै जीवन्मुक्त बन्छ। शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषयले पूर्ण समस्त भेदप्रथात्मक संसारमण्डललाई सर्वशक्तिसम्पन्न स्वातन्त्र्यशक्तिरूपिणी परासंवित्तिमय अग्निमा हवन गर्ने कार्यलाई विश्वमेध्ययज्ञ भनिएको छ (तन्त्रालोक, ५।६६ विवेकव्याख्या, २६५ पृष्ठ)।

शाम्भव उपाय

शाम्भव उपायलाई इच्छोपाय वा अभेदोपाय पनि भनिन्छ। यस उपायमा शरीर, मन, बुद्धि वा प्राणका माध्यमबाट कुनै अभ्यास गरिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुले तिमी स्वयं शिवस्वरूप हौ भनेर सम्झाएकै भरमा शिष्यमा शिवका साथ जुन ऐक्यबोध हुन्छ वा शिवसमावेशको उपलब्धि हुन्छ त्यस्तो समावेशलाई शाम्भव समावेश भनिन्छ (मालिनीविजयोत्तरतन्त्र, २।२३)। शाम्भव समावेशको अवस्थामा यो सारा विश्वब्रह्माण्ड मबाट नै उत्पन्न भएको हो, यो सारा विश्व ममा नै प्रतिबिम्बित भएको छ र यो विश्व मदेखि भिन्न छैन भन्ने बोध हुन्छ (तन्त्रालोक, ३।२८०)। त्यसैले यसलाई उपायका रूपमा ग्रहण गर्दा साधकले यो सारा विश्व मबाट नै उत्पन्न भएको छ, ममा नै प्रतिबिम्बित भएको छ. र यो विश्व मदेखि भिन्न छैन भन्ने चिन्तनलाई दृढतापूर्वक निरन्तरता दिनुपर्दछ। आफ्नो चिदाकाशमा नै सम्पूर्ण विश्वलाई अवभासित गर्दै म विश्वरूप बनेको छु भन्ने अखण्ड बोध नै भैरवरूपता हो। सोही चिन्तनको निरन्तरताबाट भैरवसमावेशको उपलब्धि हुनु नै शाम्भव समावेश हो (तन्त्रालोक, ३।२८३)।

अनुपाय

शिवसमावेशका लागि अति अल्प उपाय वा एकचोटि उपदेश गरेपछि फेरि वारंवार त्यसको चिन्तनविना नै शिवसमावेशको उपलब्धि हुनु अनुपाय समावेश हो (तन्त्रालोक, २।२)। उपायबाट शिवसाक्षात्कार हुँदैन अपितु शिवको अनुग्रहबाट नै उनको साक्षात्कार हुन्छ। तिनै स्वयंप्रकाश विश्वरूप शिव म हुँ भन्ने कुरा एकचोटि गुरुको मुखबाट सुनेकै भरमा त्यसलाई वारंवार चिन्तन नगरिकनै आफ्नो परिपूर्ण चैतन्य स्वरूपमा स्थित हुनु अनुपाय समावेश हो (तन्त्रालोक, २।२ विवेकव्याख्या, २५१–२५२ पृष्ठ)। अतः यस्तो अल्प उपाय वा उपायरहित उपायलाई नै अनुपाय भनिन्छ।

उपसंहार

यसप्रकार शैव दर्शनअन्तर्गत मुख्यतः सिद्धान्तशैव, वीरशैव, पाशुपत र प्रत्यभिज्ञादर्शनका विषयमा यस अध्यायमा चर्चा गरियो। शैव दर्शनका मुख्य आधारग्रन्थहरू आगम, दार्शनिक ग्रन्थहरू एवम् शैव आचार्यहरूद्वारा विरचित स्तुतिपरक रचनाहरू नै हुन्। संसारको सर्वप्राचीन धर्मका रूपमा रहेको शैव धर्मलाई सुदृढ दार्शनिक आधार प्रदान गर्ने एवम् धार्मिक उपासनाको मार्गनिर्देशन गर्ने ती रचनाहरू शैव दर्शनका अमूल्य निधि हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अध्याय दुई

शाक्त दर्शन

विषयप्रवेश

परब्रह्मस्थानीय उपास्यका रूपमा देवी या महाशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ। मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन मानिन्छ। परिवार तथा समाजको आविर्भाव एवम् प्रारम्भिक गठनमा आमाको रूपमा नारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले विश्वका विभिन्न भागमा मातृसत्तात्मक संस्थाहरू बने र त्यसको फलस्वरूप देवीपूजाको प्रचलन प्रारम्भ भयो भन्ने समाजशास्त्री तथा पुरातत्त्वविद्हरूको मत रहेको छ। जेम्स जे. प्रिस्टनको मतमा देवीपूजाको प्रमाण तीस हजार वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ। मध्य तथा पूर्वी यूरोपमा हात्तीका दाँत तथा हाडबाट बनेका नारी आकृतिका अवशेषहरू पाइएका छन्। करिब बीस हजार वर्षभन्दा पुराना पूर्वपाषाणकालिक ती अवशेषहरूले तात्कालिक समयमै देवीपूजाको प्रचलन रहेको प्रमाण दिइरहेका छन् (क्षेत्री र खतिवडा, २०५४, ९३ पृष्ठ)। इरान, इराक, भूमध्यसागरीय क्षेत्र, पश्चिमएसिया र मोहनजोदडो एवम् हडप्पासभ्यताबाट प्राप्त नारीचित्र, मूर्ति र अवशेषबाट पनि शक्तिको उपासनापरम्परा ज्यादै प्राचीन रहेको देखिन्छ। यसै सन्दर्भमा यस अध्यायमा शाक्त दर्शनको परिचय एवम् शाक्त दर्शनका क्रम, कुल र त्रिपुरा धाराहरूको चर्चा गरिएको छ।

शाक्त दर्शनको मूल स्रोत

शाक्त दर्शनको मूल स्रोत शक्तिउपासनापरक तन्त्रहरू नै हुन् त्यसैले यहाँ शाक्ततन्त्रको सङ्क्षेपमा उल्लेख गर्नु प्रासङ्गिक हुनेछ। शाक्त तन्त्रलाई मूलतः तीन वर्गमा विभाजित गर्न सकिन्छ–

१. प्राचीन मूल चौसठ्ठी तन्त्र
२. उपास्यभेदमूलक तन्त्र
३. मतमूलक तन्त्र।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीन मूल चौसठ्ठी तन्त्र

शङ्कराचार्यद्वारा विरचित सौन्दर्यलहरीमा चौसठ्ठी तन्त्रको उल्लेख पाइन्छ त्यसैले त्यतिखेर प्राचीन मूल चौसठ्ठी तन्त्र प्रचलित थियो भन्ने देखिन्छ। वामकेश्वरतन्त्रमा चौसठ्ठी तन्त्रको नाम नै उल्लेख गरिएको छ। त्यसैगरी सौन्दर्यलहरीमाथि भास्कररायले रचना गरेको सेतुबन्ध टीकामा पनि चौसठ्ठी तन्त्रको नाम पाइन्छ। सर्वोल्लासतन्त्रमा पनि चौसठ्ठी तन्त्रको सूची दिइएको छ (कविराज, १९७२, २४ पृष्ठ)। महासिद्धिसारतन्त्रमा सम्पूर्ण भारतवर्षलाई विष्णुक्रान्ता, रथक्रान्ता र अश्वक्रान्ता (गजक्रान्ता) गरी तीन भागमा विभाजन गरिएको छ। जसअनुसार विन्ध्याचलपर्वतदेखि पूर्वोत्तर भाग हुँदै हाल बङ्गलादेशको चटगाउँसम्मको क्षेत्रलाई विष्णुक्रान्ता भनिन्छ भने विन्ध्याचलपर्वतदेखि पश्चिमोत्तर भाग हुँदै चीनसम्मको क्षेत्रलाई रथक्रान्ता भनिन्छ जसअन्तर्गत नेपाल पनि पर्दछ। विन्ध्याचलपर्वतदेखि दक्षिण हिन्दमहासागरसम्म र दक्षिणपूर्वमा इन्डोनेसियाको जावासम्मको क्षेत्रलाई अश्वक्रान्ता (गजक्रान्ता) भनिन्छ (वुडरूफ, १९८६, ७२ पृष्ठ)। यी तीनवटै क्षेत्रमा आआफ्नो परम्पराअनुसार चौसठ्ठी तन्त्रको प्रचलन रहेको देखिन्छ (द्विवेदी, १९८३, ९४–११६ पृष्ठ)।

उपास्यभेदमूलक तन्त्र

उपास्यको भेदका कारणले शाक्ततन्त्र दश महाविद्याका आधारमा दश प्रकारको रहेको छ।

कालीतन्त्र

भगवती कालीलाई उपास्य मानी उनको पूजा तथा तत्त्वलाई आलम्बन बनाएर रचना गरिएका सिद्धान्तग्रन्थ तथा प्रयोगग्रन्थहरू कालीतन्त्रअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने मुख्य तन्त्रहरू यसप्रकार रहेका छन्– महाकालसंहिता, कालज्ञान, कालोत्तर, कालीकुलक्रमार्चन, भद्रकालीचिन्तामणि, व्योमकेशसंहिता, कालीयामल, कालीकल्प, कालीसपर्याक्रमकल्पवल्ली, श्यामारहस्य, कालीविलासतन्त्र, कालीकुलसर्वस्व, कालीतन्त्र, कालीपरा, कालिकार्णव, विश्वसारतन्त्र, कामेश्वरीतन्त्र, कुलचूडामणि, कौलावली, कालीकुल, कुलमूलावतार, श्यामासपर्या, कालिकार्चामुकुर, कालीकुलामृत, कुलमुक्तिकल्लोलिनी, कौलिकार्चनदीपिका, कुमारीतन्त्र, कुलार्णव, कालीतत्त्व, परातन्त्र, कालिकाकुलपञ्चशतक, देवीचर्धशतिका आदि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तारातन्त्र

दश महाविद्याअन्तर्गत तारालाई उपास्य मानेर रचना गरिएका तन्त्रग्रन्थहरू यसअन्तर्गत पर्दछन्। तारातन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा तारिणीतन्त्र, तारासूक्त, तोडलतन्त्र, तारार्णव, नीलतन्त्र, महानीलतन्त्र, नीलसरस्वतीतन्त्र, चीनाचार, तन्त्ररत्न, ताराशावरतन्त्र, तारोपनिषत्, एकजटाकल्प, महाचीनाचारक्रम, एकवीरतन्त्र, तारिणीनिर्णय, ताराप्रदीप, ताराभक्तिसुधार्णव, तारारहस्य, ताराभक्तितरङ्गिणी, ताराकल्पलतापद्धति, तारिणीपारिजात, महोग्रताराकल्प आदि मुख्य रहेका छन्।

षोडशीतन्त्र

दश महाविद्याअन्तर्गत षोडशी श्रीविद्या वा त्रिपुरसुन्दरीलाई बुझाउने नाम हो। भगवती त्रिपुरसुन्दरीलाई उपास्य मानेर उनको पूजा तथा तत्त्वलाई आलम्बन बनाई रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन्। षोडशीतन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा श्रीविद्या, तन्त्रराज, मातृकार्णव, योगिनीहृदय, त्रिपुरार्णव, चन्द्रज्ञान, मेरुप्रस्तार, वरिवस्यारहस्य, परमानन्दतन्त्र, सौभाग्यकल्पद्रुम, ज्ञानार्णव, सौभाग्यकल्पलतिका, श्रीक्रमसंहिता, बृहच्छ्रीक्रमसंहिता, दक्षिणामूर्तिसंहिता, स्वच्छन्दतन्त्र, कालोत्तरवासना, श्रीपराक्रम, ललितार्चनचन्द्रिका, सौभाग्यतन्त्रोत्तर, सौभाग्यरत्नाकर, सौभाग्यभास्कर, सौभाग्यसुभगोदय, शक्तिसङ्गमतन्त्र (सुन्दरीखण्ड), त्रिपुरारहस्य, श्रीक्रमोत्तम, सुभगार्चापारिजात, सुभगार्चारत्न, आज्ञावतार, सङ्केतपादुका, चन्द्रपीठ, सुन्दरीमहोदय, नित्योत्सवनिबन्ध, मन्त्रराजसमुच्चय, हृदयामृत, लक्ष्मीतन्त्र, ललितोपाख्यान, त्रिपुरासारसमुच्चय, शाक्तक्रम, विरूपाक्षपञ्चाशिका, कामकलाविलास, सौभाग्यचन्द्रोदय, शाम्भवानन्दकल्पलता, त्रिपुरासार, सङ्केतपद्धति, सौभाग्यसुधोदय, परापूर्वाक्रम, सौन्दर्यलहरी, श्रीविद्यारत्नसूत्र आदि मुख्य रहेका छन्।

भुवनेश्वरीतन्त्र

भुवनेश्वरीलाई प्रमुख उपास्य मानेर उनको पूजा तथा तत्त्वसम्बन्धी सिद्धान्त र प्रयोगको विधि उल्लेख गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने तन्त्रहरूमा भुवनेश्वरीरहस्य, भुवनेश्वरीतन्त्र, भुवनेश्वरी पारिजात आदि मुख्य रहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भैरवीतन्त्र

देवी भैरवीलाई उपास्य मानेर रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने तन्त्रहरूमा भैरवीतन्त्र, भैरवीरहस्य, भैरवीसपर्याविधि, भैरवीयामल आदि मुख्य रहेका छन्।

छिन्नमस्तातन्त्र

भगवती छिन्नमस्ताको उपासनापरक तथा प्रयोगपरक तन्त्रहरू यसअन्तर्गत पर्दछन्। यसअन्तर्गत पर्ने तन्त्रहरूमा शक्तिसङ्गमतन्त्र (छिन्नमस्ताखण्ड) र छिन्नमस्तातन्त्र मुख्य रहेका छन्।

धूमावतीतन्त्र

देवी धूमावतीको पूजा एवम् तत्सम्बन्धी प्रयोगपरक तन्त्र यसअन्तर्गत पर्दछ। यसअन्तर्गत पर्ने तन्त्रमा धूमावतीतन्त्र मुख्य रहेको छ। शत्रुलाई मारण, मोहन र उच्चाटन गर्नका लागि धूमावतीतन्त्रको उपयोग गरिन्छ।

बगलातन्त्र

भगवती बगलाको पूजा एवम् प्रयोगसम्बन्धी मुख्य तन्त्र शाङ्खायनतन्त्र हो जुन षड्विद्यागम नामले प्रसिद्ध छ। बगलाके विषयमा अर्को प्रसिद्ध तन्त्र बगलाक्रमकल्पवल्ली रहेको छ।

मातङ्गीतन्त्र

भगवती मातङ्गीलाई मुख्य उपास्य मानेर रचना गरिएका तन्त्रहरू यसअन्तर्गत पर्दछन्। मतङ्ग नामक मुनिले उपासना गरेको हुनाले यिनलाई मातङ्गी भनिएको हो। मातङ्गीतन्त्रअन्तर्गत पर्ने तन्त्रहरूमा मातङ्गीक्रम, मातङ्गीपद्धति, सुमुखीपूजापद्धति आदि मुख्य रहेका छन्।

कमलातन्त्र

कमला महाविद्यासँग सम्बद्ध तन्त्रग्रन्थहरूमा कमलात्मिकातन्त्र, लक्ष्मीतन्त्र आदि मुख्य रहेका छन्।

आचारपरक तन्त्र

आचारका दृष्टिले शाक्ततन्त्रलाई तीन वर्गमा विभाजित गर्न सकिन्छ –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१. कौलतन्त्र
२. मिश्रतन्त्र
३. समयतन्त्र ।

कौलतन्त्र

कौलतन्त्र वाममार्गसँग सम्बद्ध मानिन्छ । कौलसाधनाका विषयमा विद्वत्समाज एवम् जनसाधारणमा दुई किसिमको धारणा प्रचलित छ । एकाथरिका विचारमा कौलसाधना अध्यात्मसाधनाको क्षेत्रमा सबैभन्दा श्रेष्ठ साधना हो भने अर्काथरिका विचारमा कौलसाधना ज्यादै निकृष्ट र जघन्य साधना हो । कौलाचारसँग सम्बद्ध तन्त्रग्रन्थहरूमा कुलार्णव, कुलचूडामणि, भावचूडामणि, देवीयामल, कुलपञ्चामृत, उत्तरतन्त्र, कुलतन्त्र, कुलामृत, तन्त्रचूडामणि, कुलयामल, कुलगह्वर, कुलदीपनी, कुलपञ्चाशिका, कुलप्रकाश, कुलमत, कुलमूलावतार, कुलमन्त्रमातृकासाहस्रिका, कुलरत्नमाला, कुलरत्नमालिकासाहस्रिका, कुलप्रदीप, कुलार्णवमहारहस्य, मेरुतन्त्र, कुलरत्नावली, कुलशासन, कुलसङ्ग्रह, कुलसर्वस्व, कुलसार, कुलागम, कुलानन्दसंहिता, कुलाम्नाय, कुलालिकाम्नायतन्त्र, कुलावतार, कुलेश्वर, कुलोड्डीश, कुलोत्तम, कौलतन्त्र, कौलमार्ग, कौलरहस्य, रजस्वलातत्त्व, कौलिकार्चनदीपिका, कौलालवीय, कौलादर्शतन्त्र, रहस्यार्णव, श्रीतत्त्वचिन्तामणि, शाम्भवीतन्त्र, दक्षिणामूर्तिसंहिता, परमानन्दतन्त्र, गन्धर्वतन्त्र, वामकेश्वरतन्त्र, कौलोपनिषद्, परशुरामकल्पसूत्र आदि मुख्य रहेका छन् ।

मिश्रतन्त्र

कौलाचार र समयाचारको मिश्रणको फलस्वरूप मिश्राचारको प्रवर्तन भयो । कौलाचार वाममार्गसँग सम्बद्ध मानिन्छ भने समयाचार दक्षिणमार्ग वा वैदिक मार्गसँग सम्बद्ध मानिन्छ । यी दुवै आचारको मिश्रित आचार नै मिश्राचार हो । मिश्राचारसँग सम्बद्ध मिश्रतन्त्रहरू यसप्रकार रहेका छन्– चन्द्रकला, ज्योत्स्नावती, कलानिधि, कुलार्णव, कुलेश्वरी, भुवनेश्वरी, बार्हस्पत्य, दुर्वासामत आदि ।

समयतन्त्र

समयाचारसँग सम्बद्ध तन्त्रहरू यसअन्तर्गत पर्दछन् । समयाचारमा शक्तिको पूजा वेदानुकूल आभ्यन्तरिक रूपमा गरिन्छ । समयाचारसँग सम्बद्ध समयतन्त्रहरू यसप्रकार रहेका छन्– वसिष्ठसंहिता, सनकसंहिता, शुकसंहिता, सनन्दनसंहिता र सनत्कुमारसंहिता । यी पाँचवटा संहिताहरू शुभागमपञ्चक नामले प्रसिद्ध छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथि उल्लिखित तन्त्रहरू नै शाक्त दर्शनका मूल आधार हुन् । अब यहाँ शाक्त परम्परामा विकसित दर्शनहरूको विवेचना गरिन्छ ।

क्रमदर्शन

क्रमदर्शन शाक्त दर्शनपरम्पराको महत्त्वपूर्ण दर्शन हो । आचार्य स्थानेश्वरले क्रमदर्शनलाई शाक्त दर्शनको यस्तो मूल हाँगो मानेका छन् जसमा सम्पूर्ण तान्त्रिक रहस्य लुकेका छन् (स्थानेश्वर, क्रमविमर्श, १ पृष्ठ) । यस दर्शनलाई स्वतन्त्र दार्शनिक परम्पराका रूपमा गणना गर्ने विषयमा तून गौड्रियान, आन्द्रे पादु, लिलियन सिलवर्न, मार्क डिच्कोफ्स्की आदि पाश्चात्त्य विद्वान्हरूले सन्देह व्यक्त गरेका छन् (रस्तोगी, २०११, ३ पृष्ठ) । उनीहरू क्रमदर्शनलाई कुलदर्शनकै अवान्तर धारा मान्दछन् (पूर्ववत्) । ऐतिहासिक दृष्टिले अवलोकन गर्ने हो भने यस परम्पराको स्वतन्त्र अस्तित्वका पक्षमा प्रशस्त प्रमाणहरू पाइन्छन् त्यसैले कुल, प्रत्यभिज्ञा आदि दार्शनिक परम्पराका साथै क्रमदर्शनलाई पनि स्वतन्त्र दार्शनिक परम्पराका रूपमा गणना गरिएको छ । अभिनवगुप्तले मालिनीविजयवार्तिक नामको ग्रन्थमा क्रमदर्शनलाई एउटा स्वतन्त्र दार्शनिक परम्पराका रूपमा उल्लेख गरेका छन् (मालिनीविजयवार्तिक, १।१९२) । तन्त्रालोकमा पनि उनले क्रमदर्शनलाई एउटा स्वतन्त्र मतका रूपमा मान्यता दिँदै पूर्ण अहंविमर्शमा आरूढ हुनका लागि क्रमसम्बद्ध यथोचित मन्त्रसमूहको निरूपण गरेका छन् (तन्त्रालोक, ३०।१) । महार्थमञ्जरी नामको ग्रन्थको परिमलव्याख्यामा प्रत्यभिज्ञा तथा क्रमलाई स्वतन्त्र दार्शनिक धाराका रूपमा स्वीकार गर्दै यी दुई धाराका बीच धेरै भिन्नता नरहेको स्पष्ट पारिएको छ (महार्थमञ्जरी, ३८कख परिमलव्याख्या, ९२ पृष्ठ) । उपर्युल्लिखित अन्तःसाक्ष्यका अतिरिक्त क्रमदर्शनलाई स्वतन्त्र दार्शनिक मतका रूपमा स्थापित गर्ने केही बाह्य साक्ष्यहरू पनि छन् । यस मतको आफ्नै ऐतिहासिक परम्परा रहेको छ । प्रत्यभिज्ञादर्शनका अवतारक सोमानन्द, त्रिकसिद्धान्तका अवतारक वसुगुप्त, कुलसिद्धान्तका अवतारक मत्स्येन्द्रनाथ भएझैँ क्रमसिद्धान्तका अवतारक शिवानन्द प्रथम रहेका छन् ।

क्रमको अर्थ र परिभाषा

'क्राम्यते क्रमते वा सर्वं' विग्रहमा कर्त्रर्थक 'अच्' प्रत्यय र 'क्राम्यन्ति वस्तूनि जडाजडसाधारणानि यस्मिन्' विग्रहमा 'घ' प्रत्यय लागेर क्रम शब्दको निर्माण हुन्छ । एउटै परा संवित् अर्थात् चितिशक्तिमा सृष्टि, स्थिति, संहार र अनाख्यारूप भेद देखिनु नै क्रम हो भनी महानयप्रकाशमा भनिएको छ (महानयप्रकाश (शितिकण्ठरचित), ३।६) । उपर्युक्त भनाइबाट एउटै स्वतन्त्र चितिशक्ति सृष्टि आदि भेदको अवभासनका लागि खेचरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आदि विविध शक्तिका रूपमा देखापर्छ र विश्ववैचित्र्यको निर्माण हुन्छ। आचार्य पुण्यानन्दले क्रम 'पदविक्षेप' र 'क्रमोदय' गरी दुई प्रकारको हुन्छ भनेका छन् (कामकलाविलास, ३५)। 'पदविक्षेप' भनेको चितिशक्तिको अनन्तकोटि किरण हुन् जसमा अनन्तकोटि शक्ति उद्भासित गर्ने सामर्थ्य हुन्छ। पदविक्षेप विश्वप्रपञ्च सृष्टिका लागि हुन्छ त्यसैले पदविक्षेपको सम्बन्ध प्रवृत्तिमार्गसँग रहेको छ। 'क्रमोदय' भनेको अनन्तकोटि किरणका रूपमा फैलिएका शक्तिहरू मूल चैतन्यबिन्दुमा पुग्न मार्गदर्शन गर्ने दिव्य, सिद्ध र मानव गुरु समुदाय हुन्। क्रमोदयको सम्बन्ध निवृत्तिमार्गसँग रहेको छ। त्यसैले वस्तुतः प्रवृत्ति र निवृत्ति भिन्न वस्तु होइनन्; प्रवृत्ति अर्थात् भोग र निवृत्ति अर्थात् मोक्षमा सामरस्यभाव रहेको छ भन्ने यस दर्शनको मान्यता छ जसलाई आचार्य महेश्वरानन्दले यस दर्शनको विशिष्ट पक्ष मानेका छन् (महार्थमञ्जरी, ५३ परिमलव्याख्या, १३२ पृष्ठ)। क्रमको सम्बन्ध कालसँग रहेको छ। परमाणु एक ठाउँबाट अर्को ठाउँमा पुग्न लाग्ने समय क्षण हो र क्षणप्रवाह नरोकिनु क्रम हो (पातञ्जलयोगसूत्र, ३।५२ व्यासभाष्य)। क्रमको यस परिभाषाले पूर्वक्षण र उत्तरक्षणबीचको निरन्तरता नै क्रम हो भन्ने देखाउँछ। त्यसैले काललाई गतिशीलता प्रदान गर्ने स्वयं गतिशील संवित् चक्रस्वरूप वस्तुविशेषलाई क्रम भनिन्छ।

क्रमदर्शनका विविध पर्यायहरू

क्रमदर्शनको पर्यायका रूपमा अनुपायक्रम, देवताक्रम, महाक्रम, महार्थक्रम, औत्तरक्रम, महार्थ वा महार्थनय, महानय वा महासार, अतिनय, देवीनय, देवतानय र कालीनय शब्दहरू प्रचलनमा रहेका देखिन्छन्। उपाय, चर्या आदिबाट ध्यान हटाउनु, वासना, क्षोभ आदिले रहित हुनु नै अनुपायक्रम हो र यस्तो अवस्था जसमा उत्पन्न भएको छ त्यो नै योगी हो भन्ने सन्दर्भमा 'अनुपायक्रम' शब्दको प्रयोग महानयप्रकाश (त्रिवेन्द्रम् संस्करण)मा देखिन्छ (रस्तोगी, २०११, ७१ पृष्ठमा उद्धृत)। सोही ग्रन्थमा 'महाक्रम' शब्दको उल्लेख गरिएको छ (पूर्ववत्)। त्यहाँ सृष्टि, स्थिति, संहार र अनाख्यास्वरूप चतुष्टयार्थका रूपमा महाक्रम वा महार्थ शब्दको ग्रहण गरेको देखिन्छ। 'देवताक्रम' शब्दको प्रयोग 'चिद्गगनचन्द्रिका' नामक काव्यमा भएको देखिन्छ (चिद्गगनचन्द्रिका, २९२ श्लोक)। त्यहाँ प्रयोग भएको 'देवताक्रम' शब्दले बाहिरी र भित्री इन्द्रियगणलाई बुझाएको छ (पूर्ववत्, क्रमप्रकाशिकाव्याख्या, १९९ पृष्ठ)। महार्थमञ्जरीको परिमल नामक व्याख्यामा सबै दर्शनहरूको सारका रूपमा 'महार्थक्रम' शब्दको ग्रहण गरिएको छ (महार्थमञ्जरी, ६८ परिमलव्याख्या, १७१–१७२ पृष्ठ)। महाभारतको युद्धपूर्व पाण्डुपुत्र अर्जुनलाई गीताको उपदेश दिने क्रममा भगवान् श्रीकृष्णले क्रमरहस्यको शिक्षा दिँदै औत्तरक्रम सम्झाए भन्ने सन्दर्भमा महार्थमञ्जरीको परिमल व्याख्यामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

'औत्तरक्रम' शब्दको उल्लेख पाइन्छ (महार्थमञ्जरी, ७० परिमलव्याख्या, १८३ पृष्ठ)। औत्तरक्रम संज्ञाले यस दर्शनको सम्बन्ध उत्तरपीठ वा उत्तराम्नायसँग रहेको देखिन्छ। क्रमदर्शनको अर्को प्रचलित पर्याय 'महार्थ' रहेको छ। 'महार्थ' शब्दको प्रयोग सर्वप्रथम आचार्य क्षेमराजले प्रत्यभिज्ञाहृदय नामक ग्रन्थमा गरेको देखिन्छ (प्रत्यभिज्ञाहृदय, ११ सूत्रव्याख्या, पृ. ६९ पृष्ठ)। त्यहाँ 'महार्थ' शब्दले दार्शनिक सम्प्रदायको अर्थ ग्रहण गरेको छ। 'महार्थ' शब्दको प्रयोग आचार्य शितिकण्ठले पनि 'महानयप्रकाश'मा गरेका छन् (महानयप्रकाश (शितिकण्ठरचित), ३६ पृष्ठ)। त्यहाँ महार्थ शब्दले पूर्ण चित् अद्वयावस्थामा आरूढ हुनु भन्ने अर्थ ग्रहण गरेको छ। आचार्य जयरथले तन्त्रालोकको विवेक नामक टीकामा क्रमदर्शनको पर्यायका रूपमा 'कालीनय' तथा 'देवीनय' शब्दको प्रयोग गरेका छन् (तन्त्रालोक, ४।१७२कख विवेकव्याख्या, १३९ र १४१ पृष्ठ)। उनले क्रमदर्शनको पर्यायका रूपमा 'अतिनय' शब्दको पनि प्रयोग गरेका छन् (तन्त्रालोक, ४।१७२कख विवेकव्याख्या, १४० पृष्ठ)। त्यसैगरी उनले क्रमदर्शनको पर्यायका रूपमा 'महानय' शब्दको पनि प्रयोग गरेका छन् (पूर्ववत्)। यसप्रकार आचार्य जयरथले क्रमदर्शनका विविध पर्यायहरू प्रकाशमा ल्याएका छन्। यसबाट त्यतिखेर क्रमदर्शन अत्यन्त लोकप्रिय रहेको ज्ञात हुन्छ।

क्रमदर्शनको उद्भव र विकास

क्रमदर्शनका प्रथम अवतारक शिवानन्द प्रथमले यस मतको शिक्षा उत्तरपीठमा ग्रहण गरेको उल्लेख पाइन्छ (तन्त्रालोक, ४।१७२कख विवेकव्याख्या, १३८ पृष्ठ)। महार्थमञ्जरीका रचनाकार महेश्वरानन्दले गीतामा श्रीकृष्णले अर्जुनलाई क्रमदर्शनकै उपदेश दिएका हुन् भन्ने बताएका छन् (महार्थमञ्जरी, ७० श्लोक)। आफ्नो उक्त धारणालाई पुष्ट गर्नका लागि उनले आचार्य सिद्धनाथको क्रमस्तोत्रमाथि अभिनवगुप्तद्वारा लिखित 'क्रमकेलि' नामक टीकालाई आधार बनाएर भगवद्गीतालाई क्रमदर्शनको परिप्रेक्ष्यमा प्रस्तुत गर्ने प्रशस्त प्रयास गरेका छन् महार्थमञ्जरी, ७० परिमलव्याख्या, १८०–१८३ पृष्ठ)। यसले क्रमदर्शन अत्यन्त प्राचीन रहेको सङ्केत दिन्छ। उनले क्रमदर्शनको पारम्परिक विकासको अर्को क्रमलाई पनि देखाएका छन्। जसअनुसार यस मतको प्रथम प्रकाशन स्वयं शिवबाट इच्छाशक्तिस्वरूप मङ्गलादेवीलाई भयो, मङ्गलादेवीबाट यो ज्ञान शिवानन्दमा सङ्क्रान्त हुँदै अनेकौं नाथहरूको क्रमले उक्त पारम्परिक ज्ञान उनीसम्म आइपुगेको हो (महार्थमञ्जरी, ७१ परिमलव्याख्या, १९० पृष्ठ)। कालिकाकुलक्रम परम्पराको महत्त्वपूर्ण ग्रन्थ कालिकाकुलपञ्चशतकमा शिवानन्द प्रथमभन्दा पहिलेका तीनजना आचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उनका दुतीहरूको उल्लेख पाइन्छ। उक्त विवरणअनुसार प्रथम आचार्य निष्क्रियानन्दनाथ तथा उनकी दुती ज्ञानदीप्ति हुन् भने द्वितीय आचार्य विद्यानन्द तथा उनकी दुती रक्ता हुन्। त्यसै गरी तृतीय आचार्य शक्त्यानन्द तथा उनकी दुती महानन्दा हुन् (कालिकाकुलपञ्चशतक, ३।१५गघ–१६)। त्यसपछिको क्रममा आचार्य शिवानन्द प्रथम तथा उनकी दुती समयाको उल्लेख पाइन्छ (पूर्ववत्, १७कख)।

अभिनवगुप्तले क्रमस्तोत्रमाथि रचना गरेको 'क्रमकेलि' नामक टीकालाई आधार मानेर जयरथले श्रीतन्त्रालोकको 'विवेक' नामक आफ्नो टीकामा दिएको अर्को विवरणअनुसार क्रमदर्शनका प्रथम अवतारक शिवानन्द प्रथम हुन्, उनलाई यस मतको ज्ञान उत्तरपीठ अर्थात् कश्मीरमा मिलेको हो र शिवानन्दबाट उक्त ज्ञान उनका तीन जना साक्षात् शिष्याहरू केयूरवती, मदनिका र कल्याणिकालाई प्राप्त भयो (तन्त्रालोक, ४।१७३कख विवेकव्याख्या, १४० पृष्ठ)। त्यसपछि केयूरवती, गोविन्दराज, सोमानन्द, उत्पल, लक्ष्मणगुप्त, अभिनवगुप्त, क्षेमराज हुँदै एउटा शिष्यसन्तति परम्परा अगाडि बढेको देखिन्छ भने मदनिका, भानुक, उज्जट, उद्भट, जयरथ हुँदै अर्को शिष्यपरम्परा अगाडि बढेको देखिन्छ। कल्याणिकाका शिष्य एरकबाट शिष्यसन्तति परम्परा अगाडि बढेको जानकारी पाइँदैन।

उपर्युक्त विवरणहरूका आधारमा शिवानन्द प्रथमभन्दा पाँच पुस्ता अगाडिसम्म क्रमदर्शनको आचार्य परम्परा देखिन्छ। ऐतिहासिक रूपमा आचार्य सोमानन्दको समय विक्रमको दसौँ शताब्दीको पूर्वार्धदेखि दसौँ शताब्दीको उत्तरार्ध (वि. सं. ९२५–९७५) निर्धारित भएको छ त्यसैले सोमानन्दभन्दा तीन पुस्ता अगाडिका शिवानन्द प्रथमको समय एक पुस्ताका लागि पच्चीस वर्षको अवधि राख्दा विक्रमको नवौँ शताब्दीको उत्तरार्ध काल (वि.सं.८५०–९००) सिद्ध हुन्छ भने उनीभन्दा पाँच पुस्ता अगाडिका वातुलनाथको समय विक्रमको आठौँ शताब्दीको पूर्वार्धदेखि आठौँ शताब्दीको उत्तरार्ध (वि.सं.७२५–७७५) निश्चित हुन आउँछ।

यसै प्रसङ्गमा नेपालका लिच्छविराजा मानदेवको पालाको वि.सं. ५४६ को शीलवतीको अभिलेखको चर्चा गर्नु सान्दर्भिक हुन आउँछ। उक्त अभिलेखअनुसार राजा मानदेवका पालामा शकसंवत् ४११ ज्येष्ठशुक्ल त्रयोदशीका दिन महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले निरन्तर पुण्यवृद्धि होस् भन्ने इच्छाले भक्तिभावका साथ सबैले ढोगिएकी क्रम परम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजाका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ (आचार्य, वि.सं. २०५३, ३९ पृष्ठ)। उक्त अभिलेख नेपालको मात्र नभई विश्वकै शाक्त परम्पराको सर्वप्राचीन अभिलेख मानिएको छ (पूर्ववत्, ४० पृष्ठ)। यसबाट के सिद्ध हुन्छ भने त्यस समयमा नेपालमा पनि क्रम परम्पराको मान्यता थियो र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उक्त परम्परा प्रचलनमा थियो । अतः क्रम परम्पराको बीज त्यसभन्दा पनि प्राचीन हुन सक्ने सम्भावना प्रस्ट हुन्छ । अझ क्रमदर्शनको महत्त्वपूर्ण रचना मानिएको 'चिद्गगनचन्द्रिका' नामक काव्यमा यसका रचनाकार श्रीवत्सले पतञ्जलिलाई गुरुवन्दनाको क्रममा स्मरण गरेकाले यसको मूलधारा पतञ्जलिसम्म पुग्न सक्ने धारणा पनि व्यक्त भएको छ (तिमल्सिना, वि.सं. २०४७, १६ पृष्ठ) । जे होस् तान्त्रिक दर्शनको सम्पूर्ण रहस्य आफूभित्र समेटेर रहको क्रमदर्शन ज्यादै प्राचीन दर्शन हो र यसको रचनात्मक प्रवाह आठौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म लगातार प्रवाहित भएको छ जसको चर्चा पछि गरिनेछ र यो प्रवाह आचार्य रामेश्वर झाको कृति 'श्रीक्रमाभिज्ञापना'का माध्यमबाट अद्यावधि अक्षुण्ण रूपले प्रवाहित भएको देखिन्छ (रस्तोगी, २०११, ८५ पृष्ठमा उद्धृत) ।

क्रमदर्शनका मुख्य आचार्य एवम् कृतिहरू

क्रमदर्शन एउटा अत्यन्त प्राचीन स्वतन्त्र दार्शनिक परम्परा रहेको र आठौँ शताब्दीदेखि यस दर्शनसँग सम्बद्ध रचनाहरू देखापर्न थालेको कुरा माथि उल्लेख भइसकेको छ । क्रमपरम्पराको बीज त्यसभन्दा पनि धेरै पूर्व विद्यमान रहेको साक्ष्य राजा मानदेवको पालाको वि.सं. ५४६ को शीलवतीको अभिलेखले प्रस्तुत गरेको कुरा पनि माथि चर्चा भइसकेको छ । यसै प्रसङ्गमा अब क्रमशर्दनका मुख्य आचार्य एवम् तिनका कृतिहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरिन्छ ।

वातुलनाथ (वि.सं.७२५-७७५) : हालसम्म प्राप्त विवरणका आधारमा आचार्य वातुलनाथको उल्लेख सबैभन्दा प्राचीन देखापर्दछ । उनका कृतिका विषयमा कुनै जानकारी प्राप्त छैन । निष्क्रियानन्दनाथले रचना गरेको 'वातुलनाथसूत्राणि' नामक कृतिमाथि अनन्तशक्तिपादले लेखेको वृत्तिमा देखिएको उल्लेखअनुसार उनले पूज्य, पूजक र पूजनको भेदलाई हटाई तिनमा अभेददृष्टिको विकासमा जोड दिएका थिए (वातुलनाथसूत्र, मङ्गलश्लोक ३, १ पृष्ठ) ।

गन्धमादन (वि.सं.७५०-८००) : 'वातुलनाथसूत्राणि' नामक कृतिमाथि लेखिएको वृत्तिमा पाइएको उल्लेखअनुसार यिनले निष्क्रियानन्दनाथलाई अनुग्रह गरी दिव्य पुस्तक (ज्ञान) प्रदान गरेर परम पद प्राप्तिको उपदेश गरे (वातुलनाथसूत्र–३, अनन्तशक्तिपादकृतवृत्ति, ४ पृष्ठ) । सोही उपदेश वा ज्ञानका आधारमा 'वातुलनाथसूत्राणि' नामक कृति प्रकाशमा आयो । उक्त कृतिमाथि अनन्तशक्तिपादले गरको वृत्तिमा गन्धमादनलाई सिद्धका रूपमा उल्लेख गरिएकाले यिनीभन्दा पहिलेका वातुलनाथ पनि सिद्धौघ गुरुपरम्पराका नै ठहरिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निष्क्रियानन्दनाथ (वि.सं.७७५–८२५) : गन्धमादन नामक सिद्धको अनुग्रहद्वारा निष्क्रियानन्दनाथले वातुलनाथसूत्राणि नामक कृतिको रचना गरेको उल्लेख माथि भइसकेको छ। कालिकाकुलपञ्चशतक नामक ग्रन्थमा निष्क्रियानन्दनाथको उल्लेख उनकी दुती ज्ञानदीप्तिका साथ गरिएको छ (कालिकाकुलपञ्चशतक, ३।१५गघ)। यिनको रचनाका रूपमा 'वातुलनाथसूत्राणि' तथा 'छुम्मासम्प्रदाय'को गणना गरिएको छ। हालै छुम्मासम्प्रदायको प्रकाशन नवजीवन रस्तोगीले गरेका छन् (रस्तोगी, २०११, १११ पृष्ठ)।

विद्यानन्दनाथ (**वि.सं. ८००–८५०**) : कालिकाकुलपञ्चशतक नामक ग्रन्थमा यिनको उल्लेख यिनकी दुती रक्ताका साथ गरिएको छ (कालिकाकुलपञ्चशतक, ३।१६कख)। यिनको विषयमा यसभन्दा बढी जानकारी उपलब्ध छैन।

शक्त्यानन्दनाथ (वि.सं. ८२५–८७५) कालिकाकुलपञ्चशतक नामक ग्रन्थमा यिनको उल्लेख यिनकी दुती महानन्दका साथ गरिएको छ (कालिकाकुलपञ्चशतक, ३।१६गघ)। यिनको विषयमा पनि यसभन्दा बढी जानकारी उपलब्ध छैन।

शिवानन्द (प्रथम) (वि.सं.८५०–९००) : जयरथले शिवानन्दलाई क्रमदर्शनका प्रथम अवतारकका रूपमा मान्यता दिएका छन्। उनीपछिका सबै आचार्यले उनको यस मतलाई अनुसरण गरेका छन्। यद्यपि देवीपञ्चशतिकमा प्राप्त विवरणअनुसार निष्क्रियानन्दनाथ यस दर्शनका प्रथम आचार्य ठहरिन्छन् तर शिवानन्द प्रथमपछि नै यस दर्शनको क्रमबद्ध गुरुशिष्य परम्परा देखिएको र यो परम्परा अठारौँ शताब्दीसम्म लगातार प्रवाहित भएको देखिएकाले शिवानन्द प्रथमलाई यस दर्शनका प्रथम अवतारक मान्नु युक्तिसङ्गत ठहर्दछ। शक्त्यानन्दनाथलाई सिद्धपूजित भनेको देखिएकाले (पूर्ववत्) शक्त्यानन्दनाथसम्मका आचार्यहरू सिद्धौघ गुरुपरम्परामा रहेका र शिवानन्द प्रथमपछि मानवौघ गुरुपरम्पराको थालनी भएकाले उनलाई क्रमदर्शनका अवतारक मान्नु युक्तिसङ्गत हुने मेरो धारणा रहेको छ। यिनका कुनै कृतिहरूको उल्लेख पाइँदैन तर उनका कृतिहरू हुन सक्ने धारणा व्यक्त गर्दै पाश्चात्त्य विद्वान्हरू आन्द्रे पादु, मार्क डिच्कोफ्स्की तथा लिलियन सिलवर्नले कालिकास्तोत्र एवम् कालिकाकुलपञ्चशतकलाई शिवानन्द प्रथमको कृतिका रूपमा स्मरण गरेको प्रसङ्ग नवजीवन रस्तोगीले उल्लेख गरेका छन् (रस्तोगी, २०११, ७४ पृष्ठ) तर कालिकाकुलपञ्चशतक शिवानन्दको रचना नभई श्रीनाथको रचना हो भन्ने मेरो ठम्याइ छ (लामिछाने, २०७४, उपोद्घात ४४ पृष्ठ)। कालिकास्तोत्र लिलियन सिलवर्नद्वारा फ्रेन्च अनुवादसहित प्रकाशित भइसकेको छ भने कालिकाकुलपञ्चशतक (नेपालमा उपलब्ध हस्तलिखित प्रति) यसै पङ्क्तिकारको सम्पादकत्वमा नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केयूरवती (वि.सं.८७५-९२५) : केयूरवतीलाई जयरथले शिवानन्दकी शिष्याका रूपमा उल्लेख गरेका छन् (तन्त्रालोक, ४।१७३कख विवेकव्याख्या, १३८ पृष्ठ)। यिनको रचनासम्बन्धी विषय अज्ञात रहेको छ। जयरथले दिएको विवरणअनुसार यिनका गोविन्दराज, भानुक र एरक नामक तीनजना शिष्यहरू रहेको जानकारी पाइन्छ (पूर्ववत्)।

मदनिका (वि.सं.८७५-९२५) : केयूरवती झैँ मदनिका पनि शिवानन्द प्रथमकी शिष्या हुन् (पूर्ववत्, १४० पृष्ठ)। यिनको पनि रचनासम्बन्धी विषय अज्ञात रहेको छ।

कल्याणिका (वि.सं.८७५-९२५) : कल्याणिकालाई पनि शिवानन्दकी शिष्याका रूपमा उल्लेख गरिएको छ (पूर्ववत्)। यिनको पनि रचना तथा शिष्यपरम्परासम्बन्धी तथ्य अज्ञात रहेको छ।

गोविन्दराज (वि.सं.९००-९५०) : यिनलाई केयूरवतीका शिष्यका रूपमा उल्लेख गरिएको छ। यिनका क्रमसम्बन्धी रचना उपलब्ध छैनन्। यिनले सोमानन्दलाई क्रमपरम्पराको शिक्षा दिएको उल्लेख पाइन्छ (पूर्ववत्, १३८ पृष्ठ)।

भानुक (वि.सं.९००-९५०) : यिनी पनि केयूरवतीका शिष्य हुन् (पूर्ववत्)। यिनको पनि क्रमसम्बन्धी रचना उपलब्ध छैन। यिनको शिष्यपरम्परामा उज्जट, उद्भट आदि आचार्यहरूको उल्लेख पाइन्छ (पूर्ववत्)।

एरक (वि.सं.९००-९५०) : यिनी पनि केयूरवतीका शिष्य हुन् (पूर्ववत्)। जयरथले दिएको विवरण अनुसार यिनले सिद्धिका लागि प्रयास गरे। सिद्धि प्राप्त भएपछि भोगबाट कुनै लाभ छैन भन्ने अनुभव गरी जीवनभर ब्रह्मचर्यमा रहेर आफूले अनुभव गरेको रहस्यमय उपदेश(ज्ञान)लाई स्तोत्र(भजन)का माध्यमबाट प्रसार गर्दै लोकलाई अनुग्रह गर्ने इच्छाले त्यसैमा प्रवृत्त भए (पूर्ववत्, १३८–१३९ पृष्ठ)। यिनको विषयमा यसभन्दा बढी जानकारी उपलब्ध छैन।

प्रद्युम्न भट्ट (वि.सं.९००-९५०) : यिनी स्पन्दशास्त्रका प्रवर्तक कल्लटका शिष्य हुन्। उत्पलदेवले 'शिवदृष्टि'को वृत्तिमा दिएको विवरणअनुसार 'तत्त्वगर्भ' नामक स्तोत्र यिनको रचना हो (शिवदृष्टि १६, उत्पलवृत्ति, १३ पृष्ठ)। उक्त स्तोत्रको उल्लेख आचार्य क्षेमराजले 'प्रत्यभिज्ञाहृदय' तथा 'शिवसूत्र'को 'विमर्शिनी' नामक टीकामा गरेका छन् (प्रत्यभिज्ञाहृदय, ५ सूत्रव्याख्या, ५८ पृष्ठ तथा शिवसूत्र, ३।३७ विमर्शिनीव्याख्या, १२६ पृष्ठ)। सोमानन्दले प्रद्युम्न भट्टलाई शक्तिवादी आचार्यको रूपमा स्मरण गर्दै उनको आलोचना गरेको देखिएकाले उक्त स्तोत्र क्रमपरक रचना हुनसक्ने सम्भावना देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोमानन्द (वि.सं.९२५-९७५) : यिनी क्रमपरम्परामा गोविन्दराजका शिष्य हुन् (तन्त्रालोक, ४।१७३कख विवेकव्याख्या, १३८ पृष्ठ)। यिनी शिवपारम्यवादी दार्शनिक हुन्। यिनको 'शिवदृष्टि' प्रत्यभिज्ञासिद्धान्तको ज्यादै महत्त्वपूर्ण कृति हो। यिनको क्रमसम्बद्ध रचना भएको जानकारी पाइएको छैन।

उज्जट (वि.सं. ९२५- ९७५) : भानुकको शिष्यपरम्परामा यिनको उल्लेख गरिएको पाइन्छ (पूर्ववत्)। यसबाहेक यिनका सम्बन्धमा कुनै जानकारी उपलब्ध छैन।

उद्भट (वि.सं.९५०-१०००) : भानुकको शिष्यपरम्परामा यिनको उल्लेख पाइएकाले यिनी भानुकका प्रशिष्य एवम् उज्जटका शिष्य हुन सक्ने अनुमान गरिएको छ (रस्तोगी, १९१९, १३७ पृष्ठ)। यिनको रचना तथा क्रमपरम्परामा यिनको योगदानका विषयमा अन्य जानकारी उपलब्ध छैन।

सिद्धनाथ (वि.सं.९५०-१०००) : यिनको सम्बन्ध प्रद्युम्न भट्टको शिष्यपरम्परामा जोडिएको छ। 'क्रमस्तोत्र'लाई यिनको रचना मानिन्छ जसमाथि अभिनवगुप्तले 'क्रमकेलि' नामक टीका लेखेका थिए तर हाल उक्त टीका उद्धरणका रूपमा मात्र उपलब्ध छ।

ह्रस्वनाथ (वि.सं. ९५०-१०००) : ह्रस्वनाथ क्रमस्तोत्रकार सिद्धनाथका समकालिक देखापर्दछन्। यिनी सम्भवतः केयूरवतीका शिष्य हुन्। जयरथले दिएको विवरणबाट गोविन्दराज आदिका अतिरिक्त केयूरवतीका अरू पनि शिष्य हुन सक्ने सम्भावना व्यक्त भएकाले यिनी केयूरवतीकै शिष्य हुन सक्ने सम्भावना देखापर्दछ। जयरथले दिएको अर्को विवरणबाट ह्रस्वनाथले क्रमस्तोत्रमाथि टीका लेखेको जानकारी पाइन्छ (तन्त्रालोक, ४।१७३कख विवेकव्याख्या, १४५–१४६ पृष्ठ)।

भूतिराज (वि.सं. ९५०-१०००) : यिनी अभिनवगुप्तका ब्रह्मविद्या एवम् शैवशास्त्रका गुरु हुन् (तन्त्रालोक, ३०।६२–६३)। 'महार्थमञ्जरी'को 'परिमल' नामक व्याख्यामा महेश्वरानन्दले मन्त्रको देवीरूपताको सन्दर्भमा भूतिराजको कथनलाई उद्धृत गरेका छन् (महार्थमञ्जरी, ४९ परिमलव्याख्या, १२२ पृष्ठ)। अतः भूतिराजका क्रमपरक रचना उपलब्ध नभए तापनि क्रमदर्शनको विकासमा यिनको महत्त्वपूर्ण योगदान थियो भन्ने स्पष्ट हुन्छ।

चक्रभानु (वि.सं.९७५-१०२५) : यिनी ह्रस्वनाथका शिष्य हुन्। शितिकण्ठले दिएको विवरणअनुसार चक्रभानुपछि मानवौघ परम्परा समाप्त भई शिष्यौघ परम्परा प्रारम्भ भयो तथा चक्रभानुका आठ जना शिष्यहरूमध्ये ईशाना नामक शिष्याको सन्ततिक्रमबाट नै उनलाई क्रमपरम्पराको ज्ञान प्राप्त भएको हो (महानयप्रकाश (शितिकण्ठ), १०७ पृष्ठ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्कर (वि.सं. ९७५-१०२५) : यिनी 'क्रमस्तोत्र'का रचनाकार सिद्धनाथका शिष्य भएकाले क्रमपरम्पराको विकासमा यिनको महत्त्वपूर्ण योगदान थियो भन्ने मान्न सकिन्छ। वस्तुतः यिनी स्पन्दधाराका आचार्य हुन्। यिनका क्रमसम्बन्धी रचना उपलब्ध छैनन्।

लक्ष्मणगुप्त (वि.सं. ९७५-१०२५) : आचार्य भास्करका समकालिक लक्ष्मणगुप्त त्रिकपरम्पराका साथै क्रमपरम्परामा पनि अभिनवगुप्तका गुरु हुन् (तन्त्रालोक, ४।१७३कख, विवेकव्याख्या, १३९ पृष्ठ)। यिनको क्रमपरक रचना उपलब्ध छैन।

भट्ट उत्पल (वि.सं.९७५-१०२५) : लक्ष्मणगुप्तका समकालिक आचार्य भट्ट उत्पलद्वारा 'स्पन्दकारिका'माथि लेखिएको टीकाग्रन्थ 'स्पन्दप्रदीपिका'मा क्रमसम्बन्धी सिद्धान्तहरूको स्पष्ट झलक पाइने भएकाले यिनलाई पनि क्रमपरम्पराका आचार्यका रूपमा गणना गर्न सकिन्छ।

भट्ट दामोदर (वि.सं.१०००-१०५०) : क्षेमराजले प्रत्यभिज्ञाहृदयमा भट्ट दामोदरको उल्लेख गरेका छन् (प्रत्यभिज्ञाहृदय, १२ सूत्रव्याख्या, ७३ पृष्ठ)। उक्त उल्लेखअनुसार उनका केही फुटकर श्लोकहरू थिए भन्ने अनुमान हुन्छ। यस अतिरिक्त उनको कुनै उल्लेख पाइँदैन।

अभिनवगुप्त (वि.सं.१०००-१०७०) : अभिनवगुप्त त्रिक परम्पराका साथै क्रमपरम्परामा पनि लक्ष्मणगुप्तका शिष्य हुन्। क्रमपरम्पराको विकासमा मात्र नभई समग्र शिवाद्वयवादको विकासमा अभिनवगुप्तको भूमिका असाधारण रहेको छ। अभिनवगुप्तले सिद्धनाथको 'क्रमस्तोत्र'माथि 'क्रमकेलि' नामक टीका लेखेको जानकारी पाइन्छ तर हाल उक्त टीका उपलब्ध छैन। उक्त कृति स्वयं अभिनवगुप्तकृत परात्रिंशिकाविवरण, क्षेमराजकृत शिवस्तोत्रावलिविवृत्ति, जयरथकृत तन्त्रालोकविवेक तथा महेश्वरानन्दकृत महार्थमञ्जरीपरिमलमा दिइएका उद्धरणहरूका रूपमा अवशिष्ट रहेको छ। तन्त्रालोक, क्रमस्तोत्र, प्रकरणस्तोत्र, प्रकरणस्तोत्रविवरण र तन्त्रसार क्रमपरम्परामा उनका मौलिक योगदान हुन् (रस्तोगी, १९१९, १६२ पृष्ठ)। तन्त्रालोकका १, ३, ४, ९, १३, १५, ३०, ३१, ३२ र ३७ औं आह्निक तथा तन्त्रसारका ४, ९ र ११ औं आह्निक क्रमसम्बन्धी चर्चाका दृष्टिले महत्त्वपूर्ण रहेका छन्। त्यसैगरी मालिनीविजयवार्तिक, पर्यन्तपञ्चाशिका र परात्रिंशिकाविवरणमा पनि क्रमसिद्धान्तको निरूपण गरेको पाइन्छ।

क्षेमराज (वि.सं.१०२५-१०७५) : यिनी अभिनवगुप्तका शिष्य हुन्। कान्तिचन्द्र पाण्डेयले क्षेमराजलाई अभिनवगुप्तका काका वामदेवका छोरा भएको बताएका छन् (पाण्डेय, १९६३, २५४ पृष्ठ)। उनका प्रायः सबै ग्रन्थहरू स्वच्छन्दतन्त्रोद्योत, प्रत्यभिज्ञाहृदय, नेत्रतन्त्रोद्योत,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवस्तोत्रावलिविवृत्ति, शिवसूत्रविमर्शिनी, स्पन्दसन्दोह, स्पन्दनिर्णय आदिमा क्रमपरम्पराको प्रशस्त प्रभाव देखिन्छ ।

श्रीवत्स (**वि.सं.११७५ -१२२५**) : यिनी 'चिद्गगनचन्द्रिका' नामक कृतिका रचनाकार हुन् । उक्त कृतिको रचनाका लागि सिद्धनाथद्वारा विरचित क्रमस्तुति/क्रमस्तोत्रबाट आफू प्रेरित भएको उनले बताएका छन् (चिद्गगनचन्द्रिका, ३०५ श्लोक) । यिनले 'कालीदास' भन्ने पदवी धारण गरेको (पूर्ववत्, ३०६ श्लोक) र यिनको वास्तविक नाम श्रीवत्स रहेको जानकारी सोही कृतिबाट प्राप्त हुन्छ (पूर्ववत्, ३१२ श्लोक) ।

शिवानन्द (द्वितीय) (**वि.सं.११७५-१२२५**) : क्रमसम्प्रदायको दक्षिणी धारा (प्राचीन चोलदेश अर्थात् वर्तमान तमिलनाडु र कर्णाटकमा विकसित परम्परा) को विकासमा शिवानन्द (द्वितीय) को योगदान महत्त्वपूर्ण रहेको छ । यिनका कृतिका रूपमा महेश्वरानन्दले 'क्रमवासना'लाई महार्थमञ्जरीको परिमलव्याख्यामा उद्धृत गरेका छन् (महार्थमञ्जरी, ४४ परिमलव्याख्या, ११३ पृष्ठ) ।

महाप्रकाश (**वि.सं.१२००-१२५०**) : यिनी शिवानन्द (द्वितीय) का शिष्य एवम् महेश्वरानन्दका गुरु हुन् । महेश्वरानन्दले आफ्ना गुरु महाप्रकाशलाई 'चोलदेशशिरोमणि'को उपाधिले विभूषित गरेका छन् (पूर्ववत्, ७१ परिमलव्याख्या, १९० पृष्ठ) । यिनको रचनाका रूपमा महेश्वरानन्दले मातङ्गीस्तोत्र, मनोनुशासनस्तोत्र, आनन्दताण्डवविलासस्तोत्र र संवित्स्तोत्रलाई उद्धरणका रूपमा आफ्नो ग्रन्थमा उल्लेख गरेका छन् ।

जयरथ (**वि.सं.१२००-१२५०**) जयरथले अभिनवगुप्तविरचित तन्त्रालोकमाथि लेखेको विवेक नामक टीका क्रमदर्शनको सांस्कृतिक एवम् दार्शनिक अध्ययनका साथै ऐतिहासिक अनुशीलनका लागि समेत व्यापक आधारभूमि साबित भएको छ । तन्त्रालोकको पहिलो, चौथो, तेस्रो र उन्नाइसौँ आह्निकमाथि उनको उक्त टीका यस सन्दर्भमा ज्यादै महत्त्वपूर्ण रहेको छ । उनले तन्त्रालोकको विवेकटीकामा आफ्ना गुरुहरूको उल्लेख गरेका छन् । कल्याण नामक गुरुबाट सम्पूर्ण शैवशास्त्रको ज्ञान प्राप्त गरेको (तन्त्रालोक, विवेकव्याख्या, जयरथवंशवर्णन-३९, ६३१ पृष्ठ) । तथा व्याकरण, मीमांसा एवम् न्यायशास्त्रका धुरन्धर महापण्डितसङ्गधर नामक गुरुबाट तत् तत् शास्त्रहरूको ज्ञान प्राप्त गरेको उल्लेख गरेका छन् (तन्त्रालोक, विवेकव्याख्या, जयरथवंशवर्णन-४१, ६३१ पृष्ठ) । क्रमदर्शनको परम्परामा आफू शिवानन्दबाट अनुगृहीत केयूरवती, मदनिका र कल्याणिकाका तिन जना शिष्यहरूमध्ये द्वितीय शिष्य भानुकको परम्पराको भएको उल्लेख गरेका छन् (तन्त्रालोक, ४।१७३कख, विवेकव्याख्या) १३८ पृष्ठ) । भानुककै परम्परामा उज्जट, उद्भट आदि आचार्यहरूको परम्परा स्थापित भएको देखिन्छ । उनले व्याकरण, न्याय, मीमांसा तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समस्त शैवशास्त्रका अतिरिक्त त्रिकदर्शन एवम् क्रमदर्शनमा आफ्नो अद्वितीय कुशलता रहेको कुरा गर्वका साथ व्यक्त गरेका छन् (तन्त्रालोक, विवेकव्याख्या, जयरथवंशवर्णन–४७, ६३३ पृष्ठ)।

महेश्वरानन्द (वि.सं.१२२५-१२७५) : यिनी क्रमदर्शनको दक्षिणी धाराका प्रतिनिधि आचार्य हुन्। 'महार्थमञ्जरी' र त्यसैमाथि उनको 'परिमल' नामक टीका क्रमर्शनको ज्यादै महत्त्वपूर्ण कृति हो। सोही कृतिमा उनले आफ्ना अन्य कृतिहरूको उद्धरण दिएका छन्। जसअनुसार पादुकोदय, संविदुल्लास, कोमलवल्लीस्तव, साहसोल्लास, परास्तोत्र र महार्थोदय उनका अन्य कृतिका रूपमा देखा पर्दछन्।

शितिकण्ठ (वि.सं. १५००–१५५०) : शितिकण्ठ चक्रभानुका प्रमुख आठजना शिष्यहरूमध्ये ईशाना नामक शिष्याको शिष्यसन्ततिक्रममा देखापरेका आचार्य हुन् जसको चर्चा अन्य सन्दर्भमा माथि भइसकेको छ। उनको महानयप्रकाश काश्मीरी भाषामा लिखित क्रमपरम्पराको महत्त्वपूर्ण रचना हो। यसैमाथि उनले संस्कृतमा टीका पनि लेखेका छन्।

अनन्तशक्तिपाद (वि.सं. १७५०–१८००) : निष्क्रियानन्दनाथले रचना गरेको 'वातुलनाथसूत्राणि' नामक कृतिमाथि यिनको वृत्ति उपलब्ध छ।

शिवोपाध्याय (वि.सं.१७७५- १८००) : शिवोपाध्याय मुख्यतः क्रमदर्शनका आचार्य नभए तापनि विज्ञानभैरवमाथि यिनले गरेको 'विवृत्ति' नामक टीकामा प्रसङ्गवश क्रमसिद्धान्तमाथि गम्भीरतापूर्वक विवेचना गरिएको छ। यसबाट उनी क्रमसिद्धान्तका विशिष्ट ज्ञाता रहेको स्पष्ट हुन्छ।

रामेश्वर झा : आचार्य शितिकण्ठको क्रमधारालाई परम्पराप्राप्त रूपले अगाडि बढाउने सङ्कल्पका साथ काशीका क्रमदर्शनका पण्डित रामेश्वर झाले रचना गरेको क्रमाभिज्ञापना नामक कृतिले आठौँ शताब्दीदेखि प्रारम्भ भएको क्रमदर्शनको साहित्यिक परम्परालाई अद्यावधि अक्षुण्ण राखेको छ।

माथि उल्लिखित आचार्यहरूका कृतिका अतिरिक्त क्रमदर्शनसम्बद्ध केही यस्ता कृतिहरू पनि छन् जो मानवकर्तृक नै हुन् तर तिनका रचनाकारहरूका विषयमा कहीँ उल्लेख भएको देखिँदैन। त्यस्ता कृतिहरूमा क्रमसूत्र, सिद्धसूत्र, महानयपद्धति, क्रमोदय, अमावस्यात्रिंशिका र राजिका पर्दछन्। यी कृतिहरू क्षेमराज, शिवानन्द (द्वितीय), महेश्वरानन्द, शितिकण्ठ आदिका कृतिहरूमा उद्धरणका रूपमा रहेका छन्।

यस अतिरिक्त केही क्रमसम्बद्ध आगमग्रन्थहरू पनि रहेका छन् जसमा देवी वा भैरवीले गुरुभावमा रही शिष्यभावमा स्थित शिव वा भैरवलाई ज्ञानको उपदेश गरेको पाइन्छ। यस कोटीका आगमहरूमा क्रमरहस्य, क्रमसद्भाव, कालिकाक्रम, क्रमसिद्धि आदि पर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.३.५. क्रमदर्शनमा प्रतिपादित परमतत्त्व

क्रमदर्शनमा परम तत्त्वलाई कहीँ परम शिव तथा कहीँ काली वा कालसङ्कर्षिणीको संज्ञा दिइएको छ। चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाको समष्टिस्वरूप स्वातन्त्र्यशक्तिको अधिष्ठानका रूपमा रहेको शक्तिमान् तत्त्वलाई प्रधान मान्ने आचार्यहरूले परम तत्त्वलाई परम शिवको संज्ञा दिएका छन् भने स्वातन्त्र्यशक्तिलाई प्रधान मान्ने आचार्यहरूले परम तत्त्वलाई संवित्, काली, कालसङ्कर्षिणी, विमर्शशक्ति आदि संज्ञा दिएका छन्। वस्तुतः शक्ति र शक्तिमान्का बिच अभिन्न सम्बन्ध रहेको हुन्छ। आगो र त्यसको पोल्ने शक्ति जसरी अभिन्न हुन्छ त्यसरी नै स्वातन्त्र्यशक्तिको अधिष्ठानस्वरूप परम शिव र स्वातन्त्र्यशक्ति अभिन्न हुन्छन्। प्रकाशस्वरूप शिव र विमर्शस्वरूप शक्ति वस्तुतः एकै हुन्, शक्ति शिवमय छ भने शिव शक्तिमय छ (कोमलवल्लीस्तव, महार्थमञ्जरी, २८ परिमलव्याख्यामा उद्धृत, ७२ पृष्ठ)। चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिको समष्टिस्वरूप स्वातन्त्र्यशक्ति नै शिवदेखि लिएर पृथिवीसम्म छत्तीस तत्त्वसमूहका रूपमा उल्लसित हुन्छ त्यसैले त्यस्तो शक्तिले सम्पन्न परम शिवलाई यहाँ सैँतीसौँ विश्वमय तत्त्वका रूपमा गणना गरिएको छ। सैँतीसौँ विश्वमय तत्त्वको स्थिति पनि विकल्पभूमिमा मानिएकाले अठतीसौँ तत्त्वका रूपमा निर्विकल्प विश्वोत्तीर्ण तत्त्व मानिएको छ (तन्त्रवटधानिका, महार्थमञ्जरी २६, परिमलव्याख्यामा उद्धृत, ६७ पृष्ठ)। सोही विश्वोत्तीर्ण विश्वमय तत्त्वलाई यहाँ काली वा कालसङ्कर्षिणी नाम दिइएको छ। तिनै काली क्षेप, ज्ञान, सङ्ख्यान, गति र नादको क्रमले बारह भेदले प्रकाशित हुन्छिन्। ती बारह कालीको समष्टिस्वरूप तेह्रौँ कालीको पनि क्रमदर्शनमा मान्यता रहेको छ।

क्षेप, ज्ञान, सङ्ख्यान, गति र शब्द यी पाँच प्रकारका अर्थहरू प्रदान गर्ने कल धातुबाट काली शब्द बन्दछ। समस्त भावमण्डल जुन स्वरूपमा अभिन्न रूपले रहेको छ त्यसलाई आफ्नो स्वरूपबाट बाह्य प्रसारित गरेर भिन्न भिन्न प्रकारले स्थापित गर्नुलाई क्षेप भनिन्छ। फेरि भिन्न भिन्नरूपले प्रसारित समस्त भावमण्डललाई आफ्नो स्वरूपमा नै देख्नुलाई ज्ञान भनिन्छ। त्यसपछि ती समस्त भिन्न भिन्न पदार्थहरूलाई पारस्परिक भेदका साथ स्थापित गर्नुलाई सङ्ख्यान भनिन्छ। त्यसपछि ती समस्त भेदप्रथात्मक भावमण्डललाई स्वरूपसत्ताका साथ ऐक्यरूपले सम्झनु अर्थात् समस्त भावमण्डललाई त्यही परमधाममा प्रतिबिम्बित भएको सम्झनुलाई गति भनिन्छ। अन्त्यमा समस्त भेदप्रथात्मक जगत्लाई पूर्ण अहन्ताका साथ परामर्श गर्नुलाई नाद भनिन्छ (तन्त्रालोक, ४।१७३–१७५)। संविच्चक्रको उदयका लागि साधनाक्रममा पहिले प्रमेय अवस्थामा सृष्टि, स्थिति, संहार र अनाख्या अवस्थाका क्रमले आत्मानुसन्धान गरिन्छ। अर्थात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रमेयभूमिको सृष्टिदशामा परसंविद्धामलाई धारावाहिक रूपले परामर्श गर्दै शाक्त उपायको क्रमले सृष्टिकालीको साक्षात्कार हुन्छ। त्यसपछि प्रमेयभूमिको स्थितिरूपतालाई आत्मानुसन्धानपूर्वक विमर्श गर्दै रक्तकाली भगवतीको साक्षात्कार हुन्छ। रक्तकालीको स्वरूपमा यथार्थरूपले प्रतिष्ठित भएपछि शाक्तयोगमा निष्णात साधकले प्रमेयभूमिको संहारलाई आत्मानुसन्धानपूर्वक विमर्श गर्दै स्थितिनाशकालीको अनुभव गर्दछ। यसपछि प्रवीण योगीराज प्रमेयभूमिको अनाख्यरूपतालाई अनुसन्धान गर्दै प्रमेयभूमिमा अनाख्यचक्रको आन्तरिक आत्मानुसन्धानरूप तात्त्विक पूजामा लय हुन्छ। जसको फलस्वरूप उसलाई यमकालीको अनुभव हुन्छ। जब उक्त उपायको परामर्शबाट प्रमेयअन्तर्गत चार कालिकाहरूको स्वरूपमा सिद्धहस्त बनिन्छ तब पुनः प्रमाणको अवस्थामा प्रविष्ट भएर त्यसको सृष्टिदशाको परामर्श गर्दा गर्दै प्रमाणभूमिको पहिलो सृष्टिदशाको अनुसन्धानबाट उन्मनारूप संहारकालीको अनुभव हुन्छ। त्यसपछि आत्मपरामर्शको तीव्रताबाट प्रमाणअन्तर्गत स्थितिदशाको संविच्चक्रमा मृत्युकालीको साक्षात्कार हुन्छ। त्यसपछि प्रमाणभूमिको तेस्रो संहृतिदशामा प्रवेश गरेर भैरवाकाररूपको परामर्श गर्दै भद्रकालीको स्वरूपमा समाविष्ट भइन्छ जुन अवस्थामा जगत् र शिवमा अलिकति मात्र पनि भेद प्रतीत हुँदैन। यस अनाख्या अवस्थाको संवित् भद्रकालीका रूपमा तथा रुद्रकालीका रूपमा एकै साथ प्रतीत हुन्छ अर्थात् भेद देखाउनाले तथा भेदलाई रोदन गर्नाले भद्रकाली नै रुद्रकालीका रूपमा प्रकाशित हुन्छिन् र रुद्रकाली नै भद्रकालीका रूपले देखा पर्दछिन्। त्यसपछि प्रमाणदशाको अनाख्या अवस्थामामा प्रबल अनुसन्धानद्वारा मार्तण्डकालीको साक्षात्कार हुन्छ। जसको फलस्वरूप प्रमाणभूमिको अन्तिम अनाख्यरूप अवस्थामा पुगेर अकालकलित संविच्चक्रोदयको स्फुटतर अवस्थामा समाविष्ट भइन्छ।

शाक्त उपायक्रममा सुनिष्णात भई कालसङ्कर्षिणीधामको स्फुटतर अवस्थामा समाविष्ट भएपछि उक्त धामको स्फुटतम अवस्था प्राप्त गर्नका लागि प्रमातृदशामा स्थित सृष्टिरूपताको अनुसन्धान गर्दै उक्त सृष्टिरूपतामा सुव्यवस्थित परमार्ककालीमा समाविष्ट हुँदै तिनै परकार्ककालीको स्वरूपका साथ ऐक्य अनुभव हुन्छ। तिनै परासंवित्तिरूप परमार्ककालीको महत्ताको विषयमा कालिकाकुलपञ्चशतकमा यस्तो उल्लेख गरिएको छ–

जो परा देवी अद्वितीय छिन् एकवीर छिन्, सूक्ष्मरूप छिन्, सूक्ष्मरूपले वर्जित छिन्, जो भेददशामा अपर स्वरूपले तथा अभेददशामा परस्वरूपले रहेकी छिन् तथा ती दुवै अवस्थामा केवल परप्रमातृभावमा रहेकी छिन्। तिनै आदिशक्ति जहाँ र जुन स्वरूपमा उपलब्ध हुन्छिन् उनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शक्ति परमार्ककालीका रूपमा रहेकी छिन् भनेर जान्नू (कालिकाकुलपञ्चशतक, ५।३९–४०)।

प्रमातृदशामा स्थित परमार्ककालीको अनुभव गरेपछि योगीले प्रमातृदशाको स्थितिरूपताको परामर्श गर्दै कालाग्निरुद्रकालीको अनुभव गर्दछ। कालाग्निरुद्रकालीको स्वरूपमा समाविष्ट भएर योगीले आफ्ना समस्त इन्द्रियवृत्तिहरूमाथि नियन्त्रण गर्दै मितप्रमातृदशालाई सम्पूर्णरूपले वशीभूत गर्दछ। कालाग्निरुद्रकालीको स्वरूपको विषयमा कालिकाकुलपञ्चशतकमा यस्तो वर्णन पाइन्छ–

हे समस्त देवताहरूद्वारा अभिवन्दित शङ्कर ! जो उत्तमोत्तम परासंवित्तिको कला छ, जो वर प्रदान गर्नेवाला, गुणातीत विश्वमय परा कला हो, जो कालाग्निरूप मितप्रमातृभावलाई लय गर्नमा चतुर निराकर आदिशक्ति छ त्यसैलाई तपाइँ कालाग्निरुद्रकालीको स्वरूप भनेर जान्नू (कालिकाकुलपञ्चशतक, ४२गघ–४४कख)।

प्रमातृभूमिको स्थितिरूपतामा समाविष्ट भएर योगी कल्पित प्रमातृभावको सीमालाई उल्लङ्घन गर्दै विनाप्रयास नै प्रमातृदशाको संहार अवस्थामा प्रवेश गर्दछ जहाँ उसले 'इदं सर्वमहम्' अर्थात् 'यो सबै म हुँ' भन्ने आत्मचैतन्यरूप पूर्ण अहन्ताको अनुभूति गर्दछ। त्यसपछि ऊ परसंवित्तिको अकुल धाममा प्रवेश गर्दछ। यस सम्बन्धमा तन्त्रालोकमा भनिएको छ–

कालिका भगवतीको त्यो प्रकाशविमर्शमय परमधामको जय होस् जो अविनाशी, विश्वोत्तीर्ण, अप्रमेय तथा सदसद्रूप कल्लोलहरूले रहित छ (तन्त्रालोक, ४। १७० विवेकव्याख्या, १३२ पृष्ठ)।

यसप्रकार प्रमातृगत संहारदशामा प्रविष्ट भएर योगीले अनायास महाकालकालीको साक्षात्कार गर्दछ। महाकालकालीको स्वरूप कालिकाकुलपञ्चशतकमा यसप्रकार बताइएको छ–

जो पराशक्ति सत्यले उज्ज्वल बनेर देदीप्यमान छिन्, जो करोडौं सूर्यसमान उज्ज्वल प्रभाले चम्किन्छिन्, जो कलङ्करूपी कलाले रहित छिन् तथा जो महाकाललाई पनि संहार गर्नमा सर्वथा उद्यत छिन् तिनै पराशक्ति नै भगवती महाकालकाली हुन् भनेर सम्झनू (कालिकाकुलपञ्चशतक, ५।४४गघ–४५गघ)।

प्रमातृदशाको संहार अवस्थामा महाकालकालीको स्वरूपमा समाविष्ट भएर योगी प्रमातृभूमिको अनाख्यदशामा लीन हुन्छ जहाँ उक्त योगी महाभैरवचण्डोग्रघोरकालीको परम धाममा प्रवेश गर्दछ। यस परम धाममा प्रविष्ट भएर योगीले संविच्चक्रोदय अवस्थाको पारमार्थिक स्फुटतम अवस्थालाई प्राप्त गर्दछ। यसै अवस्थालाई अकालकलित अवस्था, कालकर्षिणी, अव्यपदेश्य अवस्था इत्यादि अनेक नाम शास्त्रहरूमा दिइएको छ। प्रमातृभूमिको अनाख्या अवस्थामा स्थित कालकर्षिणी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महाभैरवचण्डोग्रघोरकालीको स्वरूप कालिकाकुलपञ्चशतकमा यसप्रकार वर्णन गरिएको छ–

हे देवताहरूद्वारा पूजित महादेव ! प्रमातृदशामा स्थित आठ कला, प्रमाणभूमिमा स्थित बारहकला र प्रमेयभावमा स्थित सोह्र कलाभन्दा सत्रौँ परमधामको कलामा स्थित पराशक्ति, महाभैरवलाई पनि डराउने वाली कला, समस्त भैरवमण्डललाई उनीहरूको संसारसहित संहार गर्दछिन् । ती परिपूर्ण पराकला महाभैरवचण्डोग्रघोरकालीको नामले व्यवस्थित हुन्छिन् (कालिकाकुलपञ्चशतक, ५।४६–४८कख) ।

क्रमदर्शन प्रतिपादित सृष्टिक्रम

विश्वोत्तीर्ण निर्विकल्पभूमिमा अवस्थित परम शिव जब विश्वमय विकल्पभूमिमा प्रवेशका लागि आफ्नो इच्छा, ज्ञान, क्रिया, स्मृति, अपोहन, सृष्टि, स्थिति, संहार, अनाख्या, भासा आदि अनन्त शक्तिहरूको अनुभव गर्दै आफूभित्र विद्यमान विश्ववैचित्र्यलाई बाहिर प्रकट गर्नका लागि उद्यमशील बन्दछन् त्यस्तो उद्यमशील स्वभावलाई शिवतत्त्वका नामले जानिन्छ (महार्थमञ्जरी, १३ परिमलव्याख्या, ३८ पृष्ठ)। आफ्नो इच्छा, ज्ञान र क्रियाशक्तिका माध्यमबाट आफूभित्र विद्यमान समस्त तत्त्वहरूलाई बाहिर प्रकट गर्नका लागि उन्मुख हुने अवस्थामा सोही शिवतत्त्वलाई शक्तितत्त्वका रूपमा व्यवहार गरिन्छ (महार्थमञ्जरी, १४)। आफ्नो शक्तिसम्पन्नताको अनुभूति हुनु शिव अवस्था हो भने तत् तत् शक्तिहरूको प्रकटीकरणको प्रारम्भिक अवस्था शक्तिदशा हो। ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ज्ञानशक्तिको प्राचुर्य हुँदा आफूलाई विश्वप्रमाताका रूपमा अर्थात् 'म नै यो विश्व हुँ' (अहमिदं) यस रूपमा ग्रहण गर्ने स्वभावलाई सदाशिवतत्त्व भनिन्छ (महार्थमञ्जरी, १५ परिमलव्याख्या, ४१ पृष्ठ)। ज्ञानशक्ति र क्रियाशक्तिमध्ये क्रियाशक्तिको प्राचुर्य हुँदा आफूलाई विश्वको अनुसन्धाताको रूपमा अर्थात् यो विश्व नै म हुँ (इदमहम्) यस रूपमा ग्रहण गर्ने स्वभावलाई ईश्वरतत्त्व भनिन्छ। सदाशिव र ईश्वरतत्त्वका बिच के भिन्नता छ भने सदाशिवतत्त्वमा अहम्भावको प्राधान्य रहन्छ, त्यस अवस्थामा विश्व व्यक्ताव्यक्तमय रहेको हुन्छ, तर ईश्वरतत्त्वमा इदम्भावको प्राधान्य रहन्छ र यो विश्व म हुँ यस्तो बोध हुने भएकाले विश्व व्यक्ताकारमय भएको हुन्छ। अहम्(म) र इदम्(यो) का बिच अर्थात् ज्ञाता र ज्ञेयका बिच अभेद दृष्टि जगाई यो सबै विश्वप्रपञ्च म नै हो भन्ने यस किसिमको शुद्ध विकल्पको उदय गराउने तत्त्वलाई शुद्धविद्या भनिन्छ। भेदभावमूलक मायीय विकल्पलाई शुद्ध विकल्पले नाश गर्ने भएकाले क्रमदर्शनमा शुद्ध विकल्पलाई उपादेय मानिन्छ। परमार्थतः ज्ञाता र ज्ञेयका बिच अभेद सम्बन्ध रहेको छ। ज्ञानस्वभाव परम तत्त्व नै तत् तत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपमा भित्रबाहिर प्रकाशित भइरहेको छ त्यसैले ज्ञानका अतिरिक्त अरू कसैको पनि सत्ता छैन, सम्पूर्ण जगत् ज्ञानरूप छ (देविकाक्रम, महार्थमञ्जरी, ३ परिमलव्याख्यामा उद्धृत, ९–१० पृष्ठ)। यति हुँदाहुँदै पनि परमेश्वर यति स्वतन्त्र छ कि ऊ अभेदमा पनि भेदको सृष्टि गर्न समर्थ छ। अभेदमा भेदको अवभासन गराउने परमेश्वरको मोहिनीशक्तिलाई माया भनिन्छ (महार्थमञ्जरी, १७)। परमेश्वरको त्यही स्वातन्त्र्यरूप मोहिनीशक्ति माया नै उसको आवरण हो जसले गर्दा सर्वज्ञ, सर्वकर्ता, व्यापक, परिपूर्ण शिव किञ्चिज्ज्ञ, किञ्चित्कर्ता, सीमित पशुप्रमाता वा पुरुषका रूपमा देखापर्दछ। सर्वकर्तृत्वशक्तिलाई सङ्कुचित बनाएर किञ्चित्कर्तृत्वका रूपमा कलन (सीमित) गर्ने मायाको आवरणशक्तिलाई कलातत्त्व भनिन्छ। त्यसै गरी सर्वज्ञत्वशक्तिलाई सङ्कुचित गर्ने आवरणशक्तिलाई अविद्या भनिन्छ। परिपूर्ण तृप्त निरभिलाष स्वरूपलाई सङ्कुचित बनाएर सीमित विषयभोगमा लगाउने तत्त्वलाई राग भनिन्छ। कालातीत नित्य स्वरूपलाई सङ्कुचित बनाएर उसलाई समयको सीमामा बाँध्ने तत्त्वलाई काल भनिन्छ। गर्न, नगर्न र अन्यथा गर्न पनि समर्थ अपरिमित स्वतन्त्र परम शिवलाई नियमन गरी शुभ र अशुभ कर्मको चक्करमा लगाउने तत्त्वलाई नियति भनिन्छ। यसप्रकार परमेश्वर आफ्नै स्वातन्त्र्यशक्तिस्वरूप मायाका पाँचवटा आवरणशक्तिद्वारा स्वेच्छावश बाँधिएर विश्वरङ्गमञ्चमा किञ्चिज्ज्ञ, किञ्चित्कर्ताको भूमिका निर्वाह गर्दै तदनुरूप सीमित सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पाँच वटा कृत्यहरू सम्पादन गर्दछन्। परमेश्वरको त्यस्तो स्वरूपलाई पुरुषतत्त्व भनिन्छ।

विश्वप्रपञ्चको विकासका क्रममा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिलाई आफूभित्र अन्तर्लीन गरेर रहेको स्वातन्त्र्यशक्ति जब सङ्कुचित बन्न पुग्छ तब सङ्कुचित इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति सत्त्व, रज र तमोगुणका रूपमा तथा स्वयं सङ्कुचित स्वातन्त्र्यशक्ति सत्त्व, रज र तमोगुणको साम्यावस्थास्वरूप प्रकृतितत्त्वका रूपमा परिणत हुन पुग्छ (महार्थमञ्जरी, २०)। परमेश्वरको सङ्कुचित स्वरूप पुरुष हो भने स्वातन्त्र्यशक्तिको सङ्कुचित स्वरूप प्रकृति हो। प्राकृत सृष्टिका क्रममा जब प्रकृति सृष्टिका प्रति उन्मुख हुन्छ तब उसको साम्यावस्था भङ्ग हुन्छ। त्यस क्रममा सर्वप्रथम संवित् वा चितिशक्ति प्राणका रूपमा परिणत हुन्छ अनि पहिले अन्तःकरण (मन, बुद्धि र अहङ्कार) त्यसपछि ज्ञानेन्द्रिय र कर्मेन्द्रियको उत्पत्ति हुन्छ (चिद्गगनचन्द्रिका, २९२ क्रमप्रकाशिकाव्याख्या, १९९ पृष्ठ)। मन, बुद्धि र अहङ्कारस्वरूप अन्तःकरण शिवस्वरूप चैतन्य महासिन्धुका महातरङ्ग हुन् भने ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय महातरङ्गका अनुतरङ्ग हुन् (महार्थमञ्जरी, २१ परिमलव्याख्या, ६१ पृष्ठ)। अहङ्कार सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ। सात्त्विक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहङ्कारबाट श्रोत्र, त्वक्, चक्षु, जिह्वा र घ्राणरूप पाँचओटा ज्ञानेन्द्रियको उत्पत्ति हुन्छ भने राजस अहङ्कारबाट वाक्, पाणि, पाद, पायु र उपस्थरूप पाँचओटा कर्मेन्द्रियको उत्पत्ति हुन्छ। तामस अहङ्कारबाट शब्द, स्पर्श, रूप, रस र गन्धरूप पाँचओटा तन्मात्राको उत्पत्ति हुन्छ। शब्द तन्मात्राबाट आकाश, स्पर्श तन्मात्राबाट वायु, रूप तन्मात्राबाट तेज, रस तन्मात्राबाट जल र गन्ध तन्मात्राबाट पृथिवीको उत्पत्ति हुन्छ।

यसप्रकार चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिको समष्टिस्वरूप स्वातन्त्र्यशक्ति नै जब आफूभित्र बीजरूपले अवस्थित सम्पूर्ण विश्वप्रपञ्चलाई बाहिर प्रकट गर्नका लागि विश्वोत्तीर्ण–विश्वमय अवस्थामा झर्दछ, तब स्वातन्त्र्यशक्तिको त्यस स्वरूपलाई क्रमदर्शनमा व्योमवामेश्वरी संज्ञा दिइएको छ। त्यही व्योमवामेश्वरीशक्तिलाई नै परिपूर्णतास्वरूप पतिभूमिकामा प्रवाहित हुँदा खेचरीशक्ति भनिन्छ। परमेश्वरको चितिशक्ति व्योमवामेश्वरी हो भने आनन्दशक्ति खेचरी हो। त्यही चितिशक्तिलाई नै अन्तःकरणका रूपमा प्रवाहित हुँदा दिक्चरी भनिन्छ भने ज्ञानेन्द्रिय र कर्मेन्द्रियका रूपमा प्रवाहित हुँदा गोचरीशक्ति र पञ्चमहाभूतस्वरूप प्रमेय वर्गका रूपमा प्रवाहित हुँदा भूचरीशक्ति भनिन्छ (चिद्गगनचन्द्रिका, ४४ क्रमप्रकाशिकाव्याख्या, २८–२९ पृष्ठ)। वाक्सृष्टिका क्रममा तिनै उपर्युक्त तिनै शक्तिहरू परा, सूक्ष्मा, पश्यन्ती, मध्यमा र वैखरीक्रमले वर्णहरूका रूपमा प्रवाहित भएका छन् (महार्थमञ्जरी, ३७ परिमलव्याख्या, ८६ पृष्ठ)। अतः नामरूपात्मक सम्पूर्ण जगत् शक्तिकै विलास हो भन्ने क्रमदर्शनको मान्यता रहेको छ।

क्रमदर्शनमा प्रतिपादित बन्धमोक्षव्यवस्था

क्रमदर्शनका अनुसार बन्धमोक्षव्यवस्था विकल्पव्यापारमा अडिएको छ। यहाँ विकल्पज्ञानरूप अपूर्ण ज्ञान नै बन्धन हो र त्यो नै संसारको कारण हो भने अपूर्ण ज्ञानको क्षय भई निर्विकल्प ज्ञानको उदय हुनु नै मोक्षको कारण हो (तन्त्रालोक, १।२२)। परमेश्वरको स्वातन्त्र्यशक्तिबाट समुल्लसित आफ्नो पूर्ण चैतन्यस्वरूपलाई ढाक्ने तथा आत्मा र अनात्मा (वस्तुतः चैतन्यस्वरूप आत्माका अतिरिक्त अन्य कसैको पनि सत्ता नरहेकाले अनात्मा भन्ने व्यवहार औपचारिक मात्रै हो) का बिच भेदबुद्धि राख्ने जुन अज्ञान (अपूर्ण ज्ञान) छ त्यसैलाई यहाँ बन्धनस्वरूप आणव मलको संज्ञा दिइएको छ। आणव मलले ढाकिएपछि असीम, परिपूर्ण, व्यापक शिव जब ससीम, अपूर्ण र देश तथा कालद्वारा परिच्छिन्न भएर जीवभावमा प्राप्त हुन्छ तब ऊ आफूलाई शिवबाट भिन्न ठान्न थाल्छ। यही भिन्नभिन्न वेद्यको विस्तार नै मायीय मल हो। आफूलाई शिवबाट भिन्न ठान्न थालेपछि ऊ मायासहित मायाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचओटा कञ्चुक (चोलो)रूप कला, अविद्या, राग, काल र नियतिले ढाकिन्छ। त्यसैको फलस्वरूप उसको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित बन्न पुग्छ, ऊ निरभिलाष परिपूर्ण तृप्त स्वरूपलाई छोडेर सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने बन्न पुग्छ र शुभ एवम् अशुभ कर्मले दिने नियत फल भोगन विवश हुँदै सीमित भोक्तृत्वले युक्त पशुभावमा प्राप्त हुन्छ। त्यसपछि धर्म तथा अधर्मरूप कर्मको वशीभूत भएर सुख र दुःखलाई झेल्दै कर्मबन्धनमा फस्दछ। सोही सुख र दुःखले युक्त पुण्य एवम् अपुण्य वासनात्मक कर्म नै शरीर, विषय र इन्द्रियको कारण भएकाले कर्मबाट जन्मिएको बन्धनलाई कार्म मल भनिएको हो।

अपूर्ण ज्ञान जन्ममरणरूप संसारको मूल कारण हो भने उक्त अपूर्ण ज्ञानको विरोधी तत्त्वज्ञान संसारको प्रतिपक्षरूप मोक्षको एकमात्र कारण हो भन्ने कुरा माथि उल्लेख भइसकेको छ। अपूर्ण अज्ञान पौरुष र बौद्ध भेदले दुई प्रकारको भएझैँ पूर्ण ज्ञान पनि पौरुष र बौद्ध भेदले दुई प्रकारको रहेको छ (तन्त्रालोक, १।३६)। बाह्य इन्द्रिय तथा अन्तःकरणको निरपेक्षतामा आत्मा र चैतन्यशक्तिको नित्य सम्बन्धबाट उत्पन्न हुने निर्विकल्प ज्ञानलाई पौरुष ज्ञान भनिन्छ। पशुसंस्कार क्षीण भएपछि परमेश्वरसँग परम तादात्म्यप्राप्तिको अवस्थामा सम्पूर्ण विश्वब्रह्माण्ड र यावत् पदार्थमा निर्विकल्प भावले पूर्णतया आफ्नोपनको बोध हुनु नै पौरुष ज्ञानको लक्षण हो (पूर्ववत्, ४१)। गुरुबाट दीक्षा प्राप्त गरेर वेद तथा तन्त्र, आगम आदि शास्त्रहरूको श्रवण, अध्ययन, जप, याग आदिको अधिकार प्राप्त भएपछि तिनै शास्त्रहरूको अध्ययन, मनन, निदिध्यासनपछि निश्चयात्मक बौद्ध ज्ञानको उदय हुन्छ। त्यसपछि मात्रै पौरुष ज्ञानको उदयका लागि बाटो खुल्दछ। आत्मा र अनात्माका बिच कुनै भिन्नता नरहेको निश्चयात्मक शुद्ध विकल्पस्वरूप ज्ञानलाई बौद्ध ज्ञान भनिन्छ। जब शुद्ध विकल्पस्वरूप बौद्ध ज्ञानको उदय भई आफू र जगत्लाई परम चैतन्य शिवदेखि भिन्न ठान्ने बौद्ध अज्ञानको विस्तार समाप्त हुन्छ तब जीवन्मुक्तिको बोध हुन्छ (पूर्ववत्, ४४)।

देह, इन्द्रिय आदि विद्यमान रहेको अवस्थामा पनि परम चैतन्यका साथ आफ्नो एकात्मकताको दृढ परामर्श भई चिदानन्दको अभिव्यक्ति भएको अवस्थालाई जीवन्मुक्ति भनिन्छ। यस्तो अवस्थामा आरूढ व्यक्तिले यसै जीवनमा भोग र मोक्ष दुवैको आस्वादन गर्न सक्छ। यस्तो स्थितिमा भोग पनि मोक्षस्वरूप र मोक्ष पनि भोगस्वरूप प्रतीत हुन्छ। वास्तवमा भोग र मोक्षको सामरस्य अवस्था नै जीवन्मुक्तिको अवस्था हो र भोग एवम् मोक्षलाई भिन्न नठान्नु नै क्रमदर्शनको विशेषता हो (महार्थमञ्जरी, ५३ परिमलव्याख्या, १३२ पृष्ठ)। भोगका माध्यमबाट पनि सम्पूर्ण चराचर जगत्लाई आफ्नै स्वरूप ठान्ने विश्वाहन्तास्वरूप मोक्षको अभिव्यक्ति सम्भव छ भन्ने यस दर्शनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान्यता रहेको छ त्यसैले यस दर्शनमा अरूहरूले क्लेशस्वरूप मानेको संसारलाई पनि अतिशय सुखस्वरूप मानिएको छ। यस दर्शनमा दुःखलाई पनि सुखका रूपमा हेर्न सकिन्छ, विषलाई पनि अमृत बनाउन सकिन्छ, अरूहरूले हेय मानेको संसारलाई पनि मोक्षका रूपमा उपादेयस्वरूप आस्वाद्य बनाउन सकिन्छ भन्ने मान्यता रहेको छ (महार्थमञ्जरी, ६५ परिमलव्याख्या, १६३ पृष्ठ)। वास्तवमा मोक्ष भनेको अर्को कुनै वस्तु होइन, त्यो त आफ्नो वास्तविक स्वरूपको बोध मात्रै हो र आफ्नो वास्तविक स्वरूप भनेको संवित् वा चेतना हो (तन्त्रालोक, १।१५६)। त्यसैले आफूलाई चैतन्यस्वरूप बोध गर्नु र सम्पूर्ण नामरूपात्मक जगत्मा चैतन्यको विस्तारको अनुभव गर्दै विश्वलाई आफ्नो विभवका रूपमा अकृत्रिम भावले बोध गर्नु र उक्त बोधको फलस्वरूप उत्पन्न हुने आनन्दमा निमग्न हुनु नै मोक्ष हो।

क्रमदर्शनमा प्रतिपादित मोक्षको उपाय

आफ्नो स्वाभाविक चैतन्यको अभिव्यक्तिस्वरूप मोक्षप्राप्तिका लागि आणव, शाक्त र शाम्भव गरी तीनवटा उपायको वर्णन गरिएको पाइन्छ। तीमध्ये उच्चार (प्राणका प्राण, अपान आदि पाँचओटा वृत्तिहरू), करण (इन्द्रिय), ध्यान, वर्ण, स्थान आदि बाह्य साधनलाई विकल्पसंस्कारको उपायका रूपमा अवलम्बन गरिन्छ भने त्यसलाई आणव उपाय भनिन्छ (तन्त्रालोक, १।१७०)। त्यसै गरी उच्चार आदि बाह्य साधनलाई विकल्प संस्कारको उपायका रूपमा साक्षात् अवलम्बन नगरी केवल मनले चिन्तन गर्दै भेदरूप विकल्पलाई अभेदरूप निर्विकल्पमा पर्यवसान गरिन्छ भने त्यस्तो उपायलाई शाक्त उपाय भनिन्छ (तन्त्रालोक, १। १६९)। गुरुले 'तिमी परम चैतन्यस्वरूप शिव हौ' भनेर सम्झाएकै भरमा कुनै पनि कुराको चिन्तन नगरी शिष्य निर्विकल्प परम चैतन्यमा आवेश हुन्छ भने त्यस्तो उपायलाई शाम्भव उपाय भनिन्छ (तन्त्रालोक, १।१६८)।

विकल्पहरूको शोधन गरी शुद्ध विकल्पको माध्यमबाट निर्विकल्प परम शिवसम्म पुग्ने शाक्त उपायमा आधारित परम्परा नै क्रमपरम्परा हो। माथि उल्लेख गरिएका त्रिविध उपायहरूमध्ये आणव उपाय भेद उपाय हो भने शाक्त उपाय भेदाभेद उपाय हो र शाम्भव उपायचाहिँ अभेद उपाय हो। केवल मानसिक चिन्तनका माध्यमबाट विकल्परूप भेदलाई उदात्तीकरणको प्रक्रियाद्वारा निर्विकल्परूप अभेदमा पर्यवसान गरिने भएकाले शाक्त उपायलाई भेदाभेद उपाय भनिएको हो। विकल्पको क्रमबद्ध संस्कारबाट अक्रम वा क्रमातीत परम चैतन्यको साक्षात्कार गरिने भएकाले क्रममुक्तिको भावना क्रमदर्शनको वैशिष्ट्य रहेको देखिन्छ। आचार्य अभिनवगुप्तले शाक्त उपायलाई विकल्पसंस्कार, तर्कतत्त्व, गुरुतत्त्व, योगाङ्गहरूको अनुपयोगिता, कल्पित पूजा आदिको अनादर, संवित्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चक्रको उदय, मन्त्रवीर्य, वास्तविक जप, याग आदि र विधिनिषेधतुल्यतारूप विविध उपायहरूको समूहका रूपमा उल्लेख गरेका छन् । वास्तवमा शाक्त उपाय नै तान्त्रिक दर्शनअनुकूल आत्मसाक्षात्कारको मुख्य उपाय हो । परम चैतन्यस्वरूप परमेश्वर नै स्वेच्छाले आफ्नो सर्वज्ञत्व र सर्वकर्तृत्वलाई आवृत गर्दै ग्राह्यग्राहकरूप भेदका रूपमा अवभासित भइरहेको छ त्यसैले संवित् स्वभाववाला जुन भैरवीय तेज छ त्यो नै म हुँ भन्ने कुराको वारंवार चिन्तन गर्नाले आत्मबोध जागृत हुन्छ (तन्त्रालोक, ४।७) । इदम् (आफूदेखि भिन्न यो)का रूपमा अवभासित विश्वलाई अहम् (आफूदेखि अभिन्न म) का रूपमा साक्षात्कार गर्नु विकल्पसंस्कारको अन्तिम लक्ष्य हो । त्यसैले सम्पूर्ण चराचर जगत्लाई आफ्नै चैतन्यको विस्तारका रूपमा सम्पूर्ण विश्व नै म हुँ भन्ने कुरा वारंवार चिन्तन गर्दै जाँदा बौद्ध (बुद्धिगत) अज्ञानजन्य भेदप्रथाको परिहार भई शुद्ध चैतन्यमात्रको आभास हुन्छ। यही प्रक्रियालाई विकल्पसंस्कार भनिन्छ। सम्पूर्ण विश्व नै म हुँ भनेर गरिने निरन्तर चिन्तन नै इदम् र अहम्का बिच अभेदबोधको कारण बन्न पुग्ने भएकाले त्यस्तो चिन्तन वा भावनालाई शुद्धविद्यारूप सत्तर्क भनिन्छ र त्यही शुद्धविद्यारूप सत्तर्क वा स्फुट विकल्पले भेदको कारणस्वरूप मायीय विकल्पलाई नाश गर्दछ। योगका यम, नियम, आसन आदि अङ्गहरूमा पूर्वपूर्व अङ्गहरू परपर अङ्गका उपाय हुन् भने अन्तिम अङ्ग समाधि तर्कको उपाय हो र तर्कचाहिँ आफ्नो संवित् साक्षात्कारको उपाय हो (तन्त्रालोक, ४।९६ विवेकव्याख्या, ७३ पृष्ठ) । त्यसैले क्रमपरम्परामा तर्कलाई योगको उत्तम अङ्ग मानिएको छ र अन्य अङ्गहरू संवित्को साक्षात्कारमा अनुपयोगी रहेको बताइएको छ ।

क्रमसाधनामा बाह्य जगत्का रूपमा उल्लसित संवित् वा चेतनालाई अग्निका रूपमा कल्पना गरी सो अग्निमा भेदका रूपमा अवभासित विश्व दग्ध भएको वा संवित्का साथ एकाकार भएको चिन्तन गर्दै अपरिमित प्रमातारूप परम तत्त्व जसलाई यहाँ शुभ्र भस्मको रूपक प्रदान गरिएको छ त्यसमा आफ्नो देहरूप परिमित प्रमातालाई डुबाउनु वा परम तत्त्वका साथ आफूलाई एकाकार गराउनुलाई नै वास्तविक स्नान मानिएको छ न कि बाह्य जलस्नान (तन्त्रालोक, ४।११६) । सम्पूर्ण जगत् चेतनाकै बाह्य उल्लासमात्र हो त्यसैले जगत् चेतनाभन्दा अतिरिक्त वस्तु होइन । अतः विश्वलाई शिवदेखि भिन्न देख्ने विपरीत बुद्धिलाई नै यहाँ अशुद्धि मानिएको छ भने त्यस्तो विपरीत बुद्धिलाई हटाउनुलाई नै शुद्धि मानिएको छ (पूर्ववत्, ४।११८) ।

रूप, रस, गन्ध आदि भिन्नभिन्न भावसमूहलाई देश तथा काल आदिबाट अनवच्छिन्न पूर्ण चैतन्यमा एकाकार गराउनु नै वास्तविक पूजा हो । निर्विकल्प निरावरणरूप परम चैतन्यमा दृढ एकात्मकतालाई नै यहाँ वास्तविक पूजा मानिएको छ, बाह्य पुष्प आदिद्वारा गरिने पूजालाई होइन (विज्ञानभैरव, १४४)। त्यसैले क्रमसाधनामा बाह्य स्नान, पूजा आदिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनादर गर्दै पूर्ण संवित्का साथ आफूलाई एकाकार गर्ने र नामरूपात्मक बाह्य जगत्मा अहम्परामर्शको विस्तार गर्ने कुरामा जोड दिइएको छ। अहम्परामर्शस्वरूप संवित् नै आफ्नो स्वातन्त्र्यका कारण भित्र, बाहिर तथा भित्रबाहिर दुवै रूपमा विद्यमान छ। सो अहम्परामर्शस्वरूप संवित् सृष्टि, स्थिति, संहार र अनाख्यारूप चार प्रकारको भेदलाई आश्रय लिएर प्रमाता, प्रमाण र प्रमेयमा बाह्र प्रकारले सर्वदा आभासित हुन्छ (तन्त्रालोक, ४।१२५ विवेकव्याख्या, ९० पृष्ठ)। यसरी बारह प्रकारले आभासित हुने संवित्लाई नै क्रमदर्शनमा द्वादशकालीको संज्ञा दिइएको छ (तन्त्रालोक, ३।२५१ विवेकव्याख्या, ४७८ पृष्ठ)। वास्तवमा यी द्वादशकालीलाई व्यक्तिप्रमाताको सन्दर्भमा विचारको आन्तरिक क्रिया वा इन्द्रियवृत्तिका रूपमा ग्रहण गरिएको छ र साधकमा निर्विकल्प चित् या शुद्धबोधको उदय यिनै इन्द्रियवृत्तिरूप शक्तिबाट सम्भव हुन्छ भन्ने मानिएको छ। यसप्रकार एउटै परासंवित् सृष्टिदशामा इन्द्रियका माध्यमबाट एकैपटक बाहिर प्रसारित हुन्छ भने संहारदशामा इन्द्रियका माध्यमबाट बाहिर प्रसारित संवित् अन्तर्भिमुख हुन्छ। यही प्रक्रियालाई क्रमदर्शनमा संवित् चक्रोदय वा शक्तिचक्रविकास नामक पारिभाषिक संज्ञा दिइएको छ। जब साधकमा परासंवित्को यस किसिमको स्फुरणको बोध हुन्छ र सो संवित्का साथ आफ्नो एकात्मकताको दृढ परामर्श हुन्छ तब स्वाभाविक अहम्परामर्शमा विश्रान्त त्यस्तो साधकको श्वासप्रश्वास वा विचार नै जप मानिन्छ (तन्त्रालोक, ४।१९४)। परम चैतन्यको साक्षात्कारमा प्रवीण त्यस्तो साधकको शरीरको जुनसुकै स्थिति चितिशक्तिको प्रतिकृतिरूप मुद्रा मानिन्छ (तन्त्रालोक, ४।२००)। जसरी ऐनाको अगाडि उभिँदा देखिने आफ्नो प्रतिबिम्बलाई यो मेरो नै अनुहार हो भन्ने निश्चय भएपछि विम्ब र प्रतिबिम्बका बिच अभिन्नताको बोध हुन्छ त्यसरी नै पूजा, स्नान, ध्यान, होम आदि विकल्परूप ऐनामा आफूलाई भैरव वा परम चैतन्यका रूपमा वारंवार भावना गर्नाले चाँडै नै उक्त भैरवीय चैतन्यका साथ एकात्मकताको बोध हुन्छ। त्यसैले आफूदेखि भिन्नभैँ प्रतीत भइरहेको विश्वलाई आफ्नो स्वातन्त्र्यरूप संवित् वा चेतनाको बाह्य उल्लासमात्र सम्झँदै समग्र विश्वलाई आफ्नो रूपमा बोध गरी स्वात्मसाक्षात्काररूप परम आनन्दमा निमग्न हुनु नै मोक्ष हो।

कुलदर्शन

सम्पूर्ण शैव र शाक्त विचारधाराको प्रारम्भ पाशुपत मत र कापालिक परम्पराबाट भएको मानिन्छ। पाशुपत मत शुद्ध सन्न्यासीहरूको परम्परा हो भने कापालिक परम्परा उग्र चर्याका माध्यमले विभिन्न किसिमका सिद्धिहरू प्राप्त गर्नका लागि प्रयत्नशील रहने शैव गृहस्थहरूको परम्परा हो। अतः समग्र शैवशास्त्रको विकास श्रीकण्ठद्वारा प्रवर्तित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कापालिक परम्परा एवम् लकुलेश्वरद्वारा प्रवर्तित पाशुपत मतबाट भएको हो (तन्त्रालोक, ३७।१४ख-१५क)। शाक्तागम वा शाक्त तान्त्रिक विचारधारा पनि शैवशास्त्रमै अन्तर्भूत हुन्छ। श्रीकण्ठद्वारा प्रवर्तित धाराबाट नै त्रिक परम्पराको विकास भएको छ जसमा अद्वैतप्रधान त्र्यम्बक शाखा, द्वैतप्रधान आमर्दक शाखा र द्वैताद्वैतप्रधान श्रीनाथ शाखा र अद्वैतप्रधान कौल शाखायुक्त अर्धत्र्यम्बक शाखा गरी साढे तीन शाखा रहेका छन्। द्वैत, द्वैताद्वैत तथा अद्वैत शैवशास्त्रको प्रारम्भ त्र्यम्बक, आमर्दक र श्रीनाथद्वारा प्रतिपादित मठिकाबाट भएको छ भने कुलमतको प्रारम्भ त्र्यम्बककी पुत्रीद्वारा प्रतिपादित मठिकाबाट भएको छ त्यसैले उक्त मठिकालाई अर्धमठिका वा अर्धत्र्यम्बक पनि भनिन्छ।

तान्त्रिक साधनापद्धतिमा कुलप्रक्रियालाई अन्य तन्त्रप्रक्रियाको तुलनामा उच्चतर साधनाप्रक्रियाका रूपमा हेरिएको छ। अभिनवगुप्तले कुलप्रक्रियालाई शाम्भव उपायका रूपमा हेर्नुको रहस्य पनि त्यही नै हो। अन्य तन्त्रप्रक्रियाहरू साधकलाई निर्विकल्पावस्थामा पुऱ्याउने सोपान मानिएका छन् भने कुलप्रक्रियाचाहिँ साधकलाई निर्विकल्पावस्थामा आरूढ गराई तज्जन्य आनन्दको भोग गराउने विशिष्ट साधनापद्धति मानिएको छ। अत: कुलपद्धतिको विकास अत्यन्त व्यापक स्तरमा भएको देखिन्छ। हरेक अद्वैतप्रधान तान्त्रिक मतमा विशिष्ट कुलपद्धतिको विकास भएको छ त्यसैले शैवागम वा शाक्त तन्त्रहरूमा कुलविधिको उल्लेख कहीँ न कहीँ अवश्य पाइन्छ।

कुलमतको विकास शाम्भव एवम् शाक्त दुवै दृष्टिले भएको छ। शाम्भव दृष्टिमा अनुत्तररूप सैँतीसौँ तत्त्वलाई परम कौल तत्त्व मानिन्छ भने शाक्त दृष्टिमा कुलेश्वर र कुलेश्वरीको यामलभावलाई नै परम कौल तत्त्व मानिन्छ। शाक्तप्रधान कुलमतका मुख्यत: दुईओटा कुल रहेका छन्– श्रीकुल र कालीकुल। श्रीकुलअन्तर्गत पराशक्तिको सौम्य र शान्त स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल साधनापद्धतिद्वारा त्रिपुरसुन्दरीको उपासना गरिन्छ भने कालीकुलअन्तर्गत पराशक्तिको रौद्र स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल उग्र एवम् घोर साधनापद्धतिद्वारा भगवती काली वा कालसङ्कर्षिणीको उपासना गरिन्छ। सर्वप्रथम यस कुलप्रक्रियाको उपदेश भैरवनाथद्वारा उनकी शक्ति भैरवीलाई प्राप्त भयो। त्यसपछि सो उपदेश भैरवीद्वारा मच्छन्दनाथ वा मत्स्येन्द्रनाथलाई भयो भन्ने जानकारी पाइन्छ।

कुलज्ञानको स्वरूप

परम प्रकाशस्वरूप अनुत्तरतत्त्वको स्वातन्त्र्यशक्तिलाई कौलिकी शक्ति भनिन्छ जो अनुत्तर शिवको स्वभावका रूपमा शिवमा अभिन्नरूपले विद्यमान छ (तन्त्रालोक, ३।६७)। निष्कल तत्त्वातीत परम शिव वा पराशक्ति नै विश्वको मूल केन्द्रमा उत्तीर्णरूपले विद्यमान छ। विश्वविकासका प्रति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उसको उन्मुखता वा स्फुरत्ता नै प्रकाशस्वरूप परम शिवको रश्मिपुञ्जबाट निर्मित निर्मल विमर्शस्वरूप ऐना हो। यसै विमर्शस्वरूप ऐनामा प्रतिबिम्बित परम शिवलाई सर्वप्रथम परिपूर्ण अहंको बोध हुन्छ। त्यो अहं नै अकार आदि वर्णरूप वाचक एवम् शिवदेखि पृथ्वीसम्मको पदार्थरूप वाच्यले युक्त विश्वविकासको प्रथम सोपान हो। छत्तीस तत्त्वले युक्त समस्त भुवनमण्डललाई मयूररसन्यायले आफूभित्र समेटेर रहेको अहंतत्त्वलाई शिवशक्तिस्वरूप दिव्यदम्पतिको सामरस्यरूप मानिन्छ। अहंले प्रत्याहारन्यायले पचास वर्णहरूलाई आफूभित्र समेटेको छ। अहंको अकार अनुत्तर प्रकाशस्वरूप शिवको सङ्केत हो भने हकार विमर्शस्वरूप शक्तिको सङ्केत हो (सङ्केतपद्धति, योगिनीहृदयको दीपिकाटीकामा उद्धृत, २४ पृष्ठ)। तिनै प्रकाशस्वरूप अनुत्तर परम शिवको विमर्शस्वरूप कौलिकी वा सूक्ष्म कुण्डलिनी शक्ति विश्ववैचित्र्यरूप कुलको विस्तार गर्ने इच्छाले ज्ञानशक्ति, क्रियाशक्ति र इच्छाशक्तिका रूपमा अभिव्यक्त हुन्छ। शिवका साथ कौलिकी शक्तिको जुन यामलरूप हो त्यसैलाई आनन्द शक्ति भनिन्छ र त्यो नै विश्वसृष्टिको मूल हो (तन्त्रालोक, ३।६८)। अतः कुलदर्शनमा शिवशक्तिको यामलभावमा विशेष जोड दिएको पाइन्छ। त्यसै हुनाले शिवशक्तिको यामलभावरूप आनन्दको अभिव्यक्तिलाई साधनाको प्रमुख लक्ष्य मान्दै तदनुरूप साधनापद्धतिको निरूपण गरेको देखिन्छ।

कुलसाधनाको अधिकारी

कुलमतलाई अभिनवगुप्तले शाम्भवोपायका सन्दर्भमा चर्चा गरेका छन्। अतः सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकहरू नै कुलसाधनाका लागि वास्तव अधिकारी हुन्। जसले कुल तत्त्वंको व्यापकतालाई मनन गरेको छ, जसमा 'सर्वं सर्वात्मकं' अर्थात् संसारका सबै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोणलाई अवलम्बन गरेको छ त्यस्तो निर्विकल्प अवस्थाको साक्षात्कार गर्ने धाराधिरूढ साधक नै कुलसाधनाको अधिकारी हो (तन्त्रालोक, २९।१-२ विवेकव्याख्या, २७७ पृष्ठ)।

कुलमतमा समग्रतावादी दृष्टिको प्राधान्य पाइन्छ अर्थात् सम्पूर्ण कुराहरू पूर्ण छन्, पूर्णकै अभिव्यक्तिस्वरूप पूर्ण हुन् भन्ने दृष्टिकोण पाइन्छ। अतः संसारका सामान्यभन्दा सामान्य ठानिएका र सामान्य लोकले घृणाको दृष्टिले हेर्ने द्रव्यविशेषमा पनि जसले आनन्दशक्तिको अनुसन्धान गर्न सक्छ, जसमा शङ्का र घृणाको भाव पटक्कै छैन त्यस्तो निर्विकल्प भावमा अधिरूढ उदात्त व्यक्ति नै कुलसाधनाको वास्तव अधिकारी मानिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलसाधनाका तत्त्वहरू

कुलसाधनामा अर्घपात्र, यागधाम र दीपलाई कुलयागका लागि प्रमुख द्रव्य मानिएको छ (तन्त्रालोक, २९।१४)। आद्ययाग वा दूतीयागका क्रममा दूतीसङ्गमबाट प्राप्त कुण्डगोलक नामक शुक्रशोणितरूप द्रव्यविशेषलाई अर्घ भनिन्छ। यहाँ एउटा कुरा के विचारणीय छ भने ऋग्वेदको भाष्यमा सायणाचार्यले सोमलाई 'इन्द्रियोरसः' भनिएकोमा 'इन्द्रस्य स्वभूतो रसो वीर्यं' अर्थात् इन्द्रको वीर्यको अर्थमा लिएका छन् (ऋग्वेद सायणभाष्य, ७।३।१४।१।। यसबाट सोमलाई वीर्यरूप मान्ने परम्परा वेदमा थियो भन्ने अनुमान गर्न सकिन्छ। सोही वैदिक परम्पराको सादृश्यमा तान्त्रिक परम्परामा पनि मद्यलाई वीर्यरूप मान्ने परम्परा प्रचलित भएको मैले अनुमान गरेको छु। त्यसैले तान्त्रिक परम्परामा मद्यलाई बुझाउने शब्दले वीर्यलाई पनि बुझाउने गरेको पाइन्छ। उदाहरणका लागि महोदक शब्दलाई लिन सकिन्छ जसको अर्थ तान्त्रिक परम्परामा मद्य र वीर्य दुवै हुन्छ।

जुन द्रव्यलाई लोकमा घृणास्पद मानिन्छ, जसलाई शास्त्रले बहिष्कार गरेको छ त्यस्तो द्रव्यलाई कुलसाधनामा स्वीकार्य मानिन्छ (तन्त्रालोक, २९।१० विवेकव्याख्या, २८१ पृष्ठ)। वास्तवमा सम्पूर्ण चराचर जगत् शिवमय छ त्यसैले कुनै पनि वस्तुलाई अशुद्ध मान्न सकिँदैन। जुन वस्तु शिवरहित छ वा चेतनाशून्य छ त्यो नै अशुद्ध हो तर कुनै पनि वस्तुमा शिवराहित्य वा चैतन्यशून्यताको कल्पना गर्न सकिँदैन त्यसैले हरेक वस्तु कुलपूजनमा ग्राह्य मानिन्छ (तन्त्रालोक, ४।२४२ विवेकव्याख्या, १९३ पृष्ठ)। जुन वस्तु आनन्दप्रद हुन्छ त्यही वस्तुले अर्घपात्र भर्नुपर्छ भन्ने मान्यता कुल साधनामा रहेको छ (तन्त्रालोक, २९।२२क)। यसै मान्यताका कारण कुलसाधनामा मद्यलाई अर्घद्रव्यका रूपमा स्वीकार गरिएको छ। अदिव्य शरीरले गरेको याग फलदायी नहुने भएकाले साधकले आफ्नो शरीरलाई दिव्य बनाउनका लागि आफूमा भैरवस्वरूपको चिन्तन गर्नुपर्दछ र मातृसद्भाव आदि मन्त्रहरूसँग आफ्नो तादात्म्य स्थापित गरी आफूलाई शक्तिपुञ्जका रूपमा दृढ चिन्तन गर्नुपर्दछ (तन्त्रालोक, २९।६४)। यस किसिमको दृढ चिन्तनद्वारा आफूमा भैरवभावको आवेश भई समग्र वृत्तिहरूमा शैवमहाभावको आविर्भाव हुन्छ। त्यतिखेर सम्पूर्ण चराचर जगत्लाई भैरवभावमा प्राप्त उक्त साधकले आफ्नै प्रतिबिम्बका रूपमा अनुभव गर्दछ। त्यतिखेर उसले गरेका समग्र क्रियाकलाप संवित्शक्तिकै अर्चना वा कुलयाग बन्न पुग्छ। उसले गरेका हरेक क्रियाकलापमा केवल आनन्दको उच्छलन देखापर्दछ। यसप्रकार समग्र विश्ववैचित्र्यलाई आफ्नै प्रतिबिम्बका रूपमा ग्रहण गर्नका लागि एवम् हरेक वस्तुमा शक्तिको अनुसन्धानद्वारा भैरवभावमा आरूढ हुनका लागि कुलसाधकले मन, वचन र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कर्मले जुनजुन आचरण गर्दछ त्यो सबै कुलयाग मानिन्छ (तन्त्रालोक, २९।६) । उक्त कुलयाग बाह्य आधारमा, शक्ति वा दूतीमा, यामलभावमा, देहमा, मध्यनाडीमा र बुद्धिमा सम्पादन गर्न सकिन्छ (तन्त्रालोक, २९।७) । कुलयागका यिनै छवटा आधारलाई यागधाम भनिन्छ ।

बहिर्यागधाम

बाह्र अङ्गुल, चौबीस अङ्गुल वा छत्तीस अङ्गुलको रातो नयाँ कपडा, खुला आकाशमुनिको जमिन, सिन्दूर पोतिएको घडा, कायपीठरूप नरिवल, मद्यपूरित घडा र सुसज्जित मण्डललाई बहिर्यागधाम भनिन्छ । यीमध्ये कुनै एक धाममा गणेश, वटुक, क्षेत्रपाल, गुरुपङ्क्ति, पीठ, सिद्ध, योगिनीको पूजनपूर्वक यागधामको मध्यमा कुलेश्वर र कुलेश्वरीको पूजन गर्ने क्रमलाई एकवीरक्रम भनिन्छ ।

ख) शक्तिधाम

कुलसाधनामा आफ्नी दुतीका साथमा रहेर परस्पर भैरवभैरवीभावले गरिने पूजाक्रमलाई यामलक्रम वा दुतीयाग भनिन्छ । यो क्रम अत्यन्त गोप्य र गुरुमुखबाट मात्र यथार्थ रूपमा जान्न सकिने भएकाले शास्त्रमा यसको सङ्केतमात्र गरिएको पाइन्छ ।

ग) यामलधाम

दूतीका साथ यामलभावमा रहेर कुलपूजा सम्पन्न गर्ने क्रममा यामलभावको पराकाष्ठामा आनन्दको पूर्ण उच्छलनका साथ आफूमा भैरव वा भैरवीको आवेशका साथ कुलपूजा सम्पन्न गरिन्छ भने उक्त यामलभावरूप धामलाई यामलधाम र उक्त पूजनक्रमलाई यामलक्रम भनिन्छ ।

घ) देहधाम

देहमा नै विभिन्न पीठहरूको कल्पना गरी मन्त्रयोगका माध्यमबाट देहलाई नै यागधाम बनाइन्छ भने त्यसलाई देहधाम भनिन्छ । यसअन्तर्गत शरीरमा अवस्थित विभिन्न चक्रहरूमा मन्त्रयोगको अभ्यास र शक्तिको अनुसन्धानरूप क्रिया सम्पन्न गरिन्छ ।

ङ) प्राणपथधाम

प्राणरूप सृष्टि र अपानरूप संहारका रूपमा सतत सञ्चरणशील प्राणशक्तिलाई मध्यधामरूप सुषुम्नामार्गमा प्रवेश गराई कुण्डलिनीयोगको अभ्यास गरिने उक्त धामलाई प्राणपथधाम भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

च) बुद्धिधाम

कुलयाग सम्पादनको आधार बुद्धिलाई बनाइन्छ भने त्यसलाई बुद्धिधाम भनिन्छ। बुद्धिधाममा सम्पादन गरिने कुलयागमा चैतन्यशक्तिको वारंवार ध्यान गरिन्छ र उक्त चैतन्यशक्तिका साथ आफूलाई एकाकार गराई सम्पूर्ण चराचर जगत्लाई आफूदेखि अभिन्न रूपमा बोध गरी पूर्ण अहन्तास्वरूपको विकास गरिन्छ।

कुलयागमा दीपको पनि ठूलो महत्त्व रहेको छ। मुख्य कुलचक्रको मध्यमा कुलेश्वर र कुलेश्वरीको यामलभावले पूजा सम्पन्न गरिन्छ। यस कुलचक्रमा विभिन्न देवी वा योगिनीहरूले घेरिएकी कुलेश्वरीको कल्पना गरिन्छ। वास्तवमा कुलेश्वरी विभिन्न शक्तिहरूकी पुञ्ज हुन् भने ती देवी वा योगिनीहरू कुलेश्वरीका रश्मि हुन्। अतः कुलेश्वरीको रश्मिका रूपमा विभिन्न देवी वा योगिनीहरूको कल्पना गरी तिनको प्रतीकस्वरूप दीपहरूको प्रयोग गरिन्छ। दीपलाई महापशुको प्रतीक पनि मानिन्छ।

कुलसाहित्य

वस्तुतः कुलमत वा कुलपरम्परा एउटा यस्तो वक्त्रपरम्पराबाट प्रवाहित साधनामार्ग हो जो तर्कप्रधान दार्शनिक विवेचनाभन्दा माथि रहेको स्वानुभूतिगम्य तान्त्रिक ज्ञानको सार हो। अतः यस मतमा ग्रन्थरचनाको अपेक्षा दीक्षा र अभ्यासमा बढी जोड दिइएको छ। अर्को कुरा कुलमत सम्पूर्ण शैव तथा शाक्त तान्त्रिक विचारधाराको साररूप भएकाले हरेक शैव तथा शाक्त ग्रन्थमा कुलविधिको चर्चा कहीँ न कहीँ अवश्य पाइन्छ त्यसैले पनि कुलमतको छुट्टै सम्प्रदायगत साहित्यका रूपमा कुनै निश्चित ग्रन्थहरूलाई तोक्नु कठिन कार्य हो। अतः आम्नायगत विभाजनलाई आधार बनाएर ती आम्नायहरूमा निहित विशिष्ट दृष्टिका प्रतिपादक तन्त्रहरूलाई नै कुलमतको साहित्य मान्नु एउटा सार्थक उपाय बन्न सक्छ। आम्नायगत विभाजन कुलमतको निजी वैशिष्ट्य हो, जुन विभाजन सम्भवतः सिद्धान्तागममा प्रस्तुत पञ्चस्रोतसम्बन्धी वर्गीकरणलाई आधार बनाएर गरिएको हो। यद्यपि ऊर्ध्वाम्नाय, ऊर्ध्वोर्ध्वाम्नाय तथा अधराम्नायको समेत कल्पना गरेर पाँच, छ वा सात आम्नायको परिकल्पना गरिएको पनि पाइन्छ तर मुख्यतः चारओटा आम्नायको धारणा नै सर्वाधिक प्रचलित र मान्य देखिन्छ त्यसैले अब यहाँ चारओटा आम्नायहरूमा कुलमतको विकास कसरी भएको छ र ती आम्नायसँग सम्बद्ध मुख्य कुलसाहित्य के के हुन् भन्ने विषयलाई प्रस्तुत गरिन्छ।

पूर्वाम्नाय

त्रिकपरम्परामा विकसित कुलधारालाई यस आम्नायसँग जोडेको पाइन्छ। परा, परापरा र अपरारूप त्रिविध विद्या वा शक्तिलाई केन्द्रमा राखेर विकसित साधनापद्धति नै त्रिकपरम्पराको मुख्य वैशिष्ट्य हो। अतः यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलधारामा परा आदि त्रिविध शक्तिको माझमा ब्राह्मी आदि मातृशक्तिहरूले घेरिएका कुलेश्वर एवम् कुलेश्वरीको स्थापना गरिन्छ। यसलाई मुख्य कुलचक्र भनिन्छ र यस कुलचक्रको बाहिर सिद्धक्रमको पूजा गर्ने विधान रहेको छ। यस कुलधारामा सिद्धक्रम यस प्रकार रहेको छ- खगेन्द्रनाथ, कूर्मनाथ, मेषनाथ र मच्छन्दनाथ वा मत्स्येन्द्रनाथ। यस कुलधाराका मुख्य तन्त्रसाहित्य हुन्- सिद्धयोगेश्वरीमत, मालिनीविजयोत्तरतन्त्र, त्रिशिरोभैरवतन्त्र, त्रिकसद्भावतन्त्र, माधवकुलतन्त्र, निशिसञ्चारतन्त्र, परात्रिंशिका, रुद्रयामलतन्त्र आदि।

दक्षिणाम्नाय

यस आम्नायको सम्बन्ध षोडशी महाविद्या वा महात्रिपुरसुन्दरीको परम्परामा विकसित कुलधारासँग रहेको छ। यस आम्नायमा पराशक्तिका रूपमा महात्रिपुरसुन्दरीको सौम्य रूपको उपासना गरिन्छ। यस परम्परालाई श्रीविद्यासम्प्रदाय वा सौभाग्यसम्प्रदाय पनि भनिन्छ। यस कुलधारामा मित्रनाथ, ओड्डनाथ, षष्ठनाथ र चर्यानाथ सिद्धक्रममा देखिन्छन्। यस सम्प्रदायको सबैभन्दा प्राचीन तन्त्र वामकेश्वरतन्त्र हो। यसअतिरिक्त तन्त्रराजतन्त्र, ज्ञानार्णवतन्त्र, शक्तिसङ्गमतन्त्र, नित्याषोडशिकार्णव, योगिनीहृदय, सौभाग्यसुधोदय, कामकलाविलास, मातृकाचक्रविवेक आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

पश्चिमाम्नाय

यस आम्नायको सम्बन्ध कुब्जिकाको परम्परामा विकसित कुलधारासँग रहेको छ। वर्तमानमा यस परम्पराका ग्रन्थहरू नेपालमा मात्र उपलब्ध छन्। यस आम्नायमा पनि दक्षिणाम्नायकै गुरुक्रमलाई अपनाइएको छ। कुब्जिकातन्त्र, मन्थानभैरवतन्त्र, कुलालिकाम्नाय आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

उत्तराम्नाय

कालीपरम्परामा विकसित कुलधारालाई यस आम्नायअन्तर्गत राखिएको छ। पराशक्ति कालीलाई सर्वोच्च उपास्य मानेर रचना गरिएका मत एवम् क्रम सम्प्रदायका ग्रन्थहरू यस आम्नायसँग सम्बद्ध छन्। यस आम्नायमा विकसित कुलधारामा पनि पूर्वाम्नायकै सिद्धक्रम रहेको छ। यस परम्परामा बाह्र कालीहरूद्वारा घेरिएकी कालसङ्कर्षिणीलाई नै परम सर्वोच्च तत्त्व मानिन्छ र तिनकै उपासना गरिन्छ। जयद्रथयामलतन्त्र, कालिकाकुलपञ्चशतक, कालिकाक्रमसद्भावतन्त्र, कालिकुलक्रमार्चन, देवीद्व्यर्धशितिका, उत्तरघराम्नाय आदि यस आम्नायअन्तर्गत विकसित कुलमतका साहित्य हुन्। नेपालमा मात्र उपलब्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालीकुलपरम्पराका ग्रन्थहरूमा देवीद्व्यर्धशतिका, कालिकाकुलक्रमसद्भाव, उत्तरघराम्नाय आदि रहेका छन् ।

त्रिपुरादर्शन

शक्तिलाई परम सत्ता मानेर शक्तिसाधनाका माध्यमबाट विश्वोतीर्ण-विश्वमय पराशक्तिका साथ एकाकार भई परिपूर्ण अहन्ताको बोध गर्नु र निरभिलाष एवम् परिपूर्ण तृप्तस्वरूपमा प्राप्त हुनु नै शाक्त उपासनाको मूल लक्ष्य हो ।

हिन्दु शाक्त उपासनाका मूलतः दुईओटा धारा रहेका छन्- श्रीकुल र कालीकुल । श्रीकुलअन्तर्गत पराशक्तिको सौम्य र शान्त स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल साधनापद्धतिद्वारा त्रिपुरसुन्दरीको उपासना गरिन्छ भने कालीकुलअन्तर्गत पराशक्तिको रौद्र स्वरूपको प्रतिनिधिका रूपमा तदनुकूल उग्र एवम् घोर साधनापद्धतिद्वारा कालीको उपासना गरिन्छ । यसैकारण त्रिपुरसुन्दरीको उपासनापरम्परालाई पछिल्लो कालमा सौभाग्यसम्प्रदाय पनि भनिएको पाइन्छ जुन सम्प्रदाय सौम्य विधिका माध्यमबाट नै साधनाको पक्षधर रहेको छ भने कालीपरम्परा अत्यन्त भयङ्कर र जटिल रहेको छ ।

त्रिपुरासम्प्रदायको उत्पत्तिका विषयमा महार्थमञ्जरीकार महेश्वरानन्दका परम गुरु आचार्य शिवानन्दले नित्याषोडशिकार्णवको ऋजुविमर्शिनी नामक टीकामा यस सम्प्रदायको उत्पत्ति कश्मीरमा भएको मानेका छन् (नित्याषोडशिकार्णव, ११६-११८ ऋजुविमर्शिनी टीका, ११४ पृष्ठ) । वामकेश्वरीमतविवरणमा जयरथले यस ग्रन्थलाई विरूप बनाउनेहरू र आफूलाई चर्यानन्दनाथका शिष्य मान्नेहरूको आलोचना गरेका छन् । यसबाट त्रिपुरासम्प्रदायका प्रथम प्रवर्तक चर्यानन्दनाथ भएको स्पष्ट हुन्छ । डा.वासुदेवशरण अग्रवालले उड्डीयानपीठ कश्मीरमा रहेको बताएका छन् । आजभोलि स्वात नामले प्रसिद्ध सुवास्तु नदी अफगानिस्तानको गान्धार प्रदेशमा बग्दछ । सुवास्तु नदीको घाँटी पहिले और्दायनी भन्ने नामले प्रसिद्ध थियो । त्यसैको अर्को नाम उड्डीयान पनि थियो । यसै क्षेत्रमा सर्वप्रथम चर्यानन्दनाथले त्रिपुरासम्प्रदायको प्रवर्तन गरे होलान् । तन्त्रशास्त्रका आंधुनिक विद्वान् व्रजवल्लभ द्विवेदी गुजरात र मध्यप्रदेशबाट यो सम्प्रदाय कश्मीरमा पुगेको र त्यहीँबाट दक्षिणमा फैलिएको मान्दछन् (योगिनीहृदयम्, उपोद्घात १३ पृष्ठ) । अभिनवगुप्तले तन्त्रालोकमा मध्यदेशबाट अत्रिगुप्त नामका विद्वान् ब्राह्मणलाई राजा ललितादित्यले कश्मीरमा ल्याएको वर्णन गरेका छन् । उनको वर्णनमा कश्मीरको शोभा, सिद्धिका लागि उक्त स्थानको सर्वोत्कृष्टता, शारदापीठको उल्लेख आदि पाइन्छ (तन्त्रालोक, ३७।३८—५२) । यदि मध्यदेशबाटै आफ्ना पूर्वजहरूका साथमा त्रिपुराको उपासनापरम्परा कश्मीरमा आएको भए उनले त्यसको उल्लेख अवश्य गर्थे होलान् तर त्यस्तो वर्णन नपाइएकाले उक्त परम्परा कश्मीरकै उपज भएको र यहीँबाट अन्यत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फैलिएको हुन सक्ने सम्भावना प्रवल देखिन्छ । त्रिपुरासम्प्रदायअन्तर्गत कश्मीर, केरल र गौड उपसम्प्रदायको विकास भएको छ र यसले समग्र भारतवर्षमा गहिरो प्रभाव पारेको देखिन्छ ।

शक्तिसङ्गमतन्त्रमा सम्पूर्ण भारतवर्षलाई कादि र हादिका भेदले छपन्नओटा देशमा बाँडिएको छ । जसअन्तर्गत मरुदेशदेखि नेपालसम्म कश्मीर सम्प्रदायको मान्यता रहेको छ। हादिमतका अनुसार कश्मीरमा त्रिपुराको र कादिमतका अनुसार ताराको उपासना गरिन्छ । यस सम्प्रदायमा शक्तिपातको तारतम्यले ऊर्ध्वाम्नायदीक्षा प्राप्त हुन्छ। यस सम्प्रदायका ऋक्कश्मीर, यजु:कश्मीर, सामकश्मीर र अथर्वकश्मीर गरी चार प्राथमिक भेद देखिन्छन् भने शिवकश्मीर, शक्तिकश्मीर र शिवशक्तिकश्मीरका शुद्ध, उग्र र गुप्त भेदले अन्य नौ प्रकार देखिन्छन् ।

शक्तिसङ्गमतन्त्रका अनुसार अङ्गदेशदेखि मालवदेशसम्म केरलसम्प्रदायको मान्यता रहेको छ। हादिमतअनुसार यस सम्प्रदायमा कालीको र कादिमतअनुसार त्रिपुराको उपासना गरिन्छ। केरलसम्प्रदायमा वेद अनुकूल दक्षिणाचारको प्राधान्य रहेको छ त्यसैले यसलाई शुद्ध मार्ग पनि भनिन्छ। यस सम्प्रदायका ऋक्केरल, यजु:केरल, सामकेरल र अथर्वकेरल गरी चार प्राथमिक भेद देखिन्छन् भने शिवकेरल, शक्तिकेरल र शिवशक्तिकेरलका शुद्ध, उग्र र गुप्त भेदले अन्य नौ प्रकार देखिन्छन् । शक्तिसङ्गमतन्त्रका अनुसार सिलहट्टदेखि सिन्धुदेशसम्म गौडसम्प्रदायको मान्यता रहेको छ। हादिमतअनुसार गौडसम्प्रदायमा ताराको र कादिमतअनुसार कालीको उपासना गरिन्छ। गौडसम्प्रदाय मूलत: वाममार्गी मानिन्छ। यस सम्प्रदायका ऋग्गौड, यजु:गौड, सामगौड र अथर्वगौड गरी चार प्राथमिक भेद देखिन्छन् भने शिवगौड, शक्तिगौड र शिवशक्तिगौडका शुद्ध, उग्र र गुप्त भेदले अन्य नौ प्रकार देखिन्छन् ।

त्रिपुरासाहित्य

तन्त्रशास्त्रका प्रसिद्ध विद्वान् तून गौड्रियान तथा संयुक्ता गुप्ताद्वारा प्रकाशित "हिन्दू तान्त्रिक एण्ड शाक्त लिटरेचर" नामक ग्रन्थमा श्रीकुल शीर्षकअन्तर्गत त्रिपुरासम्प्रदायका ग्रन्थहरूको परिचय दिएको पाइन्छ। तीमध्ये उत्तरषट्क, त्रिपुरासारसमुच्चय, त्रिपुरार्णवतन्त्र, उदयाकरपद्धति, त्रिपुरसुन्दरीकल्पलता, अर्थरत्नावली, सङ्केतपद्धति, नित्याषोडशिकार्णव, योगिनीहृदय, महाज्ञानार्णव, हंसपारमेश्वर, स्वच्छन्दमङ्ग्रह, लघुस्तव, पञ्चस्तवी, प्रपञ्चसारतन्त्र, सुभगोदय, सुभगोदयवासना, सौभाग्यहृदयस्तोत्र, कुलार्णवतन्त्र, अम्बास्तव, परापञ्चाशिका, सौभाग्यसुधोदय, चिद्विलासस्तव, सौन्दर्यलहरी, वरिवस्यारहस्य, कामकलाविलास आदि उल्लेख्य छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिपुरदर्शनसम्मत सिद्धान्त

त्रिपुरापरम्परामा शिवलाई प्रकाश र शक्तिलाई विमर्श शब्दले सम्बोधन गरेको पाइन्छ। विमर्शशक्ति कुनै आगन्तुक तत्त्व नभई शिवमा पराशक्तिका रूपमा विद्यमान नित्य, चिन्मय तत्त्व हो जसका माध्यमबाट प्रकाशरूप शिवले सृष्टि-स्थिति-संहार-निग्रह-अनुग्रहरूप पञ्चकृत्यको सम्पादन गर्दछन्। ब्रह्मा-विष्णु-महेश्वररूपिणी पराशक्ति त्रिपुरा नै ज्ञानशक्ति, इच्छाशक्ति एवम् क्रियाशक्तिको समष्टिस्वरूप विमर्शशक्ति हुन् (नित्याषोडशिकार्णव, ४।११)। तिनै त्रिपुरादेवीमा शिवदेखि पृथ्वीसम्मका समस्त छत्तीस तत्त्व निहित छन्। अनन्त विश्वका रूपमा तिनै त्रिपुराशक्ति रहेकी छिन्। वास्तवमा त्रिपुराशक्ति विश्वमय-विश्वोत्तीर्ण, साकार-निराकार तथा व्यक्त-अव्यक्त स्वरूपकी छिन्। तिनै त्रिपुरा समस्त प्राणीहरूको उत्पादक तथा परब्रह्मको सिसृक्षा शक्ति हुन्। परमेश्वरमा सिसृक्षाको भाव उठ्नेबित्तिकै उनका दुईओटा रूप बन्न पुग्छन्- १. शिव र २. शक्ति। शिव प्रकाशरूप छन् भने शक्ति विमर्शरूप। विमर्श सृष्टिकालमा विश्वाकार रूपमा रहन्छ। विमर्शका माध्यमबाट नै प्रकाशको अनुभव हुन्छ र प्रकाशको स्थितिमा विमर्शको कल्पना सार्थक हुन्छ। जसरी ऐनाविना अनुहारको दर्शन सम्भव हुँदैन त्यसरी नै विमर्शविना प्रकाशको स्वरूपज्ञान सम्पन्न हुँदैन। शक्तिविना शिवलाई आफ्नो प्रकाशस्वरूपताको ज्ञान हुँदैन। शिवमा चेतनाको ज्ञान शक्तिका माध्यमबाट हुन्छ। त्यसैले शक्तिशून्य शिव शवसमान हुन्छन्। शक्तिले युक्त हुँदा नै शिवलाई शक्तिमान् भनिन्छ अन्यथा शक्तिविना शिवमा स्पन्दन पनि रहँदैन (सौन्दर्यलहरी, १)। आफूमा अन्तर्लीन आत्मशक्तिलाई देखेर नै शिवलाई आफ्नो परिपूर्ण स्वरूपको बोध हुन्छ। शिव एक्लैबाट वा शक्ति एक्लैबाट सृष्टिको प्रक्रिया सम्भव हुँदैन। पराशक्ति र परम शिवको संयुक्त अवस्थाबाट मात्र सृष्टिको प्रक्रिया सम्भव हुन्छ। यदि पराशक्ति परम शिवका साथ संयुक्त अवस्थामा नरहने हो भने आफूभित्र बीजका रूपमा अवस्थित चराचर जगत्लाई पराशक्ति एक्लैले उत्पन्न गर्न सक्तिनन्। सृष्टिका लागि यामलभाव आवश्यक हुन्छ। वास्तवमा प्रकाश तथा विमर्श भनाइका लागि भिन्न भए तापनि यी दुवै अभिन्न छन्। जसरी आगोबाट त्यसको पोल्ने शक्ति कहिल्यै अलग हुन सक्दैन त्यसरी नै विमर्शरूप शक्ति पनि प्रकाशरूप शिवबाट कहिल्यै अलग हुन सक्दैन। वास्तवमा शक्तिका माध्यमबाट नै शक्तिमान् परम शिवको बोध हुन्छ (विज्ञानभैरव, १९)। परम शिवको शक्तिस्वरूप विमर्शको स्फुरण नै नामरूपात्मक विश्ववैचित्र्य हो। परमेश्वरको शक्तिको स्फुरण भएकाले विचित्र विश्वका रूपमा दृष्टिगोचर हुने सम्पूर्ण पदार्थ प्रकाशरूप नै हो त्यसैले वस्तुतः संसार परमेश्वरदेखि भिन्न छैन।

निष्कल तत्त्वातीत परम शिव नै विश्वको मूल केन्द्रमा उत्तीर्ण रूपमा विद्यमान छन्। विश्वविकासका प्रति उनको उन्मुखता वा स्फुरत्ता नै प्रकाशस्वभाव परम शिवको रश्मिपुञ्जबाट निर्मित निर्मल विमर्शस्वरूप दर्पण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो। यसै विमर्शमय दर्पणमा प्रतिबिम्बित परम शिवलाई सर्वप्रथम परिपूर्ण 'अहं' को बोध हुन्छ। यो 'अहम्' नै अकारादि वर्णरूप वाचक एवम् पदार्थरूप वाच्यले युक्त विश्वविकासको प्रथम सोपान हो। छत्तीस तत्त्वले युक्त समस्त भुवनमण्डललाई मयूररसन्यायले आफूभित्र समेटेर रहेको 'अहम्' (पूर्णाहन्ता) लाई शिवशक्तिरूप दिव्यदम्पत्तिको सामरस्यस्वरूप मानिन्छ। 'अहम्' ले आफूभित्र प्रत्याहारन्यायले पचास वर्णहरूलाई समेटेर रहेको छ। 'अहम्' को आकार अनुत्तरवाचक शिवको सङ्केत हो भने हकार विमर्शवाचक शक्तिको सङ्केत हो। यसै अहन्तारूप महाबिन्दुमा 'शुक्ल' 'रक्त' एवम् 'मिश्र' नामक तीनओटा बिन्दु रहेका छन्। प्रकाश शुक्लबिन्दु हो भने विमर्श रक्तबिन्दु हो तथा दुवैको समरसभाव मिश्रबिन्दु हो जसलाई सूर्यस्वरूप काम पनि भनिन्छ। त्यसैले प्रकाशस्वरूप शुक्लबिन्दु एवम् विमर्शस्वरूप रक्तबिन्दु सूर्यस्वरूप कामका अग्नि र सोमस्वरूप कला हुन्। अतः अग्नि र सोमस्वरूप कला र ती दुवैको समरसभाव 'काम' को समष्टिबिन्दुलाई नै कामकला वा त्रिपुरसुन्दरी भनिन्छ।

कामतत्त्वका बारेमा तान्त्रिक धारणा के देखिन्छ भने अकाररूप प्रकाश (शिव) का साथ हकाररूप विमर्श (शक्ति) को अर्थात् अग्निका साथ सोमको साम्यभाव नै काम या रवि हो। त्यसैलाई अग्नि र सोमको समष्टिस्वरूप कामबिन्दु भनिन्छ। सृष्टि एउटै महाशक्तिका दुईओटा विरुद्ध स्वरूपको महाक्रीडा हो जो परस्पर विषमभाव ग्रहण गरेर परस्पर एकअर्कामाथि क्रिया गर्दै सम्पन्न हुन्छ। ती दुई परस्पर विरोधी शक्ति हुन्- अग्नि तथा सोम। अग्नि तापमय, दुःखप्रद, मृत्युस्वरूप तथा अविभक्तलाई विभक्त गरेर प्रकाशित गर्ने प्रकाशरूप संहारात्मक तत्त्व हो भने सोम शीतल, सुखप्रद, अमृतस्वरूप तथा विभक्तलाई अविभक्त गरेर प्रकाशित गर्ने विमर्शस्वरूप सृष्ट्यात्मक तत्त्व हो।

इच्छा, ज्ञान र क्रियाको समुदित रूप एवम् इच्छात्मक पश्यन्ती मातृका, ज्ञानात्मक मध्यमा मातृका र क्रियात्मक वैखरी मातृकालाई आफूभित्र समेटेर रहेको पूर्ण अहन्तास्वरूप परामातृका नै कामकला वा श्रीत्रिपुरसुन्दरीको मातृका स्वरूप हो। ब्रह्माण्डको त्रिपुरसुन्दरी वा परामातृका नै पिण्ड शरीरको कुण्डलिनीशक्ति हो। 'कामकला' त्रिपुरसुन्दरीदेवी हुन् भने कामकलाविद्या त्रिपुरसुन्दरीको स्वरूप हो। सोही कामकलाविद्याद्वारा साधकलाई त्रिपुरसुन्दरीदेवीको विग्रहस्वरूप श्रीचक्रको दिव्यस्वरूपको ज्ञान हुन्छ र उक्त ज्ञानका माध्यमबाट साधकले महात्रिपुरसुन्दरीका साथ तादात्म्य वा ऐकात्म्य प्राप्त गरी मुक्त हुन्छ।

शाक्तदर्शनका अनुसार सृष्टि परिवर्तनरहित, स्थिर एवम् नित्य संवित् तत्त्वभित्र परिवर्तन, गति, अस्थिरता एवम् विभिन्न रूपान्तरण तथा नामरूपात्मक रचनाको आनन्दात्मक अभिनय, कलाविलास वा आत्मप्रकाशन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो । आत्मरति, आत्मक्रीडा, आत्ममिथुन एवम् आत्मानन्दको 'एकोऽहं बहु स्याम' अर्थात् 'एउटै म धेरै बनूँ' भन्ने कामना नै सृष्टिको मूल बीज हो ।

परमात्मतत्त्व न नारी हो न नर । शुद्ध चैतन्य परमात्मतत्त्व लिङ्गातीत छ तर विश्वाभिनयको उद्देश्यले उक्त तत्त्व मातापिताका रूपमा अर्थात् कामेश्वर तथा कामेश्वरीका रूपमा प्रस्तुत हुन्छ । एउटै परमतत्त्व शिवशक्ति, पतिपत्नी, मातापिता, गुरुशिष्य तथा अहम् र इदम्को युगलरूपमा आविर्भूत हुन्छ । उसको सिसृक्षा 'काम' नै जगत्का रूपमा आभासित हुन्छ । त्यसैले काम नै विश्वसृष्टिको मूल कारण हो । सोही कामले युक्त शिव एवम् शक्ति कामेश्वर तथा कामेश्वरीका नामले चिनिन्छन् । तिनै कामेश्वर तथा कामेश्वरीको सामरस्यको परिणामस्वरूप नै जगत्को आविर्भाव हुन्छ । अनन्त सृष्टिको महाविकासको रेखात्मक प्रतीक श्रीचक्र कामेश्वर तथा कामेश्वरीको सामरस्यको बोधक यन्त्र हो ।

ऊर्ध्वमुख त्रिकोणले युक्त चारवटा शिवचक्र र अधोमुख त्रिकोणले युक्त पाँचवटा शक्तिचक्रको मिलनबाट बनेको नवयोन्यात्मक श्रीचक्र पिण्ड एवम् ब्रह्माण्डीय समस्त शक्तिको मूल आश्रय हो । श्रीचक्रमा रहेको चतुर्दशार, बहिर्दशार, अन्तर्दशार, अष्टार एवम् त्रिकोण गरी पाँचओटा चक्र शक्तिका प्रतीक हुन् भने बिन्दु, अष्टदल, षोडशदल एवम् भूपुर गरी चारओटा चक्र शिवका प्रतीक हुन् । भगवती महात्रिपुरसुन्दरीको पञ्चदशाक्षरी मन्त्र पनि यसै यन्त्रमा निहित छ । पञ्चदशाक्षरी मन्त्रका तीन ककार एवम् दुई हकार शिवका वाचक हुन् भने बाँकी अक्षरहरू शक्तिका वाचक हुन् । ह्रीँकारले शिव र शक्ति दुवैलाई बुझाउँछ । यसप्रकार उक्त मन्त्र पनि शिवशक्तिको सामरस्यको बोधक रहेको छ ।

श्रीचक्रमा रहेको बिन्दु विश्वविकासको मूल हो । उक्त बिन्दु प्रकाशस्वरूप शिव र विमर्शस्वरूप शक्तिको सामरस्यमय कामबिन्दु हो । सो कामबिन्दु त्यसैको विस्तारबाट प्रकट हुनेवाला वामा, ज्येष्ठा र रौद्रीस्वरूप त्रिकोणचक्रको एकीभूत स्वरूप भएकाले त्यसलाई अम्बिकास्वरूप मानिन्छ । शिव र शक्तिको सामरस्यस्वरूप महाबिन्दुमय मध्यचक्रबाट नै त्रिकोणचक्रको उत्पत्ति हुने भएकाले त्रिकोणचक्रलाई पनि अम्बिकास्वरूप मानिएको हो । यही त्रिकोणचक्रले नै अन्ततः नौओटा चक्रहरूको रूप धारण गर्दछ र त्रिपुरा आदि नौ चक्रेश्वरी देवी र उनका करशुद्धि आदि नौओटा मन्त्रहरूसँग संयुक्त बन्दछ । यही त्रिकोणचक्र जब अष्टकोण (नवयोनिचक्र)को बिचमा रहन्छ तब सोह्रओटा स्वरहरूले घेरिएर रहन्छ । यसै अष्टकोणको बिचमा रहेको अम्बिका र शान्ता शक्तिको सामरस्यस्वरूप महाबिन्दुमय सदाशिवरूपी आसनमा प्रकाश एवम् विमर्शस्वरूप कामेश्वर तथा कामेश्वरीकों युगल स्वरूपको निवास रहेको छ । अष्टकोणचक्र र त्रिकोणचक्रको बिचमा रहेको महाबिन्दुको प्रभाबाट दुईओटा दशारचक्रको निष्पत्ति हुन्छ । साधनाका क्रममा प्रथम दशार (अन्तर्दशार) चक्रमा टवर्ग एवम् तवर्गका दश वर्णहरू एवम् पञ्चमहाभूत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा पञ्चतन्मात्राको विन्यास गर्नुपर्छ। स्वच्छन्दसङ्ग्रह आदि ग्रन्थमा य, र, ल, व, श, ष, स, ह, ठ, क्ष गरी दश वर्णहरूको गणना गर्दै तिनलाई अग्निको दशकला मानिएको छ। पृथिवी, जल, तेज, वायु र आकाश यी पञ्चमहाभूत एवम् गन्ध, रस, रूप, स्पर्श र शब्द यी पञ्चतन्मात्रा शिव स्वरूप तथा यकारदेखि क्षकारसम्मका दश वर्णहरू शक्तिस्वरूप रहेका छन्। द्वितीय दशार (वहिर्दशार) चक्रमा चाहिँ ककार आदि दश वर्णहरू तथा इन्द्रिय (पञ्च कर्मेन्द्रिय) एवम् पञ्च ज्ञानेन्द्रिय) का शब्द आदि दश विषयहरूको विन्यास गर्नुपर्छ। त्यसैले दुवै दशार चक्रहरू तत्त्वात्मक शिवतत्त्व र वर्णात्मक शक्तितत्त्वको प्रकाशले घेरिएर प्रकाशविमर्शमय बनेका छन्।

बैन्दव चक्र, त्रिकोणचक्र, अष्टकोणचक्र र अन्तर्दशारचक्रका चार प्रभाहरू र बहिर्दशारचक्रका दश अवयवहरू मिलेर चतुर्दशारचक्रको निष्पत्ति हुन्छ। ज्ञानशक्ति र क्रियाशक्तिको स्फुरणबाट आविर्भाव भएको यो चतुर्दशारचक्र पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र चारओटा अन्तःकरणले युक्त छ। बैन्दवचक्रको मध्यमा रहेको विमर्शशक्ति नै त्रिकोण, अष्टकोण, अन्तर्दशार र बहिर्दशारको क्रमले श्रोत्र आदि पञ्च ज्ञानेन्द्रिय, वाक् आदि पञ्च कर्मेन्द्रिय तथा मन, बुद्धि, अहङ्कार र चित्तस्वरूप अन्तःकरणचतुष्टय गरी चौध तत्त्व एवम् टकारदेखि लिएर भकारसम्मका चौधओटा वर्णका रूपमा परिणत हुन्छ। यसप्रकार प्रकाशविमर्शमय तत्त्वात्मक तथा वर्णात्मक चतुर्दशारचक्र निष्पन्न हुन्छ।

माथि वर्णन गरिएका पाँच शक्तिचक्र र चार वह्निचक्र (शिवचक्र)को स्फुरणबाट निष्पन्न बयालिस योनिमय चक्रसमूह रौद्रीशक्तिको विस्तार हो भने तीन भूपुर ज्येष्ठाशक्तिको तथा वृत्तत्रय वामाशक्तिको विस्तार हो। श्रीचक्रको बिन्दु र त्रिकोण चित्कलामय, अष्टकोण शान्त्यतीतकलामय, अन्तर्दशार, बहिर्दशार एवम् चतुर्दशार शान्तिकलामय, अष्टदल विद्याकलामय, षोडशदल प्रतिष्ठाकलामय र भूपुर (चतुरस्रचक्र) निवृत्तिकलाको विलास हो।

बिन्दुबाट प्रारम्भ भई भूपुरमा समाप्त हुने श्रीचक्रको क्रमलाई सृष्टिक्रम भनिन्छ भने भूपुरबाट प्रारम्भ भई बिन्दुमा समाप्त हुने क्रमलाई संहारक्रम भनिन्छ। यी दुवै क्रमबाट श्रीचक्रको भावना र पूजा गरिन्छ। संहारक्रमबाट त्रैलोक्यमोहन (भूपुर) आदि नौवटा चक्रमा क्रमशः नाद, बिन्दु, कला, ज्येष्ठा, रौद्री, वामा, विषघ्नी, दूतरी र सर्वानन्दा नामक नौवटा शक्तिहरू रहेका छन्। तिनमा नाद र बिन्दु शान्ताशक्तिमय अर्थात् भूपुर (चतुरस्रचक) र षोडशदल शान्ताशक्तिमय, कलास्वरूप अष्टदल इच्छाशक्तिमय, ज्येष्ठास्वरूप चतुर्दशार ज्ञानशक्तिमय तथा रौद्री, ज्येष्ठा, वामा, अम्बिका र शान्ता यी पाँच शक्तिले क्रमशः युक्त बहिर्दशार, अन्तर्दशार, अष्टकोण, त्रिकोण र बैन्दवचक्र क्रियाशक्तिमय छन्। परमार्थतः सम्पूर्ण श्रीचक्र कामकलाको नै विलास हो। श्रीचक्रमा रहेका नौवटा चक्रको क्रमशः अकुल, विषु, वह्नि, शाक्त, नाभि, अनाहत, विशुद्धि, लम्बिकाग्र र भ्रूमध्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकल भावना, बिन्दु, अर्धचन्द्र, रोधिनी, नाद, नादान्त, शक्ति, व्यापिका, समना र उन्मनामा सकलनिष्कल भावना तथा महाबिन्दुमा निष्कल भावना गरी त्रिविध भावना गरिन्छ।

विश्वोत्तीर्ण तत्त्व जब विश्वमय बन्न चाहन्छ तब उसमा विश्वका रूपमा उल्लसित हुने स्फुरण उद्भासित हुन्छ। आगोको सम्पर्कबाट जसरी घिउ पग्लिन थाल्छ त्यसरी नै प्रकाशको सम्पर्कबाट विमर्शशक्तिमा स्पन्दन देखापर्छ र सोही स्पन्दनबाट बैन्दवचक्र प्रकट हुन्छ। त्यस समयमा विमर्शशक्तिरूप पराकलाले सर्वप्रथम शान्ता र अम्बिका शक्तिको रूप धारण गर्दछ। त्यसैलाई परावाक् पनि भनिन्छ। यही परावाक् आफूमा बीजरूपमा अवस्थित विश्वलाई ज़ब बाहिर प्रकट गर्न चाहन्छ तब विश्वलाई वमन गर्ने भएकाले अङ्कुश आकार वामाशक्तिको रूपधारणा गर्दछ। यही वामाशक्ति नै इच्छाशक्तिका साथ संयुक्त भएर पश्यन्तीवाक्का रूपमा परिणत हुन्छ। त्यसैगरी ज्येष्ठाशक्ति र ज्ञानशक्ति संयुक्त हुँदा मध्यमावाक् तथा रौद्रीशक्ति र क्रियाशक्तिको मिलनबाट वैखरी वाणीको आविर्भाव हुन्छ। प्रकाशको अंशबाट आविर्भूत अम्बिका, वामा, ज्येष्ठा र रौद्रीशक्ति तथा विमर्शको अंशबाट आविर्भूत शान्ता, पश्यन्ती, मध्यमा र वैखरी वाक्शक्तिमा नै सम्पूर्ण नामरूपात्मक जगत् बीजमा वृक्ष रहेझैं रहेको छ। यिनै शक्तिबाट कामरूप, पूर्णगिरि, जालन्धर र ओड्याण नामको पीठको उदय हुन्छ। यी पीठहरू मानवशरीरमा क्रमशः कन्द (मूलाधार), पद (हृदय), रूप (भ्रूमध्य) तथा रूपातीत (ब्रह्मरन्ध्र) मा रहेका छन्। यी पीठहरूमा क्रमशः चतुरस्र, बाण, इतर र पर लिङ्ग रहेका छन्। स्वयम्भूलिङ्ग धूम्र वर्णको छ तथा अकार आदि सोह्र स्वरहरूले घेरिएको छ भने बाणलिङ्ग धूम्र वर्णको छ तथ ककारदेखि तकारसम्मका सोह्र व्यञ्जनले घेरिएको छ। इतरलिङ्ग श्वेत वर्णको छ तथा थकारदेखि शकारसम्मका सोह्र व्यञ्जनले घेरिएको छ भने परलिङ्ग रक्त वर्णको छ तथा अकारदेखि क्षकारसम्मका समस्त वर्णहरूले घेरिएको छ।

विन्दुसहित त्रिकोणमा अवस्थित प्रकाशको अंशबाट आविर्भूत अम्बिका आदि चार शक्तिहरू, विमर्शको अंशबाट आविर्भूत शान्ता (परा) आदि चार वाणीहरू, कामरूप आदि चार पीठहरू, स्वयम्भू आदि चार लिङ्गहरू श्रीविद्याका वाग्भवबीज, कामराजबीज र शक्तिबीज तथा तिनको समष्टिस्वरूप तुरीय विद्याका वाच्यरूप हुन्।

सम्पूर्ण प्राणीहरूमा चेतनाका रूपमा भासमान विश्वोत्तीर्ण प्रकाशस्वरूप अनुत्तर परमतत्त्व आफ्नो स्वातन्त्र्यशक्तिका माध्यमबाट विश्वमय बन्छ। जगत्सृष्टिरूप क्रीडामा उद्युक्त हुने इच्छाको उदय हुँदा उक्त परमतत्त्व प्रमेय, प्रमाता र प्रमाणका रूपमा विभक्त भई इच्छा, ज्ञान एवम् क्रियास्वरूप त्रिकोणको स्वरूप धारण गर्दछ। परमतत्त्वको अभिन्न विमर्शशक्ति नै विश्वका रूपमा आकारित हुन्छ। प्रकाशस्वरूप कामेश्वर तथा विमर्शस्वरूप कामेश्वरी इच्छाशक्तिमय पाश, ज्ञानशक्तिमय अङ्कुश र क्रियाशक्तिमय धनुषबाणलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धारण गर्दा कमनीय स्वरूपवाला बन्न पुग्छन्। कामेश्वर तथा कामेश्वरीको यो युगलस्वरूप आश्रय र आश्रयीको भेदले आठ आयुधवाला बन्छ। यही युगलस्वरूप नै बैन्दव, त्रिकोण, वसुकोण आदि क्रमले विविध रूपमा आफ्नो विस्तार गर्दै नवचक्रात्मक श्रीचक्ररूपी शरीरमा आफ्ना अवयवरूपी शक्तिका साथ अवतीर्ण हुन्छ र यसरी विश्वोत्तीर्णतालाई परित्याग गरी विश्वमय बन्न पुग्छ। यहाँ प्रकाशस्वरूप कामेश्वर समुद्रस्थानीय, विमर्शस्वरूप कामेश्वरी जलस्थानीय र तिनका अवयव शक्तिहरू तरङ्गस्थानीय हुन्। जसरी समुद्रको जलबाट उठेका लहरहरू उसैमा विलीन हुन्छन् त्यसरी नै यो सम्पूर्ण विश्वमय शक्तिचक्र यसै युगलस्वरूपबाट उदाउँछ र यसैमा अस्ताउँछ।

चितिशक्ति जब विश्वरचनाका लागि आफूलाई सम्पूर्णतया रूपान्तरण गर्ने पूर्ण विचिकीर्षाले सम्पन्न भई प्रकाश र विमर्शका रूपमा आफूलाई विभक्त गर्छ तब उसको क्रियाशक्ति विश्वको मोदन (अनुकूल कार्यसम्पादन) र द्रावण (अनुकूल कार्यसम्पादनमा तन्मयता) व्यापारमा प्रवृत्त भई मुद्राको स्वरूप धारण गर्दछ। मुद्रा शब्द तन्त्रशास्त्रमा अनेकौँ अर्थमा प्रयोग भएको पाइन्छ तर यहाँ दुई हातका औँलाहरूको संयोगबाट बन्ने मुद्रालाई ग्रहण गरिएको छ। दाहिने हातका औँलाहरू प्रकाशस्वरूप तथा बायाँ हातका औँलाहरू विमर्शस्वरूप मानिन्छ। यसप्रकार विश्वमय पराशक्तिको ज्ञानशक्तिबाट श्रीचक्र र क्रियाशक्तिबाट मुद्राहरूको आविर्भाव हुन्छ। श्रीतन्त्रालोकमा मुद्राका चार प्रकार बताइएको छ - १. करजा २. कायिकी (सर्वावस्थास्वेकरूपा) ३. विलापाख्या (मन्त्रतन्मयतारूपा) ४. मानसी (ध्येयतन्मयतारूपा)। नित्याषोडशिकार्णवमा दशओटा मुद्राहरू बताइएको छ जसमध्ये त्रिखण्डा मुद्राको प्रयोग आवाहनका लागि गरिन्छ भने अन्य नौओटा मुद्राहरू त्रैलोक्यमोहन आदि नौओटा चक्रहरूको पूजाका क्रममा प्रत्येक चक्रको बीजोच्चारणपूर्वक प्रदर्शन गरिन्छ।

अन्य तान्त्रिक साधनापरम्परामा झैँ त्रिपुरापरम्परा पनि गुरुको अत्यन्त ठूलो महत्त्व रहेको छ। त्यसैले गुरुलाई शिव नै भनिएको छ। गुरुलाई आध्यात्मिक विकास एवम् सिद्धिको एकमात्र उपाय बताइएको छ। स्वयं परम शिवले आफ्नै इच्छावश आफूलाई कामेश्वर एवम् कामेश्वरीका रूपमा विभाजित गरे। परमात्माले आफ्नो आत्मालाई दुई भागमा विभक्त गरेर पति एवम् पत्नी बने भन्ने कुरा बृहदारण्यकोनिषद्मा उल्लेख गरिएको छ (बृहदारण्यकोपनिषद्, १।४।३)। स्वच्छन्दतन्त्रमा भनिएको छ - शिव स्वयंले नै गुरुशिष्यका रूपमा आफूलाई रूपान्तरण गरेर प्रश्नोत्तररूपी वाक्यका माध्यमबाट तन्त्रको आविभवि गरे भनिएको छ (स्वच्छन्दतन्त्र, ८।३१)। यसरी गुरुपरम्पराको प्रादुर्भाव भयो। यो परम्परा तीन प्रकारको रहेको छ- १. दिव्यौघ, २. सिद्धौघ र ३. मानवौघ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिपुरापरम्पराका अनुसार त्रिकोणचक्रको मध्यबिन्दुमा अवस्थित ओड्याणपीठमा चर्यानन्दनाथका नामले सत्ययुगमा स्वयं परमशिवले नै आफूदेखि अभिन्न महात्रिपुरसुन्दरीदेवीलाई श्रीविद्याको उपदेश गरे। त्रिकोणचक्रको ऊर्ध्वबिन्दुमा अवस्थित कामरूपपीठमा ऊर्ध्वदेवनाथका नामले त्रेतायुगमा स्वयं परमशिवले नै आफूदेखि अभिन्न वाग्भवबीजकी अधिष्ठातृ कामेश्वरीलाई श्रीविद्याको उपदेश गरे। त्रिकोणचक्रको दक्षिणबिन्दुमा अवस्थित जालन्धरपीठमा षष्ठदेवनाथका नामले द्वापरयुगमा स्वयं परमशिवले नै आफूदेखि अभिन्न कामराजबीजको अधिष्ठातृ वज्रेश्वरीलाई श्रीविद्याको उपदेश गरे। त्यसैगरी त्रिकोणचक्रको उत्तरबिन्दुमा अवस्थित पूर्णगिरिपीठमा मित्रदेवनाथका नामले कलियुगमा स्वयं परमशिवले नै आफूदेखि अभिन्न शक्तिबीजकी अधिष्ठातृ भगमालिनीलाई श्रीविद्याको उपदेश गरे। कलियुगको प्रारम्भमा मित्रदेवनाथले लोपामुद्रा एवम् महर्षि अगस्त्यलाई श्रीविद्याको उपदेश गरे। यसैलाई दिव्यौघ भनिन्छ। सिद्धौघअन्तर्गत कङ्कालतापस, धर्माचार्य, मुक्तकेशिनी र दीपकाचार्य गरी गुरुचतुष्टय रहेका छन् भने मानवौघअन्तर्गत जिष्णुदेव, मातृगुप्तदेव, तेजोदेव, मनोजदेव, कल्याणदेव, रत्नदेव र वासुदेव गरी गुरुसप्तक रहेका छन्।

श्रीविद्याको उपासना मूलतः तीन प्रकारको रहेको छ - १. बहिर्याग, २. मिश्रयाग र ३. अन्तर्याग। सुवर्ण, रजत, ताम्र, स्फटिक, शालिग्राम आदिमा निर्मित श्रीचक्रमा बाह्योपचारद्वारा भगवती श्रीत्रिपुरसुन्दरीको पूजा गर्नु वहिर्याग हो। बाह्योपचारका साथै भावनाले सहित भई आन्तर उपासना पनि गर्नु मिश्रयाग हो। यसमा पञ्चमकारको पनि प्रयोग गरिन्छ। आफ्नो शरीरलाई श्रीचक्र मानेर त्यसमा भगवती श्रीत्रिपुरसुन्दरीको उपासना गर्नु अन्तर्याग हो। कुण्डलिनी जागरणपछि नै अन्तर्यागको अधिकार प्राप्त हुन्छ। यो बाह्योपचारनिरपेक्ष उपासना हो। अन्तर्यागमा कुण्डलिनीशक्तिलाई मूलाधारबाट जगाएर शरीरमा रहेका चक्रहरूको भेदन गर्दै ब्रह्मरन्ध्रस्थित सहस्रारचक्रमा आसीन परमशिवमा लय गरिन्छ। शक्तिलाई शक्रिमान्मा लय गराउनु नै शिवशक्ति मैथुन वा आदिदम्पतिको सामरस्य हो। यो नै श्रीसाधनाको परम उपलब्धि, सर्वोच्च सिद्धि, महामुक्ति एवम् परनिर्वाण हो।

शाक्तोपासना अद्वैतप्रधान उपासना भएकाले शिवचक्र र शक्तिचक्रको अभिन्नता, शिव र शक्तिको अभिन्नता, शरीर र श्रीचक्रको अभिन्नता, श्रीचक्र र ब्रह्माण्डको अभिन्नता, यन्त्र र चक्रको अभिन्नता, वर्ण र चक्रको अभिन्नताको भावना गर्दै सम्पूर्ण भेददृष्टिलाई समाप्त गरी 'अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक्। सच्चिदानन्दरूपोऽहमात्माहम्' को पूर्ण अद्वैत अनुभूति गर्नु नै प्रत्येक साधकको सर्वोच्च लक्ष्य हो। यो नै परम सत्यको साक्षात्कार, अनुत्तर पूर्णताको स्थिति र परम कैवल्य वा महामोक्ष हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपसंहार

शैव तथा शाक्त धर्म संसारका प्राचीनतम धर्महरूमध्ये एक हो। शैव धर्म र उपासनाका सम्बन्धमा विद्वान्हरूका विभिन्न मतहरू पाइन्छन्। वेदसंहितामा रुद्रको दोहोरो अस्तित्व देखिन्छ। एकातिर उनलाई पशुहरूका रक्षक एवम् आफ्नो प्रतापले रोगहरू निको पार्न सक्ने हजारौँ प्रकारका औषधि र जडिबुटीहरू जान्ने कविराज मानिएको छ भने अर्कातिर उनलाई चोर, डाँका, यक्ष, गन्धर्व, किन्नर आदिका देवता र बलिया हातपाखुरा भएका खैरा रङ्गका स्वर्गका असुरका रूपमा चित्रण गरिएको छ। उपनिषद्मा रुद्र शिवरूप धारण गरी सर्वोच्च देवका रूपमा प्रतिष्ठित भएका छन्। तिनै शिव वा पशुपतिलाई आगम अथवा तन्त्रहरूले सुदृढ दार्शनिक आधार प्रदान गरेको छ। शैव धर्म र दर्शनका विषयमा जुन धारणा र मान्यता स्थापित भएको छ त्यही मान्यता र धारणा शाक्त धर्म तथा दर्शनको पनि रहेको छ। उपासनाका प्रक्रियाहरूमा भिन्नता भए तापनि दार्शनिक मान्यताका दृष्टिले शैव तथा शाक्त दर्शनमा तात्त्विक भिन्नता देखिँदैन। शैव दर्शनअन्तर्गत पाशुपत, वीरशैव, सिद्धान्तशैव, प्रत्यभिज्ञाजस्ता अवान्तर धाराको विकास भएको देखिन्छ भने शाक्त दर्शनमा पनि मूलतः क्रम, कुल, त्रिपुराजस्ता धाराको विकास भएको देखिन्छ। सिद्धान्तशैव दक्षिण भारतमा बढी प्रतिष्ठित छ र त्यसको विकासमा दाक्षिणात्य शैवाचार्यहरूकै बढी योगदान देखिन्छ। यसैगरी वीरशैव वा लिङ्गायत शैव भारतको कर्णाटक प्रदेशमा बढी प्रसिद्ध रहेको छ भने नेपालमा पनि वीर शैवसँग सम्बद्ध जङ्गम मठमन्दिर रहेका छन्। त्यसैगरी शैवदर्शनको अद्वैत धाराका रूपमा प्रसिद्ध प्रत्यभिज्ञादर्शन शिवाद्वयवाद, ईश्वराद्वयवाद आदि नामले पनि प्रसिद्ध छ।

शाक्त दर्शनअन्तर्गत रहेका क्रम, कुल र त्रिपुरादर्शनमध्ये ज्यादै प्राचीन मानिएको क्रमदर्शन रचनात्मक प्रवाहका दृष्टिले आठौँ शताब्दीदेखि पन्ध्रौँ शताब्दीसम्म लगातार र तीन सय वर्षको अन्तरालपछि अठारौँ शताब्दीमा पुनरुज्जीवित भई हालसम्म पनि अक्षुण्ण रहेको दार्शनिक परम्परा हो। साधनापरम्पराका दृष्टिले हेर्ने हो भने क्रमधाराको अस्तित्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचौं शताब्दीदेखि नै देखापर्छ। लिच्छवि राजा मानदेवको पालामा कुँदिएको वि.सं. ५४६ को शीलवतीको अभिलेख त्यसको साक्ष्यका रूपमा रहेको छ। परासंवित् वा परम चैतन्यलाई यस दर्शनमा परम तत्त्व मानिएको छ र त्यसलाई कालसङ्कर्षिणीको संज्ञा दिइएको छ। सोही परासंवित् नै विश्ववैचित्र्यका रूपमा स्फुरण भइरहेको छ त्यसैले भेदका रूपमा अवभासित समग्र विकल्पहरूमा एउटै चैतन्यधाराको बोध गर्दै उक्त परम चैतन्यसँग आफूलाई एकाकार गराउनु नै यस दर्शनको मुख्य प्रतिपाद्य रहेको छ। त्यसैगरी श्रीकण्ठद्वारा प्रवर्तित कापालिक परम्पराबाट विकसित भएको त्रिक परम्पराअन्तर्गत त्र्यम्वककी पुत्रीद्वारा प्रतिपादित अर्धत्र्यम्बक शाखाबाट कुलमतको विकास भएको देखिन्छ। कुलमत तर्कप्रधान दार्शनिक विवेचनाभन्दा माथि रहेको स्वानुभूतिगम्य तान्त्रिक ज्ञानको सार भएकाले यस मतमा ग्रन्थरचनाको अपेक्षा दीक्षा र अभ्यासमा बढी जोड दिएको पाइन्छ। त्यसैगरी शाक्त दर्शनअन्तर्गत अर्को अवान्तर धारा त्रिपुरादर्शनको उत्पत्तिका विषयमा महार्थमञ्जरीकार महेश्वरानन्दका परम गुरु आचार्य शिवानन्दले नित्याषोडशिकार्णवको ऋजुविमर्शिनी नामक टीकामा यस सम्प्रदायको उत्पत्ति कश्मीरमा भएको मानेका छन्। वामकेश्वरीमत विवरणमा जयरथले यस ग्रन्थलाई विरूप बनाउनेहरू र आफूलाई चर्यानन्दनाथका शिष्य मान्नेहरूको आलोचना गरेका छन्। यसबाट त्रिपुरासम्प्रदायका प्रथम प्रवर्तक चर्यानन्दनाथ भएको स्पष्ट हुन्छ।

प्रस्तुत अध्ययनमा शैव तथा शाक्त दर्शनको सामान्य रूपरेखा प्रस्तुत गरियो। यस अध्ययनले पाठकहरूमा शैव तथा शाक्त दर्शनप्रति सामान्य रुचि जागृत भयो भने पनि त्यो लेखकको सफलता हुनेछ किनभने नेपालीमा यो विषयवस्तुमा कलम चलेको देखिँदैन। सङ्क्षिप्त अध्ययनमा विषयवस्तुलाई विस्तारमा प्रस्तुत गर्ने अवकाश नहुने भएकाले यहाँ शैव तथा शाक्त दर्शनमा चञ्चुप्रवेशमात्रै भएको छ। यस विषयमा विस्तृत एवम् गम्भीर अध्ययन हुनु आवश्यक छ। शिवमस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भग्रन्थसूची

अभिनवगुप्त (ई.सं. २००२), **तन्त्रालोक** (विवेकव्याख्या), राधेश्याम चंतुर्वेदी (सं.), वाराणसी : चौखम्वा विद्याभवन ।

ऋग्वेदसंहिता (सायणभाष्यसहित ९ भाग) (ई.सं. १९९१), प्रथम संस्करण, वाराणसी : चौखम्वा विद्याभवन ।

ऐयङ्गर, एच.आर.रङ्गस्वामी (सम्पा.) (ई.सं.१९५०), शैवपरिभाषा, मैसुर : युनिभर्सिटी अफ मैसुर ।

कण्डेल, भीमप्रसाद (सम्पा.) (वि.सं.२०७०), **प्रत्यभिज्ञाहृदयम्,** काठमाडौं : श्रीमती अरुणा शर्मा अधिकारी ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं.१९२१),**मालिनीविजयवार्तिक**, श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

कौल,मधुसूदन(सम्पा.)(ई.सं.१९२३), **वातुलनाथसूत्राणि**(वृत्तिसहित), श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

कौल,मधुसूदन(सम्पा.)(ई.सं.१९२५),**स्पन्दकारिका**(क्षेमराजकृतनिर्णयव्याख्या), श्रीनगर : काश्मीरसंस्कृत ग्रन्थमाला ।

कौल,मधुसूदन(सम्पा.)(ई.सं.१९२६),**नेत्रतन्त्रम्**(क्षेमराजकृतउद्योतव्याख्या)प्रथम खण्ड, श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं. १९२८), इ **श्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी**, दिल्ली : बुटाला एण्ड कम्पनी ।

चटर्जी,जगदीशचन्द्र(सम्पा.)(ई.सं.१९११)**शिवसूत्रम्** (क्षेमराजकृतविमर्शिनीव्याख्या) श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

चतुर्वेदी, राधेश्याम (सम्पा.) (ई.सं.१९८६), **शिवदृष्टि** (उत्पलदेवकृतवृत्ति), वाराणसी : चौखम्वा विद्याभवन ।

त्रिपाठी, आलोकमणि (सम्पा.)(ई.सं. १९९८), **पाशुपतसूत्र पञ्चार्थ-भाष्य**, दिल्ली : प्रतिभा प्रकाशन ।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (ई.सं. १९७२), **महार्थमञ्जरी** (परिमलव्याख्या), वाराणसी : वाराणसेय संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (ई.सं. १९८४), **विज्ञानभैरव** (अन्वयार्थ–रहस्यार्थव्याख्याद्वयसंवलित), वाराणसी : मोतीलाल बनारसीदास ।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (ई.सं. १९८८), **अष्टप्रकरण** (तत्त्वप्रकाश, तत्त्वसङ्ग्रह आदिले युक्त), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (ई.सं. १९८८), **योगिनीहृदय** (दीपिकाव्याख्या) वाराणसी : मोतीलाल बनारसीदास ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भट्ट, एन.आर. (सम्पा.), **अजितागम** (प्रथम भाग) (ई.सं.१९६४), भट्ट, एन.आर. (सं.), पाण्डिचेरी : इन्स्टिच्युट अफ फ्रान्सिस डि इन्डोलोजी ।

भट्ट, विद्यानाथ (वि.सं. २०६२), **तन्त्रविद्यालोक**, काठमाडौँ : अन्नपूर्णा उपाध्याय भट्ट ।

मिश्र, परमहंस (सम्पा.) (ई.सं.२००१), **मालिनीविजयोत्तरतन्त्र**, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

मिश्र, रघुनाथ (सम्पा.) (ई.सं. १९७९), **चिद्गगनचन्द्रिका** (क्रमप्रकाशिकाव्याख्या), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

मिश्र, श्रीनारायण (सम्पा.) (ई.सं. १९९८), **पातञ्जलयोगसूत्रम्** (व्यासभाष्य), दिल्ली : भारतीय विद्याप्रकाशन ।

रस्तोगी, नवजीवन (ई.सं. २०११), **काश्मीर की शैवसंस्कृति मे कुल और क्रम मत**, डी.के. प्रिन्टवर्ल्ड (प्रा.) लि., दिल्ली ।

राजानक लक्ष्मण (सम्पा.) (ई.सं. १९६४), **शिवस्तोत्रावली** (क्षेमराजकृतवृत्ति), वाराणसी : चौखम्बा विद्याभवन ।

लामिछाने, माधवप्रसाद (सम्पा.) (वि.सं. २०७१), **कामकलाविलास** (श्रीविद्याप्रकाश तथा गार्ग्यायणीव्याख्या), काठमाडौँ : जयतु संस्कृतम् ।

लामिछाने, माधवप्रसाद (सम्पा.) (वि.सं. २०७४), **कालिकाकुलपञ्चशतक**, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

शास्त्री, मुकुन्दराम (सम्पा.) (ई.सं.१९१८), **महानयप्रकाश**, श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

शास्त्री, के. साम्बशिव (सम्पा.) (ई.सं. १९३७), **महानयप्रकाश**, त्रिवेन्द्रम् : अनन्तशयन संस्कृत ग्रन्थावली ।

Rastogi Navajeevan (1919 A.D.), **The Krama Tantrisism of Kashmir**, vol.c 1., Delhi : Motilal Banarasidass.

Pandey, Kantichandra (1963 A.D.), **Avinavagupta: An Historical and Philosophycal Study**, Varanasi : Chowkhamba Sanskrit Series Office.

लेखहरू

आचार्य, दिवाकर (वि.सं. २०५३), **शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष**, प्रज्ञा, पूर्णाङ्क ८३/क वर्ष २६, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, काठमाडौँ ।

स्थानेश्वर (वि.सं. २०४७), क्रम–**विमर्श**, अरुणोदय, संयुक्ताङ्क १–२, वर्ष २६, संस्कृत छात्रावास, काठमाडौँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937781039